# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ]{ #%★cÆ %★g};=!#*★lj-;=@)&$ r}q★A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

२०७२ सालको भूकम्प अगाडिको भैरव मन्दिर ।



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

# ‘अन्धो अनुकरण गर्ने मानिस नै खाडलमा खस्छ ।’ – रवीन्द्रनाथ टैगोर

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भैरवनाथ मन्दिर जीर्णोद्धार सम्बन्धी छलफल कार्यक्रम | – | ३ |
| २) | भक्तपुर नगरपालिकाद्धारा आधारभूत तहको परीक्षाको नतिजा प्रकाशित:नतिजा उत्साहजनक– | | ६ |
| ३) | आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७४ को ... सूचना | – | ७ |
| ४) | बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा भव्यताकासाथ सम्पन्न गर्न संयुक्त बैठक– | | ८ |
| ५) | सहकारी ऐन बनाउनेबारे अन्तरक्रिया | – | १० |
| ६) | नगरको सौन्दर्यमा आँच पुऱ्याउने तारहरू व्यवस्थित गरिने | – | ११ |
| ७) | बिस्केट जात्राको मुख्य स्थलमा सरसफाइ | – | १४ |
| ८) | काठमाडौंमा अपराध बढ्नुमा जनसङ्ख्या वृद्धि मुख्य कारण | – | १६ |
| ९) | भक्तपुर नपामा कृषकहरूको भेला | – | १९ |
| १०) | भक्तपुरका महिलाहरू अहिले अगाडि बढेका छन् | – | २१ |
| ११) | ‘भेदभाव लैङ्गिक नभइ वर्गीय समस्या हो’ | सुनिल प्रजापति | २२ |
| १२) | स्नातकोत्तर तहका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत एवं अभिमुखीकरण | – | २४ |
| १३) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | २८ |
| १४) | सरसफाइ अभियान प्रचारका लागि होइन | – | ४५ |
| १५) | मल्लकालीन पनौतीको अप्रकाशित इतिहास | ओम धौभडेल | ४८ |
| १६) | काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र | विगोल | ५२ |
| १७) | नागरिक भावना : आगलागी | हेमन्त | ५५ |
| १८) | नेका, एमाले र माओवादीको निकृष्ट पूँजीवाद ! | दिवाकर श्रेष्ठ | ५६ |
| १९) | अग्रश्रावक–धातुयात्रा | रत्नसुन्दर शाक्य | ५८ |
| २०) | उच्च ओहोदामा महिला र महिला उत्पीडन | प्रकाश र दुर्गा | ६१ |
| २१) | सांस्कृतिक र धार्मिक पर्व बिस्केट जात्राको राजनीतिक पक्ष | सह प्रा.डा. बलराम कायस्थ | ६४ |
| २२) | एंगेल्सको पुनरागमन | प्रो.जोन बेलामी फोस्टर | ७१ |
| २३) | SKETCHES FROM NIPAL (23) | Henry Ambrose Oldfield | ७५ |
| २४) | दोषभागी पराजुली कि सचिव ? (सम्पादकको पृष्ठ) | – | ८० |


**साथमा**


बिस्केट जात्रा शान्तिपूर्ण तथा मर्यादित रूपमा मनाउन छलफल–११/भक्तपुर नपाको आयोजनामा ट्राफिक व्यवस्थापनबारे छलफल–१३/अरनिको राजमार्गको सर्भिस ट्रयाकमा सरसफाइ–१५/ख्वप बहुप्राविधिकमा भेला–१५/भक्तपुर नपाद्वारा खानेपानी वितरण–१६/भक्तपुर नपामा कक्षा ८ को परीक्षासम्बन्धी अभिमुखीकरण–१८/मासु पसलहरूको अनुगमन–१८/सबै वडामा नर्सिङ सेवा दिने–१९/प्रमुख प्रजापतिसँग भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधि मण्डलको भेट–२०/गरुडकुण्ड शिवमन्दिर पुन:निर्माणको शिलान्यास–२५/भक्तपुर नपा वडा नं. ९ को प्रगतिबारे समीक्षा–२५/खानेपानी समस्याबारे प्रमुख प्रजापति काउखालिमा–२६/अवकाश प्राप्त शिक्षकहरूलाई सम्मान–२७/‘भक्तपुर’ मासिकको अभिलेखबाट–४१/चिनियाँ नीतिकथा : वाचा–५१/बसिबियाँलो–५४/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–७०/तस्बिरमा केही गतिविधि–७६/नेपालको संविधान २०७२, भाग–२३, लोक सेवा आयोग (३०)–७७/तपाईंको भान्सा : बदाम–७८/फागुन महिनाको पर्यटक तथ्याङ्क–७९/विभिन्न वडामा कृषक समूहहरू गठन–९/ विभिन्न वडामा खेलकुद समितिहरू गठन ।

# भैरवनाथ मन्दिर जीर्णोद्धार सम्बन्धी छलफल कार्यक्रम

भक्तपुर नगरपालिकाले टौमढी स्थित ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धारको लागि फागुन २८ गते नगरपालिका सभा कक्षमा पुरातत्त्वविद्, सम्पदाविद्, इतिहास तथा संस्कृतिविद् र प्राविधिकहरूबीच छलफल कार्यक्रम गऱ्यो । २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट क्षति पुगेको उक्त मन्दिर नगरपालिकाले जीर्णोद्धारको लागि तयारी गरिरहेको छ ।

छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् भक्तपुर क्षेत्र नं १ का सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाले २०५२ सालमा जीर्णोद्धार गरेको बेला संलग्न विज्ञ, प्राविधिकलगायत डकर्मी र सिकर्मीहरू सँग सल्लाह गर्नु उचित हुने बताउनुभयो ।

'सम्पदा जीर्णोद्धारको काम उपभोक्ता समिति र अमानतबाट गर्दा जनश्रमदानसमेत जुट्ने र गुणस्तरीय हुने भक्तपुर नगरपालिकाको अनुभव हो' उहाँले भन्नुभयो ।

भुकम्पपछि सम्पदा क्षेत्रमा डोजर चलाइएकोमा जनताको विरोध भएको उल्लेख गर्दै सांसद सुवालले उही समयमा जीर्णोद्धार भएको दुई सम्पदामध्ये २०७२ वैशाखको भूकम्पमा पाँचतल्ले मन्दिर क्षति नभएको तर भैरवनाथ मन्दिर क्षति भएकोले यसबाट पाठ सिक्नु पर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले भन्नुभयो 'भैरवनाथ मन्दिर जीर्णोद्धार वा पुनः निर्माण के गर्नु पर्ने हो, निक्यौंल गर्नुपर्छ । संरचना बलियो बनाउने र वास्तुकला जस्ताको तस्तै कायम राख्नु आवश्यक छ ।'

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जीर्णोद्धार कार्यको लागि उपभोक्ता समिति गठन भैसकेको जानकारी गराउँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । प्रमुख प्रजापतिले कार्यक्रममा उपस्थित विज्ञहरूको राय सुझावअनुसार भैरव मन्दिरको जीर्णोद्धार गर्ने विचार व्यक्त गर्नुभयो । जीर्णोद्धार कार्यमा विज्ञहरूको सल्लाहअनुसार स्थानीय सीप, प्रविधि र साधनको प्रयोग गर्ने जानकारी गराउँदै प्रमुख प्रजापतिले भविष्यमा पनि प्रवुद्ध व्यक्तित्वहरूको निरन्तर सहयोग पाउने विश्वास व्यक्त गर्नुभयो ।

पुरातत्त्व विभागका पूर्व महानिर्देशक विष्णुराज कार्कीले विगतमा भक्तपुर नगरपालिका र पुरातत्त्व विभाग बीच संरक्षण कार्यको लागि भएका सहकार्यहरूको स्मरण गर्दै जीर्णोद्धार कार्य शुरु गर्नु अघि सो मन्दिरको संरचनागत विश्लेषण (Structural Analysis) गर्नुपर्ने सुझाव दिनुभयो ।

संरक्षणविद प्रा. सुदर्शनराज तिवारीले मन्दिरको हाल कै संरचना बलियो रहेकोले पुनः निर्माणको सत्ता जीर्णोद्धारमात्र गरे पुग्ने विचार व्यक्त गर्नुभयो । भैरवनाथ मन्दिरजस्ता आयाताकार मन्दिरको विशेषतालाई संरक्षण गर्दै परम्परागत वास्तु अनुकुल हुने गरी संरक्षण कार्य अगाडि




ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धारबारे छलफल कार्यक्रममा सहभागीहरू



कार्यक्रममा बोल्नुहुँदै प्रेम सुवाल, सुनिल प्रजापति, रजनी जोशी र विष्णुराज कार्की

बढाउनु पर्ने उहाँको सुझाव थियो ।

प्रा. डा. मोहनमूर्ति पन्तले जीर्णोद्धारको लागि गरेका अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य तथ्यांकहरूलाई अभिलेखिकरण गर्नुपर्ने, सम्पदालाई स्थानीय संस्कृति र जीवन शैलीसँग जोडेर हेर्नुपर्ने तथा परम्परागत शैलीको निर्माण कार्यमा संलग्न अनुभवी र दक्ष डकर्मी, सिकर्मी र लोंहकर्मीहरूको पनि विचार संकलन गर्नुपर्ने सुझाव दिनुभयो ।

संरक्षणविद सूर्यभक्त सांगाछेंले २०५२ सालमा सोही भैरव मन्दिर निर्माण गर्दाको अनुभवबाट सिक्दै हालको संरचनामा रहेका कमी कमजोरीलाई सम्वोधन गर्दै संरचना तयार पारी जीर्णोद्धार गर्दा उपयुक्त हुने धारणा राख्नुभयो । नेवारी परम्पराअनुसार सबै सम्पदाहरूलाई नियमित र आवधिक रूपमा मर्मत संभार गर्न सके प्राकृतिक विपत्तिबाट कम क्षति पुग्ने विचार राख्दै उहाँले प्रत्येक वर्ष सम्पदाहरूको भौतिक अवस्थाहरूको अवलोकन प्रतिवेदन तयार पार्नुपर्ने सुझाव दिनुभयो ।

पुरातत्त्व विभागका पूर्व महानिर्देशक कोषप्रसाद आचार्यले मन्दिर जीर्णोद्धार गर्नुभन्दा अगाडि संरचनागत विश्लेषण गर्नुपर्ने सुझाव दिनुभयो ।

संरक्षणविद् भरत शर्माले सम्पदा संरक्षणमा परम्परागत सीप, शैली र निर्माण सामग्री प्रयोग गरेमा सो निर्माण दिगो र मौलिक हुने विचार व्यक्त गर्नुभयो ।

प्रा. डा. प्रेमनाथ मास्केले सम्पदालाई प्राकृतिक विपत्तिले मात्र नभई मानवीय कमी कमजोरी र लापरवाहीले समेत सम्पदामा क्षति पुग्ने भएकोले समय समयमा प्राविधिक निरीक्षण गरी मर्मत संभार गर्न सके क्षति न्युनिकरण गर्न सकिने बताउनुभयो । परम्परागत सीप भएका दक्ष जनशक्तिलाई सदुपयोग गर्नुपर्ने, संरक्षणको लागि टिम बनाउनु पर्ने, प्राविधिक रूपमा बढी उचाईको पेटीले जमीनको कम्पनलाई न्युनिकरण गर्ने भएकोले भैरवनाथ मन्दिरको तुलनामा पाँचतले मन्दिर भूकम्प प्रतिरोधात्मक रहेको जिकिर गर्दै भैरवनाथ मन्दिर जीर्णोद्धार गर्दा भविष्यमा हुन सक्ने प्राकृतिक विपत्तिलाई समेत मध्य नजर गरेर पुनः निर्माण गर्नुपर्ने उहाँको कथन थियो ।

ईतिहासविद डा. पुरुषोत्तमलोचन श्रेष्ठले इतिहासमा यो मन्दिर शुरुमा एक तल्लामात्र भएको र मध्यकालमा दुई तल्ला थपेर तीन तल्ले बनाइएकोले विभिन्न काल खण्डमा गएको भूकम्पले यस मन्दिरलाई क्षति पुऱ्याएको चर्चा गर्दै १४०० वर्ष अगाडि नै यो मन्दिर निर्माण भै सकेको ऐतिहासिक प्रमाणहरू भेटिएको जानकारी गराउनुभयो । भैरवनाथको मन्दिरको सम्बन्ध भक्तपुरको प्रसिद्ध बिस्केट जात्रासँग जोडिएको र बिस्केट जात्रामा उभ्याउने लिंगोमा झुण्ड्याउने हलिंपत (विश्वध्वजा) ले विश्वनाथ भैरव र भद्रकालीको प्रतिनिधित्व गर्ने उहाँको विचार थियो । डा. श्रेष्ठले भैरवनाथ मन्दिरसँगै बेताल मन्दिर पनि पुनः निर्माण गर्नुपर्ने र तिलमाधव नारायण चोकमा अवस्थित भूगोल मन्दिर (भोखाय् द्यो) को पनि संरक्षण गर्नुपर्ने सुझाव दिनुभयो ।

डा. मन्जिप शाक्यले नेपालमा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षणको लागि आधुनिक प्रयोगशाला र साधनको अभाव रहेको जानकारी गराउँदै भूकम्प प्रतिरोधी संरचना



कार्यक्रममा बोल्नुहुँदै सुदर्शनराज तिवारी, कोषप्रसाद आचार्य, मोहनमूर्ति पन्त र भरत शर्मा








कार्यक्रममा बोल्नुहुँदै प्रेमनाथ मास्के, पुरुषोतमलोचन श्रेष्ठ, सूर्यभक्त सांगाछें र रविन्द्र ज्याख्व

तयार पार्न संरचनागत विश्लेषण गरी पुनःनिर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। विस्तृत क्षति विवरण तयार भए पछि मात्र हालको संरचनाले काम गर्न सक्ने वा नसक्ने बुझिने हुँदा त्यसपछि मात्र जीर्णोद्धार वा पुनः निर्माण गर्ने भन्ने छुट्याउन सजिलो हुने उहाँको धारणा थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले धन्यवाद ज्ञापन गर्दै सम्पदाको व्यवस्थित तरिकाबाट नाममा मौलिकता विनाशतिर गएकोमा भक्तपुर अपवाद रहेको बताउँदै भावीपुस्ताको लागि सम्पदाहरु मौलिक शैलीमा बनाउनुपर्छ भन्नुभयो ।

वडाअध्यक्ष रविन्द्र ज्याख्वले सञ्चालन गर्नु भएको छलफल कार्यक्रममा स्थानीय समाज सेवी अनन्त धौभडेलले पनि बोल्नुभएको थियो ।

संरक्षणको लागि विज्ञहरूको राय सुझाव संकलन






कार्यक्रममा बोल्नुहुँदै मिनराज चौधरी, सरस्वती सिंह, मोहनसिंह लामा र मन्जिप शाक्य

संरक्षण गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्न गहकिलो सुझाव प्राप्त भएको बताउनुभयो ।

गुथि संस्थानका केन्द्रीय निर्देशक मिनराज चौधरीले स्थानीय तहले सरोकारवालासँग सरसल्लाह गरी संरक्षण, जीर्णोद्धार र पुनःनिर्माण गर्दा सबैको अपनत्व बढ्ने बताउनुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका प्रमुख मोहनसिंह लामाले प्राकृतिक प्रकोपलाई चुनौति दिन नसकिने अतः बलियो मात्र हेर्न हुन्न, भैरव मन्दिरको रेक्टोफिटिङले बचाउन सकिन्छ कि भन्नु हुँदै परम्परागत प्रविधिलाई बचाउन आएको निर्देशिकालाई पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरका कार्यालय प्रमुख सरस्वती सिंहले सम्पदा संरक्षण र बलियो बनाउने गर्नु अगाडि हेरिटेज रिकन्स्ट्रक्सन स्टडी कमिटीका वास्तुविद् रविना शिल्पकारले भैरवनाथ मन्दिरको देखिने क्षतिहरूको





कार्यक्रममा बोल्नुहुँदै अनन्त धौभडेल र रविना शिल्पकार

विवरण सम्बन्धी प्रस्तुति गर्नु भएको थियो ।

छलफल कार्यक्रम पछि सहभागी सबै विद्वत व्यक्तित्वहरूबाट भैरवनाथ मन्दिरको स्थलगत निरीक्षण गरिएको थियो ।

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# eQmk'/ gu/kflnsf¢f/f cfwf/e't txsf]k/LIffsf] glthf k|sflzt M glthf pT;fxhgs

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको आधारभूत तहको परीक्षा (कक्षा ८) को परिणाम चैत्र २० गते प्रकाशित गऱ्यो। नगरपालिकाका प्रमुख एवं नगर शिक्षा समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बैठकले उक्त नतिजा प्रकाशित गर्ने निर्णय गरेको हो।

अक्षराङ्कन प्रणालीमा प्रकाशित नतिजाअनुसार २७१ जना विद्यार्थीहरूले ३.६ भन्दा बढी स्तरीकृत अङ्क प्राप्त गरेका छन् भने ५८८ जनाले ३.२ देखि ३.५९ सम्म र ६१६ जनाले २.८ देखि ३.१९ सम्म स्तरीकृत अङ्क हासिल गरेका छन्। त्यस्तै ४९९ जना परीक्षार्थीहरूले २.४ देखि २.७९ सम्म, ३४९ जनाले २.० देखि २.३९ सम्म, १२७ जनाले १.६ देखि १.९९ सम्म र २१ जनाले १.२ देखि १.५९ सम्म स्तरीकृत अङ्क प्राप्त गरेका छन्। ३ जना विद्यार्थीले भने १.२ भन्दा कममात्र स्तरीकृत अङ्क हासिल गरेका छन्।

नगरपालिकाले पहिलो पटक सञ्चालन गरेको आधारभूत तहको परीक्षामा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र नगरपालिकाका कर्मचारीहरूको अथक मिहिनेतले राम्रो नतिजा प्राप्त भएकोमा नगर प्रमुख प्रजापतिले खुशी व्यक्त गर्दै सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। परीक्षा शान्तिपूर्ण रूपमा सञ्चालन भएको र नतिजा उत्साहजनक भएको उहाँको कथन थियो।

नगरपालिका क्षेत्रमा रहेका कूल ६३ विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये २ हजार ४८९ जना विद्यार्थीहरूले परीक्षाको फारम भरेका थिए जसमध्ये २ हजार ४७४ परीक्षार्थीहरू परीक्षामा नियमित सहभागी भएको परीक्षा समितिका संयोजक प्रेमगोपाल कर्माचार्यले जानकारी दिनुभयो। उहाँले १५ जना विद्यार्थीहरू परीक्षामा अनुपस्थित भएको बताउनुभयो।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को मिति २०७४ माघ १७ गतेको निर्णयअनुसार नियमित परीक्षा दिएका परीक्षार्थीहरूमध्ये ७५.९४ प्रतिशत (१८७९ जना) कक्षा ९ मा भर्ना हुन योग्य भएका छन्। परिषद्ले प्रत्येक अनिवार्य विषयमा सैद्धान्तिक र प्रयोगात्मकतर्फ गरी समष्टिगत रूपमा डी प्लस र सोभन्दा माथिको ग्रेड प्राप्त गर्ने परीक्षार्थीले कक्षा ९ मा भर्ना हुन पाउने निर्णय गरेको थियो।

नगरपालिकाबाट प्रकाशित नतिजा विश्लेषण गर्दा गणित विषयमा सबैभन्दा बढी परीक्षार्थीहरूले डी प्लसभन्दा मुनिको ग्रेड ल्याएको प्रमुख प्रजापतिले बताउनुभयो। सबैभन्दा बढी ५२७ जना विद्यार्थीहरू गणितमा कमजोर देखिए, उहाँले भन्नुभयो।

कक्षा ८ को नतिजाले प्रत्येक विद्यालयको लागि शिक्षण सिकाइ उपलब्धीको ऐनाको भूमिका खेल्ने चर्चा गर्दै प्रमुख प्रजापतिले नगरको शिक्षा क्षेत्रमा स्तरोन्नती गर्न सबै विद्यालयहरूले आगामी दिनमा मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो। विद्यालय तहको शिक्षाको जिम्मेवारी नगरपालिकाले वहन गरिसकेको अवस्थामा हरेक विद्यालयको शैक्षिक सुधारका लागि नगरपालिकाले प्रत्यक्ष उपस्थिति जनाउने बताउनुभयो।

नगर शिक्षा अधिकृत रुद्र शर्माले सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा विषयमा मात्र १६९ जना विद्यार्थीहरूले डी प्लसभन्दा तलको ग्रेड ल्याएको बताउनुभयो। उहाँले विज्ञान तथा वातावरण विषयमा मात्र १८१ जना विद्यार्थीहरू, नेपाली विषयमा मात्र ४६ जना र अंग्रेजी विषयमा मात्र ३९ विद्यार्थीहरू डी प्लसभन्दा तलको ग्रेड ल्याएको र ती सबै विद्यार्थीहरू कक्षा ९ मा भर्ना हुनका लागि अनिवार्य रूपमा ग्रेड वृद्धि परीक्षामा उत्तीर्ण हुनुपर्ने बताउनुभयो।

विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ अनुसार एक वा एकभन्दा बढी अनिवार्य विषयमा सैद्धान्तिकतर्फ सी ग्रेडभन्दा तलको ग्रेड प्राप्त गर्ने विद्यार्थीहरू विषयगत रूपमा ग्रेड वृद्धि (पूरक) परीक्षामा सहभागी हुन पाउने छन्। नगरपालिकाले ग्रेड वृद्धि परीक्षा २०७५ वैशाख ९ गतेबाट शुरु गर्ने तालिकासमेत प्रकाशित गरेको छ।

यससँगै नगरपालिकाले परीक्षा नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहने विद्यार्थीका लागि पुनर्योग दस्तुर प्रति विषय रु. २००।- तिरेर चैत्र २२ गतेदेखि चैत्र २८ गतेसम्म निवेदन पेश गर्ने म्याद तोकेको परीक्षा समितिका संयोजक कर्माचार्यले बताउनुभयो।

**सफाइ अरुको लागि होइन हाम्रो आफ्नै लागि हो।**

# आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७४ को नतिजा प्रकाशन तथा ग्रेड वृद्धि (पूरक) परीक्षा सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

नगर शिक्षा समिति भक्तपुर र आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन एवं व्यवस्थापन समिति, भक्तपुरको मिति २०७४।१२।१९ गते बसेको संयुक्त बैठकको निर्णयअनुसार भक्तपुर नगरपालिकाद्वारा मिति २०७४।१२।०४ देखि २०७४।१२।१४ सम्म सञ्चालन गरिएको आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७४ को नतिजा देहायबमोजिम प्रकाशन गरिएको छ –

## तपसिल

- आवेदन फाराम भर्ने जम्मा विद्यार्थी सङ्ख्या – २४८९ (सामुदायिकतर्फ ६६४ र संस्थागततर्फ १८२५)
- परीक्षामा सहभागी विद्यालय सङ्ख्या – ६३ (सामुदायिकतर्फ १८ र संस्थागततर्फ ४५)
- परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या – २४७४
- परीक्षामा अनुपस्थित विद्यार्थी सङ्ख्या – १५
- प्राप्त नतिजाअनुसार परीक्षार्थीहरूको औसत ग्रेड स्तर (सबै विषयहरूमा सैद्धान्तिक र प्रयोगात्मक दुवैतर्फको समष्टिगत) देहायबमोजिम रहेको छ –

| स्तरीकृत अङ्क (Grade Point) | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| 3.6 and above | 271 | 10.95 |
| 3.2 to 3.59 | 588 | 23.77 |
| 2.8 to 3.19 | 616 | 24.9 |
| 2.4 to 2.79 | 499 | 20.17 |
| 2.0 to 2.39 | 349 | 14.11 |
| 1.6 to 1.99 | 127 | 5.133 |
| 1.2 to 1.59 | 21 | 0.849 |
| 0.8 to 1.19 | 3 | 0.121 |
| below 0.8 | 0 | 0 |
| Total | 2474 | |

- कक्षा ९ मा भर्ना हुन योग्य विद्यार्थी सङ्ख्या – १८७९ (७५.९४ प्रतिशत) (प्रत्येक अनिवार्य विषयमा सैद्धान्तिक र प्रयोगात्मकतर्फ गरी समष्टिगत रूपमा D+ र सोभन्दा माथिको ग्रेड प्राप्त गर्ने)
- विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ अनुसार एक वा एकभन्दा बढी अनिवार्य विषयमा सैद्धान्तिकतर्फ C ग्रेडभन्दा तलको ग्रेड प्राप्त गर्ने विद्यार्थीहरू विषयगत रूपमा ग्रेड वृद्धि (पूरक) परीक्षामा सहभागी हुन सक्ने छन् ।
- प्राप्त नतिजाअनुसार D र C ग्रेडस्तर प्राप्त गर्ने विद्यार्थी सङ्ख्या विवरण : (कक्षा ९ मा भर्ना हुन अनिवार्य रूपमा ग्रेडस्तर वृद्धि गर्नुपर्ने विद्यार्थी सङ्ख्या)

| क्र.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १ | अंग्रेजी | ३९ |
| २ | नेपाली | ४६ |
| ३ | विज्ञान तथा वातावरण | १८१ |
| ४ | पेशा, व्यवसाय, प्रविधि | ९ |
| ५ | सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा | १६९ |
| ६ | गणित | ५२७ |
| ७ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ८ |
| ८ | नैतिक शिक्षा | ५ |

- परीक्षा नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहने विद्यार्थीका लागि पुनर्योग दस्तुर प्रति विषय रु. २००।- निर्धारण गर्ने र पुनर्योगका लागि निवेदन पेश गर्ने म्याद २०७४।१२।२२ गतेदेखि २०७५।१२।२८ गतेसम्म ।
- ग्रेड वृद्धि (पूरक) परीक्षामा अनिवार्य विषयमा सैद्धान्तिकतर्फ C ग्रेडभन्दा तलको ग्रेड प्राप्त गर्ने तथा परीक्षामा आंशिक रूपमा उपस्थित हुने परीक्षार्थीहरूका लागि ग्रेड वृद्धि (पूरक) परीक्षा देहायबमोजिम सञ्चालन हुनेछ –
  - क) आवेदन फाराम भर्ने मिति : २०७४।१२।२२ गतेदेखि २०७५।०१।०५ गतेसम्म
  - ख) परीक्षा शुल्क : प्रति विद्यार्थी रु. ४५०।- मात्र
  - ग) परीक्षा समय तालिका : समय बिहान ७:०० बजे ।

| क्र.सं. | मिति | | | विषय |
|---|---|---|---|---|
| | साल | महिना | गते | |
| १ | २०७५ | १ | ९ | गणित |
| २ | २०७५ | १ | १० | विज्ञान तथा वातावरण शिक्षा |
| ३ | २०७५ | १ | ११ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा |
| ४ | २०७५ | १ | १२ | अंग्रेजी |
| ५ | २०७५ | १ | १३ | नेपाली |
| ६ | २०७५ | १ | १४ | पेशा व्यवसाय प्रविधि शिक्षा |
| ७ | २०७५ | १ | १५ | स्वास्थ्य तथा शारीरिक शिक्षा |
| ८ | २०७५ | १ | १५ | नैतिक शिक्षा |

***पुनश्च** : परीक्षा नतिजामा प्राविधिक कारणवस कुनै त्रुटि भएको देखिन आएमा कार्यालयको अभिलेखअनुसार सच्याईने छ ।*

# बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा भव्यताकासाथ सम्पन्न गर्ने संयुक्त बैठक

प्रसिद्ध बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा भव्यताकासाथ सम्पन्न गर्ने सम्बन्धमा सरोकारवाला सबै पक्षको संयुक्त बैठक चैत्र १८ गते सम्पन्न भयो। जिल्ला प्रशासन कार्यालय, भक्तपुरको समन्वयमा सम्पन्न उक्त बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जात्रालाई व्यवस्थित र मर्यादित रूपले सम्पन्न गर्न नगरपालिकाले आवश्यक तयारी गरिरहेको बताउनुभयो।

बिस्केट जात्रा भक्तपुरवासीहरूको मात्र नभई सम्पूर्ण नेपालीहरूको साझा पर्व भएकोले सबै पक्षले आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले चैत्र २७ र र बैशाख ५ गते दिनको २:०० बजेबाट नै भैरवको रथ तान्ने र साँझ ५ बजेसम्ममा निर्धारित स्थानमा रथलाई व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। रथ धेरै लामो दूरीसम्म लान खोज्दा पनि असहज परिस्थिति सिर्जना हुने संभावनालाई ध्यानमा राखेर उहाँले रथलाई तानेर पूर्वतिर बढीमा साकोठा र पश्चिमतिर बढीमा बुलुचासम्म मात्र लाने कुरा अहिलेबाट नै सर्वसाधारणलाई सूचना दिनुपर्ने बताउनुभयो।

जात्रा अवधिमा शान्ति सुरक्षालाई ध्यानमा राखेर नगरपालिकाले प्रमुख स्थलहरूमा सी.सी. क्यामेरा जडान गर्न लागेको उहाँले जानकारी दिनुभयो।

प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न प्रशासनकोतर्फबाट सम्पूर्ण तयारी गरिसकेको उल्लेख गर्नुभयो। उहाँले भैरवनाथको रथमा निर्धारित व्यक्तिहरू बाहेक अरु कसैलाई पनि नराख्न आग्रह गर्दै अनाधिकृत व्यक्तिहरूलाई तत्काल कार्बाही गरिने बताउनुभयो।

प्रहरी उपरीक्षक किरण राणाले गत साल उपद्रो गर्ने र जात्रा भाँड्न खोज्नेहरूलाई समयमै सचेत पार्ने उद्देश्यले सी.सी. क्यामेराका फुटेजहरू सार्वजनिक स्थलमा प्रदर्शन गर्ने र जात्रालाई संयमित बनाउन प्रहरीकोतर्फबाट माइकिङ गरिने बताउनुभयो।

गुठी संस्थान भक्तपुरका प्रमुख हरि सुवेदीले जात्राको लागि गुठीकोतर्फबाट गरिनुपर्ने सबै कार्य सम्पन्न भएको जानकारी दिनुभयो।



बिस्केट जात्राबारे भएको संयुक्त बैठक

नगरपालिकाका जनप्रतिनिधिहरू, सुरक्षा निकाय प्रमुखहरू, सरोकारवाला सरकारी कार्यालय प्रमुखहरू एवं टिम, क्लवका प्रतिनिधिसमेत उपस्थित भएको उक्त बैठकले चैत्र २७ र वैशाख ५ गते भैरवको रथ दिनको २:०० बजेबाट तान्न शुरु गरेर ५:०० बजेसम्म जात्रा सम्पन्न गर्ने, रथलाई साकोठा र बुलुचासम्म मात्र पुऱ्याउने तथा रथमा निर्धारित व्यक्तिहरू बाहेक अन्यलाई नचढाउने निर्णय गरिएको वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो।

त्यस्तै जात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न भक्तपुर नगरपालिका, प्रहरी प्रशासनकोतर्फबाट पर्चा वितरण, पम्प्लेटिङ्ग, माइकिङ्ग तथा संचार माध्यममार्फत सूचना सम्प्रेषण गर्ने र चैत्र २६ गते विहान ८:०० बजे टौमढीमा वृहद् सचेतना कार्यक्रम गर्ने समेत निर्णय भएको उहाँले बताउनुभयो।

# j8f s[fs ;dẍx¿ u7g

**वडा नं ९**

भक्तपुर नगरपालिका ९ नं. वडाका किसानहरूको चैत्र ४ गते भएको भेलाद्वारा निर्वाचित वडा सदस्य जगतलाल मानन्धरको अध्यक्षतामा १९ सदस्यीय वडा कृषक समूह गठन गरियो। वडाका किसानहरूलाई संगठित गरी कृषिसम्बन्धी विभिन्न तालिमहरू संचालन गर्न तथा नगरपालिकाको नीति निर्माणमा सहयोग गर्न नगरपालिकाले १० वटै वडामा कृषक समूहहरू गठन गर्न थालिएको हो।

भेलामा भक्तपुर नगरपालिका कृषि समितिका संयोजक एवं ३ नं. वडाका अध्यक्ष राजकृष्ण गोराले संघीय संरचनामा कृषि सम्बन्धी अधिकार नगरपालिकालाई प्रदानगरिएको उल्लेख गर्दै कम जग्गामा उत्पादकत्व वृद्धि गर्न तथा स्वस्थकर खाद्य उत्पादन गर्न नगरपालिकाले किसानहरूलाई उत्साहित गरिरहेको चर्चा गर्नुभयो। वहाँले खेतमा काम गर्ने वास्तविक किसानहरूलाई प्रत्यक्ष लाभ दिने उद्देश्यले गतिविधि गर्नुपर्नेमा जोड दिँदै छाडा चौपाया र भुस्याहा कुकुरको व्यवस्थापनका लागि नगरपालिकाले गर्दै आएको कार्यक्रमबारे जानकारी दिनुभयो।

भनपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले परम्परागत शैलीमा खेतीगर्दै आएका किसानहरूलाई आधुनिक प्रविधि सिकाउने तथा रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै जैविक प्रविधिमार्फत कृषि उत्पादकत्व वृद्धि गर्ने विषयमा विज्ञहरूमार्फत तालिम संचालन गर्ने विषयमा छलफल भइरहेको बताउनुभयो।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू प्रजापतिले भक्तपुरवासीहरू अधिकांश किसान भएर पनि जग्गा जमिन कम हुँदै जाँदा समस्या देखिएको चर्चा गर्दै कृषकलाई सम्मान गर्ने भावना नयाँ पुस्तामा जागृत गराउनुपर्नेमा जोड दिनुभयो।

भेलामा वडाका कृयाशील किसानहरूले नगरपालिकाको बजेट निर्माण गर्दा निश्चित प्रतिशत रकम कृषिको लागि विनियोजन गरेर किसानको हितमा व्यवस्थित कार्यक्रम संचालन गर्नुपर्ने, प्राङ्गारिक खेतीपातीका लागि किसानहरूलाई उत्साहित गर्नुपर्ने, किसानहरूलाई आधुनिक खेती प्रणालीबारे तालिम दिनुपर्ने लगायतका सुझावहरू दिनुभयो।

**वडा नं ६**

भक्तपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवालको अध्यक्षतामा २०७४ साल चैत्र ५ गते सोमबार वडामा कृषकहरूको भेला सम्पन्न भयो। उक्त भेलाबाट पुण्यराम सुवालको अध्यक्षतामा १३ सदस्यीय कृषक समूह गठन गरियो।

उक्त भेलामा वडा अध्यक्ष हरिराम सुवालले कृषक समूह गठन गर्नुको उद्देश्यबारे स्पष्ट पार्दै वडामा भइरहेका विकास निर्माण, खासाङखुसुङ खोलाको दायाँबायाँ राख्नलागेको ढल निकास, घर दैलो नर्सिङ सेवा, भुस्याहा कुकुर नियन्त्रण गर्ने सिलसिलामा भुस्याहा कुकुरहरूलाई रेबिजविरुद्धको खोप र कुकुर बन्ध्याकरणको बारेमा स्पष्ट पार्नुभयो। साथै उहाँले हालै सम्पन्न नगरपरिषदबाट पारित गरिएको ५ वटा विधेयकको बारेमा समेत जानकारी गराउनुभयो।

उक्त भेलामा कार्यपालिका सदस्य रोशनमैया सुवालले कृषक समूह गठन गरी सोही समूहबाट वडामा रहेका कृषकहरूलाई उत्साहित गरी कृषि उत्पादनमा वृद्धि गर्न सहयोग पुग्ने बताउनुभयो।

भेलामा वडा सदस्य गोविन्द दुवालले कृषक समूहलाई समय समयमा कृषि विज्ञहरू ल्याई तालिमहरू सञ्चालन गर्नुपर्ने साथै विगतमा म्याद नाघेको धानको बिउ परेजस्तै अन्य बिउ बिजनहरू ल्याउँदा र प्रयोग गर्दा ध्यान दिनुपर्ने र यस समूहले कृषकहरूलाई सचेत पार्दै लानुपर्ने विचार राख्नुभयो।

समूहका अध्यक्ष पुण्यराम सुवालले किसानहरूसँग जग्गा घट्दै गइरहेको अवस्थामा नगरपालिकाले कृषिको पकेट क्षेत्र घोषणा गर्नुपर्नेबारे सुझाव दिनुभयो।

**वडा नं. ५**

भक्तपुर नगरपालिका वडा नं. ५ मा चैत १६ गते भएको कृषकहरूको एक भेलाले पूर्णगोपाल राजचलको अध्यक्षतामा १७ सदस्यीय कृषक समूह गठन गरिएको छ।

भेलामा ५ वडाका वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्यले कृषिप्रधान देश नेपाल कृषिमा पनि आत्मनिर्भर नहुनु लज्जास्पद भएको बताउनुभयो।

५ वडाका सदस्य पूर्णगोपाल राजचलले मोहियानी हकलगायत कृषकहरूको आर्थिक तथा सामाजिक विकासमा नेमकिपाको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा नपा सदस्य सरिना ग्वोला, नारायणप्रसाद त्वानाबासु, कृष्णप्यारी जधारी, नारायणभक्त भेले र रामेश्वर कोजुले पनि बोल्नुभएको थियो।

# सहकारी ऐन बनाउनेबारे अन्तरक्रिया

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को आयोजनामा सहकारी ऐन, २०७४, सम्पति शुद्धीकरणसम्बन्धी निर्देशन, २०७४ र स्थानीय तहले बनाउने सहकारी ऐन, विनियम सम्बन्धमा चैत ३ गते अन्तरक्रिया कार्यक्रम भयो ।

भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरूका अध्यक्ष, सञ्चालक, व्यवस्थापक तथा प्रतिनिधिहरूबीच भएको अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रत्यक्ष रूपमा गर्न नमिल्ने काम अप्रत्यक्ष रूपमा पनि गर्न मिल्दैन र समुदायलाई ध्यानमा राखी ऐन, नियमहरू बनाउनुपर्नेमा जोड दिनुभयो ।

२००७ सालमा आएको प्रजातन्त्र जुम्लामा २००८ सालमा पुगेको समाचार प्रकाशित भएको उल्लेख गर्दै उहाँले




सहकारि ऐन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रजापतिलगायत

कडा कानुन र दण्ड, सजायभन्दा पनि मानिसलाई सचेत बनाउनु आवश्यक छ र समयमै सूचनाको जानकारी दिन सहकारीहरू सक्षम हुनुपर्छ भन्नुभयो ।

सरकारले कानुन बनाउँदा अविकसित र दुर्गम स्थानलाई ध्यानमा राखी बनाउनुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाभित्र १५६ वटा सहकारी संस्थाहरू भएको र तीमध्ये कमजोर सहकारी संस्थालाई ध्यानमा राखी सहकारी ऐन, कानुनहरू निर्माण गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सहकारी संस्थालाई सहकारीको मूल्य-मान्यता र दृष्टिकोणले हेर्ने बताउँदै उहाँले सहकारीकर्मीहरू ऐन, कानुनको बारेमा सचेत हुनुपर्छ भन्नुभयो ।

सहकारीसम्बन्धी अनुसन्धान गर्नेलाई सहयोग पुऱ्याउन भक्तपुर नगरपालिकाले सञ्चालन गरेको जनज्योति पुस्तकालयमा सबै सहकारीहरूको प्रतिवेदन वा पत्रपत्रिकाहरू एक-एकप्रति राख्न सुझाव दिँदै उहाँले पाठ्यक्रममा सहकारीको बारेमा समावेश गरी भावी पुस्तालाई सहकारीबारेमा ज्ञान दिनु आवश्यक छ भन्नुभयो ।

उहाँले सहकारीले हस्तकला, पर्यटन, आदर निकेतन, सांस्कृतिक प्रशिक्षण, खेलकुदजस्ता कामहरू गर्नुपर्ने बताउँदै भक्तपुर नगरपालिकाभित्र एक सम्पदा एक विद्यालय गरी सरसफाइ अभियान चलाएजस्तै सहकारीले पनि एक सहकारी एक स्थानको सफाइ अभियान चलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले ठूला-ठूला सपना बाँड्नुभन्दा गर्न सकिने काम कुरामात्र गरी व्यवहारमा उतार्नु बुद्धिमानी हुन्छ भन्नुभयो ।

चीन र नेपालमा एक वर्षको फरकमा प्रजातन्त्र आएको र चीन अहिले विश्वको सबैभन्दा आर्थिकस्तर माथि उठेको देश बनिसकेको छ । त्यही समयतिर जापान पनि विश्व युद्धमा ध्वस्त भएकोलाई राम्रो बनाइसकेको अवस्था छ तर नेपालको सरकारमा गएका दलहरूको काम गर्ने इच्छा शक्ति कम भएकोले नेपाल विकास हुन सकेको छैन, उहाँले थप्नुभयो ।

आयोजक सङ्घका अध्यक्ष एवं कार्यक्रमका सभापति कृष्णगोविन्द लाखाजूले सहकारी ऐन, २०७४ को बारेमा प्रस्तुतीकरण गर्दै ऐन पालन भएमा हुने फाइदा, पालना नभएमा हुने कसूरअनुसारको दण्ड-सजाय र ऐनमा स्पष्ट नभएका विषयहरूमा प्रस्ट पार्नुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष राधेश्याम सुवालले सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशनबारेमा प्रस्तुतीकरण गर्दै सबै सहकारी संस्थाहरूले सम्पत्ति शुद्धीकरण फारम भरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सङ्घका व्यवस्थापक बालकृष्ण ध्वजूले सङ्घले गरिआएको बचत संकलन, ऋण प्रवाह, तालिम, गोष्ठी, सूचनाप्रवाह र सङ्घको हालसम्मको सम्पत्ति र दायित्वको बारेमा प्रस्तुतीकरण गर्नुभयो ।

लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष रामसुन्दर सुजखूले संस्थाको बारेमा प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष हरि बल्ल र सचिव जगनाथ प्रजापतिले पनि बोल्नुभएको थियो ।

# बिस्केट जात्रा मर्यादित रूपमा मनाउन छलफल

भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गर्न भक्तपुर नपाको आयोजनामा चैत ७ र १४ गते विभिन्न सरोकारवाला, स्थानीय टीम क्लब, वाचनालयका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न भयो।

छलफलमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको एक पहिचान रहेको बिस्केट जात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्नु सबै नगरवासीहरूको जिम्मेवारी भएको बताउनुभयो।

उहाँले जात्राको समयमा जात्रास्थल तथा मुख्य बजारमा निर्माण सामग्री र भग्नावशेष हटाउन तथा बिजुली, टेलिफोन र केबुल नेटवर्कका तारहरू व्यवस्थित गर्न नपाको तर्फबाट समयमै पत्राचार गरेको बताउँदै सुरक्षा व्यवस्थाको लागि भक्तपुरको विभिन्न स्थानमा सीसी क्यामेरा जडान गरेको बताउनुभयो।



बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गर्न छलफल कार्यक्रममा प्रमुख प्रजापति बोल्नुहुँदै

कार्यक्रममा नपाका उपप्रमुख रजनी जोशीले बिस्केट जात्रा मौलिक जात्रा भएको हुँदा सबैको सहयोग आवश्यक भएको बताउनुभयो।

छलफलमा महानगरीय प्रहरी परिसरका प्रहरी नायव उपरीक्षक कृष्ण प्रसाईले बिस्केट जात्रालाई शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्न प्रहरीको तर्फबाट सम्पूर्ण सुरक्षा प्रबन्ध मिलाउने तयारी गरिरहेको जानकारी दिनुभयो।

नेपाल विद्युत प्राधिकरण भक्तपुर शाखाका प्रमुख प्रज्ज्वलमान शाक्यले जात्राअवधिभर भक्तपुरमा लोडसेडिङ नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उपरोक्त कार्यक्रममा भक्तपुर जिल्ला भलिबल संघका अध्यक्ष विनोदचरण राय, भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर जिल्ला फूटबल संघका अध्यक्ष गौतम सुजखू, जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष राजेन्द्र प्रजापति, कृष्णगोपाल त्वायना, शिवनारायण गोठे, मुक्तिसुन्दर जधारी, गुथि संस्थान भक्तपुरका प्रमुख हरिप्रसाद सुवेदी, महानगरीय ट्राफिक प्रहरी परिसर, यातायात व्यवसायी, केबुल नेटवर्क व्यवसायी, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, भैरवनाथ जात्रा व्यवस्थापन समिति, भैरवनाथ मन्दिर जीर्णोद्धार समिति, एकीकृत हाकुज्या प्रजापति समाजलगायतका सरोकारवाला संस्था एवम् संस्कृतिविद्हरूसँग जात्रा व्यवस्थित बनाउन विभिन्न सुझावहरू सङ्कलन गरिएको थियो।

# gu/sf] ;f}bo{df cfF k'¥ofpg] tf/x¿ Joj:yt ul/g]

भक्तपुर नगरमा अव्यवस्थित रूपमा राखिएका बिजुली, टेलिफोन, इन्टरनेट र केबुल तारहरूका कारण नगरको सौन्दर्यमा आँच पुगिरहेको हुँदा बिस्केट जात्रा पूर्व नै तारहरू व्यवस्थित गरिने भएको छ।

भक्तपुर नगरपालिकाले नगरमा सेवा प्रवाह गरिरहेका नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क प्रालि र इन्टरनेट सेवा प्रदायकहरूको चैत्र २० गते सभाकक्षमा बैठक गरेर चैत्र २२ देखि २६ गतेसम्ममा नगरका मुख्य बजार र प्रमुख जात्रा स्थलहरूमा तारहरूलाई व्यवस्थित गर्ने निर्णय गरेको हो।

सेवा प्रदायकहरू आ-आफ्नो व्यवस्थापकीय सामग्री र मानवीय जनशक्तिसहित चैत्र २२ गते नगरपालिका कार्यालयमा उपस्थित भई नगरपालिकाका कर्मचारीहरूसमेत सहभागी भई तारहरूलाई बञ्चिङ गर्ने र चैत्र २६ गतेसम्ममा मुख्य बजारमा कार्य सम्पन्न गरिसक्ने प्रमुख सुनिल प्रजापतिले बताउनुभयो।

उहाँले आधुनिक जीवनशैलीसँगै नगरवासीहरूलाई टेलिभिजन र इन्टरनेट सेवा प्रदान गरिरहेकोमा सेवा प्रदायकहरूलाई धन्यवाद ज्ञापन गर्दै तारहरू जथाभावी झुण्ड्याईदा नगरको साँस्कृतिक सौन्दर्यतामा खलल पुगेको बताउनुभयो।

बैठकले नगरपालिका क्षेत्रमा टेलिभिजन तथा इन्टरनेट सेवा प्रदान गर्ने सेवा प्रदायकले यही २०७५ वैशाख मसान्तभित्र नगरपालिकामा दर्ता गर्ने तथा सेवा प्रवाहबारे तथ्याङ्क पेश गर्ने निर्णयसमेत भएको प्रमुख प्रजापतिले बताउनुभयो।

# s lff * sf]k/Llff ;DkGg

सङ्घीय व्यवस्थाअनुसार विद्यालय तहको शिक्षाको जिम्मेवारी नगरपालिकालाई दिएपछि पहिलोपटक भक्तपुर नगरपालिकाअन्तर्गतको परीक्षा समितिले आधारभूत तह (कक्षा ८) को परीक्षा परीक्षा सफलतासाथ सञ्चालन गऱ्यो।



प्रमुख प्रजापति परीक्षा केन्द्रको अनुगमन गर्नुहुँदै

चैत ४ गतेदेखि १४ गतेसम्म भएको उक्त परीक्षामा नगरका ६३ वटा विद्यालयका कूल २ हजार ४ सय ८९ विद्यार्थीहरू सहभागी भएका थिए।

'नगरका ६ वटा विद्यालयहरूमा परीक्षा केन्द्र तोकिएको र सबैमा संयमित र मर्यादित रूपमा परीक्षा सञ्चालन भएको' नगर शिक्षा समितिका सदस्य रविन्द्र ज्याख्वले बताउनुभयो। नगरपालिकाका प्रमुख, उपप्रमुखलगायत परीक्षा समितिका पदाधिकारीहरूले विभिन्न परीक्षा केन्द्रको अनुगमन गर्नुभएको थियो।

नगर परीक्षा समितिका संयोजक प्रेमगोपाल कर्माचार्यले प्रश्नपत्रमा सकेसम्म गल्ती नै नहोस् भनेर प्रश्नपत्र निर्माणमा निकै मिहिनेत गरेको र हरेक दिन विषयगत एकजना शिक्षकलाई आवश्यक परामर्शका लागि नगर शिक्षा शाखामा खटाएको जानकारी दिनुभयो। उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशनसमेत नगरपालिकाले जिम्मा लिएको उल्लेख गर्दै उहाँले समयमै व्यवस्थित नतिजा प्रकाशनका लागि तयारी भइरहेको बताउनुभयो।

# j8f g+! df vl]sb ;ldlt u7g

भक्तपुर नगरपालिका वडा नं. १ समितिको आयोजनामा चैत २ गते भक्तपुर मिनिबस सेवा समितिको सभाकक्षमा राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडीहरू, प्रशिक्षक तथा वडावासीहरूको भेला भयो। उक्त भेलामा भक्तपुर नपाको युवा तथा खेलकुद समितिका संयोजक तथा वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले वडास्तरीय खेलकुद समिति गठन गर्नुपर्ने आवश्यकताबारे चर्चा गर्नुभयो।

खेलकुदबाट युवा पुस्तालाई कुलतबाट बचाई एक अनुशासित तथा सहयोगी भावना भएको नागरिक बनाउनेमा योगदान हुने विचार पूर्ववडाअध्यक्ष लक्ष्मीनारायण राजलवटले व्यक्त गर्नुभयो। युवापुस्तालाई खेलकुदले देश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने योग्य नागरिक बनाउन टेवा पुऱ्याउने विचार पूर्ववडासदस्य कृष्णबहादुर दुगुजुले व्यक्त गर्नुभयो।

सो भेलाबाट पूर्वराष्ट्रिय खेलाडी बाबुकाजी धौबन्जारको अध्यक्षतामा ११ सदस्य रहेको वडा खेलकुद समिति गठन भयो। समितिले वैशाखमा वडास्तरीय अन्तर विद्यालय खेल प्रतियोगिता गर्ने निर्णय गरेको छ।

भेलामा वडा सदस्य सूर्यप्रसाद श्रेष्ठ, सृजना नगर टोल सुधार समितिका अध्यक्ष विकुलाल बासुले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो। वडा सदस्य विश्वराज शिल्पकारले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भक्तपुर नपाको आयोजनामा ट्राफिक व्यवस्थापनबारे छलफल

भक्तपुर नगरपालिकाले नगर क्षेत्रको ट्राफिक व्यवस्थापनबारे चैत्र २ गते सरोकारवाला पक्षहरूबीच एक छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगरमा जनसङ्ख्या वृद्धिसँगै ट्राफिक व्यवस्थापनमा समस्या, प्रदूषण, सामाजिक अपराध एवं सार्वजनिक सम्पत्तिमाथि अतिक्रमण भएको बताउनुभयो । उहाँले सरकारले यातायातका साधनहरूको खरिद तथा ट्राफिक व्यवस्थापनमा कुनै मापदण्ड नबनाइदिएकोले बाटो फराकिलो पार्दैमा समस्या समाधान नहुने प्रष्ट पार्नुभयो । नयाँ बस्तीहरूमा सामाजिक अपराधका घटनाहरू बढ्न थालेको चर्चा गर्दै उहाँले नगरवासीहरू र विशेषतः महिला दिदीबहिनीहरू सुरक्षित रूपमा हिंड्डुल गर्ने वातावरण सिर्जना गर्न सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रमुख प्रजापतिले १५ वर्षसम्म स्थानीय निकायमा जनप्रतिनिधिहरू नहुँदा पाटी, पौवा, ढुंगेधारालगायतका सम्पदा एवं सार्वजनिक जग्गाहरू व्यक्तिले जबरजस्ती हडप्ने कार्य गरेको उल्लेख गर्दै ती सम्पत्तिको संरक्षणमा लाग्नु सबैको दायित्व भएको बताउनुभयो ।




प्रमुख सुनिल प्रजापति ट्राफिक व्यवस्थापनबारे छलफल कार्यक्रममा बोल्नुहुँदै

बीस वर्ष पुरानो गाडीलाई उपत्यकाबाट विस्थापन गर्ने सरकारी नीति गाडी कम्पनीहरूलाई पोस्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले यस निर्णयमा भ्रष्टाचार र कमिसनको खेल हुनसक्ने आशंका व्यक्त गर्नुभयो ।

उप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई सभ्य, स्वस्थ र सुरक्षित नगरको रूपमा विकास गर्ने लक्ष्यसहित जनप्रतिनिधिहरू अगाडि बढिरहेको उल्लेख गर्दै सवारी साधन जथाभावी पार्किङ गरिंदा दुर्घटनाहरू बढेको बताउनुभयो ।

सडक पेटी बटुवा हिंड्नका लागि बनाइएको उल्लेख गर्दै उहाँले पेटीमा निर्माण सामग्रीहरू राख्ने, पसलका सामानहरू थुपार्ने, गाडी पार्किङ गर्ने जस्ता कृयाकलापहरू नगर्न आग्रह गर्नुभयो ।

छलफलमा सहभागीहरूले सडकमा जेब्रा क्रसिङ तथा ट्राफिक बत्तीको व्यवस्था गर्नुपर्ने, सडकमा जथाभावी पार्किङ गरिएका सवारी साधन, बजार तथा पसल एवं छाडा चौपायाहरूको नियन्त्रणमा सबैको साथ र सहयोग गर्नुपर्ने, पुरानो नगर क्षेत्रमा ठूला तथा भारी गाडीको प्रवेश निषेध गर्नुपर्ने, पर्यटकीय केन्द्रहरू दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रमा सवारी पार्किङ निषेध गर्नुपर्ने सुझावहरू दिनुभयो ।

सडक विस्तारमा दीर्घकालीन योजनाविना गाडी खरिद गर्ने कार्य बन्द गर्नुपर्ने सहभागीहरूको धारणा थियो ।

भेलाले नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा ट्राफिक व्यवस्थापन एवं सुरक्षासँग सम्बन्धित सरोकारवाला पक्षहरू सम्मिलित एक कार्यदल गठन गरी भक्तपुर नगर क्षेत्रमा ट्राफिक व्यवस्थापनको अनुगमन गर्ने निर्णय गरिएको भक्तपुर नपाको वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले बताउनुभयो ।

झिँगा भन्केको, बासी खानेकुरा
खानाले रोग निम्त्याउँछ ।

# बिस्केट जात्राको मुख्य स्थलमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित सरसफाइ अन्तर्गत चैत्र १५ गते चुपिंघाट, हनुमन्ते खोला र ल्योसिंख्य परिसरमा सरसफाइ सम्पन्न भयो। नगर प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीसहित जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीहरू सम्मिलित उक्त कार्यक्रममा नेपाली सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीहरू, विभिन्न टिम,






चुपिंघाट, हनुमन्ते खोला र ल्योसिंख्य परिसर सरसफाइ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

क्लव, विद्यालय, दाफा, भजनका प्रतिनिधिहरू एवं स्थानीय जनताको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरको प्रमुख बिस्केट जात्रा भव्य र सभ्य तरिकाले सम्पन्न गर्न आह्वान गर्दै जात्राको मुख्य स्थलमा सरसफाइ आयोजना गरिएको बताउनुभयो। भक्तपुर नगरलाई सफा, स्वच्छ र सुन्दर पर्यटकीय गन्तव्यस्थल बनाउन नगरपालिकाका जनप्रतिनिधिहरू लागिपरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, यहाँका सम्पदाहरू भक्तपुरवासीहरूको मात्र सम्पत्ति नभई विश्वकै सम्पत्ति हो, यसको जगेर्ना गर्नु सबैको साझा दायित्व हो ।

प्रमुख प्रजापतिले नगरका सम्पदाहरू सरसफाइ गर्न कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगको आवश्यकता नरहेको चर्चा गर्दै आफ्नो ठाउँ सफा गर्न स्थानीयहरू





आफै जागरुक भएकोमा खुशी व्यक्त गर्नुभयो।

उपप्रमुख रजनी जोशीले बिस्केट जात्रा शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्दै विभिन्न जिल्ला तथा देशबाट आउने आन्तरिक तथा वाह्य पर्यटकहरूका लागि पनि आकर्षण गर्न सबै जनता एकजूट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा ९ नं वडाका अध्यक्ष रविन्द्र ज्याख्व र ५ नं. वडाका अध्यक्ष प्रेमगोपाल कर्माचार्यले सरसफाइ अभियानमा सहभागी सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो।

# अरनिको राजमार्गको सर्भिस ट्र्याकमा सरसफाइ

भक्तपुर नगरपालिकाले नियमित सरसफाइ अन्तर्गत चैत्र १ गते अरनिको राजमार्ग अन्तर्गत भक्तपुर नपाको वडा नं. ४ भुलांचादेखि बाराही मुभिजसम्मको सर्भिस ट्र्याकमा सरसफाइ सम्पन्न गऱ्यो ।

नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायत जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय विद्यालयका शिक्षक, विद्यार्थी एवं स्थानीय जनताको सक्रिय




प्रमुख प्रजापति सरसफाइ कार्यक्रममा बोल्नुहुँदै

सहभागितामा उक्त क्षेत्रमा सरसफाइ भएको थियो । त्यस क्रममा सडकको नालीमा फालिएका, घर तथा पसल अगाडि राखिएका तथा जथाभावि फालिएका ६ टन फोहर संकलन गरी व्यवस्थित गरियो ।

कार्यक्रमको शुरुमा भएको सभामा नगर प्रमुख प्रजापतिले नगर सफा र सुन्दर राख्नु सबैको दायित्व भएको बताउनुभयो । नगरपालिका सबैको साझा संस्था भएको उल्लेख गर्दै उहाँले जनतामाझ चुनावमा गरेको प्रतिवद्धताअनुसार जनप्रतिनिधिहरू जनताबीच पुगिरहेको र जनभावनाअनुसार नै विकास निर्माण तथा जनताका समस्या समाधानमा जुटिरहेको प्रष्ट पार्नुभयो ।

फोहर मैला व्यवस्थापन कार्य निजी क्षेत्रलाई सुम्पनु गलत भएको चर्चा गर्दै उहाँले फोहोरमा व्यापार होइन, समाज सफा र सभ्य राख्ने दायित्व सम्झनुपर्नेमा जोड दिनुभयो ।

उप प्रमुख रजनी जोशीले नगरपालिकाले साउन १ गतेदेखि नै हरेक महिनाको १ र १५ गते सरसफाइ कार्यलाई निरन्तरता दिएको बताउनुभयो । उहाँले जनप्रतिनिधिहरूले सस्तो लोकप्रियताको लागि नभई सामाजिक उत्तरदायित्वको रूपमा सरसफाइ कार्यमा लाग्न सबैलाई आग्रह गर्नुभयो ।

वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्वले नगरपालिकाले फोहर मैला व्यवस्थापनको लागि गरिरहेको खर्च खेर नगएको चर्चा गर्दै यस कार्यलाई अझ व्यवस्थित गर्न स्थानीय जनता पनि स्वयंस्फूर्त रूपमा सरसफाइ कार्यमा सहभागी भइरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

भक्तपुर नपा ३ नं वडाका अध्यक्ष राजकृष्ण गोरा, १ नं. वडाका अध्यक्ष श्यामकृष्ण खत्री एवं ४ नं वडाका सदस्य राजेन्द्र माकले सरसफाइ कार्यमा सहभागी स्थानीय जनता एवं स्कूलका विद्यार्थी र शिक्षकहरूलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

# Vjk axk|ljlwsdf e]hf

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अनुशासित र सभ्य नागरिक तयार गर्न शिक्षकहरूले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहु प्राविधिक अध्ययनअन्तर्गत सिभिल विभागका संस्थाका शिक्षक–शिक्षिका तथा कर्मचारीहरूको चैत १५ गते भएको भेलामा बोल्दै उहाँले सस्तो र गुणस्तरीय शिक्षा दिने उद्देश्यले नगरपालिकाले कलेजहरू स्थापना गरेको बताउनुभयो ।

उहाँले अहिले देशका सबै निकायहरूमा गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रभावित हुँदै गइरहेको हुँदा त्यसबारे सचेत हुनुपर्ने उल्लेख गर्दै विद्यालय कलेजको पाठ्यक्रमसमेत विदेशी संस्थाहरूको सहयोगमा निर्माण गर्नुपर्ने अवस्था आउनु गम्भीर हो भन्नुभयो ।

उहाँले भन्नुभयो– देशको कानुनमन्त्री, निमित्त प्रधानन्यायाधीश जस्ता व्यक्तित्वहरूसमेत एनजीओ, आइएनजीओको प्रभाव अन्त्य गर्छौं भनेर लाग्नुपर्ने अवस्था आएबाट हामी कहाँ छौं र हाम्रो देश कहाँ छ भन्ने स्पष्ट हुन्छ ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले शिक्षक शिक्षिकाहरूले संस्थाले दिएको जिम्मेवारी र नगरपालिकाका जनप्रतिनिधिहरूको भावनाअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भेलामा सिभिल विभागका प्रमुख सुरेन्द्र ख्याजुले कलेज विकासको निम्ति आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्दै आएको र निरन्तर गर्दै जाने बताउनुभयो ।

# काठमाडौंमा अपराध बढ्नुमा जनसङ्ख्या वृद्धि मुख्य कारण

गृहमन्त्रालयको आयोजनामा काठमाडौं उपत्यकाका सबै नगर प्रमुखहरू, सुरक्षा अङ्गका प्रमुखहरूबीच चैत्र १ गते एक अन्तरक्रिया कार्यक्रम सम्पन्नभयो ।

कार्यक्रममा गृहमन्त्री रामबहादुर थापाले विकास र समृद्धि साझा लक्ष्य भए पनि त्यसलाई पूरा गर्न ऐन–नियमहरू बाधक भएको हुँदा ऐन नियमहरूमा व्यापक सुधारको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले लोकतन्त्रको नाउँमा अराजकता र बेथितिलाई छुट दिइरहेको कारण समस्या आएको बताउँदै राजनैतिक दबाब आफ्नो निम्ति कुनै मानेमा सह्य नहुने बताउनुभयो ।



काठमाडौं उपत्यकाका नगर प्रमुखहरू, सुरक्षा अङ्गका प्रमुखहरूबीच अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रजापति (दायाँबाट दोस्रो)

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कुख्यात गुण्डाहरू मारिंदा संसद अवरोध गर्ने र शहीद घोषणाको माग गर्नेहरूले नै अपराधलाई राजनीतिकरण गरिरहेको हो भन्नुभयो ।

उहाँले काठमाडौंमा अपराधको सङ्ख्या बढ्नुमा जनसङ्ख्या वृद्धि मुख्य कारण भएको बताउँदै काठमाडौं उपत्यका बाहिर स–साना सहरको विकास गर्न सके जनसङ्ख्या नियन्त्रण र देशको सन्तुलित विकास हुन्छ भन्नुभयो ।

उहाँले ट्राफिक जामको समस्याबारे उल्लेख गर्दै भन्नुभयो– अनियन्त्रित रूपमा गाडी खरिद गर्ने छुट नै यसको मुख्य समस्या हो । गाडी खरिद गर्नेले पार्किङ्गको अनिवार्य व्यवस्था गर्नुपर्छ । सडकको कारण सवारी दुर्घटना भएमा सडक निर्माण गर्ने ठेकेदारलाई पनि जिम्मेवार ठहऱ्याई कारबाही गर्ने कानुनी व्यवस्था गरिनुपर्छ ।

उहाँ भन्नुभयो– एक थोपा पनि डिजल र पेट्रोल उत्पादन नहुने देशले खर्बौं रूपैयाँको इन्धन किनिरहेका छौं । जलविद्युतको उत्पादन गरी विद्युतीय बसहरूको व्यवस्था गर्न सकिए देशको धेरै पैसा विदेश जानबाट रोकिन सक्छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौंमा स–साना गाडीहरूको उचित विकल्प दिई विस्थापन गर्ने तयारी गरिरहेको बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले ट्राफिक बत्तिको व्यवस्था गर्नुपर्ने, ठेकेदारहरूको पछाडि राजनैतिक दल भएको हुँदा विकास निर्माण कार्य सोचेअनुसार हुन नसकेको बताउनुभयो ।

महालक्ष्मी नपाका प्रमुख रामेश्वर श्रेष्ठले ठूलठूला बस व्यवस्थाका लागि प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेत, मध्यपुर नपाका प्रमुख मदनसुन्दर श्रेष्ठ, सूर्यविनायक नपाका वासुदेव थापालगायतले सडक व्यवस्थापन गर्न ऐन कानुनमा समयानुकूल सुधारको आवश्यकता रहेको बताउनुभयो ।

सुरक्षा निकायका सबै प्रमुखहरूको उपस्थितिमा भएको कार्यक्रमले नीतिगत स्पष्टता हुनुपर्ने, नयाँ नयाँ प्रविधि भित्र्याउनुपर्ने र व्यवहारमा सुधार गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

कार्यक्रममा गृहमन्त्रालयका निमित्त सचिव केदार न्यौपानेले सबैलाई स्वागत गर्दै विषय प्रवेश गर्नुभएको थियो ।

# भक्तपुर नपाद्वारा खानेपानी वितरण

सुख्खायामको कारण भक्तपुर नगरमा खानेपानीको समस्या देखिएको छ । नगरवासीहरूमा देखिएको खानेपानीको अभाव पूर्ति गर्न भक्तपुर नगरपालिकाले भक्तपुर नगरका १ देखि १० वडासम्मका विभिन्न स्थानहरूमा ट्याङ्करबाट खानेपानी वितरण गर्न थालेको छ ।

खानेपानी वितरण यही चैत १५ गतेदेखि २४ गतेसम्म भक्तपुर नगरका विभिन्न टोलहरूमा बिहान–बेलुकी गरी दुई समयमा वितरण गरिनेछ ।

नगरवासीहरूको जानकारीको लागि खानेपानी वितरणको स्थान, बार, समय र मितिसहित तालिका १६ फागुन २०७४ को ‘मजदुर’ दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

; / ; kmf0df ;lqmo tfk'j{§ ;xofu} ug{x'g}x¿df

# हार्दिक धन्यवाद !

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारासहित भक्तपुर नगरपालिकाले नगरको कला, संस्कृतिको संरक्षण कार्य गरिरहेको सबैमा अवगत नै छ । नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउने लक्ष्यसहित नगरपालिकाका जनप्रतिनिधिहरूको अगुवाईमा २०७४ साउन १ गतेदेखि हरेक महिनाको १ र १५ गते नगरका सम्पदा क्षेत्र, मठ, मन्दिर, खोला, पोखरीलगायत सरसफाइ भइरहेको छ ।

२०७४ चैत्र १५ गते बिहिबार भक्तपुरको प्रसिद्ध बिस्केट जात्राको मुख्य स्थल ल्योसिंख्य, चुपिंघाट र हनुमन्ते खोला सरसफाइमा सक्रियतापूर्वक सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, सुरक्षाकर्मीहरू, स्थानीय टिम, क्लव, स्कूल, कलेज, दाफा, भजनका प्रतिनिधिहरू एवं स्थानीय दाजुभाइ दिदीबहिनीहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## सरसफाइमा सहभागी हुने समूहहरू

- भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू
- भक्तपुर नगरपालिकाका कर्मचारीहरू
- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फुटबल, भलिबल, टेबुलटेनिस, कराँते र बक्सिङ खेलका प्रशिक्षक एवं प्रशिक्षार्थीहरू
- नेपाली सेना श्री वीरदल गण, सूर्यविनायक
- महानगरीय प्रहरी परिसर, भक्तपुर
- शसस्त्र प्रहरी गण, दुवाकोट
- न्यातापोल कर्नर टिम
- टौमढी युवा क्लव
- लनर्स एकेडेमी
- भारती आधारभूत विद्यालय
- मिनर्वा इ. स्कूल
- प्रोक्सिमा इन्टरनेश्नल एकेडेमी
- ए जे सेकेन्डरी स्कूल
- संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- भनपा ४ र ५ वडाका स्थानीय दाजुभाइ तथा दिदीबहिनीहरू

eQmk'/ gu/kflnsf

gu/ sfo{kflnsfsf]sfof{no, Jof;L, eQmk'/

# भक्तपुर नपामा कक्षा ८ को परीक्षासम्बन्धी अभिमुखीकरण

भक्तपुर नगरपालिकाले चैत ४ गतेदेखि सञ्चालन गरिने आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धमा केन्द्राध्यक्षहरुको अभिमुखीकरण कार्यक्रम फागनु ३० गते सम्पन्न भयो ।



अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा नपा प्रमुख सुनिल प्रजापतिले नगरपालिकाका जनप्रतिनिधिहरूले पहिलो पल्ट आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन गर्न सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीहरूको हितलाई केन्द्रमा राखी केन्द्राध्यक्षहरूले परीक्षा सञ्चालन गर्नुपर्ने, परीक्षा दिन आएका विद्यार्थीहरूलाई समस्या नहुने गरी परीक्षा सञ्चालन गरी प्राथमिकता हेरेर केन्द्राध्यक्षहरूले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'नगरपालिकाले स्थानीय पाठ्यक्रम तयारी गरिरहेको छ ।'

शिक्षा शाखाका अधिकृत रुद्र शर्माले केन्द्राध्यक्षहरूले विद्यार्थीहरूलाई भयमुक्त वातावरणमा परीक्षा दिनसक्ने वातावरण मिलाउने, अपाङ्गता भएका विद्यार्थीको लागि प्रकृति हेरी केन्द्राध्यक्षले समय थप्न सक्ने, परीक्षासम्बन्धी कार्यविधि र नियमहरू अनुसरण गर्नेलगायत निर्देशनबारे जानकारी दिनुभयो ।

परीक्षा समितिका संयोजक एवं भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यको सभापत्विमा भएको कार्यक्रममा केन्द्राध्यक्षहरू एभरेष्ट स्कूल, श्रीपद्म मावि, बासु मावि, वाइजल्याण्ड स्कूल, आदर्श आजाद मावि र वागीश्वरी माविका प्रअहरूले आ-आफ्नो विचार राख्नुभएको थियो ।

# df;'k;nx¿ sf]cgudg

भक्तपुर नगरपालिका, भेटनरी जनस्वास्थ्य केन्द्रीय कार्यालय काठमाण्डौं, आपूर्ति व्यवस्था विभाग, जिल्ला पशु सेवा कार्यालय भक्तपुर, राष्ट्रिय उपभोक्ता मञ्च भक्तपुरको संयुक्त टोलीले चैत्र ४ गते नगरका पाँचवटा मासु पसल अनुगमन गऱ्यो ।

मासु पसल अनुगमनको क्रममा भार्वाचो मासु पसलमा अनुगमन गर्दा नापतौल ढक तराजु प्रमाणित गर्नुपर्ने, सेतो एप्रोन प्रयोग गर्नुपर्ने, टेबलमा जाली र पंखा राख्नुपर्ने, पसल नवीकरण गर्नुपर्ने र पसलमा जथाभावी राखेको अनावश्यक सामान हटाउन निर्देशन दिएको थियो भने क्वालिटि कोल्ड स्टोरमा मूल्य सूची राख्नुपर्ने, सेतो एप्रोन प्रयोग गर्नुपर्ने, वधस्थल सफा सुग्घर राख्नुपर्ने, भित्तामा सेतो रंग लगाउनुपर्ने, पसलमा सरसफाइलगायत अनावश्यक सामान हटाउनुपर्ने निर्देशन दिएको छ ।

त्यस्तै रामबहादुर शाहीको राँगोको मासु पसलमा पसल पेटीमा राखेको हटाई १५ दिनभित्र व्यवस्थित रूपमा घरभित्र संचालन गर्न र नभए पसल हटाइने निर्देशन दिएको थियो । त्यस्तै साकार ब्रोइलर हाउसमा डिप फ्रिज सफा गर्ने, मासु भएको डिप फ्रिजमा अन्य खाद्यवस्तु नराख्ने, मासु र तरकारी एकै ठाउँमा नराख्ने, ससफाइमा विशेष ध्यान दिने, एप्रोन सेतो प्रयोग गर्ने, पसलमा मूल्यसूची राख्ने र पसल नवीकरण गर्नुपर्ने निर्देशन दिएको थियो ।

त्यस्तै सुरज माछा पसल दर्ता गर्नुपर्ने, माछा पसल भित्र राखेर व्यवस्थित गर्नुपर्ने, एप्रोन सेतो लगाउने र मुल्यसूची राख्नुपर्ने निर्देशन दिएको थियो । समिम कोल्ड स्टोर खसी पसल दर्ता गर्नुपर्ने, १५ दिनभित्र पसल व्यवस्थित नगरे बन्द गर्ने र पसल समान्य मापदण्ड पूरा नभएको पाइएकोले समान्य मापदण्ड पूरा गरी संचालन गर्न निर्देशन दिएको थियो ।

भक्तपुर नगरपालिका वडा नं ४ का वडाध्यक्ष कुमार चवाल र नगर निरीक्षक दिलिप कुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, भेटनरी जनस्वास्थ्य कार्यालयका योगेन्द्र प्रसाद शर्मा, आपूर्ति व्यवस्था विभागका रामकाजी श्रेष्ठ, जिल्ला पशु कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र महेश्वरी देउजाको उपस्थितिमा अनुगमन भएको थियो ।

# eQmk'/ gkfdf s[lifsx¿sf]e]hf

भक्तपुर नगरपालिका कृषि समितिको आयोजनामा फागुन २८ गते 'कृषि उत्पादन र हाम्रो जिम्मेवारी' विषयक छलफल कार्यक्रम सम्पन्न भयो।



भक्तपुर नगरपालिका कृषि समितिको कार्यक्रममा प्रमुख प्रजापतिलगायत

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले घोषणापत्रअनुसार काम गरिरहेको बताउँदै किसानहरूले उत्पादन गरेको खाद्यान्नमा कीटनासक औषधिहरूको प्रयोग गर्न नहुने, अर्गानिक खेती गर्नुपर्ने, कम जग्गामा धेरै उत्पादन कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्नुपर्ने कुरा नयाँ पुस्तालाई बताउनु पर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले भर्पाई आन्दोलन, साँढे धपाइ आन्दोलनमा किसानहरूले गरेका योगदानबारे बताउनुभयो।

भक्तपुर नगरपालिका कृषि समितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा भएको कार्यक्रममा उपप्रमुख रजनी जोशी, वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा र हरिराम सुवाललगायत सहभागी किसानहरूले पनि बोल्नुभएको थियो।

# ; a}j8fdf gl;{ ;]jf lbg]

भक्तपुर उद्योग वाणिज्य संघ, लायन्स क्लव अफ भक्तपुर समन्वय समिति र डा. इवामुरा मेमोरियल अस्पतालको संयुक्त पहलमा भक्तपुर औद्योगिक क्षेत्र परिसरमा चैत १ गते निःशुल्क स्वास्थ्य शिविरको एक समारोहबीच भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उद्घाटन गर्नुभयो।

उक्त समारोहमा प्रमुख प्रजापतिले भक्तपुरवासी जनताको स्वास्थ्य सुविधाको लागि नगरपालिकाले ३ वटा जनस्वास्थ्य केन्द्र तथा ३ ठाउँमा आयुर्वेदिक क्लिनिकहरू संचालन गरिरहेको बताउनुभयो। उहाँले नगरपालिकाले निकट भविष्यमा २५ शैय्याको ख्वप अस्पताल संचालनका लागि तयारीहरू भइरहेको पनि जानकारी दिनुभयो।

आधुनिक जीवनयापनका कारण नयाँ खालका रोगहरूबाट जनता पीडित भइरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले नगरपालिकाले प्रत्येक वडामा नर्स तथा स्वास्थ्य स्वंयसेविकाहरूको बन्दोबस्त गरी घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने कार्य गरिरहेको बताउनुभयो। पाइलट प्रोजेक्टको रूपमा हाल वडा नं. ३, ४ र ६ मा नर्सहरूको बन्दोबस्त गरिसकेको र केही समयपछि नै दशवटै वडामा नर्सहरू राखेर आधारभुत स्वास्थ्य सेवाको सुविधा जनताको घरदैलोसम्म पुऱ्याउन लागिएको उहाँले जानकारी दिनुभयो।




प्रमुख सुनिल प्रजापति निःशुल्क स्वास्थ्य शिविर उद्घाटन कार्यक्रममा बोल्नुहुँदै

कार्यक्रममा लायन्स क्लवका डिपी खनाल, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले आ-आफ्नो धारणा राख्नुभयो।

# प्रमुख प्रजापतिसँग भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधि मण्डलको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले फागुन २९ गते भेट गऱ्यो ।

भक्तपुर नगरपालिकाको सभा कक्षमा भएको भेटघाटमा प्रमुख प्रजापतिले उद्योग वाणिज्य संघका नव निर्वाचित अध्यक्ष एवं प्रतिनिधिहरूलाई बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको निम्ति शुभकामना दिनुभयो ।

उहाँले उद्योगी र व्यापारीहरूले समयमै कर तिरी सहयोग गर्न आग्रह गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल बनाउन आ–आफ्नो क्षेत्रबाट सहयोग गर्न जोड दिनुभयो । भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनको लागि गर्दै आएका गतिविधिहरूको जानकारी गराउँदै हाल नगर क्षेत्रका विद्यालयहरूको व्यवस्थापनको जिम्मासमेत नगरपालिकाले वहन गरेको जानकारी गराउनुभयो । नगरपालिकाले स्थानीय पाठ्यक्रम तयारी गरिरहेको र यसमा भक्तपुरको मौलिक खाद्य वस्तु, सीप, कला, उत्पादन, इतिहास आदि समेतिने गरी बनाउन लागेको जानकारी गराउँदै यसले नयाँ पुस्तालाई स्थानीय विषयबारे जानकारी दिने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएपछि प्रत्येक महिनाको १ र १५ गते सरसफाइ अभियान सञ्चालन गर्दै आएको, अन्तर नगर खेलकुद प्रतियोगितालगायत विभिन्न खेलकुद गतिविधिहरू सञ्चालन गर्दै आएको र भक्तपुरको विकासको लागि स्थानीय बुद्धिजीवी, कृषक, पर्यटन व्यवसायी, शिक्षकलगायत समाजका विभिन्न क्षेत्रका विद्वत व्यक्तित्वहरूसँग छलफल गर्दै उहाँहरूको सल्लाह र सुझाव अनुसार नगरपालिका अगाडि बढिरहेको जानकारी पनि दिनुभयो ।



प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर उद्योग वाणिज्य संघ प्रतिनिधि मण्डलको भेटघाट

उद्योग वाणिज्य संघका अध्यक्ष प्रजापतिले निर्वाचित भएपछि जन प्रतिनिधिहरूसित भेट गर्न पाएकोमा खुशी व्यक्त गर्दै उद्योग वाणिज्य संघ भक्तपुर नगरपालिकासित सहकार्य गरी अगाडि बढ्न तयार रहेको बताउनुभयो । उहाँले भक्तपुर उद्योग वाणिज्य संघ, लायन्स क्लब अफ भक्तपुर र ईवामुरा अस्पतालको संयुक्त आयोजनामा भक्तपुर उद्योग वाणिज्य संघ परिसरमा चैत्र १ गते नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारीबारे जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष केपी अवाल, विष्णु भक्त मारिखु, राजुमृगेन्द्र जोशी, विजयशंकर प्रधानाङ्ग, महेशबहादुर धौबञ्जार, रोशन भोयद्यो, रंजीत मारिखु र अमर भक्त सुवालको पनि उपस्थिति थियो ।

# वडा नं. ५ मा खेलकुद समिति गठन

भक्तपुर नगरपालिका वडा नं. ५ मा चैत १४ गते भएको खेलाडी तथा खेल प्रेमीहरूको भेलाले बलराम न्हिसुतुको अध्यक्षतामा १३ सदस्यीय खेलकुद समिति गठन गऱ्यो ।

भेलामा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्मचार्यले नपाले खेलकुदको विकास र विस्तारमा सहयोग गरिरहेको बताउनुभयो । कराँतेका अन्तर्राष्ट्रिय रेफ्री प्रकाशमोहन धौभडेलले प्रत्येक वडा र टोलमा खेलकुद क्षेत्र अगाडि बढाउनुपर्ने आवश्यकतामा जोडदिँदै व्यक्तित्व विकास गर्न र स्वच्छ बन्न खेल खेल्नुपर्ने बताउनुभयो ।

भेलामा बलराम न्हिसुतु, पूर्णगोपाल राजचल र रामेश्वर कोजूले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपाको आयोजनामा १०८ औं अन्तर्राष्ट्रिय नारी दिवस

# eQmk'/sf dlxnfx¿ clxn]cufl8 a9]sf 5g\

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस फागुन २५ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाको सभा कक्षमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले समाजवादी व्यवस्थामा योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने हुँदा समाजवादी व्यवस्थामा मात्र साँचो अर्थमा महिला मुक्ति हुने बताउनुभयो ।

समाजमा केही महिलाहरू महत्त्वपूर्ण पदमा पुग्दैमा महिला अगाडि बढ्ने होइन, मुख्य कुरा रोजगारीको सुनिश्चितता हो, संविधानमा रोजगारीको सुनिश्चितताको व्यवस्था राख्न खोजिए पनि शासक दलहरूको कारण राख्न नसकिएको अध्यक्ष बिजुक्छेले बताउनुभयो ।

उहाँले समाजमा एकै पटक आमूल परिवर्तन नहुने बताउँदै पाइला पाइला गरेर परिवर्तन हुने स्पष्ट पार्नुभयो । भक्तपुरको सम्बन्धमा उहाँले भन्नुभयो, सरकारको भरमा परेको भए भक्तपुरको कुनै विकास हुने थिएन । विगतका सरकारहरूले भक्तपुरका जनतालाई दबाउने बाहेक केही गरेनन् ।

विसं २०१५ सालदेखि नै भक्तपुरका मजदुरहरूलाई पढाउन शुरु गरेको स्मरण गर्दै उहाँले भक्तपुरका महिलाहरू अहिले अगाडि बढेका छन्, अबको १० वर्षमा भक्तपुरको धेरै क्षेत्रमा महिलाहरू नेतृत्वमा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले पूँजीवादी देशहरूकाभन्दा समाजवादी देशहरूका महिलाहरू अगाडि रहेको कुरा क्यूवा, प्रजग केरियाको उदाहरण दिनुभयो । उहाँले एमाले र माओवादी एकै सिक्काका दुई पाटा भएको बताउँदै मेडिकल कलेज खोल्न खोज्दा पनि शासक दलहरूले खोल्न नदिएको र वर्तमान सरकारबाट केही नयाँ कुराको आशा गर्न नसकिने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विकसित भनिएका बेलायत र संरा अमेरिकाका महिलाहरूलेसमेत समाजवादी देशका महिलाहरूले जस्तै समान अधिकार नपाएको बताउँदै महिला भएकै कारण ती देशहरूमा रोजगारी नपाउने र रोजगारीबाट हात धुनुपर्ने स्थितिरहेको बताउनुभयो ।

अहिलेको राजनैतिक व्यवस्था पूँजीवादी गणतन्त्र भएकोले यो व्यवस्थामा कामदार वर्गको हित नहुने स्पष्ट गर्दै उहाँले बलात्कार, महिला बेचबिखन जस्ता जघन्य अपराध गर्ने अपराधीहरूलाई मृत्युदण्डको व्यवस्था गर्न नेपाल मजदुर किसान पार्टीले संसदमा पटक पटक माग गरे पनि शासक दलहरूले त्यसलाई बेवास्ता गरेको बताउनुभयो ।

महिला र पुरुष एक अर्काका शत्रु नभई सहयोगी भएको बताउँदै लैङ्गिकभन्दा पनि वर्गीय प्रश्न महत्त्वपूर्ण भएको उहाँले प्रष्ट पार्नुभयो ।



प्रमुख अतिथि बिजुक्छें १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको कार्यक्रममा बोल्नुहुँदै

कर्मचारीहरूले कार्यालय समयबाहेक समाजिक र राजनैतिक गतिविधिहरूमा पनि लाग्नुपर्ने बताउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिबारे जानकारी राख्नु पर्नेमा उहाँले जोड दिनुभयो । उहाँले प्रजातन्त्रको जननी मानिएको बेलायतमा पनि समानता र मताधिकार संघर्षबाट मात्रै प्राप्त भएको र सन् १९७० मा समान ज्याला सम्बन्धी कानून बनाए पनि सन् १९७५ सम्म लागू गर्न पूँजीपति वर्गले ढिलाइगरेको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यपालिका सदस्यहरू रोशनमैया सुवाल, सरिना देउला र छोरीमैया प्रजापतिले महिलाहरूले गर्दै आएका सघर्षबारे बोल्नु भएको थियो भने भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत अम्बिका धौभडेल र नगरपालिका कर्मचारी एशोसियशनका सदस्य विद्या प्रजापतिले महिलाहरूको समस्या समाधान गर्न महिलाहरू नै अग्रसर हुनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको शुरुमा क्लारा जेट्किनको जीवन परिचय रेभिका कोजूले स्लाइडद्वारा प्रस्तुत गर्नुभएको थियो ।

# 'भेदभाव लैङ्गिक नभइ वर्गीय समस्या हो'

- **सुनिल प्रजापति**, (प्रमुख, भक्तपुर नगरपालिका)

आजसम्मको मानव समाज विकासको इतिहासमा कामदार वर्गलाई अधिकार सहजै कहिल्यै प्राप्त भएन। जो संघर्ष गरेर अगाडि बढे तिनीहरूले मात्रै अधिकारहरू पाएका छन्। महिला अधिकार पनि कामदार वर्गको संघर्षबाट मात्रै प्राप्त हुन्छ। यसबारे हामी स्पष्ट हुनु आवश्यक छ।

शुरु शुरुमा संसारका विभिन्न देशहरूमा महिला र पुरुषबीच मतदानमै विभेद थियो। शुरुशुरुमा पुरुषलाई मात्रै मतदान गर्ने अधिकार थियो भने महिलाहरू मताधिकारबाट वंचित थिए। त्यो भेदभावपूर्ण व्यवस्थाको विरुद्ध समान अधिकारको लागि विभिन्न देशहरूमा लामो संघर्ष भयो। बेलायतजस्तो पूँजीवादी देशमासमेत सन् १९२७ मा आएर मात्रै महिलाले मताधिकार पाए। अफ्रिकाका केही देशमा धेरै पछिमात्रै महिलाले मताधिकार पाए।

समान कामको लागि महिला र पुरुषबीच समान ज्याला थिएन। कल, कारखानामा काम गर्दा महिलाले आधामात्रै तलव पाउँथे। क्लारा जेटकिनहरूले समान कामको निम्ति समान ज्यालाको आवाज उठाए।

सन् १९६० को दशकमा बेलायतमा 'श्रमिक' पार्टीले निर्वाचन जित्यो। श्रमिक पार्टीको नेतृत्वमा सरकार गठन भयो। श्रमिक पार्टीको सरकार गठनपछि धेरैले कामदार वर्गको हितमा ऐन कानूनहरू निर्माण हुने र तल्लो वर्गको हित हुने सोचेका थिए। तर जनताले सोचेअनुसार काम भएन। महिलाले पूर्ण समानता पाउने आशा गरेका थिए। निर्वाचन जितेर श्रमिक पाटीको सरकारले महिला र पुरुषबीच समान ज्यालाको व्यवस्था गर्न सकेन। किनभने त्यो पूँजीवादी सरकार थियो। जनताको असन्तोष बढ्दै गएपछि सन् १९६८ सम्म पनि समान ज्यालाको व्यवस्था नभएपछि विभिन्न घटनाहरू भए। सन् १९७० मामात्रै बेलायतको संसदले समान ज्याला दिने ऐन पारित गऱ्यो। तर १९७५ सम्म पूँजीपति वर्गले कार्यान्वयन गर्न आनाकानी गऱ्यो वा लागू गर्न चाहेन।

सन् १९७५ मा रोजगारी संरक्षण ऐन बन्यो। त्यसले गर्भवती र सुत्केरी भएको कारण कामबाट हटाउन नपाउने व्यवस्था गऱ्यो र महिलाहरूलाई सुत्केरी भत्ता दिने व्यवस्था गऱ्यो। अहिले पनि महिलालाई काममा लगाउँदा बढी सुविधा दिनु पर्ला भनेर कतिपय निजी कम्पनीहरूले बच्चा नजन्माउने शर्त राख्छन्। त्यो गैर कानूनी थियो। तर पनि नव दम्पत्तिहरू नोकरीबाट हात धुनु पर्ने डरले बच्चा नजन्माइकन बस्न वाध्य छन्। यही हो पूँजीवाद भनेको। पैसाको निम्ति आफ्नो जीवन अरुलाई सुम्पनु पर्ने वाध्यता !

नेपालमा पनि राणाकालसम्म सतिप्रथा कायम थियो। श्रीमानको मृत्युपश्चात् श्रीमती पनि सँगै सति जानुपर्ने वाध्यता थियो। त्यो कुप्रथा थियो। त्यतिबेला धनीले ५-६ जना श्रीमती राख्नु पनि वैध मानिन्थ्यो। धेरै श्रीमती राख्नु सामन्त वर्गको शोखको विषय थियो। बहुविवाह गरेमा दण्ड सजायको व्यस्था धेरैपछि मात्रै गरिएको हो। राजा महाराजाहरूले दर्जनौं श्रीमती राख्ने गरेको इतिहास छ।

महिला अधिकारको निम्ति आवाज उठाउने NGO र INGO हरू धेरै छन्। तर तिनीहरू १/२ जना महिलाहरू उच्च ओहोदामा पुगेकोलाई नै आफूहरू सफल भएको ठान्छन्। काम गरी खाने वर्ग माथि नउठेसम्म एक वा दुइजना महिलाहरू माथिल्लो पदमा पुग्दैमा समाज अगाडि बढ्ने होइन। भारतमा इन्दिरा गान्धी, पाकिस्तानमा बेनजिर भुट्टो प्रधान मन्त्री भए, श्रीलंकामा कुमारातुङ्गा आमा छोरी नै प्रधानमन्त्री र राष्ट्रपति भए भने नेपालमा पनि विद्या भण्डारी राष्ट्रपति छन्। अझ नेपालमा प्रधान न्यायाधीश र सभामुख पनि महिला भइसके तर गरिब महिलाहरूको जीवन स्तरमा के फरक आयो ? यही हो महत्त्वपूर्ण प्रश्न भनेको। यो लैंगिक समस्या नभई वर्गीय समस्या हो।

भारतमा दिनका दिन महिलाहरूलाई दाइजोको कारण हत्या गर्ने, बोक्सीको आरोपमा कुटपिट गर्ने र बेइज्जत गर्ने घटनाहरू भइरहेका छन्। पाकिस्तान, श्रीलंका र नेपालमा पनि स्थिति योभन्दा फरक छैन। हामी दैनिकजसो यस्ता घटनाहरू समाचारहरूमा पढ्छौं।

समाजवादी देशहरूमा महिला र पुरुष भनी कुनै भेदभाव हुँदैन। उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण हुने भएकोले त्याहाँ कुनै क्षेत्रमा भेदभाव भन्ने हुँदैन। निजी क्षेत्रले नाफाको निम्ति जथाभावी गर्छन्। त्यसैले पूँजीवादी व्यवस्था कामदार वर्गको लागि नर्क समान हुने गर्दछ। समाजवादी व्यवस्थामा शिक्षा र रोजगारीमा समानता दिइएको हुन्छ। के महिला के पुरुष सबैले समान अधिकार पाउँछन्। पूँजीवादी देशहरूमा झैं छोरी जन्मिने संभावना हुने वित्तिकै गर्भपतन गर्ने, जन्मिने वित्तिकै हत्या गर्ने, परिवारको लागि बोझ ठान्ने प्रवृत्ति समाजवादमा हुँदैन।

सन् १९१७ को क्रान्तिपछि सोभियत संघमा गर्भवती र सुत्केरी महिलालाई १८ महिनाको तलबी बिदा, अर्को १८ महिना बेतलबी बिदाको व्यवस्था गरियो। ठाउँ ठाउँमा शिशु स्याहार केन्द्रहरू खोलिए, अनुमतिविना महिलाहरूलाई कामबाट निकाल्न नपाउने व्यवस्था गरियो। १०० वर्षपछि नेपालमा महिलाहरू तीन

महिना तलबसहितको बिदाको माग गरिरहेका छन्।

नेपालमा महिला हक हितका विषयमा होटल र विभिन्न ठाउँहरूमा विभिन्न कार्यक्रमहरू हुन्छन् ठिक त्यही बेला देशका विभिन्न ठाउँहरूमा चेलीबेटी बेचबिखन, बलात्कार र अपहरण भइरहेका हुन सक्छन्। यसबारे सरकार मौन छ। ती जघन्य अपराध गर्नेहरूलाई मृत्युदण्डको सजाय दिनुपर्छ भनेर हामीले निरन्तर आवाज उठाइरहेका छौं तर अहिलेसम्म त्यो कानूनी व्यवस्था हुन सकिरहेको छैन।

हालै सम्पन्न स्थानीय निकायका जिम्मेवार पदाधिकारीहरू मध्येकै एक जनाको भारतमा ४ वटा वेश्यालय भएको सुन्नमा आयो। तस्करहरू, गुण्डाहरू र ठेकेदारहरू निर्वाचित भएको पनि हेर्दैछौं। यसले हाम्रो देशको भविष्यको संकेत गरिरहेको छ। हाम्रो देश कतातिर गइरहेको छ ? यो गम्भीर विषय हो।

पूँजीवादी गणतन्त्रमा पूँजीपति वर्गकै शासन चल्छ। राजा महाराजाहरूले गरेका शोषण दमन निर्वाचित जनप्रतिनिधिकै नाउँमा हुने गर्छन्। अहिलेसम्मको गणतन्त्रको अभ्यासले के यो कुरा प्रष्ट भएको छैन ? एमाले ५ पटक, माओवादी ३ पटक सरकारमा पुगिसकेका छन् । अहिले पनि सरकारको नेतृत्व गर्दैछन्। सीमित नेताहरूको जीवनबाहेक साधारण जनताको जीवनमा के सुधार आएको छ ?

कम्युनिष्ट पार्टीको नाउँ राख्दैमा सोभियत संघ, प्रजग कोरिया, क्यूबा र चीनमा जस्तो व्यवस्था हुन्छ भनेर कसैले सोच्छ भने त्यो सही हुन सक्दैन। पूँजीवादी व्यवस्थामा कामदार वर्गको हित नहुने भएकैले समाजवादी व्यवस्था स्थापनाको लागि लड्नु परेको हो। कामदार वर्गको नेतृत्वको सरकार गठन पछि मात्रै सारा जनताले सुख सुविधा पाउने छन्। त्यसको लागि निरन्तर समाजवादी व्यवस्था स्थापनाको निम्ति संघर्ष गर्न आवश्यक छ।

आजैमात्र भक्तपुर नपाद्वारा संचालित जनस्वास्थ्य केन्द्रमा गयौं। त्यहाँ कार्यरत कर्मचारीहरूको विवरण हेर्‍यौं। जम्मा ५६ जना कर्मचारी स्वास्थ्यकर्मी रहेछन्। त्यसमध्ये महिला ३८ जना अर्थात ६८ प्रतिशत छन्। यो हाम्रो लागि खुशीको कुरा हो। ख्वप इन्जिनियरिङ कलेजमा अध्ययनरत विद्यार्थीहरू र अध्यापनरत प्राध्यापकहरूमा पनि महिलाहरूको प्रतिशत नेपालमै बढी हाम्रा कलेजहरूमा रहेको हामीले सुनिसकेका छौं।

अन्त्यमा, महिला र पुरुष एक अर्काका शत्रु नभई सहयोगी हुन् भन्ने भावनाका साथ कर्मचारीहरूले आ–आफुलाई दिइएको जिम्मेवारी इमानदारीपूर्वका गर्नु र जनताको सेवामा निरन्तर लाग्नुमा नै श्रमिक महिला दिवस मनाउनुको सार्थकता रहन्छ।

१०८ औं महिला दिवसको अवसरमा सबैलाई हार्दिक शुभ कामना !

*(१०८ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा २०७४ फागुन २५ गते भक्तपुर नपाद्वारा आयोजित प्रवचन कार्यक्रममा व्यक्त मन्तव्य ।)*

# वडा नं ९ मा खेलकुद समिति गठन

भक्तपुर नगरपालिका ९ नं. वडामा चैत्र २ गते वडाका खेलाडी, प्रशिक्षक तथा खेलप्रेमी एवं टिम, क्लव र समूहका प्रतिनिधिहरूको वृहद् भेला गरी राजेश प्रजापतिको अध्यक्षतामा ११ सदस्यीय भनपा ९ नं. वडा खेलकुद समिति गठन गरियो। यससँगै कृष्णप्रसाद धन्छाको संयोजकत्वमा ५ सदस्यीय सल्लाहकार समिति पनि गठन गरियो।

भेलामा वडाध्यक्ष रविन्द्र ज्याख्वले युवा पुस्तालाई देश र समाजप्रति उत्तरदायी एवं अनुशासित बनाउन नगरपालिकाले खेलकुद गतिविधिलाई प्राथमिकता दिएको चर्चा गर्नुभयो। उहाँले नगरपालिकाले खेलाडी, प्रशिक्षक र समग्रमा खेलकुद कृयाकलापलाई मर्यादित र प्रोत्साहित गर्न नगरसभाले भक्तपुर नगर खेलकुद सम्बन्धी नीति २०७४ तयार गरी स्थानीय राजपत्रमा प्रकाशित गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू प्रजापतिले वडामा विभिन्न खेलमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी भएका खेलाडीहरू रहेर पनि छरिएको अवस्थाले गर्दा सामाजिक प्रगतिमा ठोस योगदान दिन नसकेको उल्लेख गर्नुभयो। उहाँले वडा खेलकुद समिति गठन पश्चात युवा पुस्तालाई विकृतिहरूबाट मुक्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

वडा सदस्य इन्द्रबहादुर प्याठले साविक १ र ३ वडामा रहेका टिम, क्लव र पुस्तकालयहरूलाई प्रभावकारी रूपमा संचालन गर्न वडा खेलकुद समितिले पुलको भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नगर खेलकुद समितिका पूर्व उपाध्यक्ष कृष्णप्रसाद धन्छाले पंचायतकालदेखि नै युवाहरूलाई सचेत र संगठित गर्ने तथा खेलकुद गतिविधिमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू तयार पार्न खेलकुद समितिले भूमिका खेलेको चर्चा गर्नुभयो। उहाँले भक्तपुरका साँस्कृतिक चाडहरूलाई व्यवस्थित र मर्यादित रूपमा संचालन गर्न समेत खेलकुद समितिले जिम्मेवारी लिएको बताउनुभयो।

भेलामा खेलाडीहरू बाबुकाजी मानन्धर, रामकृष्ण प्रजापति, सुर्यबहादुर मानन्धर, जगनाथ प्रजापति, श्यामकृष्ण प्रजापतिलगायतले विगतमा वडा खेलकुद समितिमार्फत भएका गतिविधिहरूबारे जानकारी दिनुभयो।

# :gftsf]Q/ txsf gjcfuGt's ljBfyL{x¿nfO{ :jfut Pj+cledvLs/0f

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक-सत्र २०७४/७५ मा स्नातकोत्तर तहमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत एवं अभिमुखीकरण फागुन २७ गते एक कार्यक्रम गरी सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले बहुदल आएपछि सरकारमा गएका दलहरूले जनतालाई सेवा दिनुको सट्टा सरकारी स्वामित्वका संस्थानहरू निजीकरण गरी जनविरोधी काम गरेको बताउनुभयो।

प्रमुख प्रजापतिले सभ्य, सुसंस्कृत एवं देश र जनतामा समर्पित शैक्षिक जनशक्ति तयार गर्न भक्तपुर नगरपालिकाले शैक्षिक संस्थाहरू सञ्चालन गरेको बताउनुभयो।




नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत एवं अभिमुखीकरण कार्यक्रममा प्रमुख प्रजापति, उपप्रमुख जोशीलगायत

उहाँले कलेजको मर्यादालाई ध्यानमा राखी अध्ययन गर्न, आवश्यक शैक्षिक सामग्री तयार गर्न रचनात्मक सुझाव दिन र जनताको भावनामा चोट पुग्ने काम नगर्न सुझाव दिनुभयो। पढाइलाई मात्र बढी महत्त्व दिने विद्यार्थी राम्रो हुन नसक्ने बताउँदै उहाँले विदेशमा गएर आफ्नो मातृभूमि नेपाल र परिवार बिर्सने प्रवृत्ति राम्रो होइन भन्नुभयो।

प्रमुख प्रजापतिले भियतनाम र उत्तर कोरियामा युद्ध हुँदा त्यहाँका जनताले शिक्षालाई अगाडि बढाएको प्रसङ्ग उल्लेख गरी भक्तपुर नगरपालिकाले पनि जनतालाई असल नागरिक बनाउन शिक्षा क्षेत्रमा लगानी गरेको बताउनुभयो। भक्तपुर नगरपालिकाले नगरभित्रका ९२ वटा विद्यालय मध्ये ६३ वटा विद्यालयको कक्षा ८ को परीक्षा आउँदो चैतबाट सञ्चालन गर्ने जिम्मेवारी लिएको र भूगोल, इतिहास, कला र संस्कृतिका बारेमा विद्यार्थीलाई सुसूचित पार्न पाठ्यक्रम बनाउन लागिपरेको बताउनुभयो।

कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले कला र संस्कृति, मौलिकता तथा पर्वबीच आपसी सम्बन्ध रहने भएकोले त्यसबारेमा अनुसन्धान गरी विज्ञ हुन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो।

इन्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक प्रेमनाथ मास्केले समयानुकूलको प्रविधि र ज्ञानलाई अनुशरण गरी विद्यार्थीहरू अगाडि बढ्नुपर्ने र अनुसन्धानमा जोड दिई अध्ययन गर्न आग्रह गर्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ.सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ.सुनिल दुवालले कर्तव्यनिष्ठ तथा देशभक्त नागरिक बनाउन कलेजहरू सञ्चालन भएको बताउनुभयो।

अर्थक्वेक इन्जिनियरिङ विभागका प्रमुख डा.मन्जीप शाक्यले भूकम्पीय क्षति न्यूनीकरण हुने गरी संरचनाहरू निर्माण गर्नुपर्ने सम्बन्धमा प्रस्तुतीकरण र प्राध्यापक डा.मोहन मूर्ति पन्तले सभ्य र सुसंस्कृत सहर बनाउने सम्बन्धमा प्रस्तुतीकरण गर्दै विज्ञ बन्ने गरी अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो। उक्त कार्यक्रममा अर्बान डिजाइन एण्ड कन्जरभेसन विभागका प्रमुख लिवास फैजुले पनि बोल्नुभएको थियो।

# u?8s'08 lzjdlGb/ kg'lgdf{0fsf]lznfGof;

भक्तपुरका ऐतिहासिक सम्पदाहरू सबै जनता र विश्वकै सम्पत्तिभएको हुँदा यसको संरक्षण र पुनःनिर्माणमा सबैको साथ, सहयोग र अपनत्व आवश्यक रहेको कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको छ ।

उक्त कुरा वहाँले भक्तपुर नपा ९ स्थित गरुड कुण्डमा रहेको शिवमन्दिर पुनःनिर्माणको फागुन १८ गते शिलान्यास गर्दै स्थानीय जनताको संलग्नतामा उपभोक्ता समितिमार्फत कार्य गर्दा अपनत्व बढ्नुका साथै आर्थिक पारदर्शीता एवं कम लागतमा गुणस्तरीय कार्य हुने बताउनु भएको हो । शिक्षा, स्वास्थ्य उपचार, आवास योजनासँगै सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले अगुवाइ गरिरहेको उल्लेख गर्दै उहाँले देशका अन्य नगरपालिका र गाउँपालिकाका जनप्रतिनिधिहरूले भक्तपुरको भ्रमण गरेर यहाँको गतिविधिको अनुकरण गर्ने वचन दिएको जानकारी गराउनुभयो ।

भक्तपुरमा खानेपानीको समस्या रहेको चर्चा गर्दै प्रमुख प्रजापतिले नगरपालिकाले काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गरेर खानेपानीको नयाँ स्रोत पहिचान गर्ने एवं पानी प्रशोधन तथा ट्यांकी निर्माण गर्ने कार्यमा विशेष प्राथमिकता दिएको बताउनुभयो । नगर भएर बग्ने हनुमन्ते र कासन खोला सरसफाइमा नगरपालिकाले ध्यानदिइरहेको समेत प्रमुख प्रजापतिले बताउनुभयो । खोलाको दुवै छेउमा ढलको व्यवस्था गरेर फोहर पानीको प्रशोधन गरिने र दुवै खोलालाई प्राकृतिक जीवन्तता दिने कार्य धमाधम अघि बढिरहेको र त्यसका लागि मेलम्ची आयोजना परियोजना कार्यान्वयन निर्देशनालय र स्थानीय जनताको साथ र सहयोग आवश्यक रहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भनपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले वडामा भइरहेको गतिविधिबारे जानकारी दिँदै मठ, मन्दिर, सत्तल, पाटी, पोखरी, ढुंगेधारालगायतका सार्वजनिक सम्पति संरक्षणमा सबै नगरवासीहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो । उहाँले चुनावी प्रतिवद्धताअनुसार जनताको राय सुझावलिएर जनताकै साथ र सहयोगमा आयोजनाहरू अघि बढाइरहेको बताउनभुयो । वडाध्यक्ष ज्याख्वले ९ नं वडा कार्यालयमा महिनाको पहिलो र तेश्रो शुक्रबार निःशुल्क रूपमा आयुर्वेदिक क्लिनिक संचालन गरिरहेको जानकारी दिनुभयो ।

स्थानीय दिपेन्द्र प्रजापतिले गरुडकुण्डको ऐतिहासिक महत्त्वबारे चर्चा गर्दै सम्पदा संरक्षणको लागि स्थानीय जनताले देखाएको उत्साहप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

गरुडकुण्ड शिवमन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष शिवजी प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका सचिव बाबुकाजी प्रजापति र तुल्सीराम प्रजापतिले पनि बोल्नुभयो ।

यसअघि नगर प्रमुख सुनिल प्रजापति र स्थानीय ज्येष्ठ नागरिक न्हुछे प्रजापतिले विधिविधानअनुसार मन्दिर पुनःनिर्माणको शिलान्यास गर्नुभयो । शिलान्यासको क्रममा स्थानीयजनताको व्यापक उपस्थिति थियो ।

# भक्तपुर नपा वडा नं. ९ को प्रगतिबारे समीक्षा

भक्तपुर नगरपालिका ९ नं. वडामा चालू आर्थिक वर्षमा विनियोजित योजनाअनुसारको कार्य प्रगतिबारे फागुन १८ गते स्थानीय जनताको एक भेलाबीच समीक्षा गरियो । विभिन्न योजनाहरूमा उपभोक्ता समितिमा रहेका कार्य गरिरहनु भएका एवं पूर्व जनप्रतिनिधिहरूसमेतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा वडामा चालू रहेका वडागत एवं नगरस्तरीय योजनाहरूको प्रगतिबारे छलफल गरिएको थियो ।

कार्यक्रममा वडाध्यक्ष रविन्द्र ज्याख्वले निर्वाचन लगत्तै वडाका गण्यमान्य आदरणीय व्यक्तित्व एवं पूर्व जनप्रतिनिधिहरूको भेलाबाट आएका सुझावकै आधारमा वार्षिक योजनाहरू तयार गरेको र सोही बमोजिम स्थानीय जनताकै सहभागितामा उपभोक्ता समितिहरूमार्फत कार्य अघि बढिरहेको चर्चा गर्नुभयो ।

१५ वर्षपछि स्थानीयतहको निर्वाचन भएकोले जनताको अपेक्षा बढी हुनु स्वभाविक भएको उल्लेख गर्दै उहाँले जनभावना र चुनावी प्रतिवद्धताअनुरुप नै जनप्रतिनिधिहरू लागिपरेको प्रष्ट पार्नुभयो । उहाँले वडाका ज्येष्ठ नागरिक, एकल महिला एवं अशक्त अपांगता भएका व्यक्तिहरूलाई आइतबारदेखि बुधबारसम्म जनप्रतिनिधिहरूकै हातबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न लागिएको पनि जानकारी दिनुभयो ।

नगर कार्यपालिका सदस्य छोरीमैया सुजखू प्रजापतिले फोहर मैला व्यवस्थापनकालागि वडास्तरीय तालिम

# खानेपानी समस्याबारे प्रमुख प्रजापति काउखालिमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले भक्तपुर नगरको खानेपानी समस्या समाधानबारे छलफल गर्न काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड (काउखालि) का प्रवन्धक महेश भट्टराइसँग फागुन २१ गते भेट गऱ्यो ।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरमा खानेपानीको समस्या बढ्न थालेको चर्चा गर्दै खानेपानीको व्यवस्था र वितरण गर्ने जिम्मा लिएको काउखालिले यस विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने बताउनुभयो । एकातिर स्रोतको समस्या छ भने अर्कोतिर वर्षौं पुरानो वितरण प्रणालीमा सुधार नगरिंदा नगरको सबै क्षेत्रमा समानुपातिक रूपमा पानीको वितरण भइरहेको छैन, उहाँले भन्नुभयो ।


प्रमुख प्रजापतिको नेतृत्वमा गएको प्रतिनिधिमण्डल काउखालिमा

प्रमुख प्रजापतिले खानेपानीको नयाँ नयाँ श्रोतहरूको पहिचान गरी यथाशक्य चाँडो समस्या समाधानका लागि पनि आग्रह गर्नुभयो । महादेव खोलामा ड्याम बनाएर पानीको श्रोत बढाउने सरकारी योजना सुस्त भएको गुनासो गर्दै प्रमुख प्रजापतिले मेलम्ची खानेपानी परियोजनाको पाइप बिछ्याउने कार्य छिटो गर्न तथा विस्तारित वस्ती क्षेत्रमा पनि पानी वितरण गर्न विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

खानेपानी जनताको आधारभूत आवश्यकता भएकोले समस्या समाधानमा नगरपालिकाको तर्फबाट हरेक क्षेत्रमा सहयोग गर्ने वचन व्यक्त गर्दै प्रजापतिले तत्कालका लागि काउखालिका ट्यांकरहरूबाट खानेपानीको अभाव झेलिरहेका जनतालाई पानी वितरण गर्न समेत आग्रह गर्नुभयो ।

छलफलको क्रममा काउखालिका प्रवन्धक भट्टराईले खानेपानी समस्या समाधानका लागि भक्तपुर नगरपालिकाले लिएको अग्रसरताप्रति धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले भक्तपुरमा विद्यमान खानेपानीको समस्याप्रति आफू सचेत रहेको उल्लेख गर्दै केही स्थानमा नयाँ स्रोतहरू खोज्ने प्रयास भइरहेको बताउनुभयो ।

भेटमा नगरपालिकाका जनप्रतिनिधिहरू रविन्द्र ज्याख्व, उकेश कवां र महेन्द्र खायमलीका साथै काउखालिका वरिष्ठ इन्जिनियर तिलक कायष्ठ र काउखालि भक्तपुर शाखाका प्रमुख सुरेन्द्र हिमालयको पनि उपस्थिति थियो ।

त्यसै क्रममा काउखालिका प्रवन्धक भट्टराई र अन्य प्राविधिकहरूको टोलीले सोही दिन भक्तपुर नगरपालिका वडा नं. २ सल्लाघारीस्थित डिप बोरिङ्ग गरिएको स्थानको अवलोकन गरी उक्त पानीको प्रशोधन एवं वितरण प्रणाली बनाउनेबारे स्थलगत निरीक्षण गर्नुभयो ।

टोलीले भनपा १ स्थित सलाँख्वा, भनपा ७ वडा कार्यालय अगाडिको डिप बोरिङ्गस्थल, भनपा ८ स्थित थुसाचा र जगातीमा रहेको प्रशोधन केन्द्रको समेत अवलोकन गरी सुधार गर्ने योजनाबारे छलफल गरिएको वडाध्यक्ष खायमलीले बताउनुभयो ।

---

संचालन गर्न लागिएको जानकारी दिनुभयो । उहाँले नगरपालिका सबै नगरवासीहरूको साझा संस्था भएको कारण नगरपालिकाले संचालन गर्दै आएको विकास निर्माण एवं शिक्षा, स्वास्थ्य, खेलकुद र संस्कृति संरक्षणका हरेक गतिविधिमा जनताको सहयोगको उच्चमूल्यांकन रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका आन्तरिक लेखा परीक्षक विनोद आगन्जाले उपभोक्ता समितिमार्फत कार्य हुँदा कम लागतमा प्रभावकारी काम भइरहेको उल्लेख गर्दै समितिका पदाधिकारीहरूलाई आर्थिक हिसाव राख्ने तरिकाबारे प्रशिक्षण दिनुभयो । वडा प्राविधिक अर्हत बज्राचार्यले वडामा संचालित योजनाहरूको वस्तुस्थितिबारे जानकारी दिनुभयो ।

वडा सचिव पुण्यराम लाखाले वडा कार्यालयमार्फत स्थानीय जनताका गुनासो सम्बोधन, सिफारिस र व्यक्तिगत घटना दर्ता विवरणबारे जानकारी दिनुभयो ।

# अवकाश प्राप्त शिक्षकहरूलाई सम्मान

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अवकाश प्राप्त शिक्षकहरूले आफ्नो जीवनमा भोगेका अनुभवहरूलाई लिपिबद्ध गर्न सके नयाँ पुस्ताको लागि उपयोगी हुने बताउनुभयो ।




अवकाश प्राप्त शिक्षकहरूको सम्मान तथा पुरस्कार वितरण कार्यक्रम

प्रावि तथा निमावि समितिको आयोजनामा चैत्र २ गते सम्पन्न अवकाश प्राप्त शिक्षकहरूको सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले अनुभव लिपिबद्ध गरे तत्कालीन शिक्षाको स्थिति बुझ्न सहज हुने र त्यो एउटा साहित्य पनि हुने बताउनुभयो ।

उहाँले शिक्षकहरूले पाठ्यक्रममा मात्रै सीमित नरही विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान र अनुशासन सिकाउनुपर्ने बताउँदै भन्नुभयो– विद्यार्थीहरूलाई देश र समाजको निम्ति पढ्न उत्साहित गर्नुपर्छ । विगतमा यहाँका अगुवाहरूले शिक्षा विकासको निम्ति गर्नुभएका सङ्घर्षको इतिहास पनि बताउनुपर्छ ।

वागीश्वरी अगुवा स्रोतकेन्द्रका स्रोतव्यक्ति कृष्णप्रसाद कर्माचार्यले शिक्षकहरूले विद्यार्थीहरूलाई विभिन्न पक्षबारे जानकारी गराउनुपर्ने बताउनुभयो भने अर्का स्रोतव्यक्ति ध्रुवलाल हमालले कक्षा ८ को अन्तिम परीक्षाको तयारी भइसकेको जानकारी दिनुभयो ।

समाज सुधार माविका प्रअ लक्ष्मीनारायण दुवालले प्रावि र निमावि समिति भक्तपुर नगरका सबै विद्यालयहरूको एकताको प्रतीक भएको बताउँदै विद्यार्थीको भविष्य शिक्षकहरूको हातमा हुने हुँदा शिक्षकहरू सचेत हुनुपर्छ भन्नुभयो ।

प्राविं तथा निमावि समितिका अध्यक्ष सूर्यबहादुर फोंजूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा श्यामकृष्ण खत्री, दीपक माक, रीता लाखेमरुले पनि बोल्नुभएको थियो । कार्यक्रमको अन्त्यमा प्रमुख प्रजापतिले अवकाश प्राप्त ४ जना शिक्षक शिक्षिकाहरूलाई सम्मान तथा विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । अवकाश प्राप्त शिक्षकहरूमा श्यामकृष्ण खत्री, सीता जोन्छे, अम्बिका वैद्य र किरण शिल्पकार रहनुभएको छ ।

# j8f g+^ df v]hsb ;ldlt u7g

भक्तपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हरिराम सुवालको अध्यक्षतामा २०७४ साल चैत्र ६ गते वडाका टिम, क्लब र विभिन्न विधाका खेलाडीहरूको भेला सम्पन्नभयो । भेलाबाट राजु सिं बजिकोको अध्यक्षतामा १५ सदस्यीय खेलकुद समिति गठन गरियो ।

उक्त भेलामा वडा अध्यक्ष हरिराम सुवालले खेलकुद समिति गठन गर्नुको उद्देश्यबारे स्पष्ट पार्नुभयो । उहाँले खासाङखुसुङ खोला ज्यादै दुर्गन्धित भएकोले खोला सुधारको लागि ढलको व्यबस्थाको बारेमा र अरनिको सभा भवन निर्माणको प्रकृया अगाडि बढिरहेको तथा आवास योजना संचालन भइरहेको, घर दैलो नर्सिङ सेवा र वडाको विभिन्न क्षेत्रमा भइरहेको विकास निर्माणको बारेमा जानकारी दिनुभयो ।

उक्त भेलामा कार्यपालिका सदस्य रोशनमैया सुवालले खेलाडीहरू राष्ट्रका गहना भएकोले समाज परिवर्तनको लागि नयाँनयाँ खेलाडीहरू तयार गर्दै जानुपर्ने आवश्यकता औल्याउँदै चुनावी घोषणा पत्रअनुसार खेलकुद विकासको लागि नगरपालिकाले हरेक वर्ष एक अन्तरनगर खेलकुद प्रतियोगिता गर्दै जानेछ भन्नुभयो ।

भेलामा वडा सदस्य गोविन्द दुवालले युवाहरूलाई गलत बाटोमा जानबाट रोक्नको लागि पनि खेलकुद आवश्यक छ भन्नुभयो । उहाँले खेलाडीहरू अनुशासित हुने भएकोले राष्ट्रको इज्जत बढाउँछ भन्नुभयो ।

वडा सदस्य सिद्धिराम अवालले भक्तपुर न.पा. राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने उद्देश्यले खेलकुद क्षेत्रमा अगाडि बढिरहेको बताउनुभयो ।

उक्त भेलामा नगर खेलकुद समितिका प्रतिनिधि एवं वडा खेलकुद समितिका अध्यक्ष राजु सिं बजिकोले जनप्रतिनिधिहरू नभएको अवस्थामा खेलकुद क्षेत्रमा निरन्तरता दिने सोच हुँदाहुँदै पनि विभिन्न वाधाव्यबधानको कारणले पूर्ण रुपमा सफलतामा पुऱ्याउन नसकिएको कुरा बताउनुभयो ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७४ माघ १३ गते शनिबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता

शहीद दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७४ फागुन ३ गतेदेखि ८ गतेसम्म हुने प्रथम अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको लागि प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा निम्नानुसार मूल समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : प्रमुख श्री सुनिल प्रजापति
सदस्य : उपप्रमुख श्री रजनी जोशी
सदस्य : वडाअध्यक्ष श्री श्यामकृष्ण खत्री, वडा नं. १
सदस्य : वडाअध्यक्ष श्री हरिप्रसाद बासुकला, वडा नं. २
सदस्य : वडाअध्यक्ष श्री राजकृष्ण गोरा, वडा नं. ३
सदस्य : वडाअध्यक्ष श्री कुमार चवाल, वडा नं. ४
सदस्य : वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य, वडा नं. ५
सदस्य : वडाअध्यक्ष श्री हरिराम सुवाल, वडा नं. ६
सदस्य : वडाअध्यक्ष श्री उकेश कवां, वडा नं. ७
सदस्य : वडाअध्यक्ष श्री महेन्द्र खायमली, वडा नं. ८
सदस्य : वडाअध्यक्ष श्री रविन्द्र ज्याख्व, वडा नं. ९
सदस्य : वडाअध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा, वडा नं. १०
सदस्य : नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल, भ.न.पा. ६
सदस्य : नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति), भ.न.पा. ९
सदस्य : नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल), भ.न.पा. ३
सदस्य : नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला, भ.न.पा. ५
सदस्य : नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल, भ.न.पा. ४
सदस्य : वडा सदस्य श्री विश्वराज शिल्पकार, भ.न.पा. १
सदस्य : वडा सदस्य श्री सूर्यप्रसाद श्रेष्ठ, भ.न.पा. १
सदस्य : वडा सदस्य श्री गंगालक्ष्मी वमनु, भ.न.पा. १
सदस्य : वडा सदस्य श्री श्यामसुन्दर मातां, भ.न.पा. २
सदस्य : वडा सदस्य श्री रत्नकाजी नायभारी, भ.न.पा. २
सदस्य : वडा सदस्य श्री तुल्सीलक्ष्मी दुमरु, भ.न.पा. २
सदस्य : वडा सदस्य श्री मंगललक्ष्मी शाही, भ.न.पा. २
सदस्य : वडा सदस्य श्री राजकुमार सिल्पकार, भ.न.पा. ३
सदस्य : वडा सदस्य श्री कृष्णगोपाल चौगुठी, भ.न.पा. ३
सदस्य : वडा सदस्य श्री पशुपती प्रजापति , भ.न.पा. ४
सदस्य : वडा सदस्य श्री राजेन्द्र माक, भ.न.पा. ४
सदस्य : वडा सदस्य श्री पूर्णगोपाल राजचल, भ.न.पा. ५
सदस्य : वडा सदस्य श्री बलराम न्हिसुतु, भ.न.पा. ५
सदस्य : वडा सदस्य श्री सम्झना खाईजु लाखे, भ.न.पा. ५
सदस्य : वडा सदस्य श्री गोविन्द दुवाल, भ.न.पा. ६
सदस्य : वडा सदस्य श्री सिद्धिराम अवाल, भ.न.पा. ६
सदस्य : वडा सदस्य श्री सितादेवी नेपाली, भ.न.पा. ६
सदस्य : वडा सदस्य श्री हेरा ख्याजू, भ.न.पा. ७
सदस्य : वडा सदस्य श्री हरिरत्न गोर्खाली, भ.न.पा. ७
सदस्य : वडा सदस्य श्री रन्जना त्वाती, भ.न.पा. ७
सदस्य : वडा सदस्य श्री रिजु कपाली, भ.न.पा. ७
सदस्य : वडा सदस्य श्री कृष्णगोपाल छुस्यावाग, भ.न.पा. ८
सदस्य : वडा सदस्य श्री शिवप्रसाद बाला, भ.न.पा. ८
सदस्य : वडा सदस्य श्री पंचमाया दुवाल, भ.न.पा. ८
सदस्य : वडा सदस्य श्री जगतलाल मानन्धर, भ.न.पा. ९

सदस्य : वडा सदस्य श्री ईन्द्रबहादुर प्याथ, भ.न.पा. ९
सदस्य : वडा सदस्य श्री ज्ञानकुमार मगजु, भ.न.पा. १०
सदस्य : वडा सदस्य श्री जितेन्द्र मुनंकर्मी, भ.न.पा. १०
सदस्य : वडा सदस्य श्री विजयलक्ष्मी शाक्य, भ.न.पा. १०
सदस्य : श्री विनोदचरण राय, अध्यक्ष, भ.पु.जि भलिवल संघ,
सदस्य : श्री गौतमप्रसाद लासिवा, २
सदस्य : श्री शिवराम धुख्वा-३
सदस्य : श्री राम हाडा-३
सदस्य : श्री सत्यराम न्हिसुतु - १
सदस्य : श्री कान्छाराम विरवल -५
सदस्य : श्री पुरुषोत्तम धा
सदस्य : श्री सरला कसलवत
सदस्य : श्री सरस्वती सुलु
सदस्य : श्री अन्जन गिरी
सदस्य : श्री केशव त्वानावासु, अध्यक्ष, भ.पु.जि. बक्सिङ संघ
सदस्य : श्री गणेशभक्त खर्बुजा, अध्यक्ष, भ.पु.जि. उसु संघ,
सदस्य : श्री प्रेमकृष्ण खर्बुजा, अध्यक्ष, भ.पु.जि.टेबलटेनिस संघ
सदस्य : श्री गौतम सुजखु, भ.न.पा. ४
सदस्य : श्री निरञ्जन प्रजापति, भ.पु.जि. बुद्धिचाल संघ
सदस्य : श्री विनोद प्रजापति, अध्यक्ष, भ.पु.जि. कबड्डी संघ
सदस्य : श्री कृष्णप्रसाद कोजु, अध्यक्ष, भ.पु.जि.पौडी संघ
सदस्य : श्री प्रकाशमोहन धौभडेल, अध्यक्ष, भ.पु.जि.कराते संघ
सदस्य : श्री दिपककृष्ण प्रजापति, अध्यक्ष, भ.पु.जि. जिम्नास्टिक संघ
सदस्य : श्री गणेशमान ह्यौंमिखा,अध्यक्ष,भ.पु.जि.तेक्वाण्डो संघ
सदस्य : श्री तुल्सी त्वायना, अध्यक्ष, भ.पु.जि. मुआथा संघ
सदस्य : श्री उपेन्द्र सुवाल, अध्यक्ष, भ.पु.जि. खो खो संघ
सदस्य : श्री राजेन्द्र प्रजापति, अध्यक्ष, भ.पु.जि. ब्याडमिन्टन संघ
सदस्य : श्री आसराम गोठे, सचिव, भ.पु.जि. एथ्लेटिक्स संघ
सदस्य : श्री बाबुकाजी धौबन्जार, भ.न.पा.१
सदस्य : श्री केशव कोजु, भ.न.पा. १
सदस्य : श्री गणेशप्रसाद सुवाल, भ.न.पा. २
सदस्य : श्री बलराम सिबन्जार, भ.न.पा. ५
सदस्य : श्री राजु बजिकों, भ.न.पा. ६
सदस्य : श्री कृष्णप्रसाद सुवाल, भ.न.पा. ७
सदस्य : श्री राधाकृष्ण प्रजापति, भ.न.पा. ३
सदस्य : श्री जगनाथ प्रजापति, भ.न.पा. ९
सदस्य : श्री हरेराम मुस्याख्व, भ.न.पा. १०
सदस्य : श्री कृष्णगोविन्द लाखा, भ.न.पा. ७
सदस्य : श्री नारायणभक्त किसी, भ.न.पा. ७
सदस्य : श्री रामहरि श्रेष्ठ, भ.न.पा. ५
सदस्य : श्री पुण्यराम सुवाल, भ.न.पा. ६
सदस्य : श्री कृष्णराम जाकिबन्जार, भ.न.पा. ४
सदस्य : श्री योगेन्द्र खर्बुजा, भ.न.पा. २
सदस्य : श्री कृष्णसुन्दर प्रजापति, भ.न.पा. ४
सदस्य : श्री केदार त्वीत्वी, भ.न.पा. ७
सदस्य : श्री इन्द्रप्रसाद राजलवत खत्री, भ.न.पा. १
सदस्य : श्री ईन्द्रभक्त पंच, भ.न.पा. १
सदस्य : श्री मुना बासुकला, भ.न.पा. २
सदस्य : श्री रविना सुवाल, भ.न.पा. ६
सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री रोहितराज पोखरेल

## अनुमानित खर्च

अन्तर नगर भलिबल प्रतियोगिताको लागि रु.२५,०३,८००।- (अक्षरेपी पच्चिस लाख तीन हजार आठ सय) अनुमानित खर्चको बजेट पेश भयो ।

## प्रतियोगिताको जिम्मेवारी

अन्तर नगर मेयर कप भलिबल प्रतियोगिताको लागि देहायअनुसार जिम्मा दिने निर्णय गरियो :

### क. संचालक समिति

संयोजक : श्री श्यामकृष्ण खत्री
सदस्य : श्री उकेश कवा
सदस्य : श्री हरिप्रसाद बासुकला
सदस्य : श्री कुमार चवाल
सदस्य : श्री सुनिता अवाल

### ख. समारोह तथा पुरस्कार व्यवस्थापन समिति

संयोजक : श्री उकेश कवा
सदस्य : श्री महेन्द्र खायमली
सदस्य : श्री लक्ष्मीप्रसाद ह्यौंमिखा
सदस्य : श्री गौतम सुजखु
सदस्य : श्री गणेशभक्त खर्बुजा
सदस्य : श्री इन्द्रभक्त पंच
सदस्य : श्री मुना बासुकला
सदस्य : श्री रविना सुवाल

### ग. कार्यक्रम तथा समारोह समिति

संयोजक : श्री श्यामकृष्ण खत्री

### घ. खेल मैदान व्यवस्थापन समिति

संयोजक : श्री राजकृष्ण गोरा
सदस्य : श्री श्यामसुन्दर मातां
सदस्य : श्री रत्नकाजी नायभारी
सदस्य : श्री कृष्णगोपाल चगुठी
सदस्य : श्री गणेशप्रसाद सुवाल
सदस्य : श्री योगेन्द्र खर्बुजा

सदस्य : श्री दिलिपकुमार सुवाल
सदस्य : श्री विजयराम कोजु
सदस्य : श्री रामकृष्ण प्रजापति

**ङ. यातायात तथा बास व्यवस्थापन समिति**

संयोजक : श्री हरिप्रसाद बासुकला
सदस्य : श्री हरिरत्न गोर्खाली
सदस्य : श्री विश्वराज शिल्पकार
सदस्य : श्री सूर्यप्रसाद श्रेष्ठ
सदस्य : श्री गौतमप्रसाद लासिवा
सदस्य : श्री कृष्णप्रसाद श्रेष्ठ
सदस्य : श्री कृष्णगोविन्द लाखा
सदस्य : श्री केदार तुईतुई
सदस्य : श्री कृष्णराम जाकिबन्जार

**च. स्वयंसेवक परिचालन समिति**

संयोजक : श्री बलराम न्हिसुतु
सदस्य : श्री राजकुमार सिल्पकार, भ.न.पा. ३
सदस्य : श्री राजेन्द्र माक, भ.न.पा. ४
सदस्य : श्री सिद्धिराम अवाल, भ.न.पा. ६
सदस्य : श्री हेरा ख्याजु, भ.न.पा. ७
सदस्य : श्री कृष्णगोपाल छुस्याबाग, भ.न.पा. ८
सदस्य : श्री शिवप्रसाद बाला, भ.न.पा. ८
सदस्य : श्री ज्ञानकुमार मगजु, भ.न.पा. १०
सदस्य : श्री कृष्णसुन्दर प्रजापति, भ.न.पा. ४
सदस्य : श्री पुण्यराम सुवाल, भ.न.पा. ६
सदस्य : श्री केदार तुईतुई, भ.न.पा. ७
सदस्य : श्री ईन्द्रप्रसाद राजलवत खत्री, भ.न.पा. १
सदस्य : श्री हरेराम मुस्याख्व, भ.न.पा. १०
सदस्य : श्री योगेन्द्र खर्बुजा, भ.न.पा. २

**छ. प्रचार-प्रसार समिति**

संयोजक : श्री सुनिता अवाल
सदस्य : श्री पूर्णगोपाल राजचल, भ.न.पा. ५
सदस्य : श्री छोरीमैया सुजखु (प्रजापति), भ.न.पा. ९
सदस्य : श्री रञ्जना त्वाती, भ.नपा. ७
सदस्य : श्री इन्द्रबहादुर प्याठ, भ.न.पा. २
सदस्य : श्री विनोदचरण राय, भ.न.पा. २
सदस्य : श्री गौतमप्रसाद लासिवा
सदस्य : श्री राजु बजिकों, भ.न.पा. ६
सदस्य : श्री कृष्णगोविन्द सुवाल
सदस्य : श्री शिवराम धुख्वा, भ.न.पा. ३

**ज. प्राथमिक उपचार समिति**

संयोजक : श्री कुमार चवाल
सदस्य : श्री महेन्द्र खायमली
सदस्य : श्री शिवराम धुख्वा
सदस्य : श्री गंगा बमनु
सदस्य : श्री सम्झना खाईजु
सदस्य : श्री सितादेवी नेपाली
सदस्य : श्री रिजु कपाली
सदस्य : श्री जितेन्द्र मुनंकर्मी
सदस्य : श्री रत्नसुन्दर लासिवा

**झ. जलपान समिति**

संयोजक : श्री रोशनमैया सुवाल
सदस्य : श्री तुल्सीलक्ष्मी दुमरु
सदस्य : श्री रञ्जना त्वाती
सदस्य : श्री कृष्णलक्ष्मी दुवाल
सदस्य : श्री पंचमाया दुवाल
सदस्य : श्री सरिना द्योला
सदस्य : श्री विजयलक्ष्मी शाक्य

**ञ. अतिथि सत्कार समिति**

संयोजक : श्री रविन्द्र ज्याख्व
सदस्य : श्री प्रेमगोपाल कर्माचार्य
सदस्य : श्री लक्ष्मीप्रसाद ह्यौंमिखा
सदस्य : श्री हरिराम सुवाल
सदस्य : श्री गोविन्द दुवाल
सदस्य : श्री पशुपति प्रजापति
सदस्य : श्री तुल्सीलक्ष्मी दुमरु

**ट. सचिवालय व्यवस्थापन समिति**

संयोजक : श्री श्यामकृष्ण खत्री
सदस्य : श्री सुनिता अवाल
सदस्य : श्री उकेश कवां
सदस्य : श्री हरिप्रसाद बासुकला
सदस्य : श्री कुमार चवाल
सदस्य : श्री विनोदचरण राय
सदस्य : श्री गौतमप्रसाद लासिवा
सदस्य : श्री ओमहरि था
सदस्य : श्री रामगोविन्द श्रेष्ठ
सदस्य : श्री दिलभक्त जयना
सदस्य : श्री प्रभाषकुमार चालिसे
सदस्य : श्री भूपाल मूल
सदस्य : श्री गणेशलाल फोजु
सदस्य : श्री रेभिड कुस्मा
सदस्य : श्री अम्बिका धौभडेल
सदस्य : श्री रत्नमाया बालाय् श्रेष्ठ

सदस्य : श्री दामोदर सुवाल
सदस्य : श्री काशीलाल प्रजापति
सदस्य : श्री विनोद आगन्जा
सदस्य : श्री दिलिपकुमार सुवाल

**ठ. बास तथा यातायात व्यवस्थापन समिति विस्तार**

संयोजक : श्री हरिप्रसाद बासुकला
सदस्य : श्री केदार त्वीत्वी
सदस्य : श्री हरिरत्न गोर्खाली
सदस्य : श्री सूर्यप्रसाद श्रेष्ठ
सदस्य : श्री शिवराम धुख्वा
सदस्य : श्री गौतमप्रसाद लासिवा

## जग्गा खरिद

जग्गा खरिद सम्बन्धमा छलफल हुँदा साविक चित्तपोल गा.वि.स. वडा नं. १ हाल सूर्यविनायक नगरपालिका वडा नं. १० क्षेत्रभित्रमा कम्तिमा गोरेटो बाटोसँग जोडिएको जग्गा यस न.पा.को लागि आवश्यक भएकोले मिति २०७४।८।२९ गतेको बोर्ड बैठकको निर्णयअनुसार मिति २०७४।९।१ गते प्रकाशित सूचनाअनुसार म्यादभित्र परेको ३ वटा सिलबन्दी प्रस्तावहरू मिति २०७४।९।११ गते खोलिएकोमा प्राप्त प्रस्तावहरूमध्ये भ.न.पा.वडा नं. ९ बस्ने बाबुराजा गोसाईले पेश गरेको साविक चित्तपोल गा.वि.स. वडा नं. १ (ख), कि.नं. ६८४ को जग्गाको प्रति आना रु.५,००,०००।- (अक्षेरूपी रु.पाँच लाख) मा दिने भनी सबभन्दा कम मूल्य देखिएको हुँदा उक्त जग्गा खरिद गर्नको लागि जग्गाको स्थलगत नाप जाँच गरी जग्गाको अवस्थिति, आकार-प्रकार र उपयोगिता सम्बन्धमा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न योजना शाखाका प्राविधिकसहितको कार्य टोलीलाई जिम्मा दिइएकोमा उक्त टोलीले स्थलगत अध्ययन गरी मिति २०७४।९।२४ गते पेश गरेको प्रतिवेदनअनुसार भ.न.पा.वडा नं. ९ बस्ने बाबुराजा गोसाईले पेश गरेको प्रस्तावमा उल्लेखित साविक चित्तपोल गा.वि.स. वडा नं. १ (ख) कि.नं. ६८४ क्षे.फ. ०-११-०-० को जग्गा कच्ची मोटर बाटोबाट एक कित्ताभित्र र कच्ची मोटर बाटोसँगैको गोरेटो बाटो जोडिएको, गोरेटो बाटोको लेबलबाट करिब ६ फिट मुनी समथर खेतको रूपमा अवस्थित रहेको साथै उक्त जग्गामा कुनै निर्माण गर्नु परेमा निर्माण सामग्री सजिलै लान सकिने अवस्था रहेको, सो जग्गा प्राविधिकबाट नाप जाँच गर्दा क्षे.फ. ०-१०-१-० भएको भनी प्रतिवेदन प्राप्त भएको हुँदा ज.ध. प्रमाण पुर्जामा ०-११-०-० भए पनि सबभन्दा कम मूल्य अंकित उक्त जग्गा फिल्ड नाप जाँच गर्दा देखिए बमोजिमको क्षेत्रफल ०-१०-१-० बराबरको मात्र रकम सम्बन्धित जग्गा धनीलाई भुक्तानी दिने गरी यस भक्तपुर नगरपालिकाको नाममा रजिष्ट्रेशन पास गरी लिने निर्णय गरियो। साथै उक्त जग्गा पास गर्न रजिष्ट्रेशन दस्तुर छुट गरी नि:शुल्क पारित गरिदिनु हुन मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाउने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. २०७४ असार २२ गतेको भक्तपुर नगरपालिका बोर्ड बैठकको निर्णयअनुसार उप प्रमुख रजनी जोशी र शाखा अधिकृत दामोदर सुवाललाई सेप्टेम्बर १० देखि १२ सम्म हुने एशिया प्रसान्त क्षेत्रीय शहरहरूको सम्मेलन र मेयरहरूको मंचमा सहभागी हुन सेप्टेम्बर ९ देखि १५ सम्म दक्षिण कोरियाको देइजोन शहरमा भ्रमणको निर्णय भएकोमा उक्त भ्रमणको लागि आयोजक शहरबाट दुई जनाको लागि हवाई भाडा शुरुमा नगरपालिकाबाट बेहोर्ने र भ्रमणपछि आयोजक कमिटीबाट भुक्तानी दिने पत्राचार भएकोमा दुई वटा हवाई टिकटको लागि रु.१,५४,०००।- (एक लाख चवन्न हजार रूपैया मात्र) र ९ सेप्टेम्बरमा हवाई मैदानमा पुगेपछि उपप्रमुख श्री रजनी जोशीको हवाई टिकट र राहदानीको नाम थर फरक परेकोले पुन: हवाई टिकट बनाउन रु.९,५००।- (नौ हजार पाँच सय रूपैयां मात्र) भुक्तानी गर्नु परेकोले हवाई टिकटको लागि जम्मा रु.१,६३,५००।- खर्च भएको तर आयोजक देइजोन शहरबाट दुई पटक गरी रु.७५,२१८।७५ र रु.६९,५१२,५० गरी जम्मा रु.१,४४,७३१।२५ प्राप्त भएकोमा सम्बन्धित बैंकले सेवा शुल्क वापत रु.५१८।७५ र रु.५१८।७५ गरी जम्मा रु.१,०३७।५ कट्टी गरेकोले जम्मा रु.१,४३,६९३।७५ (एक लाख त्रिचालिस हजार छ सय त्रियानब्बे रूपैया पचहत्तर पैसामात्र) भुक्तानी पाएकोले नपुग रु.१९,८०६।२५ (उन्नाइस हजार आठ सय छ रूपैया पच्चीस पैसा) भुक्तानी पाऊँ भनी शाखा अधिकृत दामोदर सुवालबाट निवेदन प्राप्त भएकोले भुक्तानी दिने निर्णय गरियो।

ख . २०७४ असार २२ गतेको भक्तपुर नगरपालिका बोर्ड बैठकको निर्णयअनुसार उपप्रमुख रजनी जोशी र शाखा अधिकृत दामोदर सुवालाई सेप्टेम्बर १० देखि १२ सम्म हुने एशिया प्रशान्त क्षेत्रीय शहरहरूको सम्मेलन र मेयरहरूको मंचमा सहभागी हुने सेप्टेम्बर ९ देखि १५ सम्म दक्षिण कोरियाको देइजोन शहरमा भ्रमणको निर्णय भएकोमा कार्यक्रम अवधि सेप्टेम्बर १० देखि सेप्टेम्बर १२ सम्म ३ दिनको मात्र आयोजक देइजोनले खान बस्न व्यवस्था गरेको हुँदा भ्रमणमा

सहभागी उपप्रमुख रजनी जोशी र शाखा अधिकृत दामोदर सुवालाई जाने दिन ९ सेप्टेम्बरको आधा दिन बराबर, १३ र १४ थप दुई दिनको र फर्किने दिन १५ सेप्टेम्बरको आधा दिन गरी जम्मा ३ दिनको नियमानुसार पाउने दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

## उपभोक्ता समिति र अनुगमन तथा निरीक्षण समिति अनुमोदन

उपभोक्ता समिति र अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भई आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भ.न.पा. वडा नं. १० स्थित कमलविनायक पोखरीको पूर्व दक्षिणतर्फ पानी चुहेको बन्द गर्ने कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री कृष्णनारायण दुमरु
२. सचिव : श्री कृष्णश्वरी सुवाल माक
३. कोषाध्यक्ष : श्री कासिनाथ त्वानाबासु
४. सदस्य : श्री सुरज प्रजापति
५. सदस्य : श्री ईश्वरी दुमरु

**अनुगमन समिति**

१. संयोजक : श्री जितेन्द्र मुनंकर्मी
२. सदस्य : श्री तिर्थमान दुमरु
३. सदस्य : श्री हरिभक्त मगजु
४. सदस्य : श्री पुण्यराम दुमरु
५. सदस्य : श्री ज्ञानकुमार मगजु

**ख . योजनाको नामः** भ.न.पा. वडा नं. १० स्थित लान्चा फल्चादेखि शारदा क्याम्पस जाने बाटो बीचमा उत्तरतर्फको बाटोमा ग्राभेलिङ्ग गर्ने कार्य/**पदाधिकारीहरूको नामः**

१. अध्यक्ष : श्री अर्जुन त्वानाबास
२. सचिव : श्री चन्द्रकुमार खड्का
३. कोषाध्यक्ष : श्री नारां तिमिल्सिना
४. सदस्य : श्री शोभा चौहान
५. सदस्य : श्री केदार प्रसाद ढकाल

**अनुगमन समिति**

१. संयोजक : श्री जितेन्द्र मुनंकर्मी
२. सदस्य : श्री गौतम भद्रा
३. सदस्य : श्री अर्जुन अधिकारी

**ग. योजनाको नाम :** भ.न.पा. वडा नं. १० स्थित पेपर रिसाइक्लिङ्ग पर्खाल मर्मत कार्य/ **पदाधिकारीहरूको नामः**

१. अध्यक्ष : श्री तुल्सीराम श्रेष्ठ
२. सचिव : श्री अष्टलक्ष्मी दुमरु
३. कोषाध्यक्ष : श्री सुनिल राजचल
४. सदस्य : श्री राधा दुमरु
५. सदस्य : श्री सुन्दर मानन्धर

**अनुगमन समिति**

१. संयोजक : श्री जितेन्द्र मुनंकर्मी
२. सदस्य : श्री तिर्थमान दुमरु
३. सदस्य : श्री हरिभक्त मगजु
४. सदस्य : श्री पुण्यराम दुमरु
५. सदस्य : श्री ज्ञानकुमार मगजु

**घ. योजनाको नाम :** भ.न.पा. वडा नं. १ स्थित हनुमान पाटी अगाडिदेखि इचाडोलसम्मको बाटो मर्मत कार्य/ **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री कृष्णगोविन्द शिल्पकार
२. सचिव : श्री रामेश्वर शिल्पकार
३. कोषाध्यक्ष : श्री कल्पना शिल्पकार
४. सदस्य : श्री यमुना शिल्पकार
५. सदस्य : श्री शारदा किलम्बु
६. सदस्य : श्री राध्येश्याम शिल्पकार
७. सदस्य : श्री श्रीप्रसाद राजलवट

**अनुगमन तथा सहजीकरण समिति**

१. संयोजक : श्री सरु राजलवत
२. सदस्य : श्री शर्मिला राजलवत
३. सदस्य : श्री हरिसुन्दर शिल्पकार
४. सदस्य : श्री राजेन्द्र शिल्पकार
५. सदस्य : श्री विष्णु चरण भुजु

**ङ. योजनाको नाम :** भ.न.पा.वडा नं. ५ स्थित खँला बाटो ढुंगा छपाइ कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री रामप्रसाद लोहला
२. सचिव : श्री निरु लोहला
३. कोषाध्यक्ष : श्री गोविन्द तमखु
४. सदस्य : श्री कृष्णगोविन्द किजु
५. सदस्य : श्री पञ्चमाया दुवाल
६. सदस्य : श्री हरिप्रसाद लोहला
७. सदस्य : श्री संगिना दुवाल

**अनुगमन समिति**

१. संयोजक : श्री बलराम न्हिसुतु
२. सदस्य : श्री सुवेन्द्र भेले
३. सदस्य : श्री चण्डेश्वरी भेले
४. सदस्य : श्री लक्ष्मी सुन्दर भेले
५. सदस्य : श्री राजेलक्ष्मी तमखु

**च. योजनाको नाम :** भ.न.पा.वडा नं. ५ स्थित इखुंमला बाटो ढुंगा छपाइ कार्य / **पदाधिकारीहरूको नाम:**

| | | |
|---|---|---|
| १. अध्यक्ष | : | श्री सत्यनारायण कासुला |
| २. सचिव | : | श्री सिताराम धुकुछु |
| ३. कोषाध्यक्ष | : | श्री दिलमाया राजचल |
| ४. सदस्य | : | श्री रोसन कासुला |
| ५. सदस्य | : | श्री राज्यलक्ष्मी रंजितकार |
| ६. सदस्य | : | श्री राजेश कासुला |
| ७. सदस्य | : | श्री राजकुमार माक |

**अनुगमन समिति**

| | | |
|---|---|---|
| १. संयोजक | : | श्री पूर्ण गोपाल राजचल |
| २. सदस्य | : | श्री बुद्धकेशरी माक |
| ३. सदस्य | : | श्री रामलक्ष्मी कासुला |
| ४. सदस्य | : | श्री सुरेश कासुला |
| ५. सदस्य | : | श्री रामकृष्ण कासुला |

### निकासा पठाउने

यस न.पा.बाट संचालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनालाई रु.५,००,०००,००।- (अक्षेरूपी रु.पाँच करोड) निकासा पठाउने निर्णय गरियो।

### पेश्की फछ्र्यौट

यस न.पा. बाट जीर्णोद्धार गरिएको श्री तलेजु भवानी आगम छेंको क्षमा पूजाको लागि श्री सिद्धिविर कर्माचार्यबाट रु.४०,०००।- पेश्की लिई खर्च भएको हुँदा खर्च समर्थन गरी निजको नाउँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

### आर्थिक सहयोग

यस न.पा.का साविक वडा नं. १३ का पूर्व न.स.स. श्री कृष्णगोपाल हाडालाई घाँटीको क्यान्सर भई आर्थिक सहयोग माग गरेको सम्बन्धमा छलफल हुँदा यस न.पा.का सम्पूर्ण जनप्रतिनितिहरूको एक दिनको सेवा सुविधा सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

## मिति २०७४ माघ १९ गते शुक्रबार

## निर्णयहरू

### प्रतिवेदनमा छलफल

यस नगरापालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरी मिति २०७४।९।२३ गते प्रारम्भिक प्रतिवेदन पेश भएको सम्बन्धमा बुँदा नं. १ देखि ९ सम्म दफावार छलफल गरियो।

## मिति २०७४ माघ २० गते शनिबार

## निर्णयहरू

### प्रतिवेदनमा छलफल

यस नगरापालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरी मिति २०७४।९।२३ गते प्रारम्भिक प्रतिवेदन पेश भएको सम्बन्धमा बुँदा नं. १० देखि ३५ सम्म दफावार छलफल गरियो।

## मिति २०७४ माघ २१ गते आइतबार

## निर्णयहरू

### प्रतिवेदनमा छलफल

यस नगरापालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरी मिति २०७४।९।२३ गते प्रारम्भिक प्रतिवेदन पेश भएको सम्बन्धमा बुँदा नं. २१ देखि ४९ सम्म दफावार छलफल गरी सम्परीक्षण गरी फछ्र्यौट गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा राय प्रतिक्रिया पठाउने निर्णय गरियो।

### निर्माण समितिको निर्णय अनुमोदन

निर्माण समितिको देहायअनुसारको निर्णय अनुमोदन गरियो :

क) भक्तपुर नगरपालिकाको मिति २०७४ कार्तिक २० गते सोमबारको बोर्ड बैठकले यस नगरपालिका क्षेत्रमा २०७२ वैशाख मसान्त अघि नै ९"X९", ९"X१२" पिलर राखी भवन निर्माण गरेका नगरवासीहरूको सम्बन्धमा निर्माण समितिले आवश्यक स्थलगत निरीक्षण गरी स्वीकृति गर्ने निर्णयअनुसार नक्सा पास गरिएका भवनहरूमा तल्ला थप्न माग भएको अवस्थामा निर्माण समितिको आवश्यक स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा ९"X९" पिलर साइजमा तीन तल्ला र भऱ्याङ्ग खण्डसम्म र ९"X१२" पिलर साइजमा चार तल्लासम्म (चार तल्लामा सम्पूर्ण निर्माण टुंग्याउने गरी, चार तल्लामाथि भऱ्याँङ खण्डको सुविधा नपाउने गरी) तल्ला थपको नक्सा स्वीकृति दिने निर्णय गरियो।

ख) यस न.पा. कार्यालयमा नक्सा पास गरी निर्माण सम्पन्न प्रमाणपत्र माग भएकोमा सामान्य अनियमितदेखि ठूलो अनियमित निर्माणसमेत भएको हुँदा निर्माण सम्पन्न प्रमाणपत्र दिन समस्या भएको हुँदा सामान्य अनियमित निर्माणको हकमा (सामान्य अनियमित भन्नाले स्वीकृत नक्सा भन्दा तल्ला उचाई बढेको, टप बार्दली निकालिएको, झ्याल ढोका सङ्ख्या फरक भएको, स्वीकृत नापभन्दा कम निर्माण गरिएको,

झ्याल ढोकाको लागि आवश्यक सेटव्याक नपुग भएको, बाहिरी भऱ्याङ्ग छोप्न फाइबर सिट राखिएको, मापदण्ड नमिचिने गरी कम्पाउण्ड लगाएको, कौशी तल्लामा ५' सेटव्याकमा टप बाहिर गारो लगाई कौसी पर्खाल बनाइएको) निश्चित दस्तुर लिएर निर्माण सम्पन प्रमाण पत्र दिन सिफारिस भइआएको हुँदा सो अनुसार गर्ने निर्णय गरियो।

ग) पुरानो नगर क्षेत्रमा साविक घरमा बुट्टेदार झ्याल रहेकोमा सो झ्याल हटाई नक्सा पेश भएकोमा साविक बुट्टेदार झ्याल राख्न नक्सावालालाई सहुलियत दिने, साविक बुट्टेदार झ्याल राख्न नसक्ने गरी बिग्रेमा, मक्किएमा सो को सट्टा अन्य परम्परागत शैलीको झ्याल राख्ने गरी सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो।

घ) मन्जुरी बाटोसँग जोडिएको जग्गामा घरको नक्सा पास गर्न पेश भएको अवस्थामा सो मन्जुरी बाटो मन्जुरी दिनेले नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको सडक लम्बाईअनुसारको मापदण्डअनुसार मापदण्ड छोड्नु पर्ने। मन्जुरी नदिने अर्कोतर्फको जग्गावालाले झ्याल ढोका राख्ने भए झ्याल ढोकाको लागि आवश्यक सेटव्याकमात्र छोड्ने गरी झ्याल ढोका नराख्ने भएमा मन्जुरी बाटोको सिमानासम्म बनाउन पाउने गरी दिने सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो।

## मिति २०७४ माघ २३ गते मंगलबार

### ख्वप बहुउद्देश्यीय भवन निर्माण बारे

ख्वप बहुउद्देश्यीय भवन निर्माणबारे पछि छलफल गर्ने निर्णय गरियो।

### राजपत्र प्रकाशित गर्ने

भक्तपुर नगरपालिकाको तर्फबाट राजपत्र प्रकाशित गर्ने निर्णय गरियो।

### समिति निर्णय अनुमोदन

विभिन्न समितिहरूको निर्णय अनुमोदन सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो :

### वातावरण तथा पर्यटन समिति

**मिति २०७४।९।२३ गतेको निर्णय**

भक्तपुर नगरपालिकाद्वारा आयोजित तीन दिने एकीकृत फोहरमैला व्यवस्थापन तथा कौसी खेतीसम्बन्धी तालिम (पौष १६-१८) सञ्चालनको लागि समितिका सदस्य श्री सुनिता अवाल (प्रजापति) ले रु.१,००,०००।- पेश्की लिनु भई आवश्यक व्यवस्था खर्च रु.६४,१५५।- हुँदा बाँकी रु. ३५,८४५।- रूपैया बैंक दाखिला गर्न पेश गर्नु भएको हुँदा खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**मिति २०७४।१०।१० गतेको निर्णयहरू**

क. नियमित सरसफाइ कार्यक्रम मिति २०७४ माघ १५ गते विहान ७:०० बजे वडा नं. ८ ब्रम्हायणी मन्दिर पिठ परिसर र खोला परिसरमा गर्ने निर्णय गरियो।

ख. डिभिजन सडक कार्यालयको ब्रुमरबाट भक्तपुर नगरपालिकाको चक्रपथ सडकमा सरसफाइ गर्नको लागि आवश्यक इन्धन भ.न.पा.बाट व्यवस्था गर्ने निर्णय गरियो।

ग. एकीकृत फोहर मैला व्यवस्थापन तथा कौसी खेती गर्नेबारे तालिम प्रत्येक वडामा सञ्चालन गर्न र ३ दिने तालिम लिइसकेकाहरूलाई प्रशिक्षकको भूमिका निभाउन लगाउने गरी तालिम सञ्चालन गर्नेबारे पत्राचार गर्ने निर्णय गरियो।

### नगर शिक्षा समिति

**मिति २०७४।१०।२१ गतेको निर्णयहरू**

क. श्री पद्म मा.वि. दरबार क्षेत्र भक्तपुरबाट विद्यालय व्यवस्थापन समितिको मिति २०७४।९।३० गतेको निर्णय प्रतिलिपि र अन्य आवश्यक कागजातसहित निम्नअनुसारका करार शिक्षकहरूको नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि निवेदन पेश भएकोले निम्न शिक्षकहरूको नियुक्ति समर्थन र अभिलेखीकरण गर्ने निर्णय गरियो :

क. प्राथमिक तह तृतीय श्रेणी - श्री ढाकादेवी शर्मा
ख. निम्न माध्यमिक तह (गणित) - श्री प्रशान्त सिग्देल
ग. माध्यमिक तह (द्वितीय श्रेणी) प्रशिक्षक
  अ. सिभिल इन्जिनियरिङ्ग - श्री जगदिश चन्द्र कार्की
  आ. भौतिक शास्त्र - श्री अनुत्तररत्न बज्राचार्य

२. श्री बासु मा.वि., भक्तपुरबाट विद्यालय व्यवस्थापन समितिको मिति २०७४।१०।१५ गतेको निर्णय प्रतिलिपी र अन्य आवश्यक कागजातसहित निम्नअनुसारका करार शिक्षकहरूको नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि निवेदन पेश भएकोले निज शिक्षकहरूको नियुक्ति समर्थन र अभिलेखीकरण गर्ने निर्णय गरियो :

क. नि.मा.वि. तृतीय श्रेणी (अंग्रेजी) - श्री कल्पना सुजखु
ख. प्रा.वि. तृतीय श्रेणी - श्री यमुना श्रेष्ठ (कासुला)

३. राजर्षि गुरुकुल प्रा.वि. तथा कम्यूनिकेटिभ इङ्गलिस स्कूल प्रा.लि. भक्तपुरलाई गाभी राजर्षी गुरुकुल प्रा.लि. कायम गरिएको कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको च.नं. १०२३४ मिति २०७४।६।९ को पत्र, वडा समितिको सिफारिस तथा दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिहरूको निर्णय प्रतिलिपीसमेत राखी श्री कम्युनिकेटिभ इङ्गलिस स्कूल र राजर्षी गुरुकुल विद्यालय भक्तपुरले नाम, ठेगाना र स्वामित्व श्री राजर्षी गुरुकुल प्रा.लि. विद्यालय

अन्तर्गत कायम रहने गरी दुवै विद्यालय गाभ्न निवेदन दिनु भएकोमा सो सम्बन्धमा यस नगरपालिकाबाट १५ दिने सार्वजनिक सूचनासमेत जारी गर्दा कुनै दाबी विरोध पेश हुन नआएकोले सम्पूर्ण स्वामित्व, नाम तथा ठेगाना श्री राजर्षी गुरुकुल प्रा.लि. विद्यालय सल्लाघारी, भक्तपुर कायम रहने गरी निवेदक विद्यालयहरूलाई गाभ्ने निर्णय गरियो ।

४. शैक्षिक सत्र २०७४ का लागि संस्थागत विद्यालयहरूले लिने शुल्कको सीमा अध्ययन गरी २०७४ माघ मसान्तभित्र सीमा प्रस्ताव पेश गर्न नगर शिक्षा समितिका सदस्य एवं वडाअध्यक्ष श्री उकेश कवांको संयोजकत्वमा समितिकै सदस्य श्री योगेन्द्रमान बिजुक्छें र सदस्य सचिव श्री रुद्र शर्मा रहने गरी 'संस्थागत विद्यालय शुल्क सीमा अध्ययन समिति' लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

## युवा तथा खेलकुद समिति

### मिति २०७४।१०।१७ गतेको निर्णय

मिति २०७४।११।३ गतेदेखि हुने मेयर कप भलिबल प्रतियोगिताको लागि खेल मैदान मर्मत तथा व्यवस्थापन, प्रचार प्रसार र भक्तपुर न.पा. टिम तयार/जर्सी/खाजाको लागि वडा अध्यक्ष कुमार चवालले रु.५,००,०००।- (पाँच लाख) पेश्की लिने निर्णय गरियो ।

## बालबालिका तथा समाज कल्याण समिति

### मिति २०७४।१०।११ गतेको निर्णय

यस समितिको आयोजनामा निम्न तालिमहरू दिन सूचना प्रकाशित गर्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| क. बेसिक सिलाइ – | ४० जना – | ४ महिना |
| ख. एड्भान्स सिलाइ – | २० जना – | ३ महिना |
| ग. पाक शिक्षा – | २० जना – | ३ महिना |
| घ. चाइनिज भाषा – | २५ जना – | ४ महिना |
| ङ. नेपाल भाषा (रञ्जना लिपी)– | २० जना – | ३ महिना |
| च. काष्ठकला – | २० जना – | ६ महिना |
| छ. हेयर कटिङ्ग – | २० जना – | ३ महिना |

माथि उल्लेखित तालिमहरू २०७४ फागुन १ गतेदेखि सञ्चालन गर्ने ।

### मिति २०७४।१०।१७ गतेको निर्णय

क. आधारभूत सिलाइ, एड्भान्स सिलाइ, बुटिक, चाइनिज भाषा, पाक शिक्षाका प्रशिक्षार्थीहरूको परीक्षामा सफल सबैलाई प्रमाणपत्र दिने र प्रथम, द्वितीय र तृतीयलाई पुरस्कारको व्यवस्था गर्ने । प्रथम पुरस्कार, द्वितीय पुरस्कार र तृतीय पुरस्कारको निम्ति क्रमशः रु.१,०००।-, रु.७,००।- र रु.५,००।- बराबरको सम्बन्धित पुस्तक खरिद गरी पुरस्कार दिने अनुमोदन गर्ने निर्णय गरियो ।

## पाठ्यक्रम कार्यदल

भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम तयार गर्ने ध्येयले देहाएबमोजिमका पदाधिकारीहरू रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो:

**तपसिल**

| | |
|---|---|
| १. योगेन्द्रमान बिजुक्छें | – संयोजक |
| २. उद्धव सुजखु | – सदस्य |
| ३. राजेन्द्र श्रेष्ठ | – सदस्य |
| ४. रोशन राज तुईतुई | – सदस्य |
| ५. सिद्धिरत्न शाक्य | – सदस्य |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने सवारी साधनको सामान र सरसफाइका सामानहरू खरिद गर्न मिति २०७४।८।१३ गते 'गोरखापत्र' दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार म्यादभित्र पेश हुन आएका ५ (पाँच) वटा सिलवन्दी दरभाउपत्र मिति २०७४।८।२८ गते भ.न.पा. सभा कक्षमा दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली बोलपत्र मूल्यांकन समितिमा छलफल हुँदा सबभन्दा कम दररेट पेश गर्ने र नियमानुसार भएका र बोल रकममा सबभन्दा कम उल्लेख गर्ने न्यू सुयोग ईन्टरप्राईजेज्को भ्याटवाहेक रु.११,३३,६१५।- एघार लाख तेत्तीस हजार छ सय पन्ध्र) को सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने भनी मिति २०७४।९।३ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भएअनुसार मिति २०७४।९।६ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउपत्र/बोलपत्र स्वीकृतिको आशय पत्रसमेत प्रकाशित भइसकेकोमा म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको भएता पनि उक्त सामानहरू मकेर जाने र ठाउँको अभाव भएको हुँदा हाललाई उक्त दरभाउपत्रहरू रद्द गरी धरौटी फिर्ता गर्ने निर्णय गरियो ।

ख. यस कार्यालयको बा.३ च ५४३ नं. को शववाहन गाडी मर्मतको लागि चालकबाट पेश भएको रु.७०,७००।- अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

ग. यस कार्यालयको बा.१ क ४५५४ नं. को जेटिङ्ग मेशिन मर्मतको लागि चालकबाट पेश भएको रु.२६,७१८।८५ को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

घ. यस कार्यालयको बा.१ ग २९४१ नं. को बाकोहो लोडर फुल सर्भिसिङ्ग गर्न चालकबाट पेश भएको रु.९४,३४७।२० को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

ङ ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गबाट यस भक्तपुर नगरपालिका कार्यालयको प्राविधिक कामको सिलसिलामा कार्य गराउनु पर्ने अवस्थामा प्रति प्राविधिक प्रति दिन रु.१५००।- (अक्षेरूपी रु.एक हजार पाँच सय) पारिश्रमिक वापत भुक्तानी दिने निर्णय गरियो।

## उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भक्तपुर न.पा.वडा नं. २ स्थित वडा कार्यालयदेखि पुरानो न.पा. भवनको बाटोमा इँटा छपाइ कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री हरिप्रसाद सुवाल

२. सचिव : श्री कृष्णराम सुवाल

३. कोषाध्यक्ष : श्री बद्रीलक्ष्मी कोजु

४. सदस्य : श्री मैयाकेशरी कोजु

५. सदस्य : श्री सूर्यलक्ष्मी कोजु

६. सदस्य : श्री न्हुछेराम कोजु

७. सदस्य : श्री तुल्सीनारायण शाही

८. सदस्य : श्री ज्ञानेन्द्र शाही

९. सदस्य : श्री न्हुछेभक्त कोजु

**ख. योजनाको नाम** : वडा नं. ९ स्थित पर्यटन सूचना केन्द्र निर्माण कार्य/ **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री विष्णुबहादुर मानन्धर

२. सचिव : श्री सुलोचना छ्वाजु (लवजु)

३. कोषाध्यक्ष : श्री संजय मानन्धर

४. सदस्य : श्री नातीबहादुर चित्रकार

५. सदस्य : श्री कृष्णभक्त प्रजापति

६. सदस्य : श्री केदारप्रसाद बनेपाली

७. सदस्य : श्री सन्तेमाया गाईजु

८. सदस्य : श्री पशुपतिमान थकु

९. सदस्य : श्री विष्णुकेशरी प्रजापति

१०. सदस्य : श्री सीताराम न्हेम्हाफुकी

११. सदस्य : श्री लुद्रीमैया ज्ञामरु (प्रजापति)

### अनुमगन तथा निरीक्षण समिति

१. संयोजक : श्री इन्द्रबहादुर प्याथ

२. सदस्य : श्री कृष्णबहादुर प्रजापति

३. सदस्य : श्री गौतम प्रजापति

४. सदस्य : श्री श्यामकृष्ण लवजु

५. सदस्य : श्री चण्डेश्वरी सांगामी

**ग. योजनाको नाम :** वडा नं. ८ स्थित मेतं पाटी मर्मत कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री शिवराम बोहजु

२. सचिव : श्री देवेन्द्र दुवाल

३. कोषाध्यक्ष : श्री कृष्णश्वरी बोहजु

४. सदस्य : श्री आशावेटी दुवाल (बोहजु)

५. सदस्य : श्री असलमाया बोहजु

६. सदस्य : श्री पुन्यराम बोहजु

७. सदस्य : श्री कृष्णगोपाल लाखेमरु

### अनुमगन तथा निरीक्षण समिति

१. संयोजक : श्री तुल्सीनारायण लाखेमरु

२. सदस्य : श्री सीताराम बोहजु

३. सदस्य : श्री राजाराम बोहजु

४. सदस्य : श्री पंचलक्ष्मी दुवाल

५. सदस्य : श्री चम्पा ज्ञामरु

## खर्च समर्थन

खर्च समर्थन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

१. यस कार्यालयद्वारा मिति २०७४।९।१६ गतेदेखि १८ गतेसम्मको फोहर मैला व्यवस्थापन तथा कौसी खेती विषयमा ३ दिने तालिममा आवश्यक व्यवस्था गर्न सुनिता प्रजापतिबाट रु.१,००,०००।- पेश्की लिनु भई रु.६४,१५५।- खर्च र बाँकी रु.३५,८४५।- दाखिला गर्नु भएको हुँदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

२. यस कार्यालयको मिति २०७४।१०।३ गतेदेखि ५ गतेसम्म दोश्रो नगर सभा बस्दा आवश्यक नास्ता खाजा व्यवस्था गरेको रु.४,५१,१०२।- खर्च समर्थन गरी सूर्यविनायक पार्टी भेन्युलाई र विभिन्न मितिमा बोर्ड बैठक बस्दा रु.३९,०००।- समेत जम्मा रु.४,९०,१०२।- भुक्तानी दिने निर्णय गरियो।

३. यस भक्तपुर नगरपालिकाको दोश्रो नगर सभा समुद्घाटन २०७४ माघ ३ गते आवश्यक मंच, पाल, मेच, डिनर टेबल र कार्पेट व्यवस्था गरेको भाडा रु.६१,०२८।- भुक्तानी तलेजु बैक्वेटलाई गएको।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

## योजनाहरूको ल.ई.

ल.ई. सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

### आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं | योजनाको नाम | वडा नं | ल.ई. रकम | उपभोक्ता समिति अध्यक्ष | सदस्यहरू | अनुगमन समिति संयोजक | सदस्यहरू | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क | वडा स्तरीय तथा नपा स्तरीय योजनाहरू | | | | | | | | |
| १ | पर्यटन सूचना केन्द्रमा शौचालय निर्माण | ९ | ५८,६७,०२०।२८ | बिष्णुबहादुर मानन्धर | ११ | इन्द्रबहादुर प्याठ | ५ | नपा बजेट | |
| २ | वडा नं. २ देखि जिल्ला प्रशासन हुँदै पुरानो नपा भवनसम्म ईंटा छपाइ कार्य | २ | ११,६७,१९६।४ | हरिप्रसाद सुवाल | | | | सडक बोर्ड | |
| ३ | वडा न ८ मेतं पाटी मर्मत कार्य | ८ | ४,०१,३७९।०० | शिवराम बोहजू | ७ | तुल्सीनारायण लाखेमरू | | नपा बजेट | |

### आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | रूपान्तरित बजेट | वडा नं. | ल.ई. रकम | साविक स्वीकृत योजनाको नाम | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | नगरस्तरीय योजनाहरू | | | | | | |
| १ | साविक १४ वडाको शिशु स्याहार कार्यालय भवनमा छाना मर्मत | नपा बजेट | ४ | ६,२४,१३८।४४ | साविक १४ वडा कार्यालय भवनमा छाना मर्मत | ६,२४,१३८।४४ | वडा बजेट |

### आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| क | वडा स्तरीय योजनाहरू | | | |
| १ | भगवती स्थानस्थित पर्यटक शौचालय निर्माण कार्य | ५ | १६,९७,६५१।०२ | नपा बजेट |

### पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरिया

| सि. नं. | योजना | वडा नं. | ल.ई. | आंशिक मूल्यांकन | जम्मा मूल्यांकन | खूद खर्च | आंशिक पेश्की फछ्र्यौट भइसकेको | पेश्की | भुक्तानी दिनुपर्ने | पेश्की फिर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चोफल नारायण मन्दिर पुन: निर्माण कार्य | ९ | ६,१६,९७७।५६ | | ६,०४,९४३।८८ | ५,३६,९६२।२२ | | ४,००,०००।०० | १,३६,९६२।२२ | | नपा बजेट र श्रमदान भएको |
| २ | दाफा पाटी पुन: निर्माण कार्य | २ | १३,९८,०४२।५९ | ९,८४,९८०।६८ | १०,८७,०८७।०७ | ९,२१,६६५।०० | ८,३१,३१५।०० | २,००,०००।०० | | १,०९,६५०।०० | नपा बजेट र श्रमदान भएको |
| ३ | १ वडामा खानेपानी व्यवस्थाको लागि तल्ला थप गर्ने | १ | ४,०५,८५५।७३ | | ३,४८,२९११७ | ३,०५,८१२।६८ | | ४,२०,०००।०० | | १,१४,१८७।३२ | नपा बजेट |
| ४ | इनाचो खंचा सडक बत्ती जडान गर्ने कार्य | ७ | ३,१६,७५२।४५ | | ३,२६,२५१।३७ | ३,०२,९८५।१७ | | १,००,०००।०० | १९९,९१८।६४ | | नपा बजेट |

## मिति २०७४ फागुन २ गते बुधबार

## निर्णयहरू

### मेयर कप भलिबल प्रतियोगिता

यस नगरपालिकाको आयोजनामा यही २०७४ फागुन ३ गतेदेखि ८ गतेसम्म हुने अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको उद्घाटन कार्यक्रममा देहायबमोजिम प्रमुख अतिथि एवं अतिथिहरूलाई निमन्त्रणा गर्ने निर्णय गरियो :

प्रमुख अतिथि : नारायणमान बिजुक्छें (रोहित), अध्यक्ष, नेमकिपा

अतिथि : सुरेन्द्रराज गोसाई – प्रदेश सभा सदस्य

अतिथि : द्रोण पोखरेल – प्रमुख जिल्ला अधिकारी

अतिथि : मनोरञ्जनरमण शर्मा– नेपाल भलिबल संघ अध्यक्ष

अतिथि : रामप्रसाद प्रजापति-अध्यक्ष, भक्तपुर उद्योग वाणिज्य संघ

अतिथि : कपिल किशोर श्रेष्ठ – वरिष्ठ प्रशिक्षक

अतिथि : सलिना श्रेष्ठ – मुख्य प्रशिक्षक

अतिथि : दिलिप के.सी.-भक्तपुर जिल्ला भलिबल खेलकुद संघ

क. अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधि सभा सदस्य प्रेम सुवाललाई प्रमुख अतिथिको रूपमा निमन्त्रणा गर्ने निर्णय गरियो ।

### काउखालिको शेयर

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबाट मिति २०७४।१०।११ गते शेयर रकम दाखिला गर्नेबारे पत्राचार गरिएअनुसार यस नगरपालिकाको लागि विनियोजन गरिएको शेयर कित्ता सङ्ख्या १८७५ वापत रु.१,८७,५००।– (अक्षरेपी एक लाख सत्तासी हजार पाँच सय रूपैयाँ मात्र) तोकिएको बैंक खातामा दाखिला गर्ने निर्णय गरियो।

### बहुउद्देश्यीय भवनको ठेक्का

भक्तपुर न.पा. ९ स्थित ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**ठेक्का नं. १) वाल लगाउने, प्लाष्टर गर्ने श्रम ठेक्का सम्बन्धमा :**

भक्तपुर नगरपालिका वडा नं. ९, स्थित ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्य अन्तर्गतको बोलपत्र (ठेक्का नं १) वाल लगाउने, प्लाष्टर गर्ने र काठसम्बन्धी कार्य श्रम ठेक्काबाट गर्न मिति २०७४।०८।१२ गते 'गोरखापत्र' दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचना अनुसार म्यादभित्र पर्न आएको ३ वटा बोलपत्रहरू बिभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्का अनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता श्री शान्ति कन्ट्रक्सन एण्ड ट्रेडर्स, बालाजु काठमाण्डौको इष्टिमेटअनुसारको प्रतिआइटमको देहायबमोजिमको दररेटले भ्याटबाहेक रु.८७,२१,९०३।७३ (अक्षरेपी सतासी लाख एक्काइस हजार नौ सय तीन रूपैया त्रिहयत्तर पैसा) मात्र भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) अनुसार बोलपत्रदाताले लागत अनुमानभन्दा ३९.०८३% घटी रकम कबुल गरेको हुँदा लागत अनुमानको १५% सम्म कम अंक कबुल गरेकोमा कबुल अंकको ५% (रु.४,३६,०९५।१६) र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी २४.०८३% घटाएर कबुल गरेको अवस्थामा १५% भन्दा रु.४,४८,२९२।७९ रकमले घटी कबुल गरेको छ, सोको ५०% ले हुन आउने रकम रु.१७,२४,१४६।३९ र कबोल रकममा ५% ले हुने रु.४,३६,०९५।१६ गरी जम्मा रु.२१,६०,२४१।४५ धरौटी राख्न लगाउने गरी बोलपत्र स्वीकृत गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

**ठेक्का नं. २) स्लाव ढलान सम्बन्धी कार्य श्रम ठेक्का सम्बन्धमा :**

भक्तपुर नगरपालिका वडा नं ९, स्थित ब्रम्हायणी बसपार्कमा निर्माणाधीन बहुउद्देश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्यअन्तर्गतको बोलपत्र (ठेक्का नं २) स्लाव ढलानसम्बन्धी कार्य श्रम ठेक्काबाट गर्न मिति २०७४/०८/१२ गते 'गोरखापत्र' दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको ४ वटा बोलपत्रहरू विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्काअनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता सुनिल त्यातको इष्टिमेटअनुसारको प्रतिआइटमको देहायबमोजिमको दररेटले भ्याटबाहेक रु.४४,२०,९९१।५१ अक्षरेपी चवालिस लाख बीस हजार नौ सय एकानब्बे रूपैया एकाउन्न पैसा मात्र भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) अनुसार बोलपत्रदाताले लागत अनुमानभन्दा ४१.१४३% घटी रकम कबुल गरेको हुँदा लागत अनुमानको १५% सम्म कम अंक कबुल गरेकोमा कबोल अंकको ५% (रु.२,२१,०४९।५८) र

लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी २६.१४३% घटाएर कबोल गरेको अवस्थामा १५% भन्दा रु.१९,९८,०३४।२६ रकमले घटी कबोल गरेको ५ सोको ५०% ले हुन आउने रकम रु.९,९९,०१७।१३ र कबोल रकममा ५% ले हुने रु.२,२१,०४९।५८ गरी जम्मा रु.१२,२०,०६६।७० धरौटी राख्न लगाउने गरी बोलपत्र स्वीकृत गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

**ठेक्का नं. ३) निर्माण सामग्रीहरु बालुवा, लोकल इँटा र क्रसर रोडा खरिद सम्बन्धमा :**

भक्तपुर नगरपालिका वडा नं ९, स्थित ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्य अन्तर्गत कार्य बोलपत्र (ठेक्का नं. ३) निर्माण सामग्रीहरू बालुवा, लोकल इँटा र क्रसर रोडा खरिद गर्न मिति २०७४/०८/१२ गते गोरखापत्र दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको ३ वटा बोलपत्रहरू विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्काअनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम दररेट कबोल गर्ने बोलपत्रदाता सुलोक टेडिङ्ग कम्पनी प्रा.लि., कालीमाटी, काठमाण्डौको इष्टिमेटअनुसारको प्रतिआइटमको देहायबमोजिमको दर रेटले भ्याटबाहेक रु.७८,५१,९९७।२५ (अक्षरेपी अठहत्तर लाख एकाउन्न हजार नौ सय सन्तानब्बे रूपैयाँ पच्चीस पैसा) मात्र स्वीकृत गरी खरिद गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

**ठेक्का नं. ४) सिमेन्ट, डण्डी (विभिन्न साइजमा) र बाइडिङ तार खरिद सम्बन्धमा:**

भक्तपुर नगरपालिका वडा नं ९, स्थित ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउदेश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्य अन्तर्गत कार्य बोलपत्र (ठेक्का नं ४) सिमेन्ट, डण्डी (विभिन्न साइजमा) र वाइडिङ तार खरिद गर्न मिति २०७४/०८/१२ गते 'गोरखापत्र' दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको ३ वटा बोलपत्रहरू विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्काअनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम दर रेट कबोल गर्ने बोलपत्रदाता सिरुवा कन्स्ट्रक्सन प्रा.लि., तीनकुने, काठमाण्डौको इष्टिमेटअनुसारको प्रतिआइटमको देहाय बमोजिमको दररेटले भ्याट बाहेक रु.१,३९,८३,०४४।७० (अक्षरेपी एक करोड उन्नानचालिस लाख त्रियासी हजार चवालिस रूपैयाँ सत्तरी पैसा) मात्र स्वीकृत गरी खरिद गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

**ठेक्का नं. ५) निर्माण सामग्रीहरू झ्याल ढोका बनाउन साल काठ खरिद सम्बन्धमा:**

भक्तपुर नगरपालिका वडा नं ९, स्थित ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउदेश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्य अन्तर्गत कार्य बोलपत्र (ठेक्का नं ५) निर्माण सामग्रीहरू झ्याल ढोका बनाउन साल काठ खरिद गर्न मिति २०७४/०८/१२ गते 'गोरखापत्र' दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको १ वटा बोलपत्रहरू अलग–अलग रूपमा मिति २०७४/०९/१३ गते विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्काअनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम दर रेट कबोल गर्ने बोलपत्रदाता तुल्सी कन्स्ट्रक्सन, भक्तपुरको भ्याटबाहेक रु.७८,३७,५००।०० (अक्षरेपी अठहत्तर लाख सैंत्तिस हजार पाँच सय रूपैयाँ) मात्र स्वीकृत गरी खरिद गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

**ठेक्का नं. ६) रंगरोगन सम्बन्धी सामानहरू खरिद सम्बन्धमा :**

भक्तपुर नगरपालिका वडा नं ९, स्थित ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्य भवनमा फिनिसिङ दोश्रो चरणको कार्य अन्तर्गत कार्य बोलपत्र (ठेक्का नं. ७) रंगरोगनसम्बन्धी सामानहरू खरिद गर्न मिति २०७४/०८/१२ गते गोरखापत्र दैनिकमा, मिति २०७४/०८/१४ र १५ गते 'मजदुर' दैनिक तथा वेभ पोर्टल WWW.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको २ वटा बोलपत्रहरू विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिएको मुचुल्काअनुसार बोलपत्र मूल्याकंन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रूपमा प्रभावकारी बोलपत्रदाताले बैंक भौचर/बैंक ग्यारेन्टीको कुनै पनि कागजात पेश नभएको र दोश्रो पर्ने बोलपत्रदाता सिरुवा कन्स्ट्रक्सन प्रा.लि. तीनकुने, काठमाण्डौको इष्टिमेटअनुसारको प्रतिआइटमको देहायबमोजिमको दर रेटले भ्याटबाहेक रु.२२,९०,२७९।०० (अक्षरेपी बाइस लाख नब्बे हजार दुई सय उन्नानअस्सी रूपैयाँ) मात्र भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) अनुसार बोलपत्रदाताले लागत अनुमानभन्दा ५०.४१% घटी रकम कबोल गरेको हुँदा

लागत अनुमानको १५% सम्म कम अंक कबोल गरेकोमा कबोल अंकको ५% (रु.१,१४,५१३।९५) र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी ३५.४१% घटाएर कबोल गरेको अवस्थामा १५% भन्दा रु.१६,३६,०८४।०० रकमले घटी कबोल गरेको छ सोको ५०% ले हुन आउने रकम रु.८,१८,०४२।०६ र कबोल रकममा ५% ले हुने रु.१,१४,५१३।९५ गरी जम्मा रु.९,३२,५५६।०१ धरौटी राख्न लगाउने गरी बोलपत्र स्वीकृत गर्न सिफारिस भइआएको हुँदा सोअनुसार गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

## छाडा कुकुर बन्ध्याकरण

भक्तपुर नरपालिका क्षेत्रभित्र छाडा रूपमा छोडिएका कुकुरहरूको बन्ध्याकरण तथा रेबिजविरुद्ध खोप अभियान मिति २०७४ फागुन ४ गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो । उक्त अभियान सञ्चालनको लागि कृषि समितिका संयोजक श्री राजकृष्ण गोराको संयोजकत्वमा देहायबमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो :

तपसिल

संयोजक : श्री राजकृष्ण गोरा
सदस्य : श्री उमेशलाल प्रधान
सदस्य : श्री सुरेश कवां
सदस्य : श्री सन्दिप जोशी
सदस्य : श्री दिलिप सुवाल

## पदपूर्ति

यस नगरपालिकाको लागि देहायबमोजिमको आवश्यक रहेका चालकहरू सेवा करारमा पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो :

तपसिल

चेन डोजरका लागि चालक - १ जना
फोटोग्राफर - १ जना
ब्याकहो लोडरका लागि चालक - १ जना
सुरक्षा गार्ड - ४ जना
लाइट ड्राइभर - ७ जना
सफाइ मजदुर - ६ जना
कार्यालय सहयोगी - ४ जना

## मर्मत

१) यस कार्यालयको बा ३ च ७१४९ नं. को एम्बुलेन्स मर्मतको लागि चालकबाट पेश भएको रु.८६,२९५।- अनुमानित लागत स्वीकृत गरी मर्मत गराउने निर्णय गरियो ।

२) यस कार्यालयको बा १ क ३५५८ नं. को टिपरको डाईनामो मर्मत गर्न चालकबाट पेश भएको रु.११,६९५।५० को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

## लाईन निर्माण

नेपाल विद्युत प्राधिकरणको च.नं. ८३२, मिति २०७४।१०।२४ गतेको पत्रानुसार भक्तपुर नगरपालिकाबाट सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा HT/LT लाईन निर्माण गर्न लाग्ने ल.ई रु.२,०७,२२,०१९।९५ (अक्षेरुपी दुई करोड सात लाख बाईस हजार उन्नाईस र पैसा पन्चानब्बे मात्र) भएको ब्यहोरा लेखी आएअनुसार उक्त लागत रकममध्ये ६० प्रतिशत भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाबाट र बाँकी नेपाल विद्युत प्राधिकरणबाट व्यहोर्ने गरी कार्य अगाडि बढाउने भनी नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाउने निर्णय गरियो ।

## सेवाको दस्तुर

भक्तपुर नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरूलाई प्रदान गरिने देहाय बमोजिमका सेवा वापत देहायअनुसार दस्तुर शुल्क उठाउने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | शीर्षक | | शुल्क रकम रु. |
|---|---|---|---|
| १ | शिक्षक नियुक्ति अभिलेखीकरण | आभारभूत | ८००।- |
| | | माध्यमिक | १०००।- |
| २ | विद्यालय सञ्चालन अनुमति | मन्टेश्वरी | २५,०००।- |
| | | प्रारम्भिक बाल शिक्षा | २५,०००।- |
| | | आधारभूत | ३०,०००।- |
| | | माध्यमिक | ३५,०००।- |
| ३ | कक्षा थप अनुमति | आधारभूत | १०,०००।- |
| | | माध्यमिक तह ९-१० | १५,०००।- |
| | | माध्यमिक तह ११-१२ | २५,०००।- |
| ४ | विद्यालय स्थानान्तरण र गाभ्ने तथा नाम परिवर्तन | सबै तह | १५,०००।- |
| | | | क) श्रेणी ४०,०००।- |
| | | | ख) श्रेणी ४०,०००।- |
| | | | ग) श्रेणी ३०,०००।- |
| | | | घ) श्रेणी २०,०००।- |
| ५ | जिल्लान्तर सरुवा र सिफारिस | आधारभूत | १०,०००।- |
| | | माध्यमिक | १५,०००।- |
| ६ | संस्थागत विद्यालय स्तरीकरण | आधारभूत | २,०००।- |
| | | माध्यमिक | ३,०००।- |
| ७ | संस्थागत विद्यालयको व्यवस्थापन समिति अध्यक्ष मनोनयन | सबै तह | २,०००।- |

# 'भक्तपुर' मासिकको अभिलेखबाट




## श्री भैरवनाथ मन्दिर जीर्णोद्धार

भक्तपुर नगरपालिका 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' लाई नारामा सीमित नराखी व्यवहारमा उतार्न प्रतिवद्ध छ। भक्तपुर नगरका अनगिन्ती अमूल्य सम्पदाको संरक्षण, मर्मत र जीर्णोद्धार एकैचोटि गर्न नसकेपनि भक्तपुर नगरपालिकाले आफ्नो श्रोत र साधनको अनुपातमा थुप्रै कार्य गरेको छ र गर्दै जानेछ।

भक्तपुरको तौमढीस्थित श्री भैरव मन्दिर ऐतिहासिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण छ। यस मन्दिरको स्थापना नेपाल सम्बत् १२५ तद्नुसार विक्रम सम्बत् १०६१ मा लिच्छवि राजा निर्भय देवको पालामा भएको इतिहासकार श्री लीलाभक्त मुनंकर्मी बताउनुहुन्छ। यसअघि यो मन्दिर लिच्छवि राजा आनन्द देवको पालामा (ने.सं.२६७-२८७) स्थापना भएको बताइएको थियो। राजा निर्भय देवको पालामा बनेको सानो भैरव मन्दिर राजा जगज्योतिर मल्लको पालामा तीन तलाको बन्यो भने राजा भूपतिन्द्र मल्लको पालामा तीन छाना सात तल्लाको बन्यो। वि.सं. १९९० सालको महाभूकम्पमा यस मन्दिर जगैसम्म भत्केको थियो र पछि पुन:निर्माण गरिएको थियो।

यस मन्दिरमा भैरवको मूर्ति छ जसलाई अद्यावधि तीन रूपको मानी पूजा गर्ने चलन छ। ती तीन रूप हुन् -

(१) श्री काशी विश्वनाथ महादेव
(२) श्री काशा भैरव र
(३) श्री नृत्यनाथ र वडादशैं नवरात्रभर नवदुर्गा गणका प्रमुख देवता।

भैरव मन्दिरका छानाहरू चुही दलिनहरू धेरै मक्किसकेको र गारोलाई समेत असर पार्ने सम्भावना थियो। यदि छानाहरूको मर्मत कार्य ढिलाइ भएमा मन्दिर नै भत्किने आशंका पनि थियो। तसर्थ भक्तपुर नगरपालिकाले उक्त मन्दिरका छानाहरू मर्मत सुधार गर्ने निर्णय गऱ्यो।

## जीर्णोद्धार गर्ने निर्णय

धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिकोणबाट अत्यधिक महत्त्वको सम्पदा वडा नं. ११ तौमढीस्थित श्री भैरवनाथ मन्दिर जीर्णोद्धार जनसहयोगमा गर्ने निर्णय भक्तपुर नगरपालिकाको २०५० असोज १२ गते बसेको बैठकबाट गऱ्यो।

## सामानको लगत

भैरव मन्दिर जीर्णोद्धार कार्य थालनी गर्नु अघि मन्दिरमा रहेका सामानहरूको लगत राख्ने काम भएको थियो। सामानहरूको लगत राख्ने काम निम्न संस्था र सम्बन्धित व्यक्तिको रोहवरमा गरिएको थियो-

१) भक्तपुर नगरपालिका
२) भक्तपुर जिल्ला कार्यालय
३) भक्तपुर जिल्ला प्रहरी कार्यालय
४) स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय
५) भक्तपुर गुठी तहसिल तथा खर्च कार्यालय
६) भक्तपुर मालपोत कायालय
७) भैरवनाथ मन्दिरका पूजारी
८) भैरवनाथ गुथिका नाइके

सामानको लगत तयार भएपछि एक-एक प्रति अभिलेख निम्न संस्थाहरूमा राखिएको छ-

१) भक्तपुर नगरपालिका
२) भक्तपुर जिल्ला कार्यालय
३) भक्तपुर जिल्ला प्रहरी कार्यालय
४) स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय।

## जीर्णोद्धारको लागत इस्टिमेट

श्री भैरवनाथ मन्दिर जीर्णोद्धार गर्न स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयबाट प्राप्त मिति २०४८ चैत २६

को रु. ५१,६३,४२१।३० बराबरको लागत इस्टिमेट आ.व. २०५२।५३ को नर्म्सको आधारमा संशोधन आवश्यक देखियो। सोहीअनुसार भक्तपुर नगरपालिकाकाले लागत इस्टिमेटमा २०५२।५३ को दररेटअनुसार संशोधन गरी स्वीकृत गऱ्यो।

## लागत इस्टिमेटमा अन्य संशोधन

भक्तपुर नगरपालिकाको २०५२ पौष २६ गते बसेको बैठकबाट लागत इस्टिमेटको आइटम नं. १६ मा माथिल्लो तलामा '१:४ सिमेन्ट बालुवा ...' प्रयोग गर्ने भनिएता पनि सिमेन्ट बालुवाको सट्टा परम्परागत पहेंलो माटो प्रयोग गर्ने निर्णय गऱ्यो।

त्यस्तै मन्दिरको माथिल्लो छानामा पश्चिम एकापट्टिमात्र तामाको पाता र अन्य तीनतिर झिँगटी भइ भार सन्तुलन नभएको हुँदा चारै दिशामा तामाको पाताको छाना छाउनु पुरातात्त्विक र प्राविधिक दृष्टिबाट उपयुक्त भएकोले उक्त तलाको छानाको चारैतिर तामाको पाताले छाउने निर्णय पनि उक्त बैठकले गऱ्यो।

## जीर्णोद्धार कार्य शुभारम्भ

भक्तपुर नगरपालिकाको निर्णयअनुसार श्री भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य २०५२ मार्ग ७ गतेदेखि विधिवत शुरु भयो। त्यसदिन बाँसको खट बाँध्ने कार्य प्रारम्भ गरियो। दोहरो खट् बाँध्ने काम सम्पन्न भएपछि अन्य कार्यहरू वर्षा, बिस्केट जात्रा आदि दिनहरूमा बाहेक निरन्तर भएका थिए।

## श्री भैरवनाथ मन्दिर जीर्णोद्धार सम्पन्न

भक्तपुरको टौमढी चोकस्थित श्री भैरवनाथ मन्दिर जीर्णोद्धार कार्य २०५२ मंसिर ७ गते शुभारम्भ भई २०५३ भाद्रमा विधिवत सम्पन्न भयो।

भक्तपुर न.पा. योजना शाखाले दिएको टिपोटअनुसार उक्त जीर्णोद्धार कार्यको ल.ई.रु. ७८,०९,१५६।५१ मूल्याङ्कनबाट रु. ४१,४२,५०३।०४ को कार्य भएको र वास्तविक खर्च रु. २९,१८,१८९।३८ भएको छ। यस जीर्णोद्धारको जाँचपास २०५५ असार ३१ गते भएको थियो।

## जीर्णोद्धारमा जनसहयोग

भैरवनाथ मन्दिर जीर्णोद्धारमा जनश्रमदान, आर्थिक र झिँगटी सहयोग प्रशस्तै प्राप्त भएको थियो। विभिन्न दाफा भजन, गुथि र टोलहरूबाट समूहगत र विभिन्न व्यक्तिहरूले पनि जनश्रमदान दिएका थिए। त्यस्तै विभिन्न उद्योग, टीमलगायतबाट आर्थिक सहयोग प्राप्त भएको थियो। मन्दिरको गजुरमा सुन जलप लगाउन पनि सहयोग प्राप्त भएको थियो।

मन्दिरको छाना छाउन विभिन्न व्यक्तिबाट झिँगटी सहयोग प्राप्त भएको थियो।

## भक्तपुर नगरपालिकाको बैठक निर्णयबाट

भक्तपुर नगरपालिकाको मिति २०५५ असार ३१ गते बसेको बैठकबाट भैरवनाथ मन्दिरको जीर्णोद्धारबारे लिइएको निर्णयः

'भक्तपुर नगरपालिका वडा नं. ११ स्थित भैरव मन्दिर जीर्णोद्धार कार्यको लागि विभिन्न मितिको न.पा. बैठकबाट निर्णय भएअनुसार रु. ७५,४३,७२४।२३ को ल.ई. स्वीकृति भएको, उक्त कार्यको सिलसिलामा ल.ई. भन्दा बढी थप कार्यसमेत हुन गएको रु. २,६५,४३१।९३ को थप ल.ई. समेत स्वीकृत गरी कुल ल.ई. रु. ७८,०९,१५६।५१ (अठहत्तर लाख नौ हजार एकसय छपन्न रूपैयाँ र एकाउन्न पैसा) भएको मिति २०५२ मंसिर २७ गतेको स्वीकृत ल.ई. अनुसार आइटम नं. २३ मा व्यवस्था भएको प्रोभिजनल फण्डबाट तामा पाता, नाःगो, फय्गाँ सफागरी पुनःजडान गर्न रु. १,८९,०३६।०६ मूल्याङ्कन एवं खर्च भएको समेत समर्थन गर्ने, उक्त कार्यको लागि खरिद भएको गोलिया काठ २३५२.८७ को चिरानपछि ठहर परिमाण २१६६.०१ घ.फु.मध्ये भैरवनाथ मन्दिरको लागि मात्र १४६५.६४ घ.फु. खर्च भएको योजना शाखाको विवरणअनुसार प्रति घ.फु.रु. ८१२।३१ का दरले रु. ११,९०,५५४।- मात्र खर्च समर्थन हुनुपर्ने, सो मन्दिरकै पुरानै काठ ७४५।८३ घ.फु. पुनःप्रयोग भएको, पुरातत्त्व विभागबाट प्राप्त गोलिया काठ १६४.४४ घ.फु. को ठहर परिमाण ११४.८३ घ.फु. समेत कुल नयाँ साल काठ १५८०.४७ घ.फु. खर्च भएको कुल झिँगटी ८३,२२८ थान खर्च भएको मध्ये ३७,३०० थान विभिन्न व्यक्तिबाट सहयोग प्राप्त भएको र बाँकी ४५,९८८ थान झिँगटी सोही मन्दिरको पुरानो प्रयोग भएको, स्थानीय व्यक्ति, गुथियारहरू जम्मा २७१ जना श्रमदान जुटेको, उक्त कार्यको लागि काठको रु. ११,९०,५५४।- र नगद रु. १७,२७,६३५,३८ गरी कूल खर्च रु. २९,१८,१८९।३८ खर्च भएको, सो कार्यको मूल्याङ्कन रु.४१,४२,५०३।०४ बराबरको कार्य भएकोले खर्च एवं मूल्याङ्कन समर्थन गरी हिसाव मिलान गरियो।'

## यस अतिरिक्ताङ्कबारे (सम्पादकको पृष्ठ)

लिच्छवि राजा आनन्द देवले भक्तग्राम (भक्तपुर) लाई राज्यको रूपमा स्थापना गरेको तथ्य वंशावलीहरूमा उल्लेख छ। राजा आनन्द देवको शासनकाल ने.सं. २६७-२८७ (वि.सं. १२०३-१२२३) लेखिएको छ। इतिहासमा यिनैले आजको टौमढीस्थित भैरव मन्दिरलाई आकाश भैरवको नाममा स्थापना गरेको उल्लेख छ। तर इतिहासकार श्री लीलाभक्त मुनंकर्मीका अनुसार भैरवनाथको मूर्ति राजा निर्भय देवले ने.सं. १२५ मा स्थापना गरेको दाबी वहाँले फेला पार्नु भएको

शिलापत्रको अभिलेखको आधारमा गर्नुभएको छ। श्री मुनंकर्मीको दाबीले यो मूर्तिको स्थापना भक्तग्राम राज्य स्थापना हुनु अगावै भएको बताउँछ। नयाँ दाबीले यो मूर्तिको स्थापना आज (२०५५) भन्दा ९९४ वर्ष पहिले भएको देखिन्छ।

भक्तपुर सांस्कृतिक, धार्मिक र वास्तुकलाका अमूल्य सम्पदाको धनी छ। भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति – हाम्रो कला र संस्कृति' भन्ने नारालाई अंगालेको छ। बजार, गल्ली र चोकहरूमा अवस्थित असङ्ख्य सम्पदाहरूको संरक्षण गर्न भक्तपुर नगरपालिका कृतसंकल्पित छ। ऐतिहासिक एवं पुरातात्त्विक सम्पदाहरूको संरक्षण, मर्मत र जीर्णोद्धार गर्न ठूलै श्रोत र साधनको आवश्यकता छ। सीमित आयश्रोत भएको भक्तपुर नगरपालिकाले मर्मत र जीर्णोद्धार गर्नुपर्ने सम्पदाहरू मध्ये प्राथमिकताको आधारमा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ।

यसैक्रममा भक्तपुर नगरपालिकाले प्रसिद्ध टौमढीचोकस्थित भैरव मन्दिरको जीर्णोद्धार गरेको छ। २०५० असोज २ गते जीर्णोद्धार गर्ने निर्णय भक्तपुर नगरपालिकाको बैठकले गरेको थियो। यसको निम्ति लगत इस्टिमेट २०४८ मा नै तयार भएको थियो। स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुरबाट तयार गरेको उक्त लगत इस्टिमेटमा आ.व. २०५२।५३ को नर्म्सअनुसार संशोधन गरियो। त्यसअनुसार संशमेधित ल.ई. रु. ७३,४४,९१७।४० कायम थियो। कर्य गर्दै जाँदा आवश्यकताअनुसार केही आइटम र रकममा संशोधन गरिएको छ।

भैरवनाथ मन्दिर जीर्णोद्धार गर्न २०५१ मार्गमा कार्यान्वय समिति, २०५२ कात्तिकमा कार्यान्वयन उप-समितिको गठन गरी २०५२ मार्ग ७ गते जीर्णोद्धार कार्य विधिवत प्रारम्भ भयो। जीर्णोद्धार कार्य वर्षा, बिस्केट जात्राका दिनहरूमा बाहेक निरन्तर गरी २०५३ भाद्रमा सम्पन्न भयो।

भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्यमा भक्तपुरका विभिन्न दाफा, भजन, गुथि र अन्य उद्योगपति एवं व्यापारीवर्ग तथा व्यक्तिगत रूपमा दिइएको श्रमदान र आर्थिक सहयोग निक्कै उल्लेखनीय र प्रशंसनीय, उत्प्रेरक र उदाहरणीय थियो। त्यसैको परिणाम तथा डकर्मी, सिकर्मी, ज्यामीहरूको सम्पदाप्रेमको कारण निक्कै कम लागतमा जीर्णोद्धार कार्य सफलताका साथ सम्पन्न भएको थियो।

तर आफू पनि घर नबनाउने र अरुले बनाएको पनि नसहने केही बाँदर प्रवृत्तिका कथित राजनीतिक पार्टीहरूले स्थानीय चुनावमा भैरव मन्दिरको जीर्णोद्धार कार्यमा अनियमितता गरेको हल्ला फैलाए। सत्य डग्दैन झूटो टिक्दैन भनेझैं ती भ्रमात्मक, निराधार र पूर्वाग्रही हल्लाहरू जीर्णोद्धारका तथ्यहरू जनसमक्ष ल्याइएपछि आफै परास्त भयो। ती सम्पदाविरोधी निर्लज्जहरूले प्राविधिकहरूबीच गलत प्रचार गरेर आत्मतुष्टि पनि लिन खोजे। इन्जिनियरहरूले बनाएको ल.इ.गलत थियो किनभने ल.इ. रकमभन्दा धेरै कम रकममा जीर्णोद्धार भएको दाबी भक्तपुर नपाले गरेको अर्को हल्ला फैलाए। त्यसबारे इन्जिनियरहरू सहभागी भएको एक छलफल कार्यक्रममा जीर्णोद्धार कार्यान्वयन उप-समितिका संयोजक उपप्रमुख श्री चैत्यराज शाक्यले त्यस्तो दाबी भक्तपुर नपाले नगरेको स्पष्ट गर्नुहुँदै पुराना उपयोगी काठहरूको पुन:प्रयोग, झिँगटी नि:शुल्क सहयोग प्राप्त भएको र प्रशस्त श्रमदान प्राप्त भएबाट कम रकममा जीर्णोद्धार सम्पन्न भएको हो। यदि ती सबैलाई मूल्यमा परिणत गर्ने हो भने ल.इ. र खर्च भएको रकममा खासै अन्तर नआउने जानकारी वहाँले दिनुभएको थियो।

भक्तपुर नपाले जनसहयोगमा भैरव मन्दिरको जीर्णोद्धार सम्पन्न गरेको धेरै समय बितिसकेको छ। त्यसबारे पूर्ण जानकारी दिने उद्देश्यले यो अतिरिक्ताङ्क प्रकाशित गरिएको छ। ढिलै प्रकाशित भए पनि यी जानकारीले वर्तमान र भविष्यको लागि समेत सम्पदाप्रेमीहरूको जिज्ञासालाई धेरथोर शान्त पार्ने आशा छ। साथै चाँजोपाँजो मिलेमा ङातापोंल मन्दिरको मर्मत कार्यको जानकारी दिन हामी प्रयास गर्नेछौं।...

*(वि.सं. २०५५ माघमा प्रकाशित 'भैरव मन्दिर जीर्णोद्धार' अतिरिक्ताङ्कबाट)*

**आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध**

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

व्यासी, भक्तपुर

## 5f8f s's'/ aGWofs/0f tyf /]lj h/f]lj?4 vf]k cleofg;DaGwL

## सूचना ! सूचना !! सूचना !!!

**आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,**

कुकुर घरपालुवा र मानवीय जीवनको लागि अति उपयोगी प्राणी हो । कुकुरले हाम्रो परिवारलाई मात्र नभई टोल र समाजलाई समेत सम्भावित दुर्घटना एवं अपराधबाट सुरक्षा प्रदान गरिरहेको सर्वविदितै छ । त्यसैले धेरैले कुकुरलाई माया गर्छन् र कतिले आफ्नो परिवारको सदस्यलाई जस्तै हेरविचार पनि गर्छन् ।

तर जथाभावी सडकमा छोडिएका कुकुरहरू कोही रोगी भएर त कोही बौलाहा भएर समाजमा समस्याको रूपमा देखिएका छन् । पछिल्लो समयमा छाडा कुकुरहरू हिंस्रक हुनथालेको जनगुनासो आउनथालेका छन् । केही स्थानमा छाडा कुकुरहरूले गाइवस्तु र मान्छेलाई समेत सामूहिक आक्रमण गरेको सुनिन्छ । कुकुरकै कारण प्राणघातक रेविज रोगसमेत मान्छेमा सर्ने खतरा छ ।

भक्तपुर नगरपालिकाले नगरवासी दाजुभाइ दिदीबहिनीहरूको भावनाअनुसार जथाभावी छोडिएका कुकुरहरूको पहिचान गरी तिनीहरूलाई बन्ध्याकरण एवं रेविज रोगविरुद्ध खोप लगाउने कार्य सञ्चालन गरिरहेको छ । दरबार क्षेत्र, टौमढी, दत्तात्रयलगायत पर्यटकीय केन्द्रसँगै मानव बस्ती भएका टोल, गल्ली र विस्तारित आवास क्षेत्रहरूमा जथाभावी छोडिएका कुकुरहरूलाई वैज्ञानिक विधिबाट समातेर आधुनिक सुविधा सम्पन्न पशु क्लिनिकमा उपचार गराइन्छ । यस कार्यमा नगरपालिकाले पशुसम्बन्धी चिकित्सकहरू, तालिमप्राप्त प्राविधिक एवं नगरपालिकाका कर्मचारीहरूको टोली खटाएको छ । यसले समाजमा सकारात्मक प्रभाव परिरहेको हाम्रो विश्वास छ ।

भक्तपुर नगरपालिका तपाई हाम्रो साझा संस्था हो । नगरभित्रका छाडा कुकुरहरूलाई रेविज रोगविरुद्ध खोप लगाउने तथा बन्ध्याकरण गर्ने यस कार्यमा साथ र सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

- घरमा पालिएका कुकुरहरूलाई जथाभावी नछोडौं ।
- मन्दिर, पाटी–पौवा र सार्वजनिक स्थलहरूमा आफ्ना कुकुरहरूलाई दिशापिसाव नगराऔं ।
- कुकुरको टोकाइबाट बचौं र बचाऔं ।

**किन कुकुरलाई बन्ध्याकरण र रेबिज रोगविरुद्धको खोप ?**

१) कुकुरमा सन्तान उत्पादन क्षमता रहँदैन, जसले गर्दा छाडा कुकुरको सङ्ख्या वृद्धि हुन पाउँदैन ।
२) कुकुरहरूको बन्ध्याकरण गर्नाले उनीहरू उत्तेजित र रिसाहा हुँदैनन् र कुकुरहरूले टोक्ने समस्यामा कमी आउँछ ।
३) रेबिज रोगविरुद्ध खोप लगाउनाले कुकुरलाई रेबिज रोग लाग्ने सम्भावना कम हुन्छ र कुकुरले टोकेर मानिसलाई रेबिज लाग्ने सम्भावना पनि कम हुन्छ ।

रेबिज रोगविरुद्ध खोप र बन्ध्याकरण अभियानको क्रममा पशुसम्बन्धी चिकित्सक एवं प्राविधिकहरू, भक्तपुर नगरपालिकाका कर्मचारीहरू तपाईंको टोल छिमेकमा कयौं पटक आउनुपर्ने हुन्छ । त्यस सयमयमा, तपाईँहरूले आफ्नो क्षेत्रका छाडा कुकुरहरूको विषयमा जानकारी दिनुभयो भने हाम्रो काममा ठूलो मद्दत पुग्नेछ । भक्तपुर नगरपालिकाले सबै कुकुरको उपचार माया र सम्मानभावले गर्दछ ।

खोपलगाएका र बन्ध्याकरण गरिएका कुकुरहरूको घाँटीमा सुन्तला रंगको पेटी लगाइएको र दायाँ कानको टुप्पो अलिकति काटिएको हुन्छ ।

# सरसफाइ अभियान प्रचारका लागि होइन



रविन्द्र ज्याख्व
वडाअध्यक्ष, भक्तपुर नपा वडा नं. ९

प्राचीन सभ्यता बोकेको भक्तपुर नगरले फोहरमैला व्यवस्थापनमा पनि गर्विलो इतिहास बोकेको छ। एक समय थियो, प्रत्येक घरसँगैको जग्गामा सगः र छिंडी तल्लाको भऱ्याङमुनि नौगः अनिवार्य हुन्थ्यो। घरबाट निस्कने कुहिने फोहर सगःमा फालिन्थ्यो र ३/४ महिनाको अन्तरालमा कम्पोष्ट मल बनिसक्थ्यो, जसलाई त्यहाँबाट निकालेर आ-आफ्नो खेत वा बारीमा मलको रूपमा प्रयोग गरिन्थ्यो। आधुनिक भाषामा त्यसलाई पिट कम्पोष्टिङ भनिन्छ। त्यस्तै भान्छामा दाउरा वा छ्वाली वा भुस बाल्दाको खरानी नौगःमा हालिन्थ्यो। त्यही पिसाब गरिन्थ्यो। महिना दिनपछि त्यसलाई मलको रूपमा खेत वा बारीमा छरिन्थ्यो। आजभोलि युरिया मल वा डिएपी मलबाट बोटबिरुवालाई प्राप्त हुने पोषक तत्त्व त्यतिबेलाको नौगःबाट निस्केको मलले पूर्ति गर्थ्यो।

समयसँगै मानिसको जीवनशैलीमा परिवर्तन आएको छ। आधुनिकताको नाममा सगः र नौगः हराइसके। अहिले सडक, चोक, गल्ली र खोलामा फोहर फालिन्छ। सफा सुग्घरको नाममा हामीले आफ्नो घरको छिंडी र घरसँगैको जग्गामा नौगः र सगः त हटायौं, आफू 'सफा' र 'सभ्य' त भयौं तर घर नजिकैको सडक, गल्ली, चोक र खोलामा कसैले देख्नेगरी वा नदेख्नेगरी प्लाष्टिकको थैली वा बोरामा फोहर जथाभावी फाल्न थाल्यौं। जताततै देखिने यस्ता फोहरले हाम्रो सभ्यता र आत्मसम्मानलाई गिज्याइरहेको त छैन ?

केही समय अगाडि नगरपालिकाबाट तथ्याङ्क प्रस्तुत गरियो। भक्तपुर नगरमा मात्र दैनिक ३० टन फोहर सडकमा फालिन्छ जसमध्ये २८ टन फोहर नगरपालिकाले व्यवस्थापन गरिरहेको छ। प्रतिव्यक्ति ३०० ग्रामको दरले फोहर उत्पादन भइरहेको छ। यसरी उत्पादित फोहरमध्ये करिब ७० प्रतिशत कुहिने र ८ प्रतिशत प्लाष्टिक छन्। सिसा, काठका टुक्राहरू, फलाम, निर्माण सामग्री आदि ज्यादै कम छन्। यस हिसावले हिजोका दिनमा सगः र नौगः मार्फत व्यवस्थापन भइरहेको फोहर अहिले समस्या बनिरहेको छ। चालू आर्थिक वर्षका लागि भक्तपुर नगरपालिकाले फोहरमैला व्यवस्थापनमा बजेट विनियोजन गरेको हिसावले नगरको एक किलो फोहर व्यवस्थापनका लागि ९ रूपैयाँ ८० पैसा खर्च भइरहेको छ। नगरवासीहरूबाट उठाइने करको यति ठूलो भाग फोहरमैला व्यवस्थापनमा मात्र खर्च हुनु सामान्य पक्कै पनि होइन। तर यसको मतलब देशका अन्य नगरपालिकाले जस्तै फोहर व्यवस्थापन विदेशी संस्था, निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरूलाई जिम्मा लगाएर फोहरमै नाफा कमाउने व्यापार गर्नु भक्तपुरवासीहरूलाई कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। अहिले भक्तपुर नगरपालिकाले सरसफाइ शुल्कवापत प्रति घरधुरी महिनाको २५ रूपैयाँ उठाउँछ। नगरवासीहरू त्यति रकम पनि नियमित तिर्दैनन्। त्यस्तै आवश्यकता पर्दा वा सिफारिस लिनुपर्दा मात्र सफाइ कर तिर्छन्। तथापि नगरपालिकाले आफ्ना कर्मचारीहरूमार्फत पुरानो नगरक्षेत्रमा दिनको ३ पटक, नयाँ बस्तीहरूमा दिनको १ पटक (कहिंकतै दिन बिराएर) फोहर उठाउँछ। नजिकैका छिमेकी नगरपालिकाहरूमा निजी क्षेत्रले हप्ता वा दुई हप्ताको एकचोटि फोहर उठाउँछ, अनि प्रत्येक घरधुरीबाट महिनामा २५० देखि ३५० रूपैयाँसम्म शुल्क उठाउँछ। सफाइ ठेकेदारले चाडवाडको समयमा हरेक घरधुरीबाट 'टिप्स' लिने चलन अधिकारजस्तै भएको छ। ठेकेदारले उठाएको रकम नगरपालिकाको कोषमा त जम्मा हुँदैन नै, तिनीहरूले फोहरसमेत जथाभावी खोलामा फाल्ने गरेको धेरैले देखेका छन्। यस अर्थमा भक्तपुर नगरपालिका अन्य नगरपालिकाभन्दा जनउत्तरदायी छ भन्न कञ्जुस्याइँ गर्नुपर्दैन।

रह्यो कुरा भक्तपुर नगरलाई घेरिएका दुई खोलाहरू हनुमन्ते र कासाङ खोला फोहर भएको प्रसङ्ग। विसं २०२७ देखि २०३१ सालसम्म र २०३२ सालदेखि २०४४ सालसम्म जर्मन सरकारको सहयोगमा सञ्चालित भक्तपुर विकास परियोजनाअन्तर्गत नगरमा ढल-निकासको बन्दोबस्त र घर-घरमा शौचालय निर्माण कार्यलाई तीव्रता दिइएको थियो। परियोजनाले हनुमानघाट नजिकै खँचा र सल्लाघारीमा उपचार पोखरी बनाएर घरघरबाट निस्कने फोहर पानीलाई शुद्धिकरण गर्ने र त्यसपछि खोलामा मिसाउने योजना बनाएको थियो। तर उक्त योजना प्राविधिक र प्रशासनिक रूपमा असफल हुँदा अहिले नगरको सबै ढलको फोहर पानी सीधै खोलामा मिसिएर खोला फोहर बनेको छ। यो देशकै लागि र अन्य स्थानीय सरकारहरूका लागि शिक्षा हो। नयाँ बस्ती विकास भइरहेको क्षेत्रमा पनि प्रत्येक घरले सेप्टिक ट्याङ्की बनाउनुपर्ने नियमलाई

बेवास्ता गरी घरको फोहर सीधै खोलामा मिसाउने, अनि प्लाष्टिकलगायत सबै प्रकारका फोहरहरू जथाभावी खोलामा फाल्ने हाम्रो बानीले हनुमन्ते र कासाङ खोला ढलमा परिणत भएका हुन् ।

स्थानीय तहले डेढ दशकपछि निर्वाचित जनप्रतिनिधि पाएको छ । भक्तपुरवासी जनताको अत्यन्त बहुमतले नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई विश्वास गरेर भक्तपुरलाई सुन्दर, सफा, सभ्य र सुसंस्कृत नगर बनाउने अभिभारा सुम्पेको छ । जनअभिमतको कदर गर्दै भक्तपुर नगरलाई देशकै नमूना बनाउने अभियानमा जनप्रतिनिधिहरू जुटेका छन् । त्यसको एउटा सिलसिला हो सरसफाइ अभियान ।

२०७४ साउन १ गतेदेखि हरेक महिनाको १ र १५ गते नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू र नगर सभा सदस्यहरू मात्र नभई सम्पूर्ण कर्मचारीहरू तथा स्थानीय टिम, क्लब, स्कूल, कलेजका शिक्षक, विद्यार्थीहरू र स्थानीय जनताको प्रत्यक्ष सहभागितामा नगरका सम्पदा स्थल, खोला, पोखरी, खुल्ला स्थान, मन्दिर र बाटोको सफाइ अभियानमा जुटिरहेका छन् । निश्चय पनि सरसफाइ प्रचारको लागि र फेसबुकमा पोष्ट गरेर आत्मसन्तुष्टि लिनका लागि गरिएको होइन, एक जिम्मेवार नागरिक र जनभावनाको कदर गर्ने कर्तव्यनिष्ठ जनसेवकको हिसावले हार्दिकतापूर्वक गरिएको हो । जनप्रतिनिधिहरू आफैं साबेल, च्वाफी र गाडा समाउँछन्, गमबुट लगाएर खोला र पोखरीमा गई फोहर टिप्छन् । कर्मचारीहरू र स्थानीय जनता पनि जनप्रतिनिधिहरूको कार्यलाई साथ दिई स्वयंसेवी भावनाले सरसफाइमा जुट्छन् । सबैजना बिहान ७ बजेदेखि ९ बजेसम्म निर्दिष्ट काममा खट्छन् र त्यसपछि आ–आफ्नो कार्यक्षेत्रमा लाग्छन् । सरसफाइ कार्यका लागि शनिबार वा बिदाबार कुर्नै पर्दैन, हरेक महिनाको १ र १५ गते सरसफाइ गर्नु आफ्नो दायित्व सम्झन्छन् । सरसफाइ कार्यमा भक्तपुर नगरपालिकाले सरकार वा कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट पैसा लिएको छैन ।

यीबाहेक प्रत्येक वडा कार्यालयले समय समयमा आफ्नो वडामा रहेका सम्पदा क्षेत्र, पोखरी वा खुल्ला स्थानको सरसफाइका लागि स्थानीय जनताको साथ माग्छ । एक विद्यालय एक सम्पदा स्थल सफा गर्ने जिम्मेवारी नगरका सबै विद्यालय र कलेजले पूरा गरिरहेका छन् ।

**उपलब्धीहरू :**

सरसफाइ कुनै जात विशेष वा क्षेत्र विशेषका जनताको काम नभई हरेक सभ्य नागरिकको परिचय भएको

## नगरपालिकाले हालसम्म गरेका पाक्षिक सफाइ गतिविधिहरू

| क्र.सं. | मिति | सरसफाइ गरेको स्थान |
|---|---|---|
| १ | २०७४ साउन १ गते | भक्तपुर नगरपालिका परिसरमा सरसफाइ तथा वृक्षारोपण |
| २ | २०७४ साउन १५ गते | गोल्मढीस्थित याता पोखरी, कमल पोखरी, खँचा पोखरी र महेश्वरी पीठमा सरसफाइ तथा वृक्षारोपण |
| ३ | २०७४ भदौ १ गते | सिद्ध पोखरीमा सरसफाइ तथा वृक्षारोपण |
| ४ | २०७४ भदौ १५ गते | भाज्या पोखरीमा सरसफाइ |
| ५ | २०७४ असोज १ गते | शहिद स्मृति खेल मैदानमा सरसफाइ |
| ६ | २०७४ असोज १५ गते | महाकाली पीठमा सरसफाइ |
| ७ | २०७४ कार्तिक १ गते | सिद्ध पोखरीमा सरसफाइ |
| ८ | २०७४ कार्तिक १५ गते | रानी पोखरीमा सरसफाइ |
| ९ | २०७४ मंसिर १ गते | भाज्या पोखरीमा सरसफाइ |
| १० | २०७४ मंसिर १५ गते | भाज्या पोखरीमा सरसफाइ |
| ११ | २०७४ पुस १ गते | हनुमान्ते खोला र घाट सरसफाइ |
| १२ | २०७४ पुस ८ गते | हनुमान्ते खोला र घाट सरसफाइ |
| १३ | २०७४ पुस १५ गते | 'खौमादेखि भार्वाचो हुँदै बजार परिक्रमा र च्याम्हासिंहसम्म सरसफाइबारे जनचेतनामूलक र्‍याली' नगरको मुख्य बजारमा ट्राइसाइकलमार्फत कुहिने र नकुहिने फोहर सङ्कलन |
| १४ | २०७४ माघ १ गते | जगनाथ क्षेत्र र त्रिपुरासुन्दरी परिसरमा सरसफाइ |
| १५ | २०७४ माघ १५ गते | ब्रम्हायणी मन्दिर परिसर र खोलामा सरसफाइ |
| १६ | २०७४ फागुन १ गते | शहिद स्मृति खेल मैदानमा सरसफाइ |
| १७ | २०७४ फागुन १५ गते | इन्द्रायणी पीठमा सरसफाइ |
| १८ | २०७४ चैत्र १ गते | सुर्यविनायक भुलाँचादेखि बाराही मुभिजसम्मको सर्भिस ट्र्याकमा सरसफाइ |
| १९ | २०७४ चैत्र १५ गते | चुपिंघाट र हनुमन्ते खोलामा सरसफाइ |

प्रत्येक सरसफाइ अभियानमा जनताको सक्रिय सहभागिताले पुष्टी गरिरहेको छ। सामूहिक प्रयासले असम्भवलाई पनि सम्भव तुल्याएको उदाहरण खोज्न अन्त जान पर्दैन। गएको दशैंअघिसम्म पनि भाज्या पोखरी झारपात, सिस्नु र फोहरले भरिएको ठाउँ थियो। निरन्तरको सफाइ अभियान एवं नगरपालिकाको योजनाले अहिले सुन्दर पोखरी बन्दैछ। लामो समयदेखि कुनै खेलकुद गतिविधि नहुँदा हिलो भरिएको एवं झारपातले छोपिएको शहिद स्मृति खेल मैदान सरसफाइपछि नमूना खेलमैदान बनेको छ र सोही स्थानमा अन्तर विद्यालय खेल महोत्सव एवं अन्तर नगर मेयर कप भलिबल प्रतियोगिता सम्पन्न भइसकेको छ। पूरै गन्हाउने ढल बगेर अत्यासलाग्दो बनेको हनुमानघाटमा गएको पुसमा एक महिनासम्म चल्ने माधवनारायणको व्रतको क्रममा भक्तालुहरू खोलामा आरामले नुहाएका थिए। एक समयमा डरलाग्दो भूत पोखरी बनेको सल्लाघारीको रानीपोखरी अहिले आशलाग्दो बन्न थालेको छ। नगरवासीहरूले जनप्रतिनिधिहरू पाइसकेपछि आफ्नै आँखाले देखेका प्रत्यक्ष परिवर्तनका केही उदाहरणहरू हुन् यी।

अहिले नगरको मुख्य बजारमा दैनिक दुई वटा फोहर सङ्कलन गर्ने तीनपाङ्ग्रे सवारीसाधन (ट्राइसाइकल) हरू गुडिरहेका छन्, बजार वरपरका बासिन्दाहरूले दिन बिराएर कुहिने र नकुहिने फोहर ती ट्राइसाइकलहरूमा राखिरहेका छन्। नगरवासीहरूलाई घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्याएर कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने तथा कौसी खेती गर्ने सम्बन्धमा अभिमुखीकरण गर्ने उद्देश्येले नगरपालिकाले हरेक वडाका केही अगुवा महिला, विद्यार्थी र स्वास्थ्य स्वयंसेविकाहरूलाई तालिम दिएको थियो। अहिले धेरैजसो वडाहरूमा विभिन्न सहकारी संस्था एवं टिम क्लवहरूबाट स्थानीय जनतालाई त्यस सम्बन्धी तालिम दिने अभियान चलिरहेको छ। नगरपालिकाले सबै घरबाट कुहिने र नकुहिने फोहर अलग्याउन लगाउने तयारी गरिरहेको छ। केही नयाँ बस्तीहरूमा यसलाई कार्यान्वयनमा पनि ल्याएको छ। निकट भविष्यमा नगरवासीहरूलाई कुहिने र नकुहिने फोहर राख्ने डष्टविन र फोहर कुहाउने कम्पोष्ट विन वितरण गर्ने तयारी पनि भइरहेको छ। सरसफाइ अभियानमा यस कार्यले ठोस योगदान पुऱ्याउने विश्वास गर्न सकिन्छ।

हनुमन्ते खोला र कासाङ खोलालाई प्रदूषणमुक्त एवं प्राकृतिक बहावलाई पुनर्जिवित गर्ने प्रयास स्वरूप भक्तपुर नगरपालिकाले मेलम्ची खानेपानी आयोजनाअन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) सँग समन्वय गरिरहेको छ। यसअन्तर्गत सल्लाघारी र खँचाको उपचार पोखरीलाई आधुनिक विधिसहित पुनः प्रयोगमा ल्याउने तथा दुवै खोलाको दुवै किनारामा ढलको पाइप बिछ्याउने कार्य धमाधम अगाडि बढिरहेको छ। यसमा केही प्राविधिक समस्याहरू अवश्य छन् र यसलाई निराकरण गर्न नगरपालिकाको तर्फबाट सबैखाले सहयोग पनि भइरहेको छ।

**अन्त्यमा,**

भक्तपुर नगरपालिका भक्तपुरवासी जनताको सबैभन्दा नजिकको सरकार हो। जनप्रतिनिधिहरू सस्तो लोकप्रियता वा कुनै संकीर्ण स्वार्थबाट प्रेरित नभई जनताको विशुद्ध सेवा गर्ने उद्देश्यले चुनावी प्रतिवद्धता पूरा गर्न लागिपरेका छन्। जनताले आफ्ना प्रतिनिधिहरूप्रति आत्मीय भाव प्रकट गरिरहेका छन् र पाँच वर्षमा नगरलाई सफा, सुन्दर र आकर्षक गन्तव्यस्थल बनाउने सबैको चाहना पूरा गर्ने अभियानमा सक्रियतापूर्वक साथ दिइरहेका छन्। भक्तपुरको विशेषता भन्नु नै वैचारिक एकता, सङ्गठित शक्ति र निरन्तर प्रयत्न हो।



**भक्तपुर नपाद्वारा**

**जनचेतनामूलक रेडियो कार्यक्रम प्रसारण**

भक्तपुर नगरपालिकाका गतिविधिहरूबारे जानकारी सहितको जनचेतनामूलक रेडियो कार्यक्रम 'ख्वप सः' (भक्तपुर आवाज) २०७४ चैत्र २० गते मंगलबारदेखि प्रसारण भएको छ। हरेक मंगलबार बेलुका ७:०० बजेदेखि ८:०० बजेसम्म भक्तपुर एफ.एम.मा प्रसारण हुने कार्यक्रम सुन्नुहोला।

# dNnsfnLg kgf}tLsf] ckþsflzt Oltxf;



ओम धौभडेल

काभ्रेपलाँचोक जिल्लाको एक प्राचीन नगरको रूपमा पनौती धेरै पहिलेदेखि प्रसिद्ध रहँदै आएको छ । पुण्यमतीनगर नामबाट प्रसिद्ध यो नगर स्थानीय नेवारबीच पलाँतीबाट चिनिन्छ । ऐतिहासिक रूपमा पनौतीको उल्लेख गोपाल राजवंशावलीमा भएको देखिन्छ । ने.सं.४६६ (वि.सं. १४०२) को एउटा घटनामा सर्वप्रथम 'पुनन्ती' भनी नेपाल भाषामा पनौतीको उल्लेख छ ।[१] त्यस्तै यस ठाउँलाई पुण्यमती नगर भनी सर्वप्रथम उल्लेख भएको प्रमाण ने.सं. ४८१ (वि.सं. १४१८) वैशाख कृष्ण द्वादशीको एउटा महत्त्वपूर्ण स्रोत फेला परेको छ । तत्कालीन राजा जयार्जुन देवको विजय राज्यमा पुण्यमतीनगर बस्ने तेजोनन्दनाथको लागि यो पुस्तक लेखियो भन्ने व्यहोरा सुग्रिबशास्त्र नामक पुस्तकको पुष्पीका वाक्यमा लेखिएको छ ।[२] जुन पुस्तक राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । यस्तै ऐतिहासिक महत्त्वको अर्को एउटा प्रमाण गोपाल राजवंशावली बनेको छ । त्यसो त जयस्थिति मल्लको समयमा पनौतीका एक अज्ञात वंशावलीकारले गोपाल राजवंशावली लेखेको मानिन्छ ।[३] उक्त वंशावली भित्र पनौतीको नामै उल्लेख नगरी प्रसिद्ध इन्द्रेश्वर महादेवको नाम भएको एउटा घटना उल्लेख छ । ने.सं. ५०३ मा बनेपाली सामन्त जयसिंहराम वर्धनले इन्द्रेश्वरमा गजुर चढाएको घटना वास्तवमा पनौतीको लागि अर्को महत्त्वपूर्ण घटना हो ।[४] यही इन्द्रेश्वर महादेव मन्दिरको दक्षिण ढोकामा राखिएको सुर्वण पत्रमा जीवराज रावुतले 'कसारगार' नामको भाँडा चढाएको व्यहोरा परेको छ ।[५] तत्कालीन प्रभावशाली सामन्त जयसिंहराम वर्धन तथा केन्द्रीय राजा जयस्थिति मल्लको नाम उल्लेख नगरी स्वर्णपत्र राख्न सक्ने जीवराज अवश्य पनि शक्तिशाली व्यक्ति हुनुपर्छ । अझ नाम पछाडि उल्लेख भएको रावुतले उनको सम्बन्ध सोझै राजा र दरबारसँग भएको पुष्टि हुन्छ । यता ने.सं. ५१३ जेष्ठ शुक्ल नवमीको पनौती यालाछे टोलको अभिलेख एउटा महत्त्वपूर्ण प्रमाण भएर पनि अभिलेखको मुख्य विषय वस्तु प्रकाशमा आउन नसक्नु पीडाको विषय बन्छ ।[६] यसै बीच ने.सं. ५१६ (वि.सं. १४५२) को एउटा हस्तलिखित ग्रन्थको पुष्पीका वाक्यमा पनौतीको उल्लेख छ । 'दशकर्म पद्धती' नामको उक्त ग्रन्थमा जयसिंहराम वर्धनलाई राजाकै रूपमा सम्मान गर्नुको साथै इन्द्रेश्वर महादेवलाई इन्द्रेश्वर भट्टारिका सम्बोधन गरीएको छ ।[७]

यता ने.सं. ५२१ को इन्द्रेश्वर महादेव मन्दिर भित्रको स्वर्ण पत्रमा जयसिंहरामको कीर्तिको वर्णन तथा उनको मृत्युबारे उल्लेख छ ।[८] यसपछि लामो समयसम्म पनौती वा इन्द्रेश्वरको विषयमा कहिं कतै उल्लेख भएको प्रमाण भेटिएको छैन । ने.सं. ६०२ मा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर हुँदा पनौतीसँग भक्तपुरको प्रत्यक्ष सम्बन्ध तत्कालीन अन्तिम राजा यक्ष मल्लको मृत्युपछि कायम रहेको महत्त्वपूर्ण प्रमाण यद्यपि बाँकी नै छ । सम्बत मेटिएको रायमल्ल र राममल्लको संयुक्त नाम परेको यालाछे इलाननीको चैत्यले यसको पुष्टि गर्छ ।[९] यसपछि पनौतीको सम्बन्धमा भक्तपुर र पाटनबीच टकरावको अवस्थामा भौगोलिक हिसावले नजिक पाटनले पनौतीमा आफ्नो प्रभाव देखाउने प्रयास भयो । यसैबीच पाटनको हरिहर मूर्ति स्थापना ताका पनौतीलाई 'पुर्णमत्या पट्टमण्डप' उल्लेख हुनु अर्को महत्त्वपूर्ण घटना हो ।[१०] यसै क्रममा ने.सं. ६८९ को एउटा घटनाले पनौतीमा भक्तपुरको प्रभाव रहिरहेको पुष्टि हुन्छ । भक्तपुरमा प्रभावशाली गंगा महारानीले तलेजुभित्र दीक्षा लिएको घटनालाई लिएर कान्तीपुरका राजा नरेन्द्रमल्लले भक्तपुरमाथि आक्रमण गर्दा विभिन्न ठाउँमध्ये पनौतीमा युद्ध भएको घटना उल्लेख छ ।[११] उनै गंगा महारानीको समयमा भक्तपुरको बिस्केट जात्राको क्रममा घटेका केही घटना क्रममा पनौतीको उल्लेख भएको अर्को महत्त्वपुर्ण प्रसङ्ग हो ।[१२] जुन ने.सं. ७२३ को घटना हो । यसभन्दा अगाडि ने.सं. ७१९ मा गंगा महारानीले पनौती इन्द्रेश्वर महादेवको पछाडि नारायणको मूर्ति स्थापना गरेकोबाट पनौती नगरको विकासमा अधिक ध्यान दिएको पुष्टि हुन्छ ।[१३] गंगा महारानीपछि उनका छोरा त्रैलोक्य मल्ल जर्गज्योति मल्लका कुनै अभिलेख पनौतीमा भेटिएको छैन । जर्गज्योति मल्लको ने.सं. ७५१ मा ग्वपाहका क्वाछे टोलका रामेश्वर अझाले कुनै शासक सामन्तको नाम उल्लेख नगरी आफ्नो बाबुको शालिक ब्रम्हायणी मन्दिर समिप राख्न लगाए ।[१४] बरु जर्गज्योति मल्लपछि उनका छोरा नरेश मल्लको नाम उल्लेख गरी भक्तपुरका कृष्णराम चित्रकारले ने.सं. ७५९ मा

इन्द्रेश्वर महादेवमा सिंह स्थापना गरे ।[१५]

कमजोर प्रवृत्तिका नरेश मल्लले भक्तपुरमै आफ्नो प्रभाव बढाउन नसकेको अवस्थामा पनौतीमा कुनै प्रभावशाली शासकको कारण यता नरेश मल्लपछि जगतप्रकाश मल्लको अवस्थामा पनि अवस्था उस्तै रह्यो । यो समयमा पाटनका श्रीनिवास मल्लको पनौतीमा ने.सं. ७७२ र ने.सं. ७८२ का दुई अभिलेख भेटिएको छ । ने.सं. ७७२ मा सेरसिंह भारोले कुनै शासक वा सामन्तको नाम उल्लेख नगरीकन खोला पारी भीमसेन स्थानमा ढुङगाको खम्बा स्थापना गरेको छ ।[१६] यता ने.सं. ७८२ मा इन्द्रेश्वर महादेव मन्दिरको पश्चिमतर्फको सिंहमध्ये उत्तरतिरकोमा सम्बतमात्र उल्लेख गरी अरु कुनै व्यहोरा खुलाएको छैन ।[१७] यो राज्य यी दुइटै शिलापत्र राखेको समयमा भक्तपुरमा जगतप्रकाश मल्लले राज्य गरिरहेको समय हो । यसैबीच ने.सं. ७८४ को एउटा अभिलेख पनौती त्रिवेणी (खोऱ्हे) स्थित कृष्ण मन्दिरमा राखेको पाईन्छ । पाटन निवासी राम भारोले आफ्ना दिवंगत दाजुको नाममा राखेको एउटा गुथिको हेरचाह गर्नेहरूमा नाथु भारो, मोतीराज भारो, सुपरी भारो, तवध्येक भारो भनी नाम किटान गरीएको छ ।[१८] यहाँ देखिएको चार जना व्यक्तिहरूमध्ये मोतिराज भारोको उल्लेख ठाउँ ठाउँमा भएको भेटिन्छ । यता ने.सं. ७८८ मा नरसिँह मठ स्थापना गर्दा स्थापित शिलापत्रमा समेत जगतप्रकाश मल्ल वा अरु सामन्तको नाम परेको छैन ।[१९] यसैबीच ने.सं. ७९३ मार्ग शीर वदि ५ को दिन जगतप्रकाश मल्लको मृत्यु भएको इतिहासबाट थाहा हुन्छ ।[२०] जगतप्रकाश मल्लको मृत्युको ५ महिनापछि पनौतीका मोतीराम भारोले तत्कालीन राजा जितामित्र मल्लको नाम उल्लेख गरी भवानी शंकरको मूर्तिसहित सत्तल बनायो ।[२१] यसै सन्दर्भमा पनौतीको इतिहासमा उनै मोतीराज भारोको विषयमा सर्वप्रथम मैले अध्ययन अनुसन्धानबाट केही महत्त्वपूर्ण तथ्य फेला पारेको छु । उनी ने.सं. ७८४ मा इन्द्रेश्वर महादेवमा तीनतल्ले सुनको छत्र चढाउने मुक्तिराज भारोका छोरा हुन् ।[२२] मुक्तिराज र मोतीराजको वास्तविक थर कर्माचार्य रहेको तथ्य मेरो अध्ययनबाट पत्ता लागेको छ । उनै मोतीराज कर्माचार्यले श्री ३ भवानी शंकरलाई प्रिति गरी पद्मपुराण कार्तिक महात्म्य सारेको छ ।[२३] यता जगतप्रकाश मल्लको मृत्युको एक वर्षपछि "दाकिला" वार्षिक श्राद्धमा पनौतीका भारदार एवम् प्रजाहरूको उपस्थिति हुनुमा मोतीराजको ठूलो भूमिका रह्यो ।[२४]

यता जितामित्र मल्लको समयमा भक्तपुर दरबारमा भएका कयौँ शुभ अवसरहरूमा पनौतीबाट सेवा कु पठाएको देखिन्छ । ने.सं. ७९४ मा जितामित्र मल्लको भाइ उग्र मल्लको विवाह, ने.सं. ७९६ जेष्ठ शुदि १० को दिन सिद्धपोखरी जीर्णोद्धार गर्दा, ने.सं. ७९६ जेष्ठ कृष्ण औंसीको दिन सूर्यग्रहणको अवसरमा भएको दीक्षा ग्रहण आदि शुभ कार्यहरूमा यसरी सेवा कु पठाएको थियो ।[२५] ने.सं. ७९६ जेष्ठ शुदि १० को दिन सिद्धपोखरी जीर्णोद्धार पछिको समारोहमा विभिन्न ठाउँहरूबाट नाच ल्याई प्रदर्शन गर्ने क्रममा पनौतीबाट ल्याएको नाच पनि देखाएको थियो जुन भक्तपुरको इच्छु वहाल (अचेल भोट्यावहाल भनिन्छ) मा बास बस्ने व्यवस्था गरेको थियो ।[२६] यसै सन्दर्भमा भक्तपुरमा राजा जितामित्र मल्लले संग्रह गर्न लगाएको धरपौ तथा बिस्केट जात्रासँग सम्बन्धित केही घटनावली दुई छुट्टाछुट्टै टिपोटको ठाउँ ठाउँमा पनौतीको नाम उल्लेख छ ।[२७] ने.सं. ७९७ आषाढ शुदि ७ को दिन पनौतीको श्री ३ यातादेव देवताको मन्दिर भत्किन पुगेको अवस्थामा त्रिवेणीको बासुकी पताका समेत बिग्रन पुग्यो । त्यसै स्थानमा ४ दिनपछि पनौतीका आचाजु (सम्भवत मोतीराज कर्माचार्य) द्वारा पूजा शान्ति गरीयो । बोका २, राँगो २, हाँस २, यति बलिदिएर यातामा दिगु पुजा गरियो । त्यस्तै मानेश्वरी देवीकहाँ



पनौती (श्रोत: फल्चा ग्यालरी)

बोका १, याताभैरवकहाँ हाँस १, कालिकास्थानमा हाँस १, क्वाथन गणेशमा हाँस एक बलि दिइ पनौती देशभर पूजा गरियो। यहाँ त्रिवेणीस्थित ब्रम्हायणी मन्दिर भत्केको हुन सक्छ।[२८] पनौती नगरमा यस अघि स्पष्ट रूपमा भक्तपुरको अधिन नपरेको अवस्थामा ने.सं. ७९६ कार्तिक सुदि १५ को दिन इन्द्रेश्वर मन्दिरको सम्पूर्ण अधिकार भक्तपुर जंगम मठमा पर्ने व्यहोराको एउटा ताडपत्रबाट स्पष्ट हुन्छ। भक्तपुरका राजा जितामित्र मल्लले जंगम मठका अधिपति मल्लिकार्जुनलाई गरी दिएको उक्त ताडपत्रमा इन्द्रेश्वर महादेवको सम्पूर्ण अधिकार जंगम मठलाई दिएको स्पष्ट उल्लेख छ। जहाँ साक्षी बस्ने माता पदमावती, चौतारा देवराम तथा शीवहरि हुन् भने लेखक कायस्थ रामचन्द्र छ। यस घटनाबाट पनौतीमाथि भक्तपुरको पुर्ण अधिकार भएको पुष्टि हुन्छ।[२९] जितामित्र मल्लपछि भक्तपुरमा भुपतिन्द्र मल्ल राजा भैसकेपछि अर्थात ने.सं. ८१६ पछि उनले पनौतीमाथि अधिक चासो राखेको पाइन्छ। राजा भैसकेपछि उनले ने.सं. ८२० जेष्ठ शुक्ल त्रयोदशीको दिन पनौतीको जात्रामा भैरवाग्नी यज्ञ गर्न डाडु पन्यु चढाएको देखिन्छ।[३०] उनले भक्तपुरको बिस्केट जात्रामा झैँ पनौतीको भैरव भद्रकालीको रथ ठूलो आकारमा परिमार्जित गर्न लगाए। अनि जितामित्र मल्लको पालामा बनेको तर पूर्ण नभएको त्रिवेणीस्थित ब्रम्हायणी मन्दिरमा गजुर राख्ने कार्य गरे। साथै ब्रम्हायणी देवीको पूजा विधि सम्बन्धी ग्रन्थ लेख्न लगाए।[३१]

यता आफ्नो अधिनमा रहेका सबै क्षेत्रहरूमा मजबुत किल्ला बनाउने क्रममा ने.सं. ८२८ श्रावण सुदि एकादशीको दिन पनौतीको किल्ला बनाउन सम्पन्न भएको अवसरमा 'स्वथान बलि विधी' नामक ग्रन्थसमेत लेखे। जुन ग्रन्थमा उनले पनौतीको खोऱ्हो (त्रिवेणी) मा बसी उक्त क्वाथ (किल्ला) प्रतिष्ठा गरेको उल्लेख छ।[३२] भुपतिन्द्र मल्लले पनौतीको ठाउँठाउँको जग्गा घर किनबेचमा स्वयम् साक्षी समेत बसेको छ। ने.सं. ८२६ मा भक्तपुर तचपालका विश्वराम भारोले प्रचलित मूल्य तिरी पनौती बालाछेका धर्मसिँह बुद्धाचार्यसँग एक रोपनी चार आना जग्गा किनेको ताडपत्रमा भुपतिन्द्र मल्ल स्वयम् साक्षी बसेको छ। उक्त ताडपत्रअनुसार तत्कालीन समयमा पनौतीमा पुर्णसिह भन्ने व्यक्ति प्रमाण (मुख्य मन्त्री) रहेको देखिन्छ।[३३] त्यस्तै ने.सं. ८३१ मा उनै विश्वराम भारोले पनौती बालाछेका विश्वनाथ लगायतको गतछेननीको घर किन्दा भुपतिन्द्र मल्ल साक्षी बसेको छ। जहाँ पनौतीका प्रमाण पूर्णसिंह भारोलगायत पनौती र भक्तपुरका अरु थुप्रै भारदार साक्षी बसेका छन्।[३४] यता ने.सं. ८३९ आश्विन सुदि द्वादशीको दिन पनौतीका उदयराम पुरी गुसायीले सोही ठाउँका नरुन्त्रसिह र पारो सिह भारो नामक दुई दाजुभाइको खोपासीको ६ रोपनी जग्गा किनेकोमा भुपतिन्द्र मल्ल साक्षी बसेको छ। जतिबेला पनौतीका प्रधानाङ्ग जीतराज रहेको प्रमाण उक्त ताडपत्रबाट मिल्दछ।[३५] यता भुपतिन्द्र मल्लले ने.सं. ८३६ असार शुक्ल पक्ष नवमीको दिन आफ्नी रानी विश्वलक्ष्मी र छोरा रणजित मल्लसमेत ब्रम्हायणी मन्दिरमा राख्न लगाएको अभिलेख महत्त्वपूर्ण छ। उक्त अभिलेखमा ब्रम्हायणी मन्दिरमा पंचोपचार एवम् वर्षबधंन पूजाको लागि विश्वलक्ष्मीले २० रोपनी जग्गाको गुथिको व्यवस्था गरेको छ। उक्त गुथिमा तत्कालीन पनौतीका चार गुथिजनसहित छत्रराज कर्माचार्यको नाम परेको छ।[३६] त्यसमध्ये छत्रराजको नाम विशेष ढंगले उठाएको छ। एक ठाउँमा त छत्रराजको वंश रहेसम्म पनि उल्लेख छ। यहाँ देखिएको छत्रराज कर्माचार्य जगतप्रकाश मल्लको समयमा पाटनका भारदारहरूको सहायताले पनौतीका प्रमुख व्यक्तित्व बनेका मोतीराज कर्माचार्यको छोरा नै हुन्। जसलाई भुपतिन्द्र मल्लकी रानी विश्वलक्ष्मीले पुनः आफ्नो पक्षमा ल्याउन सम्भव भयो। छत्रराज ने.सं. ८७६ कार्तिक कृष्णसम्म जीवित रहेको प्रमाण छ। उक्त मितिमा उनले रघुवंश महाकाव्य नेपाल भाषामा सारेको प्रमाण छ।[३७] यता भुपतिन्द्र मल्लको मृत्युभन्दा केही समय पहिले भक्तपुरमा रणजित मल्ल युवराज छँदा माता विश्वलक्ष्मीसँग मिली ने.सं. ८४१ जेष्ठ कृष्ण षष्ठीमा ब्रम्हायणी मन्दिरमा पित्तलको पाताले मोडेको छ। त्यतिबेला पनौतीका प्रमुखमा भक्तपुरका रामेश्वर र पनौतीका विल्हम भएको उल्लेख छ।[३८]

यता भुपतिन्द्र मल्लको मृत्युपछि रणजित मल्ल राजा बनेपछि ने.सं. ८४२ मार्ग शिर शुक्ल द्वादशीको एउटा ताडपत्रमा भक्तपुर तचपालका उद्धव भारोले टेकन भारोसित एक रोपनी जग्गा किनेकोमा राजाको हैसियतले रणजित मल्ल साक्षी बसेको छ।[३९] जहाँ पनौतीका प्रमाण प्रधानाङ्ग रामेश्वरको नाम परेको छ। त्यस्तै ने.सं. ८५४ जेष्ठ शुक्ल द्वादशीको दिन पनौतीका खगेश्वर गिरी गुसायीले हरिशंकर भारोको खोपासीको २ रोपनी जग्गा किनेको ताडपत्रमा रणजित मल्लको साथमा पनौतीका प्रमाण जयाकरसिंहको नाम परेको छ।[४०] यता वि.सं. १८२० मा पृथ्वीनारायण शाहले भक्तपुर अन्तर्गत पर्ने सातगाउँ जित्न प्रबन्ध मिलाउन आफ्ना भारदार रामकृष्ण कुवँरलाई सोही सालको आषाढतिर पनौतीमा पठाएको थियो। र पनौतीका प्रमुख भारदारलाई आफ्नो हातमा लिई आफ्नो पक्षमा पार्ने उद्योगतिर लागिसकेको थियो। यसै क्रममा नुवाकोटबाट पृथ्वीनारायण शाहले रामकृष्ण कुवँरलाई लेखी पठाएको चिठीमा पनौतीको कुरा

परेको छ। काठमाण्डौं उपत्यका आफ्नो हातमा आउनु अघि नै पृथ्वीनारायण शाहले भक्तपुर अन्तर्गतका सातगाउँ जित्ने उद्योगमा लागे। यसको लागि उनले वि.सं. १८१८ जेठतिर नै सातगाउँतिर रामकृष्ण कुवँर हरिवंश उपाध्यायलगायतलाई यसको जिम्मा दिएको थियो।[४१] वि.सं. १८१९ भाद्रतिर मकवानपुर विजय गरिसकेपछि पृथ्वीनारायण शाह सातगाउँ जित्न झनै हतारिए। र उनले वि.सं. १८२० आषाढतिर रामकृष्ण कुवँरलाई लेखेको चिठीबाट यसको पुष्टि हुन्छ।[४२] रामकृष्ण कुवँरलाई यो चिठी पठाए लगतै पृथ्वीनारायण शाह १८२० श्रावणतिर काभ्रे बस्न पुगे। गोखार्ली फौजलाई काभ्रेबाट धुलिखेल, चौकोट, खडपु, पनौती आक्रमण गर्न सजिलो हुने हेतुले काभ्रेलाई मुकाम बनाई बस्न लागे। र ती ठाउँहरूमा लडाइँ गर्न ढिला गरेको विषयमा भाइ शुरप्रताप शाह सित छलफल गरी अर्को भाइ दलजीत शाहलाई एउटा पत्र पठाए। जुन पत्रमा लडाइँ ढिला गर्ने रामकृष्ण कुवँर, हरिवंश उपाध्यायलाई जसकर्ण खत्रीले लुगाको सप्कोले ५-५ पटक कोरा हान्ने आदेश पठाएको छ।[४३] पत्रअनुसार दलजीत शाहको फौजले वि.सं. १८२० कार्तिक १० को दिन धुलिखेल हात पार्यो। त्यसको भोलिपल्ट चौकोट जित्यो।[४४] त्यही दिन पनौती र खड्पु पनि गोर्खालीले जित्यो। यसरी मल्लकालीन पनौतीको इतिहासको एक अध्याय समाप्त भएको देखिन्छ।

**पाद टिपोट**

१. गोपाल राजवंशावली अतिरिक्त पत्रबाट
२. राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय) नं. ३५४
३. गोपाल राजवंशावली
४. धनवज्र, कमलप्रकाश, दि गोपालराजवंशावली, काठमाडौं, नेपाल रिसर्च सेन्टर पत्र २९ 'ख'
५) राजवंशी, श्यामसुन्दर, बनेपा सातगाँउ स्मारिका
६) योगेशराज, पन्तीया अभिलेख पृष्ठ ३
७) पेटेक लुसियानो, हिष्ट्री अफ नेपाल, रोम, पृष्ठ १४८
८) योगेशराज, पन्तीया अभिलेख
९) योगेशराज, पन्तीया अभिलेख पृष्ठ ४७-४८
१०) मेडियभल नेपाल तेश्रो, पृष्ठ ३६-३९
११) मध्यकालया छुं घटनावली, पृष्ठ ३२
१२) पासुका, वर्ष ५ अंक २ पृष्ठ ३
१३) पन्तीया अभिलेख, पृष्ठ ६
१४) ऐजन, पृष्ठ ६-७
१५) अभिलेख, वर्ष १८ पृष्ठ २८-३२
१६) ऐजन, पृष्ठ ७
१७) ऐजन, पृष्ठ ८
१८) ऐजन, पृष्ठ ९-१० , भक्तपुर शिलालेख सूची
१९) ऐजन, पृष्ठ १०-१२
२०) अभिलेख, पत्र ४६-५६
२१) ऐजन, (पन्तीया अभिलेख) पृष्ठ १२-१३
२२) पन्तीया अभिलेख, पृष्ठ ८-९ बनेपा सातगाउँ स्मारिका श्यामसुन्दर
२३) राष्ट्रिय अभिलेखालय भित्रका वर्णनात्मक सूचीपत्र, पृष्ठ ८३
२४) ऐजन, २० बाट
२५) पासुका, वर्ष ५ अंक २ पृष्ठ ३
२६) पूर्णिमा, २३ अंक १ वर्ष ४ पृष्ठ ११-१२
२७) ऐजन, ११ र १२ बाट
२८) ऐजन, १२ बाट
२९) पुर्णिमा, अंक ११०, वर्ष २८, अंक २, पृष्ठ ४८-४९
३०) पन्तीको अभिलेख, पृष्ठ १७
३१) नेपालभाषामा लेखिएको हस्तलिखित अभिलेख सूची, पृष्ठ १०४
३२) ऐजन, पृष्ठ १९८
३३) पुर्णिमा, अंक ९८, पृष्ठ ४४
३४) पुर्णिमा, अंक ९८, पृष्ठ ४४-४५
३५) पुर्णिमा, अंक ९८ पृष्ठ ४५-४६
३६) पन्तीया अभिलेख, पृष्ठ २०-२५, तबा सातगाउँको स्मारिका
३७) नेपालभाषामा लेखिएको हस्तलिखित वर्णनात्मक सूचीपत्र, पृष्ठ १२८-१२९
३८) पन्तीया अभिलेख, पृष्ठ २३-२४
३९) पुर्णिमा, अंक १०२ पृष्ठ ऐजन पृष्ठ ६२-६३
४०) ऐजन, पृष्ठ ६३
४१) गोरखालीहरूको सैनिक इतिहास, पृष्ठ ६
४२) पृथ्वीनारायण शाहको उपदेश पृष्ठ ९८८-८९ बाट
४३) भाषा वंशावली तथा पुर्णिमा, अंक १८ पृष्ठ ११५-१२१
४४) ऐजन, ४२ बाट

**चिनियाँ नीतिकथा**

## वाचा

एक जना घुस्याहा हाकिम थियो। तर उसले बडो इमानदार भएको स्वाङ पाथ्र्यो। एक दिन उसले भगवानको नाम लिएर सबैको सामुन्ने यस्तो वाचा गर्यो : 'यदि मैले दायाँ हातले घुस लिएँ भने मेरो दायाँ हात कुहियोस्। बायाँ हातले घुस लिएँ भने बायाँ हात कुहियोस्।'

केही दिनपछि एक जना मानिस उसलाई चाँदीको एक सय सिक्का घुस दिन आयो। उसलाई त्यो सिक्का लिन मन त थियो, तर उसले स्वाङ पार्दै भन्यो, 'यो काम राम्रो होइन। मैले घुस लिन्न भन्ने कीरया खाएको छु। जुन हातले घुस लिन्छु त्यो हात कुहिएर जाओस् भन्ने वाचा गरिसकेको छु।'

उसको मातहतमा काम गर्ने एक जना कर्मचारीले उसको मनको कुरा बुझेर भन्यो, 'हजुरले यो पैसा आफ्नो हातले नलिइकन लुगाको बाहुलाबाट लिनु भए भइहाल्यो नि। कुहिए पनि त्यही बाहुला कुहिन्छ। हात त कुहिन्न। घुस्याहा हाकिमलाई उसको कुरा निक्कै चित्त बुझ्यो।

# काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र

विगोल

संस्कृत भाषा विश्वको एक समृद्ध आर्यभाषा मानिन्छ । यस भाषालाई भारोपेली परिवारको समृद्ध मानिन्छ । यो ज्ञान र विज्ञानको भाषा नभएर प्राचीन आर्यहरूको बोलचालको भाषा पनि हो । नेपाली, हिन्दी, भोजपुरी, मैथिली आधुनिक आर्यभाषाको पुर्ख्यौली स्रोतको रूपमा संस्कृत भाषालाई लिइन्छ । वैदिक साहित्य वा वैदिक संस्कृत युगको पहिलो रचना वेद हो । वेद मूलतः मन्त्रहरूको संहिता हो ।

पूर्व वैदिक युगमा ऋग्वेद, यजुर्वेद, सामर्वेद, अथर्ववेद जस्ता सोहिताहरू पर्छ भने उत्तर वैदिक युगमा ब्राम्हण, आरण्यक र उपनिषद्हरू पर्छन् । वेदका पूजा अर्चनाका विधिको वर्णन यजुर्वेदमा, यज्ञसम्बन्धी पूजा या देवी देवताहरूको खुसीयालीमा गाइने सामर्वेद, विघ्नवाधा हुँदा देवदेवतालाई सन्तुष्टि गर्न गरिने मन्त्र अथर्ववेद र देवतासँग सम्बन्धित या वैदिक देवताहरूको स्तुति गर्ने मन्त्र ऋग्वेद हो । कुनै वेद कर्मकाण्ड त कुनै वेद ज्ञानकाण्डसित सम्बन्धित छन् । संहिता, ब्राह्मण र आरण्यक कर्मकाण्डमा र उपनिषद् ज्ञानकाण्डमा परेको देखिन्छ ।

ऋग्वेदको समाजमा गरिने मन्त्रमा समर्पण, प्रशंसा, अतिरञ्जित स्तुति, ईश्वरीय चेतनाका चरम अभिव्यक्तिका पङ्क्तिहरू पाइन्छ । महिला र पुरुषबीचको मधुमय प्रेमलाई कवित्वको शैलीमा वर्णन गरिएको पाइन्छ । ती मन्त्रहरूमा अलङ्कार र व्यञ्जनको भरपूर प्रयोग भएको हुन्छ । त्यस्तै इन्द्र, अग्नि र पृथ्वी आदि प्रकृतिसम्मत देवताको प्रार्थना पनि पाइन्छ ।

कर्मकाण्डअन्तर्गत परेको ब्राह्ण ग्रन्थमा मन्त्र र प्रार्थनाका साथै यज्ञका कार्यहरूको सम्पादन हुन्छ । यो मानव जातिको प्राचीन धर्म ग्रन्थ हो । आरण्यक ग्रन्थमा वनमा पढ्ने र मनन् गर्ने गरिन्छ ।

उपनिषद् ग्रन्थ आरण्यक ग्रन्थपछि निर्माण भएको हो । कर्मको व्याख्या ब्राह्मणमा र ज्ञानको व्याख्या उपनिषद्मा हुन्छ । यस ग्रन्थमा आत्मज्ञान, मोक्षज्ञान र ब्रह्मज्ञानको जानकारी हुन्छ । यसरी वैदिक संस्कृत युग र लौकिक संस्कृत युगमा काव्य सिर्जना भएको थियो ।

रामायण र महाभारत वैदिक संस्कृत युग र लौकिक संस्कृत युगका सन्धिकालीन प्रतिनिधिमूलक ग्रन्थ हो । रामायण लौकिक संस्कृतका आदि महाकाव्य हो । संस्कृतका आदिकवि महर्षि बाल्मीकी मुनिद्वारा रचित राम कथामा आधारित यो ग्रन्थको पहिलो संस्करणमा ई.पू.छैठौं शताब्दीभन्दा अघि नै तयार भएको अभिमत देखिन्छ । महाभारत लौकिक संस्कृत साहित्यको दोस्रो महाकाव्य हो । वेदव्यासद्वारा रचित यो काव्य विश्व साहित्यको कालखण्डका सबभन्दा ठूलो महाकाव्य हो । महाभारतको विकासका तीन चरण छन्- जय, भारत र महाभारत ।

व्यासले सर्वप्रथम रचना गरेको महाभारत जय हो । पाण्डवले कौरव पक्षमाथि विजय गरेको आख्यान छ- जयमा । यसमा ८८०० श्लोक रहेको उल्लेख छ । जय काव्यपछि अर्को विकसित सोही काव्यको नाम भारत राखिएको छ । यसमा ८४ हजार श्लोक रहेको बताइन्छ । त्यसपछि उपख्यान थपेर महाभारतको रूपमा विकसित भएको मानिन्छ । त्यस महाभारतमा झण्डै १ लाख श्लोक रहेको उल्लेख छ ।

कौरव र पाण्डवको भीषण युद्धको कथा नै महाभारत हो । महाभारत उच्चकोटिको काव्य हो । यस काव्यमा वीर तथा साहसी चरित्रको चित्रण गरिएको छ । शान्त करुण, वीर र सृङ्गार आदि रसहरूको परिपक्क भएको यो महाभारत काव्यमा रोचक संवादमार्फत आकर्षण वर्णन गरिएको छ । पाण्डव र कौरवबीच भएको १८ दिनको युद्धको वर्णनमात्र होइन, युद्धका कारण अनेक षड्यन्त्र, द्रौपदीको हरण, दुर्योधन, दुःशासन, विदुर, कर्ण, कुन्ती आदिको चरित्र चित्रण र कथा पाइन्छ । महाभारतकै भण्डारबाट कालिदास, माघ भवभूति र वाणजस्ता चर्चित साहित्यकारले आ-आफ्नो कृतिको रचना गर्न सहयोग मिलेको देखिन्छ ।

रामायण र महाभारतपछि पौराणिक वाङ्मयको युग सुरु भएको देखिन्छ । संस्कृत साहित्यका पाणिनिले जाम्बतवलीजय महाकाव्य रचना गरे । दार्शनिक, संगीतज्ञ अश्वघोषले बुद्धचरित र सौदरानन्द महाकाव्य लेखे । 'बुद्धचरित' मा सिद्धार्थ गौतम बुद्धको जन्मदेखि बुद्धत्व प्राप्त गरेपछि थालेको बुद्ध धर्मको उपदेशको वर्णन गरिएको छ भने सौन्दरानन्दमा सिद्धार्थ जन्मनुभन्दा पहिलेदेखिको आख्यान, कपिलवस्तु, राजा शुद्धोदन आदिको वर्णन गरिएको उल्लेख छ । कालीका भक्त, रसवादी कवि, संस्कृत साहित्यका सर्वश्रेष्ठ

कलाकार महाकवि कालिदासको पहिलो काव्यकृति 'कुमारसम्भव' हो। शिव र पार्वतीको विवाहको कथानक उक्त काव्यको विशेषता हो। अर्का महाकवि श्रीहर्ष हुन्। नीति शास्त्रका ज्ञाता, तर्कशास्त्री, पण्डित श्रीहर्षले नैषधचरित्र महाकव्य लेखे।

ईसाको प्रथम शताब्दीतिर भरतको नाट्यशास्त्रको रचना भएको पाइन्छ तर नाटककार भासको सबैभन्दा पहिले नाट्यप्रतिभा उजागर भएको देखिन्छ। यसलाई नाट्यशास्त्रकार भरत र कामसूत्रका वात्स्यनभन्दा पूर्ववर्ती मानिन्छ।

कवि र नाटककार कालिदास संस्कृत साहित्यमा व्यास र बाल्मीकिपछिका प्रतिभाशाली व्यक्ति हुन्। अलङ्कारमूलक काव्यात्मक गद्यका स्रष्टा दण्डीको 'दशकुमार चरित्र' प्रसिद्ध गद्य काव्य हो।

पूर्वीय साहित्यमा महाकाव्यको सिद्धान्त विक्रम संवत्को छैटौं शताब्दीदेखि सुरु भएको पाइन्छ। भामहले आफ्नो काव्यालङ्कार ग्रन्थमा महाकाव्य शब्दको पहिलो प्रयोग गरेको देखिन्छ। लौकिक संस्कृत भाषाको प्राचीन वाङमय ग्रन्थ बाल्मीकिको रामायण हो। संस्कृत साहित्यको सर्वप्राचीन ग्रन्थ आचार्य भरतका नाट्यशास्त्रमा भए पनि महाकाव्यको चर्चा नभएकोले भामहदेखि सुरु भएको हो।

पूर्वीय संस्कृत साहित्यमा प्राचीन कालमा काव्य शब्दले व्यापक अर्थ जनाउँथ्यो। काव्यले सम्पूर्ण साहित्य जनाउँथ्यो। चौधौं शताब्दीमा जव विश्वनाथले साहित्य शब्दको प्रयोग गरे त्यसपछि काव्य र साहित्यको अर्थमा फरक काव्यमा मुक्तक, कविता, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, कोषकाव्य, गीतिकाव्य जस्ता कवितात्मक काव्य विधामा देखापरे। पछि संस्कृत साहित्यको पूर्ववर्ती परम्परामा काव्य शब्दलाई पनि साहित्य मान्दै गद्य, पद्य र पद्य मिश्रित चम्पू भेदको रूपमा देखाइयो।

## लघुत्तम रूप (मुक्तक)

यो सबभन्दा सानो पद्यात्मक अभिव्यक्तिको सानो रूप या एकाइ हो। यो स्वयंमा पूर्ण हुन्छ। वैदिक संस्कृत साहित्यमा दुई हरफे द्विपदी, तीन हरफे त्रिपदी र चार हरफे चतुष्पदी नामकरण गरिएको छ। लौकिक संस्कृत साहित्यमा चतुष्पदी वा चार हरफ वा चार पाउको एक श्लोक वा सिलोकलाई लघुत्तम रूप मानिएको छ। चार पाउको एउटा कविता, गजल मुक्तकमा पर्छ। ब्वार्र सलाई कोरेभैं अनुभूति अनुभवको छोटो मीठो रूप वा प्रस्फुटन मुक्तक कवितामा हुन्छ।

## लघुरूप (फुटकर कविता)

मुक्तकभन्दा ठूलो र मझौला रूप (खण्डकाव्य) भन्दा सानो एकाइ लघुरूप या फुटकर कविता हो। मुक्तक चार पाउको एक श्लोकमा पर्छ भने फुटकरमा एक श्लोकभन्दा बढीको हुन्छ। जीवन जगतको खास एक सन्दर्भ, प्रसङ्ग र मनोदशाको सङ्क्षिप्त संरचना हुन्छ– यस फुटकर कवितामा।

## मझौला रूप (खण्डकाव्य)

लघुरूप (फुटकर) कविताभन्दा माथिल्लो र बृहत् रूप (महाकाव्य) भन्दा सानो रूपको कविता मझौला (खण्डकाव्य) कविता हो। यसमा जीवन जगतको एक पक्ष या समग्र जीवनको एक भागको चर्चा हुन्छ। लेखनाथको 'ऋतु विचार', सिद्धिचरण श्रेष्ठको 'उर्वशी', देवकोटको 'मुनामदन' र बालकृष्ण समको 'आगो र पानी' यसका उदाहरण हुन्।

## बृहत् रूप (महाकाव्य)

यो ठूलो काव्य कला हो। यसमा जीवन जगतको समग्र काव्य वस्तुको चर्चा हुन्छ। सिङ्गो जाति, सिङ्गो सभ्यता, सिङ्गो संस्कृति एवं सिङ्गो एक युगकै प्रतिनिधित्व यो काव्यमा हुन्छ। नेपाली महाकाव्यमा भानुभक्तको 'रामायण', देवकोटाको 'शकुन्तला', सोमनाथ सिग्द्यालको 'आदर्श राधव', बालकृष्ण समको 'चिसोचूलो' र लेखनाथको 'तरुणतपसी' यसको उदाहरण हो। यसरी नै सिङ्गो जातिको जीवन जगत्को बृहत् रूपको कवितात्मक संरचनाबद्ध सर्गबन्धको संयोजनको काव्य कलालाई विकसित महाकाव्यमा राखिएको पाइन्छ। संस्कृतको महाकाव्य बाल्मीकिको रामायण यस विकसित महाकाव्यमा पर्छ।

साहित्यको विधामा लोकसाहित्य जेठो विधा हो। लोकसाहित्य, लोकगीत, लोककाव्य र लोकगाथाका स्रष्टाहरू कैयौं छन्। तर ती साहित्यहरू कति लिखित छन्, कति अलिखित छन्। कतिका स्रष्टाहरू छन्, कतिका छैनन्। एक स्थानबाट अर्को स्थान, एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै लोकसाहित्य, लोकगीत, लोककाव्यले जीवन्तता पाइरहेको हो। लोकसाहित्यमा लोकगीत, लोकनाटक, लोककथा, लोककविता, लोककाव्य, उखानटुक्का, गाउँखाने कथा आदि पर्छन्। लेक-बेंसी, कुना-कन्दरा, खोला-नाला, पाटीपौवा, डाँडाकाँडा, वनपाखा पहाड, तराई र हिमालमा गाइने अनेकानेक लोकगीतले प्राचीन काव्य सिर्जनामा सहयोग पुगेको छ। खेताला, गोठाला, घँसिया, भक्तजनहरूले गाइने अनेकानेक गीतमा उकाली-ओराली गर्दाको अनुभूति पाइन्छ, खेतीपाती, चाडपर्व, रोपाइँ र ऋतुहरूको वर्णन यथेष्ठ पाइन्छ। जनताका हर्ष-पीडा, रुवाइ-हँसाइ, दुःख-सुख, प्रेम-करुणा, विजयोत्सव, आशा-निराशा, हर्ष र विस्मात्का स्वरहरू पनि ती गीतहरूमा घन्किएको पाइन्छ। भक्तपुर प्राचीन सहर, कला र संस्कृतिको केन्द्र, वास्तुकलाविद् र कलाहरूको थलोमा लोकसंस्कृति,

लोकनाच, लोकगीत, लोकभजन, लोककाव्य र अन्य भजनका गीतहरू पाइनु र गाइनु स्वाभाविक हो। अहिले पनि उहिले रचेका, सिर्जना गरेका ज्ञात-अज्ञात स्रष्टाका गीतहरू बिहान बेलुका भक्तपुरका पाटी-पौवा र मन्दिरहरूमा गुञ्जिरहेको छ। लाग्छ यहाँ मन्दिर रहेसम्म, चाडपर्व रहेसम्म भजनका गीतले जीवन्तता पाइरहनेछ, डाफाभजनमा गाइने गीत पनि प्राचीन काव्य हो, काव्य सिर्जनाको दृष्टान्त हो।

भक्तपुर वास्तुकला, मूर्तिकला र काष्ठकलाको सङ्ग्रहालय हो। भक्तपुर सङ्गीतशाला हो। यहाँका पुराना पुस्ताका नागरिकहरू एउटा न एउटा विषयमा निपुण रहेका हुन्छन्। कुनै बाजा बजाउँछन्, कुनै गीत गाउँछन् त कुनै नाचगान गर्छन्। अनपढ र सामान्य साक्षरको भरमा ती अग्रजहरू बाजा, गीत र नाच सिक्छन्। यहाँ मनाइने बिस्केट जात्रा, गाईजात्रा, इन्द्रजात्रा, फागु पूर्णिमा, योमारी पूर्णी, घण्टाकर्ण पर्व, सङ्क्रान्ति, शिवरात्रि, दशैं, रोपाइँजस्ता आदि पर्व र मेलामा यस्ता गीत गाइन्छन्, गाइरहेका छन्।

प्राचीन काव्य सिर्जना लोकजीवन पनि हो। ती गीतमा उहिलेको जनजीवन, संस्कार, संस्कृति, वेशभूषा, इतिहास लुकेको हुन्छ। बाढी-पहिरो, हुरी-बतास, भूकम्पले पुऱ्याएको क्षति, विकासको चरण, विभिन्न शासनकालमा पाएको दु:ख, सुख, रोगव्याधी आदिको झझल्को पाइन्छ जसरी लोकगीतमा रोपाइँ गर्दा, घाँस गोडमेल गर्दा, कपास बात्दा, कालो माटो झिक्दा, घरेलु तान बुन्दा र बाह्रमासे गीतहरू पाइन्छ। त्यस्तै डाफा भजनमा पनि अनेक देवदेवताको वर्णन गरिएको पाइन्छ। त्यसमा मल्लकालीन राजा, देशभक्त र वीर, साहसी र कलाप्रेमी राजाहरूको वर्णन गरिएको पाइन्छ। यस्ता गीतहरू अक्सर मल्लकालीन समयमा विकास भएको पाइन्छ।

विभिन्न वर्ण र जातजातिको यो साझा फूलबारीमा समय-समयमा काव्य, साहित्य, संस्कृति र कलाको भावधारा दर्शाइएको पाइन्छ। त्यस काव्यधाराभित्र वैचारिक, दार्शनिक चिन्तन र आ-आफ्नो कालका अभिव्यक्ति पोखिएको पाइन्छ। सभ्यता र संस्कृतिको केन्द्र बनेको यो भक्तपुरमा छुट्टै भाषा, कलाकौशल, संस्कृति र धार्मिक, दार्शनिक अवधारणाको छनक पाइन्छ। यस कार्यमा ज्ञात-अज्ञात कवि-कवयित्रीको देन पाइन्छ। त्यसमा नेपालभाषाको काव्यको इतिहासमात्र होइन नेपालभाषाको पुरानो सिर्जना गरिएको समाज र संस्कृतिको इतिहासको रेखाङ्कन गरिएको हुन्छ। त्यसबेला काव्यधारामा पनि समयको परिघटनाको दृश्य अर्थात् भक्तिभाव, सृंगारिकत देशभक्ति, यथार्थता, सामाजिक परिवेशमा सुबोधता पाइन्छ। त्यसभित्र काव्यको सुन्दरतामात्र होइन व्यङ्ग्य, संगीतात्मकता र समाजको कुरीतिप्रति छेड हानिएको हुन्छ।


**स्रोत**

- नेपाल भाषामा प्राचीन काव्य सिर्जना- डा.जनकलाल वैद्य
- आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य सिद्धान्त समालोचना - ईश्वरी प्रसाद गैरे
- संस्कृत साहित्यको रुपरेखा-गोपी कृष्ण शर्मा
- महाभारत सूक्ति- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान



**भक्तपुर** मासिकलाई
लेख रचनासँगै सम्बन्धित
तस्वीरहरू दिई सहयोग गर्नुहोस्।
**e-mail :** bhaktapurmasik@gmail.com


## बासिबियाँलो



घोडाको टाउको होइन भ्यागुतो हो? वास्तवमा के हो? (उत्तर- दुवै हो)

५ लाई ५ ले गुणा गर्नुहोस्, गुणन फललाई ५ ले भाग गरी भागफलमा ५ घटाउनु होस् र शेषलाई ५ ले गुणन गर्दा कति हुन्छ होला ?

उत्तर- ०

नागरिक भावना

# आगलागी

हेमन्त

अनायास वडावासीहरूको कोलाहल सुनियो। कालो धुँवाको मुस्लो आकाशतिर फिजिरहेका थिए। छिमेमकीहरू माथिल्लो टोलेको गल्लीतिर हस्याङफस्याङ गर्दै डगुरे। हेर्दा हेर्दै आगोका लप्काहरू माथि निस्के। वडावासीहरू आत्तिन्दै द्यौता पुकारे- हे इश्वर रक्षा गर ! नवदुर्गा भवानी रक्षा गर ! सबैले आफूसँग भएका गाग्री, बाल्टिन र ग्यालेनहरूबाट पानी ओसार्दै आगो निभाउन प्रयत्न गरिरहेका थिए। तर आगोमा घ्यू थप्नु जतिकै भयो। आगो झन दन्कियो। एकक्षण पछि टन्नन् टन्नन् घण्टा बजाउँदै दमकल आयो। फोहोराबाट पानी छर्काइयो। बलेको आगोमा पानी छर्कंदा छर्किंदै डमकलको ट्याङकीमा पानी निखियो। तैपनि आगो निभेको थिएन। फेरि पानी भर्न डमकल घण्टा बजाउँदै कुद्यो।

त्यो बलेको घर खाइ नखाइ निर्मित बुद्धिबहादुर दाइको घर रहेछ। घर निर्माण गरेकै वर्ष उसको छोरो जन्मेको हुँदा छोराको नाम पनि 'न्हूछें बहादुर' राखेका थिए। न्हूछें को अर्थ नयाँ घर हो। बुद्धिबहादुरको परिवार धुरुधुरु रुँदै खरानी भइसकेको घर खोतल्दै सामानहरू खोजिरहेका थिए। छिमेकीहरूले त्यसमा सहयोग गरे।

- के गर्ने ! बुद्धिचाको घर अगाडि पहिले ठूलो ऐतिहासिक पोखरी थियो। त्यो पोखरीले वातावरण सफा र स्वच्छ बनाउँथ्यो वडावासीहरूले त्यही पोखरीमा लुगा धुने र नुहाउने पनि गर्दथे। पानीको अभाव थिएन। असारमा वर्षा ढिला हुन गएमा पोखरीकै पानीबाट सिंचाइ गर्न सरकारको हुकुम थियो। तर आज त्यो पोखरीको ठाउँमा ट्याक्टर बिसौनी र बस बिसौनीमा परिणत भयो। इतिहास लोप भयो। पोखरीको मतलव कसैलाई रहेन। त्यस पोखरीको महिमा अब किंबदन्ति भइसक्यो। यदि त्यो पोखरी अहिलेसम्म यथावत भएको भए बुद्धिचाको घर खरानी हुनबाट बच्थ्यो होला। निन्याउरो मुख लायर हेरमान बाजे भुनभुनाउँदै थियो।

- यो ठाउँमा पोखरी थियो र बाजे ? एकजना युवाले प्रश्न गऱ्यो।

- थियो बा बु। यो ठाउँमा सफा पोखरी थियो। हेरमान बाजेले जवाफ दिए।

- पोखरी किन मासेको होला नि बाजे ? युवाले पुनः प्रश्न गऱ्यो।

- त्यसबेलाका मान्छेहरूले पोखरीको महत्त्व बुझेन। भोजभत्तेरको लागि ठाउँ अभाव हुनाको कारण पनि पोखरी मासेका हुन्। त्यसबेला म पनि खुशी भएको थिएँ। अहिले म प्रायश्चित गर्दैछु। हेरमान बाजेले दुःखपूर्वक आफ्नो कमजोरी पोख्यो।

- हाल सञ्चालन भइरहेका विभिन्न विद्यालयहरू पनि पोखरी मासेरै निर्माण गरेका हुन् भन्छन् नि- युवाले जिज्ञासा पोख्यो।

- हो, तिम्रो कुरा साँचो हो। असल चितायर पनि त्यसबेलाका शिक्षा प्रेमीहरूले पोखरी मासे। गम्भिरतापूर्वक हेरमान बाजेले आफ्नो भावना पोख्यो।

- अब त्यो पोखरी उत्खनन् गर्न सकिंदैन र ? युवाले जोश निकाल्यो।

- कहाँ सक्नु ! यहाँको पोखरीको जग्गा मिचेर ठूलावडाले घरसमेत ठड्याईसकेका छन्। यो मात्र होइन चांगुनारायण नगरपालिका भित्रको मोथु वहार पोखरी र मेठीवारी भित्रको नारका पोखरीमा समेत घर निर्माण भयो। अब ती पोखरीहरू कायम गर्न असम्भव छ बाबु। हेरमान बाजेले दुःखका साथ आफ्नो विचार व्यक्त गऱ्यो।

- हेरमान बाजे ! नगरवासीहरूले प्रयत्न गरेमा पोखरी कायम गर्न सक्छन्। गोल्मढी टोलको वहार पोखरी व्यक्तिले लालपूर्जा बनाई खेतमा परिणत गरिसकेको थियो। आज त्यो पोखरी नै कायम भयो। मुल्ढोकास्थित यातु वहार पोखरी फटाहाहरूले दर्ता गरी लालपूर्जा बनाउन दुस्साहस गरेका थिए। तर नगरवासीहरूको जागरुकताले त्यो असफल भयो। आँटेपछि सफल हुँदोरहेछ बाजे। हामीले पोखरीहरू जोगाउनु पर्छ। हामी पोखरी जोगाउँछौ- युवाले।

टन्नन्न् टन्नन्न् घण्टा बजाउँदै डमकल फेरि डगुराउँदै ल्यायो। त्यसबेलासम्ममा बुद्धिबहादुरको घरको खरानी मात्र बाँकी थियो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

# नेका, एमाले र माओवादीको निकृष्ट पूँजीवाद !

दिवाकर श्रेष्ठ

दलीय अर्थात बहुदलीय व्यवस्थामा दलहरू धेरै भएकोमा केही बहुदलवादी भनाउँदोहरू चिन्ता व्यक्त गर्ने गर्छन्। यस्तो चिन्ता र दुखेसो सत्तामा जाने दलहरूले पनि कुर्सी गुम्दा व्यक्त गर्छन्। देशको विकास र स्थिर सरकार नहुनुको मूल कारण कतिपय कथित राजनीतिक विश्लेषकहरूले यसैलाई ठहऱ्याएका छन्। तिनीहरूले जनआन्दोलबाट बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएको केही समयपछिदेखि नै दल नियोजनको षडयन्त्र शुरु गरेका थिए। आश्चर्य र विडम्वना के हो भने हिजो निर्दलीय व्यवस्था छँदा दलमाथिको प्रतिबन्ध हटाइनु पर्छ वा खारेज गर्नुपर्छ भन्नेहरू नै बहुदल आएपछि दल नियोजनको षडयन्त्र गर्नेहरूका मुखरित हर्ताकर्ता देखिए। यस तथ्यबाट ती कथित बहुदलवादी, राजनीतिक विश्लेषक, बुद्धिजीवी यथार्थमा 'नक्कली नागका सौखिन' सावित भएका छन्। दिनरात नागको प्रत्यक्ष दर्शनको लागि आराधना गर्ने, नाग आउँदा ज्यान फालेर भागे जस्तै बहुदलको माग गर्नेहरू बहुदल आउँदा दल बढी भयो भन्ने !

देशको विकास, स्थिर सरकार नहुनुको कारण दलहरूको सङ्ख्या धेरै हुनु कदापि होइन। राजनीतिक दर्शन, सिद्धान्त र विचारले गठन हुने दलको सङ्ख्या देशको विकास र स्थिर सरकारको लागि कुनै समस्या र वाधक होइन। यदि दलहरू विकासको वाधक हो भने निर्दलीय व्यवस्था विकासको लागि स्वर्ण युग हुनुपर्थ्यो ! मूल समस्या र वाधक त दलको सिद्धान्त र विचारप्रतिको आस्था र निष्ठाको पतन, चरित्र र प्रवृत्तिको स्खलन, नैतिकता र इमानदारीको अभाव हो। सिद्धान्तको राजनीतिभन्दा सत्ताको राजनीतिमात्र गर्ने संस्कार हो। यदि देशमा नेपाल मजदुर किसान पार्टीले जस्तो सिद्धान्त र विचारको राजनीति गर्दो हो, त्यसमा दृढ अडान राख्दो हो, राजनीतिलाई देश र जनताको सेवा गर्ने माध्यम बनाउँदो हो त देश, राजनीति, समाज र जनताको स्थिति कहालीलाग्दो होइन अरुको लागि लोभ लाग्दो हुन्थ्यो। पूँजीवादी व्यवस्था नै भए पनि यति घिनलाग्दो र निकृष्ट हुने थिएन। निर्दलीय प्रजातन्त्रभन्दा बहुदलीय प्रजातन्त्र कुन दृष्टि र कोणबाट प्रगतिशील देखियो भनी प्रश्न उठाउनु पर्ने ठाउँ र वाध्यता हुने थिएन।

सबैलाई थाहा छ नेकां पूँजीवादी विचार अंगाल्ने पार्टी हो। एमाले र माओवादी पनि विधान र भाषणमा जे लेखे- भने पनि पूँजीवादी व्यवस्थालाई सुदृढ र समृद्ध पार्न पटक पटक सत्तामा गइसकेकोले गैर पूँजीवादी पार्टी होइन, हुँदै होइन। तर यी तीनै पार्टीको शासनमा सामन्ती व्यवस्थाभन्दा पूँजीवादी व्यवस्था प्रगतिशील व्यवस्था हो भन्ने आधार र प्रमाण कहाँ के दिएका छन् ? निरंकुश पञ्चायती व्यवस्थाले ३० वर्षमा राजधानी रहेको काठमाडौं उपत्यकामा सफा पानी खुवाउन सकेन, प्रजातन्त्र बहाली भएको २८ वर्षमा यी दलहरूले पानी पनि खुवाउन सकेको छैन। सोभ्रो र घुमाउरो जसरी भएपनि देश र जनतालाई लुट्ने र ठग्ने बाहेक केही गरेका छैनन्। राष्ट्रिय पूँजीपति वर्गलाईभन्दा दलाल पुँजीपति वर्गलाई, आत्मनिर्भरतालाईभन्दा परनिर्भरतालाई, स्वाभिमानलाईभन्दा आत्मसमर्पणलाई, शोषित-पीडितलाईभन्दा शोषक-पीडकको सेवा गरेका छन् र त्यस्मा प्रतिस्पर्धा गरेका छन्। आलोपालो सत्तामा पुग्ने यी तीन पार्टीले देशमा पूँजीवादी व्यवस्थाको रूप, चरित्र र अभ्यास अनुकूल पनि व्यवहार गरेका छैनन्। त्यसैले नेका, एमाले र माओवादीले यथार्थमा पूँजीवादी पार्टीको चरित्र र व्यवहार पनि प्रदर्शन गर्न सकेका छैनन्भन्दा अतिशयोक्ति हुँदैन। तिनीहरूको चरित्र, प्रवृत्ति, व्यवहार र शैलीले दलाल पार्टी भन्नु बाहेक अर्को नाम र संज्ञा समीचीन हुन सक्दैन।

अहिले एमाले र माओवादीको गठबन्धनका कुराले नेकांलगायतका केही दलहरू देशमा सर्वहारा वर्गको अधिनायकत्व नै हुने, बहुदलीय प्रजातन्त्र समाप्त नै हुने जस्तो गरी तर्सिरहेका छन्। तर्सिनुको पनि भाँती हुन्छ। दिउँसै देखेको सपनाले रातैभर तर्सिनु हदैको कायरता र केटाकेटीपन हो। यसैबेला एमाले र माओवादीका नेताहरू नेकालगायतलाई नतर्सिन, नआत्तिन सम्भ्राइ बुझाइ पनि गरिरहेका छन्। यी तर्साइ र सम्भ्राइ सुन्दा धेरैलाई हाँसो लाग्न थालेको छ। किनभने केही समय अघिमात्र एमाले र माओवादीको सरकार थियो। तर के देशमा सर्वहारा वर्गको अधिनायकत्व लागू भयो ? त्यसको संकेत र भ्रल्कोमात्र पनि दियो ? नेकाको शासनभन्दा वा नेका-माओवादीको शासनमा भन्दा कहिं कतै नीति र चरित्रगत रूपमा कम्युनिष्ट शासनको भ्रल्को दियो ? सिंहदरबारको कुर्सीमा बस्नेको अनुहारबाहेक ठोस र आधारभूत रूपमा नीति र कार्यक्रममा केही परिवर्तन भयो ? केही पनि भएको थिएन भने अब फेरि एमाले-माओवादीको सरकारबाट

समाजवाद नै ल्याउँछ भनेजस्तो गरी तर्सिनु वस्तुतः सोझालाई दच्काउने र जनतामा भ्रम फैलाउने प्रयासमात्र हो। साँच्चै भन्ने हो भने सर्वहारा वर्गको अधिनायकत्व ल्याउने, समाजवाद ल्याउने जस्ता हल्ला गरेर नेकाले एमाले र माओवादीले उहिल्यै फालेको कम्युनिस्ट मुकुण्डोलाई फेरि भिराउने असफल जमर्को गरिरहेको मात्र हो। नेकाको हल्ला एमाले र माओवादीलाई सिंगार्ने मूर्खतामात्र हो। एमाले र माओवादीको सैद्धान्तिक, वैचारिक पतनलाई उकास्ने चासो नेकालाई किन भएको हो बुझ्न सकिएन। बाघ आयो भन्ने गोठालाको कथामा झैं साँच्चै सर्वहारा वर्गको अधिनायकत्व र समाजवाद आयो भने त्यसमा नेकाको परोक्ष सहयोगलाई धन्यवाद दिन पाइन्थ्यो। तर त्यस्तो अवसर भने पंक्तिकारले असम्भव देखेको छ।

यद्यपि बेलाबखत एमाले र माओवादीका केही नेताहरू एमाले-माओवादी सरकारले समाजवादको कुरा गर्ने गरेका छन्। एमाले भाइ कांग्रेस उहिल्यै बनेको र 'सर्वहारा क्रान्ति' 'साम्यवाद' र 'समाजवाद' को लागि गरेको कथित जनयुद्धको देखावटी नारा, उद्देश्य र लक्ष्य कुनै नालीमा बगाएर माओवादी पनि भाइ कांग्रेस बनेको धेरै वर्ष भइसकेको छ। 'बाह्र वर्षमा खोला पनि फर्किन्छ' भन्ने कथनमा एमाले र माओवादीले समाजवाद ल्याउँछ भनी नेका तर्सेको हो या एमाले र माओवादीले त्यस्तो अभिव्यक्ति दिएर असचेत जमातलाई मनोरञ्जन दिइरहेको हो ? ठम्याउन गाह्रो भएको छ।

हालै कथित जनयुद्धको दिवसमा माओवादीका अध्यक्ष दाहालले समाजवादी क्रान्ति पूरा गर्न एमालेसँग पार्टी एकता गर्न लागेको र एकता आवश्यक भएको अभिव्यक्ति दिएका थिए। झन्डै १० वर्ष भारतमा सुरक्षित बसेर गरेको सशस्त्र विद्रोहले पूरा नभएको, हिजो एमाले र कांग्रेसको सरकारमा बसेर पनि पूरा गर्न नसकेको समाजवादी क्रान्ति 'संशोधनवादी' र 'सैद्धान्तिक-वैचारिक रूपमा पतित' एमालेसँग पार्टी एकता गरेर कसरी पूरा हुन्छ ? त्यसमाथि फोरम र राजपासँग संयुक्त सरकारमा गएर समाजवादी क्रान्ति गर्ने कुराले कसलाई झुक्याउन खोजेको हो ? मूल कुरा त पूँजीवादी सत्ताको झन्डा हल्लाउने जागिर खाएर समाजवादी क्रान्ति हुन्छ कसरी ? त्यसैले सोध्नै पर्ने भएको छ- समाजवाद भनेको के हो ? क्रान्ति भनेको के हो ? साँच्चै रहेछ जसले पायो त्यसले लगाएको समाजवाद अंकित टोपीको अकार बिग्रेको छ, कुरूप भएको छ !

वस्तुतः एमाले र माओवादीले पूँजीवादी सत्तामा गएर पूँजीवादको मात्र सेवा गर्छ। तर साँचो अर्थमा नेका, एमाले र माओवादीले राजनीति शास्त्रमा पढिने पूँजीवादका गुण-दोषमा गुण जति खारेज गरेर दोषलाई मात्र व्यवहारमा उतारेका छन्।

विश्वका धेरै देशमा पूँजीवादी व्यवस्था छ। पूँजीवादका खराबीहरू सर्वत्र विद्यमान छन्। परन्तु देशको अखण्डता र सार्वभौमिकतालाई यति सरल र सहज रूपमा बुझाउने र गुमाउने गर्दैनन्, आफ्नो श्रोत र साधनलाई गर्वसाथ अर्पण गर्दैनन्, आत्मसमर्पणलाई परम धर्म मान्दैनन्, स्वाभिमानलाई यति विघ्न लम्पसारमा परिणत गर्दैनन्। यिनीहरूले आफ्नो बलबुतामा सत्तारोहण गरेको प्रदर्शन कहिल्यै गर्न सकेका छैनन् सधैं विदेशीले बोकेर ल्याई कुर्सीमा बसालेको मात्र झल्को र अनुभव गराएको छ। दण्डहिनता चुलिनबाट कुनै सरकारले रोक्न सकेको छैन। सुन चोर्न नपाएकोमा सुन व्यापारीको, इन्धन चोर्न नपाएकोमा ट्यांकर व्यवसायीको, कृत्रिम अभाव र कृत्रिम मूल्यवृद्धि, मिसावटी र अखाद्य वस्तु उत्पादक र व्यापारीको यात्रु ठग्न नपाएकोमा ट्याक्सी चालकको रजाइँ, व्यापारीको दबाबमा बजार अनुगमन रोक्ने काम खुल्लम खुल्ला भइरहँदा सरकारले आफ्नो अस्तित्व र क्षमता ठोस रूपमा देखाउन सकेका छैनन्। यसरी हेर्दा देशमा निकृष्ट पूँजीवादी व्यवस्थाको घिनलाग्दो चित्रमा दृष्टि गोचर हुन्छ। त्यसैले कहिले काँही लाग्छ देशमा साँचो अर्थमा सरकार कहिले आउने होला ?

यस्तो धरातलीय यथार्थमा एमाले र माओवादीले समाजवाद र क्रान्तिको उच्चारण केवल जनतालाई भ्रम दिनमात्र गरेका हुन् यसमा कसैले शंका नगरे हुन्छ भन्दा के अतिशयोक्ति होला ?


## अशोभनीय र वातावरण प्रदूषण नगर्न अनुरोध

नगरका विभिन्न स्थानमा रहेका खम्बा तथा पोलहरू, मठ-मन्दिरलगायत घरका भित्ताहरूमा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेटहरू टाँस्ने गरेकोले नगरको दृश्य अशोभनीय भई वातावरण प्रदूषण भएको हुँदा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेट टाँस्ने कार्य नगरिदिनुहुन सम्बन्धित स्कूल, कलेज, संघसंस्था तथा उद्योगी, व्यवसायीहरू र विज्ञापन गर्ने अन्य निकायहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# cu}fjs-wftbfqf

रत्नसुन्दर शाक्य

झण्डै एक शताब्दी (सन् १८५१-१९४७) सम्म विदेशिएकी भारतका महान् विभूति सारिपुत्र र मौद्‌गल्यायान महास्थविरको अस्थिधातुलाई अलेक्जेण्डर कनिंघमले लन्डन पुऱ्याएको थियो। त्यसलाई दोश्रो विश्वयुद्ध शुरुहुनुअगाडि सन् १९३८ मा भारतमा फर्काउन 'महाबोधिसभा' का प्रधानमन्त्री देवप्रिय बलि सिन्हा (सन् १९०४-६८) ले प्रयास शुरु गर्नुभएको थियो। तर ब्रिटिश सरकारको स्वीकृति पक्कापक्कीमात्र भएको थियो, सन् १९३९ देखि विश्वयुद्ध शुरु भइहाल्यो। अतः युद्धकाल (सन् १९३९-४५) सम्म पवित्र धातु भारत फर्काउने कुरा बाध्यतावश रोक्नुपऱ्यो। विश्वयुद्ध सकिनासाथ 'महाबोधिसभा' का संस्थापक अनगारिका धर्मपाल (सन् १८६४-१९३३) का एक प्रमुख दया हेवावितारण सन् १९४७ को जनवरी महिनामा लन्डन पुग्नुभयो र २० फरवरी १९४७ का दिन त्यस अस्थिधातु भारत सरकार र महाबोधिसभाको तर्फबाट वहाँले ग्रहण गर्नुभएको थियो।

त्यस अस्थिधातु लिई दया हेवावितारण १४ मार्च १९४७ का दिन कोलम्बो (श्रीलंका) आइपुग्नुभएको थियो। श्रीलंकामा त्यस अग्रश्रावक-धातु ६ जनवरी १९४८ सम्म रहेको थियो। त्यस समयावधिभित्रमा प्रायः सम्पूर्ण श्रद्धावान् सिंहलवासीहरूले त्यस धातुको दर्शन गरेका थिए। धातु आगमनको बेला जुन रूपले भव्यताका साथ स्वागत गरेको थियो, त्यस्तै किसिमले ६ जनवरी १९४८ का दिन भारतको निमित्त धातुको विदाइ भएको बेलामा पनि भव्य रूपमा उत्सव सम्पन्न गरेको थियो।

१३ जनवरी १९४८ का दिन भगवान् बुद्धका दुई प्रधान शिष्य सारिपुत्र र महामौद्‌गल्यायनको अस्थिधातुलाई भारतभूमिले स्वागत गर्न पायो। त्यसदिनदेखि १९ मार्चसम्म ती धातु कलकत्ताको कलेज स्क्वायरस्थित महाबोधिसभाका प्रधान कार्यालयको रूपमा रहेको 'धर्मराजिक विहार' मा विशेषतः कलकत्तावासी श्रद्धावान्‌हरूको निम्ति दर्शनार्थ राखिएको थियो। त्यस पवित्र धातुलाई पं. जवाहारलाल नेहरू त्यही बिहारमा आई दर्शन गर्न आउनुभएको थियो।

२० मार्च १९३९ देखि त्यस धातु विहार सरकारको आग्रहमा बिहार प्रदेशमा ल्याइयो। पहिले राजगृहमा केही दिन राखेपछि विहार प्रदेशको राजधानी पटनामा भएको स्वागत समारोहमा विहार सरकारका तत्कालीन मुख्य मन्त्रीले भन्नुभएको थियो-

'२५०० वर्ष के बाद सारिपुत्र और मौद्‌गल्यायनके पवित्र धातुओंका गृह-प्रत्यावर्तन इस प्रान्त के लिए विशेष रूपसे अभिमान की वस्तु है, क्योंकि यह विहार (नालन्दा) के ही दो सुपुत्रों के धातु हैं, जिन्होने अपने 'धर्म' के प्रकाश से संसारभरको प्रकाशित किया।'

कार्तिक पूर्णिमाको रात सारिपुत्र महास्थविरको परिनिर्वाणको रात थियो, त्यस्तै कार्तिक पूर्णिमा आधुनिक युगमा तथागतको प्रथम धर्मचक्रप्रवर्तनभूमि ऋषिपतन मृगदावन (सारनाथ) मा बनिएको 'मूलगन्धकुटी विहार' को स्थापना (उद्‌घाटन) दिवसको दिन पनि थियो। अतः यस दिनको अवसर लिई तथागतका अग्रश्रावक द्वयको अस्थिधातुको स्वागत भव्य रूपमा सम्पन्न गरेको थियो। यसको निमित्त उत्तर-प्रदेश सरकारले धेरै मदत गरेको थियो। ३ नवम्बरदेखि १४ नवम्बर १९४९ सम्म ती धातु सारनाथमा दर्शन एवं पूजाको निमित्त रह्यो।

सन् १९५० मा अग्रश्रावकका अस्थिधातुले प्रमुखतः ३ राज्यमा यात्रा गरेका थिए-

१. बर्मा सरकारको निमन्त्रणामा ४ फरवरी १९५० का दिन बर्मा लगिएको थियो, यसको निमित्त स्वतन्त्र बर्मा (४ जनवरी १९४८ का दिन) पहिलो प्रधानमन्त्री ऊ थाकिं नु धातु अंगीकार गर्न रंगूनबाट हवाई जहाजद्वारा कलकत्ता आइपुग्नु भएको थियो। 'तीर' नामक जहाजबाट रंगून लगिएको अग्रश्रावकको अस्थिधातुलाई बर्मी सरकार एवं जनताले शानदार रूपमा स्वागत गरेका थिए। त्यस अस्थिधातु बर्मामा साढे दुई महिनासम्म बर्मेलीहरूलाई दर्शनार्थ राखिएको थियो।

२. बर्मा सरकारपछि दोश्रो निमन्त्रण भारतको आरामराज्य (प्रदेश) को बौद्धहरूमा विशेषतः आसामबौद्धसभा (All Assam Buddhist Association) को पूर्ण योग्य व्यवस्था अन्तर्गत आसाम लगिएको थियो।

३. तेश्रो निमन्त्रणा काश्मीरस्थित लद्दाखका बौद्धहरूको आमन्त्रणमा २६ मई १९५० का दिन लेह (Leh) मा लगिएको थियो जहाँ त्यस धातु २४ अगस्त १९५० सम्म दर्शनार्थ राखिएको थियो। त्यसबेला ती धातुलाई बीचमा अवस्थित श्रीनगर र दिल्लीमा पनि राजकीय रूपमा स्वागत कार्य सम्पन्न गरेको थियो।

सन् १९५१ मा विशेषतः दुइवटा राज्यमा अग्रश्रावक धातुको यात्रा गराइएको थियो-

१) तिब्बत र सिक्किम राज्यका प्रमुख एवं लामा गुरुहरूको निमन्त्रणामा २५ फरवरी १९५१ मा धातु त्यसतर्फ पुऱ्याएको थियो, २३ अप्रिल १९५१ सम्म पवित्र धातु ती

राज्यहरूमा अवस्थित थियो ।

२) ६ नवम्बर १९५१ (२० कार्तिक २००८) का दिन तथागतका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविर द्वयको अस्थिधातु काठमाण्डौको हवाई अड्डामा पुऱ्याइयो । दिनको २ बजेतिर अस्थिधातु रहेको हवाईजहाज हवाईमैदानमा ओर्ल्यो । क्रमशः धातुका साथ आउनुभएका महाबोधिसभाका प्रतिनिधि एवं अन्य अतिथिगणहरू पनि देखापर्न थाले । महाबोधिसभाका प्रतिनिधि प्रमुख भिक्षु शीलभद्र महास्थविरको हातबाट अस्थिधातु रहेको सुवर्णमय चैत्य 'सारिपुत्र मोगल्लान पवित्र धातु स्वागत समिति' नेपालका सभापति हुनुभएका श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि.सं. १९६३-२०११) ले श्रद्धाका साथ हस्तगत गर्नुभयो । त्यस पवित्र धातुलाई उचित स्थानमा राखी धातुको स्वागत सलामी एवं ३१ तोपका साथ गरेको थियो । त्यसपश्चात् सुसज्जित मोटरमा राखी अभूतपूर्व यात्राका साथ साढे ३ घण्टा बिताई नारायणहिटी राजदरबारमा पुऱ्याइएको थियो, जहाँ त्यस धातुले दुई रात निवास गरेको थियो ।

८ नवम्बर १९५१ का दिन 'महाबोधिसभा' का प्रधानमन्त्री ब्रम्हाचारी देवप्रिय बलि सिन्हाको तर्फबाट श्री ५ एवं श्री ५ वडामहारानीले पवित्र धातुको दर्शन गर्नुभएको थियो । त्यसपछि मात्र पवित्र धातु सार्वजनिक रूपमा प्रदर्शन वा दर्शन गराउन कान्तिपुर (काठमाण्डौं) को टुँडिखेलमा निर्मित कला पूर्ण रूपमा बनाइएको विशाल मण्डपमा ल्याइएको थियो ।



तस्बिर-लेखक

बुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायन महास्थविरको अस्थिधातु

त्यसदिन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको सभापतित्वमै स्वागत समारोह भएको थियो । संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर संमुख पञ्चशील प्रार्थना गरी शुरुभएको त्यस समारोहमा तत्कालीन प्रधानमन्त्री श्री ३ मोहनशम्शेर, महाबोधिसभाका प्रधानमन्त्री, धर्मोदयसभा प्रधानकेन्द्रका प्रधानमन्त्री भिक्षु महानाम, कम्बोडिया सभाका प्रतिनिधि प्रमुख भिक्षु धर्माराम स्थविर, ग्रीसका राजकुमार प्रीन्स पेटर, इङ्लैण्डका विद्वान् भिक्षु संघ रक्षित, भारतका विद्वान भदन्त आनन्द कौशल्यायन, तानसेनका प्रतिनिधि प्रमुख भिक्षु शाक्यानन्द, कान्तिपुरका प्रतिनिधि प्रमुख भिक्षु सुबोधानन्द र आशाराम शाक्य आदिले दुई-दुई शब्द बोल्नुभएको थियो ।

त्यस समारोहमा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला (सन् १९१४-८२) ले स्पष्ट रूपमा भन्नुभएको थियो-

'भगवान् बुद्ध धर्मको दृष्टिकोणबाट मात्र होइन राजनीतिक दृष्टिकोणबाट पनि एक महान् पुरुष हुनुहुन्छ । जुन किसिमको प्रजातन्त्रको आशा एवं आकांक्षा हामी गर्दछौं, त्यस किसिमको प्रजातन्त्र (गणतन्त्र) रहेको देश वैशालीका वहाँ (बुद्ध) सदा प्रशंसक (विशेष पक्षपाती) हुनुहुन्छ । वैशाली (वज्जी वा लिच्छवी) गणतन्त्रलाई अविच्छिन्न रहिरहन जुन सात अपरिहानीय धर्मको उपदेश दिनुभएको थियो त्यो हामीले पनि अध्ययन, मनन र पालन गर्नुपर्ने अत्यावश्यक देखिन्छ ....

आशा छ, सारिपुत्र महामौद्गल्यायन महास्थविर द्वयको पवित्र अस्थिधातुको प्रभावबाट हामी सबैमा भातृभाव एवं मैत्रीभाव वृद्धि हुनेछ ।'

२३ कार्तिकदेखि एक हप्तासम्म पवित्र धातु आनन्दकुटी विहारमा दर्शनको निमित्त राखिएको थियो । १ मंसिर २००८ का दिन अग्रश्रावक धातु ललितपुरवासी श्रद्धावान्हरूको दर्शनार्थ ललितपुरको नागवहाल (स्वागतस्थल) मा लगियो, जहाँ ३ दिनसम्म धातु प्रदर्शन कार्य सम्पन्न भएको थियो । पहिलो दिन, तत्कालीन युवराज श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको सभापतित्वमा स्वागत समारोह भएको थियो । त्यस दिन ललितपुर स्वागत समितिका प्रमुख धर्मादित्य धर्माचार्य (ने.सं. १०२२-८३) ले 'महाबोधिसभा' का प्रधामन्त्री देवप्रिय बलि सिन्हालाई स्वर्णाक्षरमा अंकित 'एक अभिनन्दनपत्र' चढाउनुभएको थियो ।

४ मंसिर २००८ का दिन पवित्र अस्थिधातु चैत्य सुसज्जित मोटरमा राखी पाटनबाट भक्तपुर ल्याइयो । त्यसदिन दिनको २ बजे नवनियुक्त प्रधामन्त्री मातृकाप्रसाद कोइरालाको सभापतित्वमा एक वृहत् स्वागत समारोह सम्पन्न भएको थियो । भक्तपुरको टौमढी टोल (पाँच तल्ले मन्दिर अवस्थित) मा सम्पन्न भएको त्यस कार्यक्रममा भक्तपुरका श्रद्धावान महानुभावहरूले ५ मार्ग २००८ का दिन मध्यान्हसम्म धातुदर्शन गर्ने सौभाग्य पाएका थिए । दिनको १ बजे धातु बनेपा पुऱ्याइयो । बनेपामा पनि भव्यरूपमा स्वागत एवं दर्शन गराइसकेपछि बेलुकी पवित्रधातु धर्मोदयसभाको शाखा कार्यालय श्रीघ:विहार कान्तिपुर ल्याइयो ।

६ मंसिर २००८ का दिन दिनभर श्रीघ:विहारमा

कान्तिपुरवासीहरूले पुनः धातुदर्शन गर्न पाए।

७ मंसिर २००८ का दिन, मध्यान्हको २ बजे गौचरण हवाईअड्डामा आगमनका बेलामा जस्तै श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले नै पवित्र धातु चैत्य महाबोधि सभाका उपसभापति डा.माधोराम साफटको हातमा अर्पण (जिम्मा) गरिदिनु भयो।

त्यस दिन कान्तिपुरको 'पवित्र धातु स्वागत समिति' को तर्फबाट श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले 'महावोधिसभा' लाई कृतज्ञतास्वरूप एक भव्य बुद्धमूर्ति प्रदान गरी बिदाइ गर्नुभएको थियो।

त्यस दिन धातु आगमनको दिनमा जस्तै सरकारले सार्वजनिक छुट्टी (बिदा) दिएको थियो।

यसको वर्षदिनपछि २९ नवम्बर १९५२ का दिन साँचीमै, जहाँ अग्रश्रावक सारिपुत्र र मौद्‌गल्यायन महास्थविरको अस्थिधातु उत्खनबाट अलेक्जेण्डर कनिंघम र वहाँका मित्र केप्टन एफ.सी.मेसीले भेट्टाउनुभएको थियो, एक अन्तर्राष्ट्रिय संस्कृति सम्मेलन सम्पन्न भएको थियो। उक्त सम्मेलन तत्कालीन भारतका उप-राष्ट्रपति डा.सर्वपल्ली राधाकृष्णन्को सभापतित्वमा सम्पन्न भएको थियो। भारतका तत्कालीन प्रधानमन्त्री पं.जवाहरलाल नेहरू, बर्माका प्रधामन्त्री ऊनु आदि विशिष्ट व्यक्ति एवं बौद्धविद्वान्‌हरूले त्यस सम्मेलनमा साँचीको महत्त्वबारे बोल्नुभएको थियो।

३० नवम्बर १९५२ का दिन त्यहाँ नवनिर्मित 'चेतिय गिरी बिहार' को समुद्‌घाटन पं. जवाहरलाल नेहरूको तर्फबाट सम्पन्न भयो र पवित्र अग्रश्रावक धातु त्यहाँ प्रतिष्ठित गरियो। विशेषतः यसै (पवित्र धातु) को निमित्त त्यस विहारको निर्माण कार्य भएको थियो।

**सन्दर्भ**


१. मनू म्हसिकेगु गय् ?- भिक्षु अश्वघोष, सम्पादक- रत्नसुन्दर शाक्य।

२. अग्रश्रावक सारिपुत्र- मौदगल्यायन तथा साँची-भदन्त आनन्द कौशल्यायन।

३. धर्मोदय- वर्ष ५ अङ्क १-२, कार्तिक-मंसिर २००८।


आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रोलागि हामी आफै सफा गरौं।
सफाइ गर्दा इज्जत घट्दैन बरु
सभ्य भइन्छ र रोगबाट पनि मुक्त हुन्छ।

# हार्दिक समवेदना



**जन्मः**
**वि.सं. १९९२।०१।१० गते**

**निधनः**
**वि.सं. २०७४।१२।१५ गते**

**स्व.नारायणराज जोशी**

भक्तपुर नगरपालिकाका उप प्रमुख रजनी जोशीका श्रद्धेय पिता gf/fo0f/fh hf]zLको ८२ वर्षको उमेरमा असामयिक निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली एवं शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सुनिल प्रजापति, प्रमुख**
**तथा**
**भक्तपुर नगरपालिका परिवार**

# उच्च ओहोदामा महिला र महिला उत्पीडन

प्रकाश र दुर्गा

सबै महिला पीडित होइनन् । त्यस्तै सबै पुरुष पीडक पनि होइनन् । कथित केही महिलावादीहरू पुरुष प्रधान समाजमा महिलाहरू घोर अन्यायमा परेका छन् त्यसैले महिला मुक्तिको नारा लगाउँछन् । त्यसलाई थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले हम्केर, उचालेर पुरुष र महिलाबीच द्वेषको वातावरण बनाइदिएका छन् । विदेशीको निर्देशनमा हतियार उचाल्ने र संघर्ष गर्नेहरूले पनि यसमा घिउ थप्ने काम गरिरहेका छन् । तिनीहरूले वर्गीय समाजलाई होहल्ला गरेर लिङ्गीय समाजमा बदल्ने असफल प्रयास गरिरहेका छन् र त्यसको लागि बालुवामा पानी खन्याएसरह प्रशस्तै युरो, डलर, पाउण्ड, मार्क.... खर्च गरिरहेका छन् । तर पृथ्वी चेप्टो छ, सूर्यले पृथ्वीको परिक्रमा गर्छ भनी जतिसुकै चिच्याए पनि सत्य बदलिन नसके झैं वर्गीय समाजको स्वरूपलाई लिङ्गीय समाजमा बदल्न सक्दैनन् । वर्गीय समाजमा शोषक वर्गबाट शोषित वर्ग पीडित नै हुन्छन् । दुवै वर्गमा पुरुष र महिला छन् । शोषक वर्गका पुरुषको मात्र विरोध गर्ने अथवा शोषित वर्गका महिलाको मात्र मुक्ति खोज्ने भन्ने कुरा आफैमा हास्यास्पद छ । शोषक वर्ग पुरुष, महिला, वृद्ध... जो सुकैबाट शोषित वर्गका पुरुष, महिला, बाल-वृद्ध... को मुक्ति खोजिनुपर्छ, मुक्ति संघर्ष आवश्यक हुन्छ । त्यसैले महिला मुक्तिको होइन वर्गीय मुक्तिको संघर्ष र आन्दोलन समयको माग हो ।

महिला मुक्ति वा नारी मुक्तिको नाममा नेपालमा अर्बौं अर्ब रकम खर्च भइरहेको छ, डलरखेती गर्नेहरूले अकुत सम्पत्ति जोडिसकेका छन् । तर छाउपडी, बोक्सी जस्ता अन्धविश्वासले आज पनि समाज आक्रान्त छ । यसमा पीडित महिलाको सङ्ख्या प्रशस्तै छन् भने पीडकमा पनि महिला कै सङ्ख्या उच्च छ । पीडित महिला र पीडक महिलामध्ये ती डलरखेती गर्ने कथित महिलावादीहरूले कुनचाहिं महिलाको मुक्तिको कुरा गरेका हुन् ?

समय र समाजको माग र आवश्यकताको दृष्टिले हेर्ने हो भने राज्यले महिलाहरूलाई शिक्षा र तालिमबाट सक्षम बनाई आफ्नो खुट्टामा उभिनसक्ने बनाउनु प्रथम कार्य देखिन्छ । सम्पत्तिमा हक खोज्ने भनेको धनी परिवारको कुरा हो, गरिब आमाबाबुका छोरीको लागि त्यो 'बेल पाकेर कागलाई हर्ष न बिस्मात' हो । त्यसैले पाँचतारे होटल र रिसोर्टहरूमा गरिने महिला मुक्तिका गफ अचेल गाईजात्राको अर्को दृष्य हुन थालेको छ । त्यस्ता गफभन्दा शोषित-पीडित महिलाहरूले टोल, चोक, चोटामा गर्ने कार्यक्रम सार्थक देखिनथालेका र भएका छन् ।

वर्गीय समाजलाई लिङ्गीय समाजमा बदल्न वर्ग संघर्षलाई लिङ्गीय संघर्षमा रूपान्तरण गर्न डलरखेती गर्नेहरूले नीति निर्माण थलोमा महिलाहरूको उपस्थितिलाई जोडदिने गरेका छन् । सतही दृष्टिले त्यसलाई अन्यथा लिन मिल्दैन । परन्तु राज्यको नीति निर्माण गर्दा पुरुषलाई बाहेक गरेर महिलाहरूको लागि मात्र छुट्टै नीति बनाउँदा समाजमा थप भाँडभैलो मच्चिने छ । पुरुष राज्य र महिला राज्यको सिर्जना हुन्छ । राज्यका नीति जात, लिङ्ग, वर्ण हेरेर बनाइँदैन र बनाउनु पनि हुँदैन । राज्यको नीति सबै जनताको लागि हुनुपर्छ । अन्यथा त्यो अप्रजातान्त्रिक हुन्छ, विभेदकारी हुन्छ ।

नेपालमा गणतन्त्र आएपछि विश्वमै चर्चा हुने गरी महिलाहरू उच्च ओहोदामा आसीन भएका छन् । राष्ट्राध्यक्ष अर्थात् राष्ट्रपति महिला, राज्यका दुई महत्त्वपूर्ण अङ्ग व्यवस्थापिका-संसदमा महिला सभामुख र न्यायपालिकाको सर्वोच्च आसनमा पनि महिला । तर उच्च ओहोदामा पुग्दैमा आम महिलाको समस्या समाधान हुने गर्दैन भन्ने कुरा बितेका वर्षले प्रमाणित गरिसकेको छ । सर्वोच्च अदालतका पूर्व-प्रधानन्यायाधीश सुशीला कार्कीले राजनीति गर्न मिल्दैन, तिनले न्याय सम्पादनमै कार्यकाल बिताए । यद्यपि, चेलीबेटी बेचबिखन, बलात्कारी, बोक्सी भनी यातना दिनेलाई सम्झन लायक सजाय तोकेको भए उनको कार्यकाल सदा स्मरणीय हुन्थ्यो । तर महिला राष्ट्रपति र महिला सभामुख त राजनीतिक क्षेत्रबाटै आएका हुन् । तिनीहरूले आफ्नो उच्च ओहोदाको पदको शक्तिलाई महिला उत्पीडनविरुद्ध ठोस र अनुभूति हुने गरी प्रयोग गरेको कतै दृष्टिगोचर भएन । उच्च ओहोदामा महिला केवल नामको लागि भयो कामको लागि भएन । यसबाट के स्पष्ट भयो भने वर्गीय समाजमा लिङ्गीय उच्चाधिकारीले मात्र कुनै ठोस उपलब्धि प्राप्त हुँदैन, वर्गीय चेतना भएको महिला वा पुरुष नै आवश्यक हुन्छ ।

राज्य संयन्त्रमा महिलाहरूको उपस्थिति स्थानीय तह, प्रदेश सभा र संसदमा उल्लेखनीय रूपमा बढेको छ । कानुनी व्यवस्था पनि भएकोले स्थानीय तहमा महिलाहरूको

उपस्थिति ४० प्रतिशत पुगेको छ। यसमा नपा प्रमुख र गापा अध्यक्षमा १८ जना, उपप्रमुख-उपाध्यक्षमा ७ सय जना, वडाध्यक्षमा ६२ जनाका साथै महिला वडा सदस्यहरू गरी कूल १४ ,३५३ जना रहेका छन्। त्यस्तै सातवटै प्रदेश सभाका ५५० सदस्यमा प्रत्यक्षबाट १७ जनासहित १९३ जना अर्थात ३५ प्रतिशत महिला पुगेका छन्। प्रतिनिधि सभामा प्रत्यक्षबाट ६ जनासहित ९० जना र राष्ट्रिय सभामा २२ जना गरी ११२ जना अर्थात ३३ प्रतिशत महिला संघीय संसदमा पुगेका छन्। यदि महिलाहरूले आफूलाई हात उठाउनमा सीमित नराख्ने हो, विगतमा झैं गैरसरकारी संस्थाको निमन्त्रणामा संसद बैठकबाट हा.टा. नगर्ने हो र केही गर्नुपर्छ भन्ने अठोट लिने हो भने केही होइन धेरै काम गर्ने अवसर समयले दिएको देखिन्छ।

उच्च ओहोदामा, कानुन निर्माण गर्ने थलोमा र प्रशासनमा पुगेका महिलाहरूले कम्तीमा छाउपडी, बोक्सी, किशोरी आमा, बाल विवाह, छोरा नपाएको जस्ता समाजमा विद्यमान महिला उत्पीडन र अन्यायका घटना उन्मूलन वा न्यूनिकरणमा ठोस योगदान दिने अपेक्षा छ।

## छाउपडी

कुनै नारी सन्तान उत्पादन गर्न योग्य भएको चिन्ह वा लक्षणको रूपमा रजस्वला हुन्छ। यो मानव जातिका नारीमा हुने प्राकृतिक प्रक्रिया हो, कुनै देवी-देवताको श्राप वा आशीर्वाद होइन।

महिलाको डिम्बाशयमा भएका डिम्बहरूमध्ये परिपक्व डिम्ब हरेक महिना पाठेघरमा पुग्छ र केही दिनपछि मर्छ। मरेको डिम्ब शरीरबाट बाहिर फाल्न प्राकृतिक रूपमा रक्तस्राव हुन्छ। त्यसैलाई महिनावारी, रजस्वला, नछुने भनिन्छ। यसलाई स्थानअनुसार फरक-फरक नाम पनि दिइएका छन्- जस्तै छाउपडी, छुई, छाउ ... आदि।

डिम्बाशयबाट निस्केको परिपक्व डिम्बसँग पुरुषको शुक्रकीटको मिलन भएमा गर्भधारण गर्छ र सामान्यतया ९ महिनामा नवजात शिशुको रूपमा जन्मिन्छ। गर्भधारण भएमा रजस्वला हुँदैन।

हाम्रा मावि तहका विद्यार्थीहरूले रजस्वला, गर्भधारण, छोरा या छोरी हुने प्रक्रिया आदिबारे पढेका छन्। तर समाजमा विशेषगरी पश्चिम नेपालमा छाउपडीबारे गलत धारणा अझै डरलाग्दो रूपमा विद्यमान रहेको छ। त्यसले महिलाहरूलाई प्रकृतिले दिएको वरदान समाजमा विद्यमान अन्धविश्वास, कुसंस्कार, न्यून चेतनास्तरको कारण अभिशाप बनिरहेको छ। साँच्चै भन्ने हो भने हाम्रो राजनीतिक आन्दोलन, सशस्त्र विद्रोह, 'अद्वितीय' र 'सर्वोत्कृष्ट' भनिएका संविधान र व्यवस्था असफल भएको; कानुन अक्षरमात्र वा देखावटी तथा प्रशासन निरीह भएको दृष्टिगोचर भइरहेको छ। शिक्षा नीतिले ज्ञान र चेतना दिन र विकास गर्न नसकेको, यस विषयका डलरखेती गर्नेहरू असफल भएको प्रमाण पनि दिइरहेको छ। त्यस्तै छोरा नजन्माएको भन्दै महिलाहरूमाथि यातना र अत्याचारका घटना त नेपालका यत्रतत्र गाउँ र शहरबाट आउने गरेको छ। विज्ञानले के प्रमाणित गरिसकेको छ भने महिलाको डिम्बमा छोरी हुने गुणमात्र छ, छोरा हुने गुणयुक्त शुक्रकीट पुरुषसँग मात्र हुन्छ। त्यसैले छोरा नजन्माएको दोष महिलामाथि लगाउनु सर्वथा अनुचित छ। छोरा नजन्मिनुको दोष वा कमजोरी केवल पुरुषको हो वा संयोग नहुनु हो।

शिक्षाको विकास, युगले कोल्टे फेरिसकेको, चेतना विकासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू दसकौंदेखि लागेको, ऐन-कानुन विद्यमान रहे पनि छाउपडी र छोरा नजन्माएको कुराले अपराधका घटनाहरू घटेका छन्। यो दुःखद्मात्र होइन सभ्य भनिएका मानव जातिको असभ्यताको परिचय पनि हो।

## बालविवाह र किशोरी आमा

'विहेवारी बीस वर्ष पारी' नारा देशमा घन्केको धेरै दशक भइसकेको छ। तर बालविवाहको समाचार अझै व्यापक रूपमा आइरहेको छ। ऐन-कानुनको अस्तित्व र औचित्य सावित हुन सकेको छैन। त्यसैको परिणाम किशोरी आमा अर्थात् १५ देखि १९ वर्षका महिलाहरू सहरमा १३ प्रतिशत र गाउँमा २२ प्रतिशत रहेको तथ्याङ्क प्रकाशमा आएको छ। सरदर १७ प्रतिशत किशोरी आमा रहेको बताइएको छ। स्वास्थ्य विज्ञानले महिला २० वर्ष पुगेपछि मात्र प्रजनन् अङ्ग परिपक्व हुने ठहऱ्याएको छ। तर धार्मिक, सांस्कृतिक, सामाजिक आदि कारणले किशोरी आमाहरूको सङ्ख्या अझै डरलाग्दो रहेको छ।

## बोक्सी

बोक्सीको आरोपमा नारी दिवसकै दिन कैलालीका एक किशोरी राधा चौधरीमाथि भएको बर्बर यातनाको घटनाले नेपाली समाज उद्‌विग्न र आक्रोशित भएको छ। त्यस्ता घटना देशका विभिन्न भागमा प्रशस्तै भएका छन् र हरेक पटक आक्रोशित भएका छन्। तर अन्धविश्वासमा कमी आएको छैन, ढोँगीहरूको व्यवसायमा कमी आएको छैन, अपराधीहरू डराएका छैनन्। अर्को शब्दमा कानुन र प्रशासनले ढोँगी ठगहरूलाई सचेत पार्न, निरुत्साहित बनाउन र तर्साउन सकेको छैन।

यदि राधा चौधरी साँच्चै बोक्सी भएको भए, तन्त्र-

मन्त्रले कसैलाई दु:ख-पीडा दिन सक्ने भए गाउँ-समाज अगाडि घण्टौं बर्बर यातना किन सहेर बस्थिन् ? फू मन्तर गरेर जे पनि गर्न सक्थिन् । यस्तो घटनामा कुनै पनि आरोपित महिलाले विवशताका साथ किन गुहु-मुत मुखमा कोचाउँथिन् ? किन निर्वस्त्र घिसारिन, लतारिन बाध्य हुन्थिन् ?

त्यस्तै चेलीबेटी बेचबिखन, बलात्कारीका अपराधीहरू पनि उत्साहितबाहेक निरुत्साहित भएको कतै दृष्टिगोचर भएको छैन । यी अपराधमा नाबालकदेखि वृद्ध महिलाहरू समेत शिकार भएका छन् ।

हाम्रा मन्त्री, सांसद, न्यायमूर्ति, प्रहरी-प्रशासनका उच्चाधिकारीलगायत पदअनुसारको सुविधा अन्तर्राष्ट्रिय स्तरको खोज्छन् तर समाजको अवस्था दयनीय छ । कतिपय सन्दर्भमा जंगली र असभ्य नै रहेको छ । ती पदाधिकारीहरूले आफ्नो पदीय हैसियत अपराधीहरूलाई बचाउन र संरक्षण गर्नमा दुरूपयोग गरेका घटना पनि यथेष्ट देखिएका छन् । यस्तो स्थितिमा महिलाहरूको दयनीय अवस्थामा सुधार हुने कुरा कसरी सम्भव हुन्छ ? जबसम्म अपराधको प्रकृतिअनुसार मृत्युदण्डसम्मको कठोर सजायको बन्दोबस्त गरिंदैन यस्ता अपराध न्यूनीकरणको अपेक्षा केवल मृगतृष्णामात्र हो । प्रजातन्त्रपछि 'लोकतन्त्र', अझ गणतन्त्र आए पनि अन्धविश्वास, असभ्यता, अमानवीय, कुसंस्कार, कुरीतिजनित अपराध नियन्त्रण हुने छैन र त्यस्तो अपराध व्यहोर्नु समाजको नियति हुनबाट कदापि रोकिने छैन । यस तथ्यतर्फ 'शक्तिशाली' सरकारको गम्भीर ध्यानाकर्षण हुने, राज्यले दायित्व र कर्तव्य बुझ्ने र उच्चलगायत विभिन्न निकायमा पुगेका महिलाहरूले चिन्तन गर्ने अपेक्षा छ । हाम्रा चेलीहरू बोक्सीको नाममा बर्बर यातना भोग्न, छाउपडीको नाममा सुंगुर नअट्ने गोठमा कोच्चिन, देशी-विदेशी कोठीमा बेचिन, बलात्कृत हुन, बालविवाह र किशोरी आमा हुन जन्मिएका होइनन् ।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

व्यासी, भक्तपुर-२

## घरजग्गा कर तथा नक्सा पास दस्तुरमा छुट सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

आ.व. २०७३।०७४ देखि घरजग्गा करको रकम वृद्धि भई कर तिर्न समस्या परेको भनी नगरवासीहरूबाट पटक पटक व्यक्त भएको गुनासो समेतलाई मध्यनजर गरी भक्तपुर नगरभित्रका सबै घरधनी नगरवासीहरूलाई घरजग्गा करको दायरामा ल्याई नगरको सरसफाइ तथा विकास निर्माणमा योगदान पुऱ्याउन यस भक्तपुर नगरपालिकाको प्रथम नगर सभाबाट यसै आ.व.२०७४।०७५ देखि लागू हुने गरी प्रत्येक आ.व.को घरजग्गा कर सोही आ.व. मा बुझाउनेको हकमा लाग्ने करको **५० प्रतिशत छुट** दिने निर्णय भएकोले हरेक वर्षको घरजग्गा कर सोही वर्षमा बुझाई छुटको सुविधा उपयोग गर्न नगरवासीहरूमा नगरपालिका पुन:अनुरोध गर्दछ ।

साथै भूकम्प पीडितको घर नक्सापासमा सम्बन्धित कित्तामा घर बनाउँदा मात्र दिइएको छुट सुविधामा सम्बन्धित कित्ताका धनीहरू भिन्न भई नगरका अरु स्थानमा छुट्टाछुट्टै घर बनाएको हकमा समेत साविक क्षेत्रफलका आधारमा एकपटकको लागि उल्लेखित **नक्सा पास दस्तुरमा छुट** दिने निर्णय भएको व्यहोरा समेत सम्बन्धित नगरवासीहरूको जानकारीको लागि पुन: अनुरोध गरिएको छ ।

पुनश्च: उल्लेखित घरजग्गा करको छुट सुविधा घर र जग्गाको सरकारी मूल्याङ्कनको जोडबाट आउने कूल मूल्यमा ४ करोडसम्म मूल्य भएका घरधनीलाई मात्र प्रदान गरिएको साथै हरेक आर्थिक वर्षको कर सोही वर्ष नबुझाए छुट सुविधासमेत प्राप्त नहुने अझ थप १०% हर्जानासमेत लाग्ने भएकोले प्रत्येक वर्षको घर जग्गा कर आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन अनुरोध गरिन्छ ।

# ; f+s[t s / wfld{s kj{la:sf] hfqfsf] /fhgLlts kIf



सह प्रा.डा. बलराम कायस्थ


**सार**

बिस्केट जात्रा प्रत्येक वर्ष मेष सक्रान्तिलाई केन्द्रबिन्दु बनाई मनाइँदै आइरहेको भक्तपुर भेकको एउटा प्रख्यात जात्रा हो । यस जात्रा सम्बन्धमा मानिसहरूमा अनेकथरीका किम्बदन्ती पनि प्रचलित छन् । तर कतिपय त्यस्ता किम्बदन्तीमा कुनै सत्यता नरहेको तथ्य हालसम्को अध्ययनहरूबाट स्पष्ट भइसकेको छ । यथार्थमा बिस्केट जात्रा के हो भन्ने सम्बन्धमा यसलाई एउटै कोणबाट मात्र हेरेर सही अर्थमा यसको व्याख्या विश्लेषण हुन गाह्रो छ । यसका लागि विभिन्न पक्षहरू जस्तो धार्मिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि पक्षबाट पनि अध्ययन, विश्लेषण हुनु जरुरी छ । धार्मिक दृष्टिकोणबाट हेर्दा यो जात्रा भक्तपुर नगरका प्रमुख देवता भैरव र उनको शक्ति भैरवीको जात्रा रहेको कुरा दृष्टिगत हुन्छ । त्यस्तै तान्त्रिक स्तरमा हेर्दा यो जात्रा दुवै बीचको आपसी समागमको प्रतीक अर्थमा लिन सकिन्छ । आम जनसमुदायको मनोरञ्जनका लागि यो जात्राको भूमिका रहेको देखिन्छ । यसै गरेर राजनीतिक स्तरमा सुरुदेखि नै यो जात्रा राजा प्रजाबीचको सुमधुर सम्बन्धको द्योतकको रूपमा रहेको थियो । यद्यपि जनताको ध्यान राजनीतिक विषयवस्तुबाट मोड्नका लागि धर्मका नाममा यस्ता जात्रा उत्सवहरू प्रचलनमा ल्याइएका हुन् भन्ने भनाइहरू पनि यदाकदा देखिन्छ । तर भक्तपुरको सन्दर्भमा यहाँ राजा र प्रजाबीचको सम्बन्ध सदैव सुमधुर र आत्मीय रहेको कुरा अनेक ऐतिहासिक प्रसङ्गले स्पष्ट पार्दछ । बिस्केट जात्रामा त्यही आत्मीय सम्बन्ध पनि उजागर हुने गर्दथ्यो । जात्रा पर्वको धार्मिक वा सांस्कृतिक महत्त्वमात्र प्रमुख नभई त्यसको राजनीतिक पक्ष पनि उत्तिकै हुने हुँदा बिस्केट जात्राको राजनीतिक विश्लेषण प्रस्तुत लेखमा गरिएको छ ।


## मल्लकालको सन्दर्भ

बिस्केट जात्रा र यससँग सम्बन्धित विविध सांस्कृतिक क्रियाकलाप भनेका ऐतिहासिक विशेषताका प्रतीक हुन् । यसप्रकारका पुराना सांस्कृतिक उत्सवमा मल्लकालीन संस्कृतिको विस्तृत संरचना र रूप पाइन्छ । यद्यपि बिस्केटमात्र नभएर भक्तपुरका प्रायःजसो चाडपर्व जात्राहरू मल्लकालीन संस्कृतिका उपज हुन्, जसको उत्थान, संरक्षण, सम्बर्द्धन आदिमा तात्कालीन समयका शासकहरूको ठूलो देन रहेको पाइन्छ । बिस्केट जात्रालाई पनि दुई दिनबाट बिस्तार गरी नौ दिनसम्म मनाउने विस्तारित संस्कृतिको रूप दिनु मल्ल राजाहरूको कार्य थियो । यसमा विशेष गरेर विश्व मल्ल, जगज्योर्तिमल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्ल आदि मल्ल राजाहरूको नाम उल्लेखनीय छ । तिनले यो जात्रा सञ्चालनार्थ विविध प्रकारका व्यवस्था बाँधेर गएका थिए । हालसम्म पनि यो जात्रा राज्यस्तरमा संरक्षित रहेको छ ।

वस्तुतः स्थानीय समाजका ब्राम्हणदेखि शुद्रवर्गसम्मका मानिसहरूको सक्रिय सहयोग र सहभागिताले मात्र यो जात्रा चलेको जस्तो देखिए पनि यथार्थमा यसमा शासकवर्गको पनि अहम् भूमिका रहेको तथ्य जात्राका विधिविधानहरूको अध्ययनबाट थाहा हुन्छ । यसकासाथै अर्को दृष्टिकोणबाट हेर्दा यसलाई राजा र प्रजाबीचको सुमधुर सम्बन्धको प्रतीकको



बिस्केट जात्राको एउटा दृष्य

रूपमा पनि लिन सकिन्छ। वास्तवमा भक्तपुरमा राजा र प्रजाबीच मल्ल राज्यकालभरि नै सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको थियो भन्ने कुरा अनेक प्रसङ्गले पुष्टि गर्दछ। जस्तै– राजा जगतप्रकाश मल्ल (वि.सं. १७००–१७२९) ले 'म र चन्द्रशेखर (मन्त्री) बीच कुनै भेद छैन'[१] भनी लेखेका थिए। अनि जगतचन्द्रको नामबाट राजा र मन्त्रीले संयुक्तरूपमा राखेर गएका अनेकौं कीर्तिहरू आज पनि यत्रतत्र भेटिन्छन्। [२] त्यतिबेला धर्म र पुण्यको काम होस् वा विकास निर्माण सम्बन्धी काम वा राज्यमाथि आइपरेको संकट निवारण गर्नुपर्‍यो भने राजाहरूले स्थानीय जनताको सल्लाह, सुझाव र सहयोग लिने गर्दथे। यस्तो सुमधुर सम्बन्ध मल्लकालको अन्तिम समयसम्म पनि कायम रहेको थियो भन्ने कुरा निम्न प्रसङ्गले अझ स्पष्ट पार्दछ। जस्तो–

गोर्खाली फौजको आक्रमणले गर्दा शरणागत हुन आएका छिमेकी राज्य कान्तिपुर र ललितपुरका राजाहरूलाई शरण दिने कि नदिने भन्ने बारेमा स्थानीय जनताको राय मागिएको र अन्त्यमा जनताकै सल्लाह, सुझावबमोजिम ती राजाहरूलाई शरण दिइएको तथ्य ऐतिहासिक प्रमाणहरूबाट थाहा हुन्छ।[३] यसरी राजाले जनताको भावनालाई कदर गर्ने अनि जनताले पनि राजाको हरेक कदममा कदम मिलाएर साथ दिँदै आएकोले भक्तपुरमा जनप्रिय शासन चलेको थियो। यही सुमधुर सम्बन्धको प्रतीक अर्थमा यस जात्रालाई लिने गरिन्छ। जात्राको बेला आज पनि राजाको प्रतीक खड्ग (तरवार) र जनप्रतिनिधि (मन्त्री) को प्रतीक एक ब्राम्हण रथमा नराखी रथजात्रा औपचारिक रूपमा सञ्चालन नहुने परम्परा दृष्टिगत भएबाट यस तथ्यको पुष्टि हुन्छ।[४] यसरी राजा र प्रजा दुवैको सहयोग र सक्रिय सहभागितामा यो जात्रा चल्दथ्यो।

मल्लकालमा बिस्केट जात्रामा देशवासीहरूलाई सरिक हुन राज्यको तर्फबाट जात्रा सुरु हुनुभन्दा केही दिन अघिबाटै आह्वान गरेर जात्रालाई सकेसम्म रोमाञ्चकारी, उत्साहपूर्ण बनाउने प्रयास गरिएको हुन्थ्यो।[५] यसबाट जात्रामा बढीभन्दा बढी जनसहभागिता जुटोस्, जात्रा समयमा नै सम्पन्न होस् भन्ने मनसाय राज्य वा तात्कालीन शासक वर्गको रहेको बुझिन्छ। मनोरञ्जनका अन्य साधनहरू उपलब्ध नभएको तात्कालीन समाजमा यस्ता जात्रा उत्सवहरूमा बढी सङ्ख्यामा स्थानीय बासिन्दाहरूलाई सहभागी गराएर जात्रा समयमा नै सम्पन्न गराई मनोरञ्जन दिनु र दिलाउन खोज्नु अस्वाभाविक त लाग्दैन तर त्यसभन्दा पनि महत्त्वपूर्ण र गम्भीर कुरा के अनुमान गर्न सकिन्छ भने त्यसबेला यहाँको ठूलो जनशक्ति भनेको किसान समुदाय नै थियो, अझै छ। तिनीहरू सदैव खेतीकिसानी मै व्यस्त हुने गर्थे। खेतीपातीको काम सकिएपछि तिनीहरू अन्य कुराहरूमा नलागोस् खास गरेर राजनीतिक कुराहरूमा नलागून्, सहज किसिमले शासन (राज्य) चलाउन सकियोस् भनी समाजको ठूलो जनशक्तिको रूपमा रहेको किसान समुदायलाई धर्मको आड लिई यस्ता सांस्कृतिक क्रियाकलापमा व्यस्त राख्नु पर्ने जरुरत राज्य वा शासक वर्गमा रहेको सहज अनुमान गर्न सकिन्छ। यसैकारण जात्राका निम्ति राज्यमा रहने हरेक वर्गलाई एउटा–एउटा जिम्मेवारी सुम्पिएको हुन्थ्यो। जहाँसम्म छिमेकी राज्यका जनताको यस जात्रामा सहभागिताको प्रश्न छ, त्यसमा के देखिन्छ भने आफ्ना आफन्त, नातेदार कहाँ बिस्केट चाड मान्न वा जात्रा हेर्न यस अवसरमा वरपरका राज्य वा नेवार बस्तीका बासिन्दाहरू भक्तपुर आउने गर्दथे र रमाइलोसँग जात्रा मानेर फर्कने गर्दथे। तर कहिलेकाहीं के हुन्थ्यो भने यदि राजनीतिक मामलामा एउटा राज्य र अर्को राज्यबीच अर्थात् मल्ल राजाहरूबीच परस्परमा वैमनस्यता र शत्रुता चलेको छ भने त्यसबेला अप्ठेरो स्थिति पनि आइपर्ने गर्दथ्यो। आफन्त कहाँ बिस्केट चाड मान्न आउने वा जात्रा हेर्न आउने छिमेकी राज्यका जनतालाई भक्तपुर प्रवेशमा कुनै प्रकारको रोकटोक त गरिँदैनथ्यो तर शत्रु राज्यका मानिस भन्ने थाहा पाएपछि थुनेर राखी दुःख दिने गरिन्थ्यो भन्ने कुरा ऐतिहासिक सामग्रीहरूबाट थाहा हुनआउँछ।[६] यससन्दर्भमा मल्लकालको अन्तिम समयतिर घटेको एउटा घटना यहाँ उल्लेख गर्नु प्रासांगिक हुनेछ–

एकपल्ट कान्तिपुरका केही युवाहरू नववर्षको अवसरमा भक्तपुरको बिस्केट जात्रा हेर्न भक्तपुर आएछन्। तर राजा रणजित मल्लले तिनलाई आफूले लगाएको लुगा र गहनाको साह्रै अभिमान भएको दोष लगाई पक्रेर थुनामा राखे। तर पछिबाट जयप्रकाश मल्लले रिसाएर भक्तपुरमाथि आक्रमण गर्ने धम्की दिएपछि ती केटाहरू थुनामुक्त गरिए। यसघटनाको बदला स्वरूप ७ महिनापछि जयप्रकाश मल्लले पनि बालाचतुर्दशी पर्वका बेला सद्बीज छर्न पशुपति आएका केही भक्तपुरेलाई पक्रेर थुनिराखेका थिए। पछि भक्तपुरले क्षतिपूर्ति तिरेपछि तिनलाई थुनामुक्त गरियो।[७] यसरी मल्ल राजाहरूको आपसी वैमनस्यताले गर्दा तात्कालीन परिस्थितिमा जात्रा पर्व मान्न आउने/जाने सर्वसाधारण जनताले समेत दुःख पाउने गर्दथे भन्नेकुरा थाहा पाइन्छ।

त्यस्तै मल्ल राजाहरूबीच संग्राम पर्दाखेरि पनि यस जात्रामा प्रत्यक्ष असर पारेको थियो भन्ने तथ्य ने.सं.७८३ (वि.सं. १७२०) को बिस्केट जात्राको घटनाले पुष्टि गर्दछ। यहाँनेर स्मरणीय कुरा के छ भने बिस्केटको लिङ्गोजात्रा

मूल नगरभन्दा बाहिर खोलावारी चुपींघाट (ल्योसींखेल) मा हुने गर्थ्यो। तर त्यतिबेला नगरबाहिर अर्थात् खोलापारी कान्तिपुर र पाटनका राजाहरू प्रताप मल्ल र श्रीनिवास मल्ल आफ्ना फौज लिएर बसेका थिए। उनीहरूले आफ्नो आज्ञा नभएसम्म जात्रा गर्न पाइँदैन भनेर बाधा पुऱ्याए। यसैले लिङ्गो उभ्याउन सकिएन। भैरवको रथ पनि लिङ्गो जात्रास्थल पुऱ्याउन सकिएन। गाःहिटी (जात्रामार्ग) मै देवतालाई तल झिकेर व्यक्ति विशेषको घरको पेटीमा राखेर पूजा गरियो। फेरि कान्तिपुर र पाटनको फौजको घेरावन्दीले गर्दा बाहिर जान नसकिएको र देशभित्र (नगरभित्र) राँगो उपलब्ध नभएकोले बोका बलिदिई गुथियारहरूलाई सम्हेय् बजी ख्वाएर (जात्रा हुन नसके पनि) बिस्केट सम्पन्न गरिएको कुरा थाहा हुन आएको छ।[८] यताबाट मल्लकालमा एकपटक छिमेकी राज्यहरूको आक्रमणले गर्दा भक्तपुरमा बिस्केट जात्रा हुन नसकेको तथ्य थाहा हुन आउँछ।

## शाहकालमा जात्राको सन्दर्भ

मल्लकालपश्चात् बिस्केट जात्रामा महत्त्वपूर्ण परिवर्तनहरू देखापऱ्यो। पहिले मल्ल राजाहरू आफै जात्रामा सरिक भई जात्रा सञ्चालन गर्न निर्देशन दिई जात्रालाई व्यवस्थित र मर्यादित ढङ्गबाट सम्पन्न गर्ने गरिन्थ्यो तर अब भक्तपुर स्वतन्त्र राज्य नरहेपछि यस जात्राको सञ्चालन केन्द्र (राजधानी काठमाडौं) बाट हुन थाल्यो। गोरखाका राजा पृथ्वीनारायण शाहको उपत्यका विजयपश्चात् समग्र नेपालको राजधानी काठमाडौं र राजदरबार हनुमानढोका बन्न पुग्यो। यसपछि भक्तपुरमा वर्षेनी हुने यस जात्रामा राजाको प्रतीक स्वरूप मान्य खड्गलाई हनुमानढोका दरबारबाट भक्तपुर पठाउन थालियो। त्यही राजकीय खड्गले जात्राका प्रमुख विधिविधानहरूमा राजाको प्रतिनिधित्व गर्ने परम्परा प्रचलनमा आउन थाल्यो।[९] यसकासाथै यसजात्रासँग सम्बन्धित देवदेवीका पूजाआजामा पहिले मल्ल राजाहरू स्वयं सहभागी हुने गर्दथे।[१०] अब त्यो परम्परा पनि रोकियो। मुख्य महत्त्वपूर्ण कुरा मल्लकालमा यो जात्रा जसरी र जुन विधिले सञ्चालन हुने गरेको हो सोही मुताविकमात्र गर्ने गराउने निर्देशन दिइयो। यसबाट के कुरा स्पष्ट हुन्छ भने उपत्यकाको नेवार कला संस्कृति आफ्नो नभएकोले त्यसको प्रवर्द्धन र समुन्नतिमा पनि शाह राजाहरूले खासै दिलचस्पी देखाएको पाइँदैन।[११] यसैअनुरूप यस जात्राप्रति तिनको विशेष चाख पनि थिएन, विरोध पनि थिएन भन्ने कुरा थाहा लाग्दछ। तर त्यसो भएपनि उपत्यकाका अन्य प्रमुख जात्राहरूमा जस्तै भक्तपुरमा वर्षेनी हुने बिस्केट जात्राको सांस्कृतिक परम्परालाई थामेर राख्ने कुरामा शाहवंशीय राजाहरूले पनि केही योगदान दिएका थिए भन्ने कुरा ऐतिहासिक प्रमाणहरूले स्पष्ट पार्दछ। उदाहरणार्थ बिस्केट जात्रामा फहराइने विश्वध्वजा वा वीरध्वजा पुरानो भएर जीर्ण हुँदा नयाँ ध्वजा फेर्ने कार्य, भैरव-भद्रकालीको रथ निर्माणका लागि आवश्यक पर्ने काठपात उपलब्ध गराउने, भूकम्पलगायतका कारणबाट जात्राका प्रमुख देवता भैरवनाथको मन्दिर पुरानो भई भत्किंदा त्यसको मर्मत सम्भार, जीर्णोद्धार, पुनःनिर्माण आदि कार्यहरू गर्ने, समग्र बिस्केट जात्राको सञ्चालन गुथि व्यवस्थामार्फत गर्ने जस्ता कामहरू शाहकाल (राणाकाल) मा पनि भएका थिए भन्ने तथ्यहरू भैरवनाथ मन्दिरमा रहेका शाह राजाहरूका स्वर्ण पत्र, ताम्रमपत्र, ध्वजा अभिलेखहरूबाट थाहा हुन आउँछ।[१२] विक्रम संवत् १८२४ को इन्द्रजात्राको दिन कान्तिपुर विजय गरी त्यहाँको गद्दी आरोहण गरिसकेपछि गोरखाका राजा पृथ्वीनारायण शाहले सो जात्रा उत्सव नरोकी पूर्ववत् रूपमा नै चलाउन दिएर पराजित नेवार जनताको सांस्कृतिक परम्परालाई निरन्तरता दिए।[१३] यसबाट उनमा रहेको वृहत् राष्ट्रिय एकताको भावना प्रदर्शित हुन्छ। उनीपछिका राजाहरूले पनि स्थानीय नेवार जनताको धर्म, कला संस्कृतिप्रति वैरभाव नराखी सद्भाव नै कायम राखेको कारणले गर्दा नै आजसम्म उपत्यकाको मल्लकालीन कला, संस्कृति, रीतिरिवाज, परम्परा आदि कुराहरू जीवित रहन सकेका हुन्।

यसरी नेपालमा शाहवंशीय राजाहरूको शासन सत्ता



गुरुजुको पल्टन

कायम भएपछि पनि भक्तपुरको बिस्केट जात्रा (मल्लकालमा जस्तै) हरेक वर्ष निर्धारित दिनहरूमा बिना अड्चन सम्पन्न हुँदै आएको देखिन्छ ।

मल्लकालपश्चात् बिस्केटजात्रामा देखापरेको अर्को महत्त्वपूर्ण पक्ष गुरुजुको पल्टन हो । विशेष गरेर बिस्केटको लिङ्गो उठिसकेपछि गुरुजुको पल्टनले चार पटक बन्दुक पड्काउने नयाँ चलन देखापर्‍यो ।[१४] यो पल्टन कालो रंगको दौरा सुरुवाल, कपडाको जुत्ता, कालै रंगको बिर्के टोपीमा सजिएर जात्रास्थलमा उपस्थित हुने गर्थ्यो । यो पल्टन नेवार गुरुजु (वज्राचार्य) को पल्टन नभएर पृथ्वीनारायण शाहसँगसँगै प्रचलनमा आएको एउटा नयाँ परम्परा थियो । एकथरी आलोचकहरूको भनाई के पनि छ भने उपत्यका विजयपश्चात् गोरखाका राजा पृथ्वीनारायण शाहले यहाँका स्थानीय नेवार बासिन्दालाई आफ्नो नियन्त्रणमा राखी राख्न अथवा नेवारहरूलाई सांस्कृतिक र मनोवैज्ञानिक रूपमा पराजित र पराधिनताको भावना जगाइराख्नको निम्ति उपत्यकाभित्र प्रचलित विविध नामका जात्रा, पर्व, परम्परा, संस्कृतिभित्र गुरुजुको पल्टनलाई पनि सहभागी बनाइएको हो ।[१५] यसैकारण भक्तपुरको बिस्केट जात्रामा मात्र नभएर काठमाडौंको इन्द्रजात्राको बेला कुमारीको रथजात्रामा समेत पृथ्वीनारायण शाहको सेनाको प्रतीकको रूपमा गुरुजुको पल्टनलाई कुमारीको रथ सँगसँगै अद्यावधि घुमाउने गरिन्छ ।

तर यथार्थमा बिस्केटको ध्वजारोपण (लिङ्गो उभ्याउने) कार्यलाई शास्त्रीय मान्यता अनुरूप सुखद् र सौभाग्यको प्रतीक अर्थमा लिन सकिन्छ र त्यस खुसीयालीमा बन्दुक पड्काउनु स्वाभाविकै लाग्दछ । यसमा अन्यथा सोच्नु पर्ने आवश्यकता देखिंदैन । किनकि चैत्र मसान्तका दिन साँझपख जब मुख्य जात्रास्थल (ल्योसींखेल) मा विश्वध्वजासहितको लिङ्गो उभिन्छ, तब त्यस खुसीयालीमा भक्तपुर नगरभरिका टोल-टोलका गणेश, भैरव, अष्टमातृका आदि देवदेवीहरूलाई मूल देवगृहबाट बाहिर ल्याएर विधिपूर्वक खटजात्रा गर्ने परम्परा भक्तपुरमा आज पनि देख्न सकिन्छ । जे होस् जात्राको अवसरमा गुरुजुको पल्टनले बन्दुक पड्काउने नयाँ चलन देखापर्नथाल्यो ।

चैत्र मसान्तका दिन लिङ्गो उभ्याउनु तन्त्रको दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण हुने भएकोले अघि-अघि चैत्र मसान्तको दिन राणा प्रधानमन्त्री र मेष संक्रान्तिका दिन राजा बिस्केट जात्रा हेर्न भक्तपुर जाने चलन थियो । सरकार प्रमुख र राज्य प्रमुख उपस्थित हुने भएपछि जात्राका विधिविधानहरू चाँडै सम्पन्न गर्न स्थानीय अधिकारीहरूले निर्देशन दिने गर्दथे ।[१६] फलस्वरूप निर्धारित समयभित्रै जात्राका सबै विधिविधानहरू सम्पन्न भइसक्थे । जात्रा सम्पन्न नभएसम्म जात्रास्थलबाट कसैलाई कतै जान दिइँदैनथ्यो । जात्रास्थल वरिपरि सिपाहीहरू घेरा दिएर बस्थे । कसैलाई शौच लाग्यो वा बाहिर जानुपर्‍यो भने आफूले लगाएको टोपीचाहिं त्यहीं राखेर जानुपर्थ्यो । तर यस्तो बन्देज जात्रासँग सम्बन्धित गुथिका गुथियारहरूलाई थिएन । उनीहरू भित्र-बाहिर गर्न स्वतन्त्र हुन्थे ।[१७]

बिस्केट जात्रा समयमा नै सम्पन्न नहोला, जात्रामा जनसहभागिता नजुट्ला भन्ने सोचेर स्थानीय प्रशासनले त्यसबेला जात्रा शुरु हुनुभन्दा ५,७ दिन अघिबाटै भक्तपुरका स्थानीय बासिन्दाका घर-घरमा आएर जात्रामा सक्रिय रूपमा सहभागी हुनको निम्ति टिकट दिन ल्याउने चलन पनि प्रचलित थियो ।[१८] यदि जात्राको बेला कसैले कुनै किसिमको निष्कृयता देखायो वा जात्राप्रति बेवास्ता वा बेखवर भयो भने त्यसले जात्राका प्रमुख देवदेवीको अपमान गरेको ठानेर त्यसलाई धर्म र परम्पराको विरोधी, नास्तिक आदिको संज्ञा दिइन्थ्यो । यो भन्दा पनि महत्त्वपूर्ण कुरा के थियो भने त्यसबेलाको कठोर राज्य प्रशासनको आदेश विपरीत जाने हिम्मत कसैको पनि हुँदैनथ्यो । यसरी राणाकालको अन्तिम समयसम्म पनि यो जात्रा स्थानीय जनसहयोग र सहभागिता अनि केन्द्रको (राज्य संयन्त्रको) उचित रेखदेखमा सम्पन्न हुँदै आएको थियो भन्ने कुरा थाहा हुन आउँछ ।

## प्रजातन्त्रकालदेखि गणतन्त्रकालसम्मको सन्दर्भ

२००७ सालमा प्रजातन्त्र स्थापना भएदेखि आजसम्म पनि यो जात्रा राज्य र जनता दुवैको सहयोग र समन्वयमा सम्पन्न भइरहेको छ अर्थात् एकातिर यसमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता पाइन्छ भने अर्कोतिर राज्य प्रशासनको भूमिका पनि निक्कै महत्त्वपूर्ण रहेको पाइन्छ । विशेष गरेर राज्य संयन्त्रकै नियन्त्रण र निगरानीमा यो जात्रा सञ्चालन भइरहेको छ भन्नुमा अत्युक्ति नहोला ।[१९] यस जात्रालाई शान्तिपूर्ण र व्यवस्थित ढङ्गबाट संचालन गर्नको निम्ति हरेक वर्ष जात्रा शुरु हुनुभन्दा १५,२० दिन अघिबाटै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एउटा समिति गठन गर्ने गरिन्छ । जुन समितिमा नगरका प्रवुद्ध वर्ग, गण्यमान्य व्यक्तिहरू, संस्कृतिविद्हरू, जात्रासँग सम्बन्धित पदाधिकारीहरू, पुजारीवर्ग, सुरक्षा अधिकारीहरू रहेका हुन्छन् । यसै समितिको रेखदेख र व्यवस्थापनमा जात्राको प्रारम्भदेखि अन्त्यसम्मका प्रमुख विधिविधानहरू सम्पन्न हुने गर्दछ ।[२०] यस अतिरिक्त जनसहयोग र सहभागिता हुँदाहुँदै पनि हरेक वर्ष जात्रा सञ्चालनको निम्ति आवश्यक पर्ने प्रायः सबै आर्थिक खर्चको

व्यवस्थापन राज्य संयन्त्र अर्थात् गुथि संस्थान भक्तपुरले नै गर्दछ । जात्रामा सरकारी पदाधिकारीहरूको उपस्थितिले जात्राको शोभा बढाउने गर्दछ । मुख्य महत्त्वपूर्ण कुरा राज्य संप्रभुको प्रतीक वा राजा (राष्ट्राध्यक्ष) को उपस्थितिको प्रतीक राजकीय खड्ग (तरवार) जात्राका प्रमुख विधिविधानहरूमा आवश्यक पर्दछ । यसैले जात्रा प्रारम्भ हुनुभन्दा एकदिन अघि यो खड्ग राजधानी काठमाडौंबाट आएको सम्झेर नगरबाहिरको सल्लाघारी (पुष्करिणी पोखरीको दक्षिण पश्चिमी कुनाको डिल) सम्म लिन जाने र त्यसपछि त्यहाँबाट रातो कपडामा बेरिएको उक्त खड्गलाई विधि बमोजिम हस्तान्तरण गरेर लिएपछि बाजागाजा, लावालस्करसहित नगर भित्र्याउने गरिन्छ ।[२१] यसरी राजाको प्रतीक खड्ग रथमा सवार गर्नुपर्ने परम्पराले गर्दा यस जात्रामा राजाको ठूलो भूमिका रहेको थियो भन्ने थाहा हुन्छ ।

यस अतिरिक्त ज्योतिषीले जुराएको निश्चित् साइतमा रथजात्रा सुरु गर्नु पूर्व जात्राका प्रमुख देवदेवी भैरव र भद्रकालीको मन्दिरमा दरबारबाट आएको पूजाको रूपमा 'द्यः लियगु पुजा' र 'लायकू पूजा' नामक पूजा चढाउने कार्य हाल पनि गरिन्छ ।[२२] यी पूजालाई जात्रा सञ्चालनका निम्ति राजाको आदेश आएको प्रतीक अर्थमा लिइने गरिन्छ । त्यसपछि मात्र विधिवत् रूपमा जात्रा सुरु गरिन्छ । नौ दिनसम्म खड्गको सवारी चलाउने ब्राम्हणहरूले जात्राको सबै घटनाक्रम तलेजु मूलचोकमा राजदरबार पदाधिकारीहरूलाई सविस्तार विन्ति चढाउने व्यवस्था रहेको छ ।[२३]



प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नाम उद्धृत भएको वीर ध्वजा वा विश्वध्वजा

अर्को महत्त्वपूर्ण कुरा के देखिन्छ भने ध्वजा अभिलेखहरूको अध्ययन गर्दाखेरि एउटा ध्वजा जीर्ण भई अर्को नयाँ ध्वजा फेर्नु पर्‍यो भने त्यस्तो शुभकार्य गद्दीनासीन राजाहरूबाट हुने परम्परा रही आएकोछ । यसमा विशेष गरेर मल्ल र शाहवंशीय राजाहरूको नाम उल्लेख पाइन्छ ।[२४] तर अपवादको रूपमा वर्तमान समयको विश्वध्वजामा उत्कीर्ण अभिलेखमा भने तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नाम उल्लेखित छ । शायद मुलुकमा गणतन्त्र स्थापना भएपछि फेरिएको ध्वजा भएकोले त्यसबेला राष्ट्राध्यक्षको कार्यभार पनि प्रधानमन्त्रीले नै सम्हालेको हुनाले प्रधानमन्त्रीको नाम ध्वजा अभिलेखमा उत्कीर्ण हुन पुग्यो । त्यसमा लेखिएको छ- *श्री श्री श्री आकास भैरव प्रितय गरि नेपाल सरकारका तर्फबाट सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप प्रसाद कोइरालाबाट नयाँ विश्वध्वजा (हलिपत्ता) बनाई चढाउनु भएको छ । सम्वत् २०६४ साल चैत्र १६ गते रोज ७ शुभम् ।।।। यो विश्वध्वजा २०६४ साल चैत्र १६ गते शनिबारको दिन ११ बजेर ३४ मिनेटको शुभसाइतमा संकल्प गरिएको ।।।* जेहोस् बिस्केटको नयाँ ध्वजा फेर्ने कार्य राज्यसत्ताको सर्वोच्च व्यक्तिले मात्र गर्न सक्ने रहेछ भन्ने कुरा यसबाट पनि स्पष्ट हुन्छ । यसरी राजा र प्रजाको सहभागितामा सञ्चालन हुँदै आएको यसजात्रामा राजा वा राज्यसत्ताको अत्यन्त गाढा सम्बन्ध भएको कुरा प्रमाणित हुन्छ ।

यदि स्थानीय जनसहयोग र सहभागिताबाट पनि विश्वध्वज लिङ्गो उभ्याउन सकिएन भने (विशेष गरेर लिङ्गोको आकार ठूलो भएको अवस्थामा) त्यस परिस्थितिमा स्थानीय प्रशासनद्वारा सरकारी सेनाको सहयोगका लागि अनुरोध गरिन्थ्यो । तत्पश्चात भक्तपुर सैनिक व्यारेकबाट सरकारी सेनाको टोली जात्रास्थल गएर लिङ्गो उभ्याउने कार्यमा स्थानीय जनतालाई साथ र सहयोग पुर्‍याउने गरेको इतिहास पनि पाइन्छ । यो सिलसिला पंचायतकालको पछिल्लो समयसम्म चलेको थियो तर वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् भने यस जात्राको लागि नेपाली सेनाको सहयोग लिइएको देखिदैन ।[२५]

यसै सन्दर्भमा अर्को कुरा यहाँनेर के उल्लेख गर्नु प्रासंगिक देखिन्छ भने बिस्केट जात्रा संचालनका लागि आवश्यक पर्ने सल्लाको रुख, अन्य काठपात, डोरी, नीलो जीन कपडा, ध्वजापताका, पूजासामग्रीलगायत पशु चौपाया आदि सम्पूर्ण वस्तुहरूको चाँजोपाँजो सरकारी निकायबाट हुँदै आइरहेको छ । यस सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख साविकमा छेभडेल अड्डामार्फत हुने गर्दथ्यो । तर वि.सं. २०२१ सालमा गुथि संस्थान स्थापना भएपछि यस जात्रामा भएको सम्पूर्ण खर्चको सोधभर्ना श्री ५ को सरकारबाट दिने गरी संस्थानले आवश्यक खर्च गर्दै आएको छ । तर केही वर्ष अघिसम्म नेपाल सरकारबाट यसरी भएको खर्चको सोधभर्ना दिएको भएपनि मुलुकमा गणतन्त्र स्थापना भएपछि भने हाल पूर्ण रूपमा रोक्का

गरिएको छ । तर पुर्खाको कीर्ति, संस्कृतिको धरोहर, धर्म र पुण्यको कुरा भएकोले यस जात्रालाई लोप हुन नदिई संरक्षण र सम्बर्द्धन गर्ने दायित्व बोकेको आधिकारिक निकाय भनेको एक मात्र गुथि संस्थान हो । यसैकारण गुथि संस्थानले वार्षिक रूपमा विनियोजित गर्ने रकम नै हाल यसजात्रा सञ्चालनको मुख्य आधार स्रोत रहेको छ । यसै अनुरूप वि.सं. २०६५ सालको बिस्केट जात्राको लागि रु.८ लाख, वि.सं. २०६६ सालको लागि रु.८ लाख ५० हजार र वि.सं. २०६७ सालको बिस्केट जात्राको लागि रु.१० लाख रूपैया खर्च भएको जानकारी गुथि संस्थान भक्तपुरका कार्यालय प्रमुख अच्युतानन्द पोखरेलले गराउनु भएको छ ।[२६] यताबाट के कुरा स्पष्ट हुन्छ भने मुलुकको सांस्कृतिक धरोहरको रूपमा रहेको बिस्केट जात्रा सञ्चालन सम्बन्धी सम्पूर्ण आर्थिक व्ययभार गुथि संस्थानले बहन गर्दै आएको परिप्रेक्षमा यो जात्रा राज्यसंयन्त्रकै उचित देखरेखमा सञ्चालन हुँदै आएको देखिन्छ ।

## निष्कर्ष

यसप्रकार प्राचीनकालदेखि हालसम्म पनि भक्तपुरको बिस्केट जात्रा स्थानीय जनसहयोग र सहभागिताबाट चल्दै आएको जात्रा भएपनि त्यसमा राजा वा राज्यसत्ताको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको तथ्य माथि उल्लेखित दृष्टान्तहरूबाट स्पष्ट हुन आउँछ । वास्तवमा राज्य प्रशासनकै नियन्त्रण, निगरानी र रेखदेखमा यस जात्राका शुरुदेखि अन्तिमसम्मका सम्पूर्ण गतिविधिहरू आज पनि सञ्चालन हुँदै आएका छन् । अर्को अर्थमा, समाजमा रहेका अनेक थरीका मानिसहरूबीच परस्परमा मेलमिलाप, सामाजिक सद्भाव, आपसी एकताको भावना जगाई राजनीतिक रूपमा शान्ति, स्थिरता र अमनचैन कायम राख्नु यस जात्राको एउटा प्रमुख उद्देश्य रहेको थियो भन्नुमा अत्युक्ति नहोला ।

## पाद टिपोट

१. हाल भक्तपुर चित्र सङ्ग्रहालयमा राजा जगतप्रकाश मल्लले ने.सं. ७८९ (वि.सं. १७२६) मा राखेको दश अवतारको वर्णन सम्बन्धी गीत परेको शिलालेखको पछिल्लो भाग रहेको छ । त्यसमा जगतचन्द्रको उल्लेख यसरी आएको छ–

'जगतचंद दुहु एक हिजिव दुय परमपद दुहुपावे...

आशास्ते श्री जगचन्द्र बैकुण्ठ पदपङ्कजे .....'

(जगतचन्द्र दुइ प्राणी भएता पनि एकै हुनुहुन्छ । दुवैलाई परमपद मिलोस् ...) – भोलानाथ पौडेल, **भक्तपुरको राजकुलो** काठमाडौंः आगम प्रकाशन, वि.सं. २०६५, पृ.४१ ।

२. ऐजन, पृ. ३८ ।

३. क) टि.आर.वैद्य, **जयप्रकाश मल्ल, दि ब्रेभ मल्ल किङ्ग अफ कान्तिपुर,** न्यू दिल्लीः अनमोल पब्लिकेसन प्रा.लि., ई.सं. १९९६, पृ.२४ ।

ख) तीर्थप्रसाद मिश्र, **'भक्तपुर राज्यमा जनसहभागिताः एक ऐतिहासिक चर्चा',** खोपृङ, वर्ष ३, अंक ३, वि.सं. २०५१ पृ.२४ ।

ग) भक्तपुरको दतात्रय मन्दिरमा आइबसेका काठमाडौंका राजा जयप्रकाश मल्ल तथा पाटनका राजा तेजनरसिंह मल्लले भक्तपुरका राजा रणजित मल्लकहाँ शरण मागेको खबर पठाए । शरण दिने नदिने विषयमा पचपन्न झ्यालयुक्त राजप्रासादको मूलचोकमा राजा र उनका भारदारहरू बीच छलफल भयो ... । समान स्वरूपका कला, संस्कृति, भाषा, धर्म भएका राजाहरूप्रति खतरापूर्व शरण दिने विषयमा, त्यसमा पनि रगतको सम्बन्धसमेत भएको कुरा सहिष्णुता जाग्नु अस्वाभाविक थिएन । यसैले दुवै राजाहरूलाई आफ्नो दरबारमा शरण दिने कुरामा मतैक्य भयो र शरण दिइयो । तीन राजाहरू एक ठाउँमा जम्मामात्र के भएका थिए यतिकैमा राजा रणजित मल्लकहाँ दरबारको ढोका बाहिरबाट पठाइएको पत्र पुऱ्याइयो– 'मित बा, मैले दुइ मृगलाई लखेटेर ल्यायाका थियाँ, यिनीहरू यहाँ आइ पुग्याछन्, मलाई सुम्पी दिनुहोस्... ।' प्रतापी, सुसंस्कृतिज्ञ र धर्मभीरु चरित्र भएका त्यस्ता महापुरुष राजाहरूलाई दुई मृग लखेटेर ल्याएको, राजाको दरबारमा बसेकालाई सुम्पिदिनुहोस् भन्ने जस्ता तुच्छबोली अशोभनीय व्यवहार, हेलाँका शब्दहरूले लेखिएका पत्र देख्दा, पाउँदा स्वाभिमानी मानिसलाई मानसिक वेदनाका साथै शारीरिक कम्पन हुनु ऐतिहासिक सत्यता थियो, ... यसैले रणजित मल्लले 'शरण पऱ्याको मरण गर्न्या छैन' भनेर दरबार बाहिर हतियारले लेश पृथ्वीनारायण शाहका दूतलाई जवाफ दिएर पठाए । – ऐश्वर्यलाल प्रधानाङ्ग, **'नेपालका अन्तिम मल्ल राजाहरूको अन्तीम घडी,'** खोपृङ, वर्ष २, अंक २, वि.सं. २०५०, पृ. ९–११ ।

४. प्रत्यक्ष अध्ययन र स्थलगत अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

५. बिस्केट जात्रासँग सम्बन्धी मानन्धर गुथिका नाइके पदमबहादुर मानन्धर (वर्ष ७६) बाट मिति २०६७।४।४ गते प्राप्त जानकारी ।

६. क) चुन्दा बज्राचार्य, **मल्लकालया छुं संस्कृति,** काठमाडौं, काशीनाथ तमोट, ने.सं. ११०५, पृ.२४ ।

ख) कान्तिपुर र भक्तपुरका स्थानीय जात्राहरू वा चाडपर्व हुँदा त्यसअवसरमा चाड मान्न एक राज्यका जनता अर्को राज्यमा जाने गर्दथे । तर कहिलेकाहीँ रजा–राजाहरूको आपसी वैमनस्यता हुँदा यस्ता जात्रा वा चाडमा भाग लिन गएका जनताहरूले समेत दुःख भोग्नु पर्दथ्यो ।– चुन्दा वज्राचार्य, **जितामित्र मल्लकालीन धर पौ,** काठमाडौंः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५३, पृ.६६ ।

७. क) मेरि एम.एण्डरसन, **दि फेष्टिभल्स अफ नेपाल,** लण्डन : जर्ज एलेन एण्डवीन, ई.सं. १९७१, पृ.२०६ ।

ख) देवीप्रसाद लम्साल, **भाषा वंशावली,** भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०३३, पृ.११७ ।

८. भक्तपुर निवासी ज्ञानकर बज्राचार्यको सङ्ग्रहमा रहेको ने.सं. ७२३ देखि ने.सं. ९३६ सम्मका बिस्केट जात्रासँग सम्बन्धित अनिष्ट, दुर्घटना र तिनको शान्ति गर्दाका प्रक्रियाका बारेमा विवरण थ्यासफूको पत्र सङ्ख्या ६,७ र ८ । यसको प्रतिलिपि यस लेखकसँग सुरक्षित रहेको छ ।

९. विजय अभियानको अस्थिर राजनीतिक परिस्थितिमा आफू कहिले कता कहिले कता दौडिरहनु पर्ने अनि भर्खर स्थापित नवीन नेपालको राजधानीमाथि सदैव कडा नियन्त्रण र निगरानी नराखेमा आफ्ना विरोधीहरूले टाउको उठाउन सक्ने भएकाले पृथ्वीनारायण शाहले भौगोलिक रूपमा काठमाडौंदेखि पर रहेको भक्तपुरको स्थानीय जात्रामा आफ्नो प्रतीक स्वरूप तरवारमात्र पठाइने गरेको हो भन्ने देखिन्छ । साथै अर्को अर्थमा राज्य संप्रभुको प्रतीक मानिने यस तरवार (खड्ग) को उपस्थितिले जात्रामा राज्यको पनि सहमति र स्वीकृति छ भन्ने कुरा अनुमोदन गर्दछ ।

१०. मल्लकालमा बिस्केट पर्वका बेला देवदेवीका पूजाआजा हुँदा मल्ल राजाहरू आफै उपस्थित भई पूजा गर्ने गर्दथे भन्ने तथ्य **जितामित्र मल्लकालीन धर पौ** मा उल्लिखित निम्न टिपोटबाट हुन्छ–

'श्री ३ इलिमास बिस्क्यातम पूजा याङा, श्री ३ सिद्धिगणेशायनमः॥

श्री श्री सुमति जय जितामित्र मल्ल देवसन पूजा याङा धरोट जुरो,

पूर्ववत्, सं. ८०४ चैत्र बदि १२'– बज्राचार्य, पाद टिप्पणी नं. ६ (क), पृ.३० ।

११. यद्यपि मल्ल राजाहरू पनि नेवार थिएनन्, बाहिरबाट आएका कर्णाटवंशी थिए, तथापि यहाँको नेवार कला, संस्कृति, परम्परालाई अवलम्बन गरेर नेवार चाडपर्व, जात्रा अनि अन्य चलनहरूसमेत अनुसरण गर्दै अगाडि बढाउँदै लगे । तर मल्ल राजाहरूले जस्तो शाह राजाहरूले यहाँको कला संस्कृतिलाई आफ्नै संस्कृति सम्झेर यसको सम्बर्द्धन र प्रवर्द्धनमा कहिल्यै ध्यान दिएनन्, केवल परम्परागत चलनहरूलाई निरन्तरतामात्र दिए । यसैले यसपछि यहाँ सांस्कृतिक विकासको क्रम रोकियो ।

१२. मल्लकाल पश्चात् श्री आकाशभैरवको दैनिक पूजा, पर्व पूजा, जात्रा र मन्दिरको रेखदेख, सुरक्षा आदि सबै कार्यहरू शाह राजाहरूका पालामा पनि भएका थिए । पूर्वकालको संस्कृतिको जिम्मेवारी लिई भइरहेका गुथिहरूको संरक्षण र भैरवनाथको पूजा र जात्राको सञ्चालनको निम्ति छुट्टै गुथि व्यवस्था गरिएको देखिन्छ । उदाहरणार्थ राजा राजेन्द्रविक्रम शाहले भैरवनाथ मन्दिर ज्यादै जीर्ण हुँदा त्यसको पुनर्निर्माण गराई दक्षिणी प्रवेशद्वारमा अष्टदश भैरव, त्यसको मुनि कलश र गणेशका मूर्तिहरू कोर्न लगाई स्थापना गर्न लगाए । त्यसको ५ वर्षपछि श्री ५ राजेन्द्र र श्री ५ सुरेन्द्र दुवैको नाम अंकित नेपाल भाषा लिपिमा उत्कीर्ण सुनको जलप लगाएको ने.सं. ९४५ को ताम्रपत्र भैरवनाथ मन्दिरको पूर्वाभिमुख प्रवेशद्वारको दायाँबायाँ भित्तामा राख्न लगाए, जुन अद्यावधि देख्न सकिन्छ । त्यसपछि राजा गिर्वाणयुद्ध विक्रम शाहले श्री आकाशभैरव कहाँ विधिसम्मत ढङ्गले पूजा चढाई हरेक वर्ष गाईजात्राको भोलिपल्ट खटमा भैरवनाथको मूर्ति विराजमान गराई देश परिक्रमा गरी जात्रा चलाउने व्यवस्था गरे, जुन जात्रालाई गिर्वाण जात्रा नामले पनि सम्बोधन गरिन्छ । त्यस्तै वि.सं. १९९० साल माघ २ गतेको महाभूकम्पले भक्तपुर भैरवनाथ मन्दिर भत्किंदा तात्कालीन राणा प्रधानमन्त्री श्री ३ महाराज जुद्ध शम्शेरले जगदेखि नै निर्माण गराएका थिए । यसमा मोरु ६५०००।– खर्च लागेको थियो । यसको निर्माण पुरानै शैलीमा गरिएको थियो र यो निर्माण कार्य छेभडेल अड्डाको तत्वावधानमा सम्पन्न भएको थियो । तत्पश्चात् नेपालका प्रमुख देवदेवीहरूको नित्य पर्व पूजालगायत जात्रा सञ्चालन गर्ने जिम्मेवारी गुथि संस्थानलाई दिइएपछि बिस्केट जात्राका प्रमुख देवता भैरवनाथ मन्दिरको रेखदेख, पूजापाठ, जात्राहरू सो संस्थानबाट सञ्चालन हुँदै आइरहेको छ ।– लीलाभक्त मुनंकर्मी, **बिस्केटजात्राको संस्कृति**, 'भक्तपुर' मासिक, भक्तपुर नगरपालिका, वि.सं. २०५३,पृ.३५–३६ ।

यसदेखि बाहेक बिस्केट जात्रामा फहराइने विश्वध्वजा पुरानो भइ, जीर्ण हुँदा त्यस ठाउँमा नयाँ ध्वजा फेर्ने कार्य पनि शाह राजाहरूबाट भएका थिए । यसमा विशेष गरेर राजा रणबहादुर शाह, राजा त्रिभुवन र राजा वीरेन्द्रको नाम उल्लेखनीय पाइन्छ ।

१३. टि.आर.वैद्य, **पृथ्वी नारायण शाह दि फाउण्डर अफ मोडर्न नेपाल,** न्यू दिल्ली, अनमोल पब्लिकेसन्स, ई.सं. १९९३, पृ.२६४ र ३६८ ।

१४. संस्कृतिविद् लीलाभक्त मुनंकर्मी (वर्ष ८२) बाट मिति २०६४।८।१६ गते प्राप्त जानकारी ।

१५. संस्कृतिविद् शंकरमान तुलाधरका अनुसार गुर्जुको पल्टन भनेको बज्राचार्यको अथवा नेवार गुर्जुको पल्टन नभएर पृथ्वीनारायण शाहसँगसँगै प्रदर्शनमा ल्याइएको एउटा परम्परा हो । ज्यापू महागुथिका प्रमुख दिपेन्द्र महर्जनकाअनुसार यस पल्टनले नेवारहरूलाई सांस्कृतिक र मनोवैज्ञानिक रूपमा पराजित र पराधिनताको भावना जगाइ राखेको छ ।– **झिगु स्वनिगः** वर्ष ७, अंक ४१, वि.सं. २०६५ भाद्र २२, पृ.७ ।

१६. सत्यनारायण प्रजापति, 'बिस्केट जात्रा', **नेपाली संस्कृति,** वर्ष ६, अंक १, वि.सं. २०४६, पृ.३५ ।

१७. मानन्धर गुथिका नाइके वर्ष ७६ का पदमबहादुर मानन्धरबाट मिति २०६७।४।४ गते प्राप्त जानकारी ।

१८. ऐजन ।

१९. प्रमुख जिल्ला अधिकारीको कार्यालय, भक्तपुरका प्रशासन फाँटका खरिदार कर्मचारी हिरालाल डाँगी (वर्ष ४०) बाट मिति २०६६।५।१५ गते प्राप्त जानकारीको आधारमा ।

२०. ऐजन ।

२१. स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी ।

२२. प्रजापति, पूर्ववत्, पाद टिप्पणी नं. १६, पृ. ३२ ।

२३. ऐजन ।

२४. मल्लकालमा विशेष गरेर जगत प्रकाश मल्ल, जितामित्र मल्ल अनि शाहकालमा रणबहादुर शाह, श्री ५ त्रिभुवन र श्री ५ वीरेन्द्रले पुरानो ध्वजालाई फेरेर नयाँ ध्वजा चढाएको देखिन्छ । जितामित्र मल्लले आकाश भैरवलाई चढाए भनिएको एक जोडी ध्वजा हाल तलेजु स्थानको भण्डारमा र अन्य जीर्ण ध्वजाहरू भैरवनाथ मन्दिरको माथिल्लो तल्लामा राखिएका छन् ।– भैरवनाथ गुथिका नाइके मोतीबहादुर सुवाल (वर्ष ७९) बाट मिति २०६७।७।१८ गते प्राप्त जानकारी ।

२५. प्रत्यक्ष अध्ययन अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

२६. गुथि संस्थान भक्तपुरका कार्यालय प्रमुख अच्युतानन्द पोखरेलबाट मिति २०६७।७।१८ गते प्राप्त जानकारीको आधारमा ।



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

### मनु, सल व गदाहा

गुगुं काले छम्ह मनु थम्ह गदाहा छम्ह व सल छम्ह ख्याना थ न्यासे वना चोन, थअगु माल् ताल् व गदाहा याके कुबीका यंका चोन । गदाहाया कु आपा झ्यातुया सलइत 'छुं माल् ताल् छं कुबीया मब्यूसा जि जा सीन' धका व गदाहां धाल । 'तर छुं भतिचा कुबीया ब्यूसा जि व लं तलं छें थेंकवने' धका वं धाल । व सलं वइगु खेंत वास्ताहे मतसें 'नु' का बो बिल । अंते व कु कुबी मफया व कुं ल्हाना व गदाहा सित । व गदाहा जक सिगु खनेवं व मनुं व माल्ताल् फुक व सल इत कुबीकल । व सिम्ह गदाहा नं वइत कुबीका यं कल ।

हेथिन्याम्ह सेंनं थअगु जँ तमधु तले जक सहयाना चोने फइ ।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)



# Pu]N ; sf]kg/fudg

प्रा.जोन बेलामी फोस्टर/ नेपाली भाषान्तर : सुमन

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सबीचको राजनीतिक र बौद्धिक मित्रताको हाराहारीमा आउन कसैको पनि राजनीतिक र बौद्धिक मित्रतालाई गाह्रै पर्ला। उनीहरूले सन् १८४८ मा प्रसिद्ध **'कम्युनिष्ट घोषणापत्र'** मात्र लेखेनन्, त्यो कालखण्डमा भएका सामाजिक क्रान्तिहरूमा पनि उनीहरू उत्तिकै सक्रिय थिए। दुवैजना मिलेर सन् १८४५ मा पवित्र परिवार (द होली फ्याम्ली) र सन् १८४६ मा जर्मन विचारधारा (द जर्मनी आइडोलोजी) पुस्तक लेखेका थिए।

सन् १८७०-दशकको पछिल्ला वर्षहरूमा यी दुई वैज्ञानिक समाजवादीहरू-मार्क्स र एंगेल्स अन्ततः एकअर्कासँगै बस्न सक्ने परिस्थिति बन्यो। उनीहरू हरेक समय एकअर्कालाई भेट्न सक्ने भए। मार्क्सको अध्ययन-कक्षभित्र उनीहरू दुई जनादुई कुनामा बसेर अध्ययन गर्थे। उनीहरू कुनै पनि विषयमा छलफल गर्न एक-अर्काको अध्ययन टेबुलमा ओहोरदोहोर गर्थे। आफ्ना विविध विचार, योजना र कामबारे एक-अर्कासँग कुरा गर्न कोठाभित्र ओहोरदोहोर गर्दा भुइँ खुइलिएर बाटो जस्तो बनिसकेको थियो। उनीहरू दुवै आफूले लेख्दै गरेको कुनै पनि लेखको प्रत्येक नयाँ अनुच्छेद एक-अर्कालाई सुनाउने गर्थे। एंगेल्सले आफ्नो कृति 'डुरिङ मतखण्डन' प्रकाशनपूर्व पूरै पढेर मार्क्सलाई सुनाएका थिए। (त्यो कृतिमा मार्क्सले पनि एउटा पाठ लेखेका थिए।) एंगेल्सको अर्को कृति 'समाजवाद : काल्पनिक वा वैज्ञानिक' को लागि मार्क्सले भूमिका लेखेका थिए। सन् १८८३ मा मार्क्सको निधन भयो। उनको निधनपश्चात् उनले छोडेका टिप्पणी र खेस्राहरूका आधारमा एंगेल्सले 'पूँजी' का खण्ड दुई र तिनको प्रकाशनको तयारी गरेका थिए। एंगेल्स स्वंयले सबभन्दा पहिला आफू मार्क्सको छायाँमा परेको स्वीकारेका थिए। तथापि उनी आफैमा एकजना गम्भीर बौद्धिक र राजनीतिक चिन्तक थिए।

दशकौंसम्म केही प्राज्ञहरूले एंगेल्सले मार्क्सका विचारलाई तल झारेको र बङ्ग्याएको भनिरहे। राजनीतिक वैज्ञानिक जोन एल. स्टेन्लेले सन् २००२ मा प्रकाशित पुस्तक 'मूलधारमा मार्क्स'(मेनलाइनिङ मार्क्स) मा मार्क्सलाई एंगेल्ससँग अलग बनाउने प्रयास गरेका छन्। मार्क्स र एंगेल्स दुईजना भिन्न-भिन्न रुची र प्रतिभा भएका फरक-फरक व्यक्ति भएको सहज तथ्यबीच उनले त्यो पुस्तकमा सकेसम्म एंगेल्सलाई मार्क्सबाट अलग बनाएका छन्। उनले मार्क्सवादका सबै निन्दनीय कुराको स्रोतको रूपमा एंगेल्सलाई दोषारोपण गरेका छन्। अनि मार्क्सलाई सभ्य लेखकको प्रतिमान मानेका छन्। साथै उनले मार्क्स आफै मार्क्सवादी नभएको कुरा पनि लेखेका छन्।

आजभन्दा चालिस वर्षअघि सन् १९७४ को डिसेम्बर १२ मा वाशिङ्टनको ओलम्पियास्थित द एभरग्रिन स्टेट कलेजमा आयोजित डेभिड मेकलेलानको 'कार्ल मार्क्स : साखको परिवर्तन' विषयक प्रवचन कार्यक्रममा सहभागी बन्ने मौका पाएको थिएँ। मेकलेलानको कृति 'कार्ल मार्क्सः जीवनी र कृतित्व' पुस्तक प्रकाशित भएको एक वर्षपछि त्यो कार्यक्रम भएको थियो। मेकलेलानको उक्त कृति मैले निकै गम्भीरतापूर्वक पढेको थिएँ। त्यसकारण पनि मैले त्यो साँझ उनको विचार सुन्न आतुरीका साथ प्रतिक्षा गरेको थिएँ। तर त्यो साँझ मैले जे सुनें त्यो निकै अलमल्याउने खालको थियो। त्यो साँझ मेकलेलानको प्रवचनको सार थियो : कार्ल मार्क्स फ्रेडरिक एंगेल्स थिएनन्। आधिकारिक मार्क्स पत्ता लगाउन मार्क्सको गहुँलाई एंगेल्सको चोकरबाट अलग निकाल्नुपर्ने उनको भनाई थियो। मेकलेलानले मार्क्सवादमा निश्चयवाद (positivism) एंगेल्सले भित्र्याएको तर्क राखेका थिए। पछि द्वितीय र तृतीय अन्तर्राष्ट्रिय हुँदै समयान्तरमा स्तालिनले मार्क्सवादमा यो वाद बलियो बनाएको उनको भनाई थियो। मेकलेलानले केही वर्षपछि प्रकाशन गरेको 'फ्रेडरिक एंगेल्स' नामको एंगेल्सको छोटो जीवनीमा पनि यीमध्ये केही आलोचनाहरू समावेश गरेका थिए।

एंगेल्सविरोधी दृष्टिकोणसँग यो नै मेरो पहिलो साक्षात्कार थियो। पश्चिमा वामपन्थी बुद्धिजीवीहरूबीच यो एउटा पारिभाषिक विशेषताको रूपमा उदाएको थियो। 'पश्चिेली मार्क्सवाद' को रूपमा भिन्न दार्शनिक परम्पराको उदयसँग यो धार नजिकबाट जोडिएको छ। यो धारलाई कहिलेकाहीँ आधिकारिक वा सोभियत मार्क्सवादको विपरीतार्थको रूपमा पनि लिने गरिएको छ। यस अर्थमा पश्चिमेली मार्क्सवादको मूलआधार भनेकै प्रकृतिसम्बन्धी एंगेल्सको द्वन्द्ववादको अस्वीकारोक्ति हो। जर्ज लुकासले एंगेल्सको द्वन्द्ववादलाई 'फगत वस्तुगत द्वन्द्ववाद' भनेका छन्।

अधिकांश पश्मिेली मार्क्सवादीहरूका लागि द्वन्द्ववाद भनेको चेतना–वस्तुबीचको समरूप सम्बन्ध हो । अर्थात् हामीले संसारलाई त्यत्ति नै मात्रामा बुझ्न सक्छौं, जति हामीले बनाएका छौं । यस्तो आलोचनात्मक दृष्टिकोणले अधिकांशको मार्क्सवादबारे बुझाइमा संक्रमित आधिकारिक सोभियत विचारधाराअन्तर्गत तर्कपूर्ण ठह¥याइएको काँचो निश्चयवादमा भूलसुधार गर्नुपर्ने निष्कर्षमा पु¥याउँछ । तथापि ऐतिहासिक भौतिकवादलाई मानविकी र सामाजिक विज्ञान अनि राजनीतिसँग मात्र सम्बन्धित नभई बरु भौतिकवादी प्राकृतिक विज्ञानसँग पनि सम्बन्धित विषयको रूपमा मार्क्सवादलाई हेर्ने लामो परम्परा त्यागदै त्यसलाई थप आदर्शवादी दिशामा धकेल्न पश्चिमेली मार्क्सवादको भूमिका खेल्यो ।

वामपन्थी प्राज्ञहरूबीच एंगेल्सको बद्ख्वाइँ कुनै समय निकै व्यापक बन्यो । टेरेल कार्भरजस्ता राजनीतिक सिद्धान्तकारले त यही विषयलाई नै आफ्नो परिचयको विषय बनाए । मार्क्सलाई मार्क्सवादबाट निकाल्ने माध्यम एंगेल्सलाई मार्क्सबाट निकाल्नु हो भन्ने आमहल्ला व्यापक बन्यो । सन् १९८४ मा कार्भरले लेखेका थिए,‘कार्ल मार्क्सले आफूलाई मार्क्सवादी स्वीकार गरेका थिएनन् । फ्रेडरिक एंगेल्सले मार्क्सको यो भनाई दोहो¥याइरहे तर उनले खासमा मार्क्सको मूल आशय बुझ्न सकेनन् । वास्तवमा अब प्रष्ट भएको छ, एंगेल्स प्रथम मार्क्सवादी थिए र उनले नै कुनै रूपमा मार्क्सवाद आविस्कार गरेका थिए । यो कुरा अब धेरैका लागि स्वीकार्य बन्दैछ ।’ कार्भरको बुझाइमा एंगेल्सले मार्क्सवाद आविस्कार गर्ने जघन्य अपराधमात्र गरेनन् बरु अर्ध–हेगेलवाद, भौतिकवाद, निश्चयवाद र द्वन्द्ववादको विस्तार गर्ने जस्ता अरु धेरै पाप कर्म गरे । यी सबै कुरा ‘मार्क्सको कष्टसाध्य व्यापक दर्शनलाई कोशौं टाढा’ भएको उनको भनाइ थियो ।

मार्क्सको ‘प्रक्रिया’ (a methodology) थियो भन्ने विचार एंगेल्सको हो भन्ने मान्यता एंगेल्सका आलोचकहरूको थियो र त्यही कारण त्यो प्रक्रियालाई गलत घोषणा गरियो । एंगेल्ससँगको संगत र केही निश्चित विचारबाट अलग बनाएर मार्क्सलाई सहज रूपमा यथास्थितिलाई स्वीकार्य बनाइयो । अर्थात् एंगेल्सबाट अलग बनाएरमात्र एक्लो मार्क्सलाई बौद्धिक अग्रदूतको रूपमा प्रस्तुत गरियो । बिना कुनै व्यङ्ग्यभाव हालैमात्र कार्भरले भने,‘मार्क्स एक उदार चिन्तक थिए ।’

तर एंगेल्सका अधिकांश आलोचना ‘डुरिङ मतखण्डन’ र पूरा हुन नसकेको उनको कृति ‘प्रकृतिको द्वन्द्ववाद’ मा उनको कथित विज्ञानवादप्रति लक्षित छन् । मेकलेलानले लेखेको एंगेल्सको जीवनीमा प्राकृतिक विज्ञानप्रति एंगेल्सको चासोका कारण ‘उनको ध्यान इतिहासप्रतिको



फ्रेडरिक एंगेल्स

भौतिकवादी चिन्तनभन्दा प्रकृतिप्रतिको भौतिकवादमा बढी केन्द्रित बन्न पुग्यो’ भनी लेखेका छन् । एंगेल्सलाई मार्क्सवादमा ‘वस्तुको अवधारणा’ ल्याएको आरोप लगाइयो र त्यो अवधारणा ‘मार्क्सको विचारभन्दा नितान्त पराई’ भएको एंगेल्सका आलोचकहरूको भनाइ थियो । उनीहरूको विचारमा एंगेल्सको मूल गल्ती भनेको ‘द्वन्द्ववादको आत्मगत पक्ष’ लाई त्यागेर वस्तुगत भौतिकवादको विकास गर्ने प्रयास र त्यसले ‘मार्क्सवादको दृष्टिकोणलाई वैज्ञानिक विश्व दृष्टिकोणमा क्रमशः मिलाएको’ भन्ने थियो ।

मेकलेलानले आरोप लगाए,‘सोभियत सत्ताको आडमा एंगेल्सको विद्रुप्तीकरण सोभियत पाठ्यपुस्तकको प्रमुख दार्शनिक सार हुनु कुनै आश्चर्यको कुरा होइन ।’ मार्क्सलाई शुद्धिकृत बौद्धिकका रूपमा जसरी प्रस्तुत गरियो, त्यही गतिमा एंगेल्सलाई भद्दा प्रचारकको रूपमा प्रस्तुत गरियो । त्यही भएर मार्क्सवादसम्बन्धी प्राज्ञिक बहसहरूमा एंगेल्सलाई ‘एक जना सजिलो हल्लाबाज केटो’को रूपमा चर्चा गरिन थाल्यो ।

यद्यपि एंगेल्सका प्रशंसकहरू पनि नभएका होइनन् । समकालीन मार्क्सवादी सिद्धान्तभित्र उनको धमिलो बन्दै गएको छवि उल्टिने पहिलो सङ्केत भने सन् १९७८ मा इतिहासकार ई.पी.थोम्पसनले लेखेको कृति ‘सिद्धान्तको गरिबी’ (पोबर्टी अफ थ्योरी) प्रकाशित भएपश्चात देखियो । त्यो कृति आधारभूत रूपमा लुइस अल्थुसरको संरचनागत मार्क्सवादको विरोधमा लेखिएको थियो । थोम्पसनले ऐतिहासिक भौतिकवादको प्रतिरक्षा गर्दै कुनै पनि ऐतिहासिक विषयवस्तुबाट सम्बन्धविच्छेद

गरेका र कुनै पनि अनुभवजन्य ज्ञानबाट टाढा राखिएका अमूर्त र परिकल्पित सिद्धान्तको विरोध गरे । अनि यो क्रममा उनी आक्रामक रूपमा 'बुढो बुद्धु फ्रेडरिक एंगेल्स' को पक्षमा उभिए जसलाई अल्थुसरले आफ्नो आलोचनाको केन्द्र बनाएका थिए ।

त्यही आधारमा थोम्पसनले ऐतिहासिक भौतिकवादी विश्लेषणका लागि अत्यावश्यक एक प्रकारको द्वन्द्वात्मक अनुभववादलाई अघि बढाए । थोम्पसनले एंगेल्सको यही द्वन्द्वात्मक अनुभववादको सबभन्दा बढी प्रशंसा गरेका छन् । त्यसको केही वर्षपश्चात् मार्क्सवादी अर्थशास्त्री तथा मन्थली रिभ्यु पत्रिकाका संस्थापक सम्पादक पाउल स्वीजीले आफ्नो 'मार्क्सवादबारे चार मन्तव्य' मा द्वन्द्ववादबारे एंगेल्सको विचार र यान्त्रिक तथा एकनाले चिन्तनप्रति उनको आलोचनाको महत्त्वबारे व्यापक चर्चा गरेका छन् ।

मार्क्ससँगैको प्रमुख शास्त्रीय मार्क्सवादी सिद्धान्तकारको रूपमा एंगेल्सको छविलाई पुनर्स्थापना गर्नमा इतिहास र राजनीतिक अर्थशास्त्रतिरबाट भन्दा पनि प्राकृतिक विज्ञानतर्फको कसैले मात्र वास्तविक परिवर्तन ल्याउन सक्थ्यो । सन् १९७५ मा स्टेफन जे. गोउल्डको 'प्राकृतिक इतिहास' (न्याचुरल हिस्ट्री) प्रकाशित भयो । त्यो कृतिमा गोउल्डले मानव विकासक्रमबारे एंगेल्सको सिद्धान्तको प्रशंसा गरेका छन् । एंगेल्सको सो सिद्धान्तमा श्रमको भूमिकालाई जोड दिइएको छ । मानव विकासक्रमसम्बन्धी एंगेल्सको विचारलाई गोउल्डले भिक्टोरियन युगको मानव विकासक्रमसम्बन्धी सबभन्दा विकसित चिन्तन भनी व्याख्या गरे । भिक्टोरियन युगले अस्ट्रालोपिथेकस अफ्रिकानस (Australopithecus africanus) बारे बीसौं शताब्दीमा मानवशास्त्रीय अध्ययन हुने पूर्वानुमान गरेका थिए । केही वर्षपश्चात् सन् १९८३ मा गोउल्डले आफ्नो विचार न्यु योर्क रिभ्यु अफ बुक्समा पनि लेखे । त्यहाँ उनले मानव विकासक्रमका सबै सिद्धान्त 'वंशाणु–विकासको सहविकासक्रम' को सिद्धान्त भएको तथा 'वंशाणु–विकासको सहविकासक्रमबारे उन्नाइसौं शताब्दीमा लेखिएको सबभन्दा उल्लेखनीय लेख सन् १८७६ मा एंगेल्सको निधनपश्चात् प्रकाशित उनको लेख 'प्रकृतिको द्वन्द्ववाद' भएको चर्चा गरेका छन् ।

चिकित्सा समाजशास्त्री र मेडिकल डिरेक्टर हर्वार्ड वेट्जकिनले पनि सन् १९८३ मा प्रकाशित आफ्नो पुस्तक 'द सेकेण्ड सिकनेस' मा सामाजिक महामारीसम्बन्धी विचारका एंगेल्स अग्रणी भएको चर्चा गरेका छन् । कसरी चौबीस वर्षको उमेरमा सन् १८४४ मा 'बेलायतमा मजदुर वर्गको अवस्था' किताब लेखेर एंगेल्सले महामारी रोगका कारणबारे अध्ययन गरेको विषयमा वेट्नकिनले चर्चा गरेका छन् । त्यो अध्ययनले कालान्तरमा समाजमा फैलिने महामारीसम्बन्धी अध्ययनको लागि मद्दत पुगेको थियो । सन् १९८५ मा रिचार्ड लेवान्तिन र रिचार्ड लेभिन्स आफ्नो नयाँ किताब 'द्वन्द्वात्मक जीववैज्ञानिक' (Dialectical Biologist) लिएर आए । सो किताबमा उनीहरूले लेखेका छन्,'लामो समयसम्म फ्रेडरिक एंगेल्सको गन्ती गरिएन तर जब सही समय आउँछ, उनको गन्ती नगरी सुखै छैन ।'

सन् १९८० को दशकमा मार्क्सवादभित्रै पर्यावरणीय समाजवादको परम्पराको जन्मभयो । पर्यावरणीय समाजवादको आरम्भको पहिलो चरण टेड बेल्टनको कृति प्रकाशनबाट शुरु भएको मानिन्छ । बेल्टनको सो कृतिमा माल्थसको प्राकृतिक सीमाङ्कनसम्बन्धी सिद्धान्तप्रति गम्भीर नभएको भन्दै मार्क्स र एंगेल्सको आलोचना गरेका छन् । तथापि सन् १९९०–दशकको उत्तरार्द्धसम्ममा पर्यावरणीय समाजवादको दोस्रो चरणको उदयसम्बन्धी बहस शुरु भइसकेको थियो । सन् १९९९ मा पाउल बुर्केटको 'मार्क्स र प्रकृति' (मार्क्स एण्ड नेचर) पुस्तक प्रकाशन भयो । त्यसमा ऐतिहासिक भौतिकवादको शास्त्रीय आधारभित्रै पर्यावरणीय विषयवस्तुको खोजी गरिएको छ । त्यो खोजीले शुरुमा मार्क्सलाई नै मात्र केन्द्रमा राखिएको थियो तर त्यसमा पर्यावरणीय चिन्तनमा एंगेल्सको योगदानलाई पनि ध्यान दिइएको छ । त्यसले नवीकृत मेगा (Marx-Engels Gesamtausgabe-MEGA) परियोजनालाई बलियो बनायो । त्यही परियोजनाअन्तर्गत मार्क्स र एंगेल्सको प्राकृतिक विज्ञानसम्बन्धी टिप्पणीहरूको पहिलो पटक प्रकाशन गरियो । परिणामतः शास्त्रीय मार्क्सवादी परम्परासम्बन्धी बुझाइमा एकप्रकारको क्रान्ति नै आयो । आजको युगीन सङ्कट (आर्थिक र पर्यावरणीय दुवै) को उत्कर्षसँगै गहिरिँदै गएको नयाँ–नयाँ पर्यावरणीय समस्याहरूसँगै यो कुरा अझ मुखरित बन्दै गएको छ ।

विज्ञानमा एंगेल्सको योगदानबारे बढ्दो जानकारीसँगै पर्यावरणीय मार्क्सवादको उदयले एंगेल्सको 'प्रकृतिको द्वन्द्ववाद' प्रति चासो दिनानुदिन बढिरहेको छ । सन् २००० यता म स्वंयका अधिकांश अनुसन्धान(धेरै चाँडो त्यसले पुस्तकको रूप लिँदैछ) पनि पर्यावरणीय द्वन्द्ववादको विकासमा एंगेल्ससँग नै सम्बन्धित वा उनीबाट प्रभावित विषयहरूमा छन् । मेरो मात्र होइन, राजनीतिक अर्थशास्त्री तथा पर्यावरणीय मार्क्सवादी इल्मर अल्भाटरले हालै जर्मनी भाषामा एउटा पुस्तक प्रकाशन गरेका छन्, जसमा एंगेल्सको 'प्रकृतिको द्वन्द्ववाद' को चर्चा गरिएको छ ।

हाम्रो समयमा पूँजीवादको आलोचनाको लागि एंगेल्सको अनिवार्यता उनको चर्चित कृति 'डुरिङ मतखण्डन'

मा लेखिएको वाक्य,'द्वन्द्ववादको प्रमाण स्वंय प्रकृति हो' भन्ने भनाइ हो। पश्चिमेली मार्क्सवादी दार्शनिकहरूले प्रायशः यो भनाइको हाँसो उडाउने गर्दछन्। द्वन्द्ववाद र पर्यावरणीय विश्लेषणबारे एंगेल्सको गहिरो बुझाइ प्रष्ट बनाउने उनको भनाइलाई आजको सन्दर्भमा यसरी भन्न सकिन्छ,'द्वन्द्ववादको प्रमाण स्वंय पर्यावरण हो।' यो वाक्यप्रति आजको समयमा कमैमात्र मानिसले आपत्ति जनाउँलान्। यो कोणबाट हेर्दा समकालीन पर्यावरणीय समाजवादी छलफलमा एंगेल्सले कति धेरै महत्त्वपूर्ण ठाउँ ओगटेका रहेछन्, बुझ्न सजिलो हुनेछ। पर्यावरणीय मार्क्सवादसम्बन्धी कृतिहरूमा आजभोलि आम रूपमा एंगेल्सको 'प्रकृतिको द्वन्द्ववाद' पुस्तकबाट चेतावनीका निम्न शब्दहरू उद्धरण गरिने गरेको छ :

'प्रकृतिमाथि मानवको विजयका वृत्तान्तको क्रमावली बनाएर हामीले आफूले आफैलाई उल्लु बनाउने काम नगरौं। मानिसले प्रकृतिमाथि पाउने त्यस्ता हरेक विजयको बदला प्रकृतिले लिने गरेको छ। सत्य हो, मानिसले प्रकृतिमाथि पाउने विजयको पहिलो चरणमा हामीले चाहेजस्तै परिणाम आउने गरेको छ। तर दोस्रो र तेस्रो चरणमा त्यसको अपेक्षित प्रभाव नितान्त भिन्न आउने गर्दछ। पछिल्लो परिणामले शुरुको परिणामलाई समेत खारेज गर्ने गर्दछ।...तसर्थ हामीले हरेक पाइला–पाइलामा सम्झनुपर्दछ– हामी प्रकृतिमाथि कोही विदेशी विजेता सम्राटजस्तै कब्जा गर्न सक्दैनौं मानो कि हामी प्रकृतिभन्दा बाहिर छौं। हाड–मासु र गिद्दीले बनेको हाम्रो शरीर पनि प्रकृतिकै हिस्सा हो र प्रकृतिकै बीचमा हामी छौं। हामीले प्रकृतिको नियम र तिनलाई सही तरिकाले लागू गर्न सकेमात्र हामी अरु प्राणीहरूको तुलनामा अघि बढेको ठहरिनेछौं।'

मार्क्सलाई जस्तै एंगेल्सका लागि पनि समाजवादको आधार भनेको मानव जाति र प्रकृतिबीचको समिलनको तार्किक नियमन थियो। मानवीय क्षमतालाई जति सम्भव अधिकतम विकास गर्ने र अर्कोतिर भविष्यको पुस्ताका आवश्यकताको रक्षा गर्नु नै समाजवादको सार हो। आज हामी एक्काइसौं शताब्दीमा एंगेल्सको पुनरागमनको प्रतीक्षामा छौं जसले मार्क्ससँगै सङ्घर्षको विस्तार गर्नुका साथै हाम्रा आफ्नो सङ्कटग्रस्त अवस्था र अत्यावश्यक बनेको क्रान्तिकारी समयको व्याख्या गर्ने हाम्रो आशालाई अझ उत्साहित बनाउने काम गरेका थिए।

*स्रोत : मन्थली रिभ्यु, मार्च १, २०१७*


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर–२

## जग्गावाला र मोहीबीच जग्गा बाँडफाँडको लागि निवेदन पेश गर्ने म्यादसम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नेपाल राजपत्र भाग ५ खण्ड ६६ सङ्ख्या २२ मिति २०७३।०५।०६ को भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना नं. १ र सूचना नं. २ मा 'नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (घ) १ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद यो सूचना प्रकाशित भएको मितिले १ (एक) वर्षसम्म तोकेको छ र दफा २६ (घ) ३ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाला र मोहीबीच बाँडफाँड गर्ने कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि यो सूचना प्रकाशित भएको मितिले २ (दुई) वर्षसम्म तोकेको छ' भनी सूचना प्रकाशित भएको थियो।

पुनः नेपाल राजपत्र भाग ५ खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४।०७।२४ को सूचनानुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद मिति २०७५।०५।०४ सम्म र जग्गा बाँडफाँडको कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि मिति २०७६ भाद्र ४ सम्म भएकोले **यस कार्यालयको क्षेत्रअन्तर्गतका मोही र जग्गाधनीहरूलाई जग्गा बाँडफाँडको लागि यस कार्यालयमा निवेदन दर्ता गर्न** सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 23

Across this gorge or pass, which was here about forty yards wide, a very high and strong stockade had been constructed of stones and rocks as a foundation, from either side of which sprang stakes, some twenty feet high, which were inclined at an angle towards each other so as to meet and cross at the tops, enclosing a triangular space inside, where they were fastened by rope. These again were crossed in all directions by bamboos, placed horizontally and firmly secured, strong stakes in many places being driven into the ground as extra security, with their points sticking out like a chevaux de frise. The inside of this stockade was hollow and could hold a number of men, who, armed with muskets and protected by the woodwork and bamboo, could make a formidable resistance in such a gorge to the passage either of men or elephants. Though rocks which formed its foundation, and the stakes driven in between them, allowed the waters to pass without difficulty at this time of the year ; but in the rains the whole structure, which had been only just made, would rapidly be swept away by the swollen waters of the torrent. A doorway of wood, large enough to let pass through it a mounted elephant, was formed in the centre ; but having bamboos placed crossways before and behind it, it did not catch the eye, nor appear a weak point. In fact, part of the stockade required to be removed to open the door, the object of which was to allow the tame elephants, or the wild ones after they were caught and secured, to be led through it into our camp. The ground was a very bad one for encamping upon, being confined and stony. However, the sepoys were set to work, and they soon cleared away the loose rocks, stones, &c, levelled the ground where practicable, and pitched our tents ; the ground, being the dry bed of the river, was too hard to admit of tent-pegs being used, so the ropes were all secured to heavy stones, which did just as well.

All our tents were pitched close to the stockade. The sepoys then set to work to cut boughs and sticks from the jungle for their own quarters, and soon, on the opposite side of the river, a little colony of huts arose on a piece of open ground. They constructed, too, of stones, a very fair temporary bridge connecting the two camps on the opposite sides of the river, so that we could walk dry-footed from one camp to the other.

The rest of the day was spent in moving about the camp, smoking and talking with Bam Bahadur and Ranudat Sing, both of whom, towards evening, became musical, and, sending for their English flutes, played me " God save the Queen," " Rule Britannia," &c. They had learnt a little from Mr. Ventnon, a Frenchman who was employed for some time by the darbar as bandmaster, and having practised a good deal since, and having good ears naturally, they now played very fairly; at least, understandably, as I was able to make out and distinguish the tunes. I retired to bed early as it was bitterly cold at night, and the cold wind whistled along the bed of the river most unmercifully. Jang, who had gone out to reconnoitre for the elephants, did not return to camp till near midnight. He was off again at daybreak, having heard of a large " must "* male elephant, whom he was determined either to catch or to kill for the sake of his horns. He is most indefatigable in pursuit of his game. All day long, and night too if necessary, he will follow a track over the worst ground, often on foot, and where he is obliged to fast the greater part of the time, or take merely any fruit, &c. which may be procurable.

22nd December.—Early in the morning all the tame elephants, with beaters, &c. were taken away some miles up the valley of the Manhauri to come up, if possible, with the wild ones and drive them towards the stockade at our camp, where it was proposed to catch them. **(To be continued)**

*(* Must (or more correctly mast) means here "mad with sexual longing."—(Ed.)*

# तस्बिरमा केही गतिविधि




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति निवृत्त शिक्षक समाजको कार्यक्रममा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग नेवा गुथिका पदाधिकारीहरू भेट गर्दै



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत माहेश्वरी पीठको निरीक्षणमा




भक्तपुर नपाबाट नगरका विभिन्न टोलमा खानेपानी वितरण गरिँदै



पुनःनिर्मित सूर्यमढी पाटीमा झिँगटीबाट छाना छाइँदै




भक्तपुर लायकुमा आधुनिक प्रविधिको ब्रुमरबाट सफाइ परीक्षण गरिँदै

# नेपालको संविधान २०७२ (३०)

## भाग - २३

## लोक सेवा आयोग

**२४२. लोक सेवा आयोग :** (१) नेपालमा लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(३) लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(४) लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

(५) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(७) देहायको योग्यता भएको व्यक्ति लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

(८) लोक सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ । लोक सेवा आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(९) लोक सेवा आयोगको अध्यक्ष र सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**२४३. लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार :** (१) निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ ।

(२) निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(४) कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(५) नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(६) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) संघीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) संघीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) संघीय निजामती सेवाको पदमा छ महीनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको संघीय निजामती सेवाको पदबाट अर्को प्रकारको संघीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट संघीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट संघीय निजामती सेवाको पदमा वा संघीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(७) उपधारा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १५४ बमोजिमको न्याय सेवा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ।

(८) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(९) लोक सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुनेछ।

**२४४. प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था :** (१) प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ।

(२) प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

(३) उपधारा (२) को प्रयोजनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ।

(क्रमशः)


## भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं

भक्तपुर नगरपालिकाले

हरेक महिनाको १ गते र १५ गते

नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम

गरिरहेको छ।

यस पुनित कार्यमा सहयोग गरिदिनु हुन

सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध

गर्दछ।


तपाईंको भान्छा

## बदाम

बदाम सबैलाई मनपर्ने ड्राइफुड हो। यो बदाम स्वास्थ्यका लागि पनि निकै लाभदायी मानिन्छ। अमेरिकाको न्यु इङल्याण्ड जर्नल अफ मेडिसिनमा प्रकाशित एक अध्ययनअनुसार दैनिक एक मुठ्ठी बदाम खाने मानिसहरूको आयु नखानेहरूको तुलनामा लामो हुन्छ।

ब्रिघामको डाना फार्बर क्यान्सर इन्स्टिच्युट, वुमन्स हस्पिटल र हार्भर्ड स्कुल अफ पब्लिक हेल्थका वैज्ञानिकहरू ३० वर्षमा १ लाख २० हजार मानिसहरूमा गरिएको अनुसन्धानपछि यस्तो निष्कर्षमा पुगेका हुन्। अध्ययनमा दैनिक रूपमा बदाम खानेहरू नखानेहरूको तुलनामा बढी स्लीम भएको पाइएका थिए।

यद्यपि अहिलेसम्म बदाम खानाले तौल बढ्छ भन्ने विश्वास गरिन्छ, यसलाई अनुसन्धानकर्ताहरूले गलत ठह्याएका छन्।

'स्वास्थ्य खवरपत्रिका' बाट

# आ.व. २०७४/७५ फागुन महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३६५ | २७५ | ३२५ | ४०० | ३५७ | ४०१ | २९१ | ४१९ | २९९ | ३४७ | ३९८ | ४४८ | ३५३ | २८० | ३८४ |
| ■ सार्क तथा चिनियाँ | ३६३ | ३११ | २९४ | ३६४ | ४०० | ४२७ | ३६० | ५५९ | ५६१ | ५५३ | ५३२ | ४७५ | ३५८ | ३७५ | ४३४ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३७० | ३८६ | ४८९ | ४०५ | ३६० | ३४१ | ३७८ | ४६० | ४१६ | ४५५ | ४७२ | ५१२ | ३२० | ४१८ | ४३३ |
| ■ सार्क तथा चिनियाँ | ४०३ | ३६३ | ४८८ | २९० | २३४ | २६४ | २७७ | २०९ | १८८ | ३३३ | २६५ | २०० | २६४ | २३७ | २२७ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७४ फागुन | ११,५५७ | १०,६०८ | २२,१६५ |
| २०७३ फागुन | ९,६३७ | ५,७६४ | १५,४०१ |
| प्रगति | १,९२० (१९.९२%) | ४,८४४ (८४.०४%) | ६,७६४ (४३.९२%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# दोषभागी पराजुली कि सचिव ?

सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको जन्म मिति फरक परेको घटनाले देशको न्यायिक क्षेत्रमात्र होइन समग्र समाजमा नै ठूलै तरङ्ग ल्यायो । राज्यको एक अङ्ग न्यायपालिकाको सर्वोच्च पदमा आसिन व्यक्तिको जन्म मिति फरक पर्नु सामान्य घटना पनि होइन । त्यसमा पराजुलीले जन्म मिति उल्लिखित प्रमाणपत्रहरू सार्वजनिक गर्न अस्वीकार गर्नु, जन्म मितिको कुरा उठाउने सञ्चार माध्यमलगायत अन्यलाई प्रत्यक्ष–परोक्ष धम्की दिनु जस्ता पदीय हैसियत र आचरणको दुरूपयोगका घटनाले 'खुट्टा उचाले' को अनुभव सर्वत्र गरिएको थियो । यसैबीच बहालवाला प्रधानन्यायाधीशलाई न्यायपरिषद्बाट पदमुक्त भएको पत्राचार गर्‍यो, त्यसको भोलिपल्ट नवनिर्वाचित राष्ट्रपति विद्यादेवी भण्डारीले उनै 'पदमुक्त' प्रधानन्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिए र पछि पराजुलीले पदबाट राजीनामा दिए । यस घटनाक्रममा पराजुलीले पदीय आचरण, दायित्व र नैतिकता प्रदर्शन नगरेको स्पष्टै देखियो भने न्यायपरिषद्बाट पदमुक्त भएको भनिएका व्यक्तिसमक्ष राष्ट्रपतिबाट शपथ लिएबाट गाईजात्रा प्रदर्शन भएको छ । त्यसैले नवनिर्वाचित राष्ट्रपतिले लिएको शपथ वैध कि अवैध भन्ने प्रश्न उठेको छ ।

यदि गोपालप्रसाद पराजुली साउनमै उमेरहदको कारण पदमुक्त भएको न्यायपरिषद्को पत्र आधिकारिक हो भने शपथ स्वतः अवैध ठहरिन्छ । अथवा राजीनामापछिमात्र पराजुली पदमुक्त भएका हुन् भने पत्र अनुशासनहिनताको हद र गैरजिम्मेवारीको पराकाष्ठा हो । तसर्थ दोषभागी पराजुली हुन् कि बहालवालालाई पदमुक्त भएको पत्रलेख्ने न्यायपरिषद्का सचिव ? दुवै सही हुन नसक्ने भएकोले राष्ट्रपतिको शपथ वैध कि अवैध भन्नेबारे जनता सुसूचित हुन चाहन्छन् ।

सन्दर्भमा प्रहरी महानिरीक्षकमा नियुक्त हुन नवराज सिलवालले जाली कागजपत्र बनाएको प्रमाणित भएकोले उनीमाथि करबाही भएको थियो । त्यस्तै जाली जन्म मिति भएको नागकिरता देखाएर उमेरहदभन्दा बढी समय पदमा रहने पराजुलीमाथि के कस्तो कारबाही हुन्छ ? गणतन्त्र नेपालमा पञ्चायतकालीन 'सानालाई ऐन ठूलालाई चैन' को कुशासन यथावत छ या तोडिएको छ ? यदि यथावत रहन्छ भने देशमा प्रजातन्त्र, 'लोकतन्त्र' र गणतन्त्र आएको कुरा फेरि पनि भ्रम प्रमाणित हुन्छ । यदि तोडिएमा देशमा केही कुरामा परिवर्तन आएको अनुभूत हुनेछ । हुन्छ के ? यसको लागि पर्खनुपर्ने देखिन्छ ।